स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन

# निर्वाचन आयोग, नेपालको सत्रौं वार्षिक प्रतिवेदन आ. व. २०७९/८०



**निर्वाचन आयोग, नेपाल**
**कान्तिपथ, काठमाडौं**

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन

# निर्वाचन आयोग, नेपालको
# सत्रौं
# वार्षिक प्रतिवेदन
# २०७९/८०

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

पुस, २०८०

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको निर्वाचन आयोग, नेपालको

# सत्रौं वार्षिक प्रतिवेदन, २०७९/८०

यस प्रतिवेदनमा निर्वाचन आयोगले वि.सं. २०७९ श्रावण १ गते देखि वि.सं. २०८० असार मसान्तसम्म सम्पादन गरेका कार्यहरू समेटिएका छन् ।

# निर्वाचन आयोग, नेपाल


सम्पर्क

निर्वाचन आयोग, नेपाल

ठेगाना

कान्तिपथ, काठमाडौं

टेलिफोन

९७७-१-५३२८६६३
९७७-१-४२२३१६५
९७७-१-५३३३४९७

फ्याक्स

९७७-१-५३२५५८०
९७७-१-५३२१२२७

ईमेल

info@election.gov.np

वेबसाइट

https://www.election.gov.np

सामाजिक सञ्जाल

https://www.facebook.com/ecnofficial
https://twitter.com/ECNofficial

मुद्रक तथा प्रकाशक

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

२०८०/०९/०६

प.सं. च.नं./Ref:

मिति : २०८०/०९/०६

विषयः सत्रौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम वि.सं. २०७९/०४/०१ गतेदेखि २०८० साल असार मसान्तसम्ममा आयोगले सम्पादन गरेका काम कारबाहीको सत्रौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

| सगुन शम्सेर ज.ब.रा. | डा.जानकी कुमारी तुलाधर | रामप्रसाद भण्डारी | दिनेश कुमार थपलिया |
|---|---|---|---|
| निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | प्रमुख निर्वाचन आयुक्त |

# निर्वाचन आयोग, नेपालका पदाधिकारीहरू



दिनेश कुमार थपलिया
प्रमुख निर्वाचन आयुक्त



रामप्रसाद भण्डारी
निर्वाचन आयुक्त



डा. जानकी कुमारी तुलाधर
निर्वाचन आयुक्त



सगुन शम्सेर ज.ब.रा.
निर्वाचन आयुक्त



सूर्य प्रसाद गौतम
सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेत जिम्मेवारी तोकेको छ। नेपालको संविधान एवम् कानूनले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनौट गर्ने अधिकार सुनिश्चित गर्नुका साथै प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचनसम्बन्धी सूचना प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरेको छ।

निर्वाचन आयोगलाई प्रदत्त संवैधानिक दायित्व र अधिकार बमोजिम आर्थिक वर्ष २०७९/८० मा आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन र प्रतिनिधि सभा सदस्य उपनिर्वाचन सम्पन्न गरेको छ। निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि मतदान केन्द्र पुनरावलोकन, मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य, निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्यक्रम, आचारसंहिता अनुगमन लगायतका क्रियाकलापहरू सम्पन्न भएका छन्।

संविधान तथा संघीय कानून बमोजिम आयोगलाई प्राप्त जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने आयोगको कार्यसम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। साथै, निर्वाचनसम्बन्धी कार्यको व्यवस्थापनमा आयोगको समन्वयमा प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउने निर्वाचन अधिकृत तथा निर्वाचनको कार्यमा खटिने सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू, राजनीतिक दल तथा उम्मेदवार, नागरिक समाज, आम सञ्चार माध्यम, निर्वाचन अनुगमन तथा पर्यवेक्षणका लागि खटिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू, कुटनीतिक नियोगहरू, विकास साझेदार संस्था, स्वयंसेवक, मतदाता एवम् समस्त नेपाली नागरिक प्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ। वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सचिव लगायत संलग्न सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

# विषय सूची

पृष्ठ संख्या

प्रतिवेदन सारांश.................................................................................. क-ञ

परिच्छेद १ .......................................................................................... १

निर्वाचन आयोग, नेपाल : संक्षिप्त परिचय ................................................... १

१.१ पृष्ठभूमि ......................................................................................... १

१.२ संवैधानिक व्यवस्था.......................................................................... २

क. आयोगको गठन........................................................................ २

ख. आयोगको काम, कर्तव्य र अधिकार........................................... ३

ग. वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था............................................... ४

१.३ मार्गदर्शक सिद्धान्त.......................................................................... ५

१.४ आयोग र अन्य निकायको सम्बन्ध ...................................................... ७

परिच्छेद २ ........................................................................................ ११

आयोगको सङ्गठन एवम् प्रशासकीय कार्य व्यवस्थापन..................................... ११

२.१ आयोगको सङ्गठन संरचना ............................................................. ११

२.२ सचिवालयका महाशाखा र शाखाहरू .................................................. ११

२.२.१ महाशाखाहरूको कार्य एवम् जिम्मेवारी.......................................... ११

क. प्रशासन महाशाखा .................................................................. ११

ख. निर्वाचन व्यवस्थापन महाशाखा.................................................. १३

ग. कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा.......................... १४

२.३ सेवा प्रवाहका सम्बन्धमा गरिएका मुख्य कार्यहरू.................................. १५

२.४ आयोगको भौतिक पूर्वाधार तथा जग्गा प्राप्तिको विवरण ............................ १७

परिच्छेद ३ ........................................................................................ १९

आयोगको बैठक व्यवस्थापन.................................................................... १९

३.१ बैठकसम्बन्धी व्यवस्था..................................................................... १९

३.२ आयोगका निर्णयहरूका सार संक्षेप ........................................................ १९

परिच्छेद ४ ................................................................................ ५३

योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध ........................................ ५३

४.१ तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यकालीन समीक्षा र कार्यान्वयन........... ५३

४.२ वार्षिक समीक्षा सञ्चालन ........................................................... ५३

४.३ आयोगको वार्षिक प्रतिवेदन पेश...................................................... ५४

४.४ केन्द्रीय अनुगमन ..................................................................... ५४

४.५ लैङ्गिक तथा समावेशीकरण ........................................................... ५५

४.५.१ लैङ्गिक तथा समावेशीकरण सम्बन्धी राजनीतिक दलका प्रतिनिधिसँग अन्तरक्रिया.......... ५५

४.५.२ निर्वाचनमा लैंगिक तथा समावेशिता विषयक समीक्षा अन्तरक्रियाः ........... ५५

४.६ वैदेशिक सम्बन्ध तथा सहायता ...................................................... ५६

४.७ भारतमा तालिम कार्यक्रममा सहभागिता.............................................. ५६

४.८ **FEMBOSA** को ११ औं बैठकमा सहभागिता ........................................ ५६

४.९ **FEMBOSA** को ११ औं बैठकको दोस्रो अन्तरक्रियात्मक (भर्चुअल) सत्रमा सहभागिता ........ ५७

परिच्छेद ५ ................................................................................ ५८

मतदाता नामावली तथा निर्वाचन सञ्चालन ..................................................... ५८

५.१ संवैधानिक तथा कानूनी व्यवस्था .................................................... ५८

५.२ मतदाता नामावली संकलन तथा दर्ता .................................................. ५८

५.२.१ मतदाता नामावली अद्यावधिक कार्यक्रम ............................................ ५९

५.२.२ बाह्य जिल्ला मतदाता नामदर्ता (**ODR**)............................................. ५९

५.२.३ अनलाइन मतदाता नामावली दर्ता.................................................... ६०

५.२.४ **Cut-Off-Date** निर्धारण तथा मतदाता नामावली दाबी विरोध कार्यक्रम सञ्चालन............ ६०

५.२.५ अन्तिम मतदाता नामावली स्वीकृति तथा प्रकाशन.................................. ६१

५.३ मतदान केन्द्र पुनरावलोकन ............................................................ ६१
५.४ मतदाता परिचय पत्र र पहिचानका आधार ............................................ ६२

परिच्छेद ६ ........................................................................................ ६३

निर्वाचन शिक्षा, सूचना तथा क्षमता अभिबृद्धि ...................................................... ६३
६.१. निर्वाचन शिक्षा प्रशिक्षण ........................................................................ ६३
६.२ क्षमता अभिबृद्धि ...................................................................................... ६४
६.२.१ मुख्य प्रशिक्षक प्रशिक्षण तथा अन्य प्रशिक्षण ........................................ ६४
६.२.१.१ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण ........................................ ६६
६.२.१.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण ............................ ६७
६.२.१.३ निर्वाचन र प्रविधि प्रशिक्षण कार्यक्रम ........................................ ६९
६.२.१.४ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन ................................ ७०
६.२.१.५ मतदाता शिक्षा तालिम ............................................................ ७२
६.२.१.६ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण ............................ ७३
६.२.१.७ मतदाता शिक्षा तालिम ............................................................ ७३
६.२.२ **Building Resources in Democracy, Governance and Elections (BRIDGE)** ........................................................ ७५
६.३ निर्वाचन तथा मतदाता शिक्षा ............................................................ ७५
६.३.१ निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालन ........................................ ७६
६.३.२ आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्र .................... ७६
६.३.२.१ निर्वाचन सम्पर्क व्यक्तिहरूका लागि निर्वाचनका विविध विषयमा क्षमता अभिबृद्धि प्रशिक्षण ........................................................ ७६
६.३.२.२ घुम्ती निर्वाचन शिक्षा (**Mobile EEIC**) ........................................ ७७
६.३.३ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र .................................. ७७
६.३.३.१ निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षा कार्यक्रम .......................... ७७
६.३.४ पुस्तकालय ........................................................................ ८२
६.४ सूचनाको हक सम्बन्धी कार्य सम्पादन .................................................. ८२

६.५ निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग ........................................................ ८३

परिच्छेद ७ ................................................................................................ ८४

निर्वाचन व्यवस्थापन तथा सञ्चालन ........................................................................ ८४

७.१ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ ........................................ ८४

७.१.१ पृष्ठभूमि ........................................................................................ ८४

७.१.२ प्रतिनिधि सभा तथा प्रदेश सभा गठन सम्बन्धी कानूनी व्यवस्था .............. ८५

७.१.३ निर्वाचनको मिति तोक्न आयोगको परामर्श तथा निर्वाचनको मिति घोषणा .. ८६

७.१.४ निर्वाचन कार्यतालिका तथा कार्यक्रम ........................................................ ८७

७.१.४.१ समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम ............... ८७

७.१.४.२ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको कार्यक्रम ............. ८८

७.१.५ राजनीतिक दल .................................................................................. ८९

७.१.५.१ राजनीतक दल दर्ता ........................................................................ ८९

७.१.५.२ निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता भई निर्वाचन चिन्ह प्राप्त गर्ने राजनीतिक दलको विवरण ........................................................ ९०

७.१.६ मतदाता नामावली ............................................................................ ९६

७.१.६.१ मतदाता नामावली अद्यावधिक ........................................................ ९६

७.१.६.१.१ अन्तिम मतदाता नामावली .......................................................... ९६

७.१.६.१.२ प्रदेश अनुसारको मतदाता सङ्ख्या .................................................. ९८

७.१.६.१.४ मतदानस्थल तथा केन्द्र निर्धारण ................................................ १००

७.१.६.१.५ अस्थायी मतदान केन्द्र ................................................................ १०१

७.१.६.१.६ **Cut-Off-Date** निर्धारण .......................................................... १०२

७.१.७ निर्वाचन अधिकृत र कार्यालय ............................................................ १०२

७.१.७.१ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना .............................. १०२

७.१.८ निर्वाचन पर्यवेक्षण .......................................................................... १०३

७.१.८.१ निर्वाचन पर्यवेक्षण र अवलोकन ...................................................... १०३

७.१.८.२ निर्वाचन अनुगमन ............................................................................ १०४

७.१.९ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा.........................................१०६
७.१.९.१ निर्वाचन तालिम, अन्तरक्रिया तथा अभिमुखीकरण....................१०६
७.१.९.१.१ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण..........................१०८
७.१.९.१.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण....................१०८
७.१.९.१.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण ..१०८
७.१.९.१.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण ......................................................................१०९
७.१.९.१.५ मतदान तथा मतगणना तालिम...................................१०९
७.१.९.१.६ निर्वाचन र प्रविधि प्रशिक्षण कार्यक्रम............................११०
७.१.९.१.७ निर्वाचन र प्रविधि मुख्य प्रशिक्षक प्रशिक्षण.....................११०
७.१.९.१.८ निर्वाचन र प्रविधि प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण..............११०
७.१.९.१.९ निर्वाचन र प्रविधि जिल्लास्तरीय प्रशिक्षण.......................११०
७.१.९.१.१० निर्वाचन र प्रविधि अनलाइन प्रणाली मार्फत प्रशिक्षण.......११०
७.१.९.१.११ मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) सम्बन्धी तालिम ............................................................१११
७.१.९.१.१२ मतदाता नामावलीको निस्सा प्रदान गर्ने सम्बन्धमा अभिमुखीकरण ......................................................................१११
७.१.९.१.१३ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन....................१११
७.१.९.१.१४ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण..........................................................१११
७.१.९.१.१५ आर्थिक प्रशासन सम्बन्धी अनलाइन प्रशिक्षक प्रशिक्षण......११२
७.१.९.१.१६ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम.................................................११२
७.१.९.१.१७ जिल्लास्तरीय आर्थिक व्यवस्थापन प्रशिक्षण...................११२
७.१.९.१.१८ मतदाता शिक्षा तालिम...........................................११३
७.१.९.१.१९ मतदाता शिक्षा मुख्य प्रशिक्षक प्रशिक्षण.......................११३
७.१.९.१.२० मतदाता शिक्षा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण...............११३
७.१.९.१.२१ जिल्लास्तरीय मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण..............११३

७.१.९.१.२२ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम ............११४
७.१.९.१.२३ स्थानीय स्तरमा मतदाता शिक्षा प्रशिक्षण......................११४
७.१.९.२ निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम ................११४
७.१.९.२.१ नीतिगत व्यवस्था ....................................................११६
७.१.९.२.२ संरचनागत व्यवस्था ................................................११६
७.१.९.२.३ आर्थिक व्यवस्था.....................................................११७
७.१.६.९.४ मतदाता शिक्षा सामग्रीहरू.........................................११७
७.१.९.३ निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग ..................................१२०
७.१.१० निर्वाचन आचारसंहिता र अनुगमन...........................................१२१
७.१.१०.१ निर्वाचन आचारसंहिता, निर्देशिका, कार्यविधि तथा मापदण्ड .......१२१
७.१.१०.१.१ निर्वाचन आचारसंहिता र सोको अनुगमन......................१२३
७.१.१०.१.२ निर्वाचन खर्च सीमाको हद निर्धारण............................१२४
७.१.११ निर्वाचन र सूचना प्रविधि.......................................................१२४
७.१.११.१ निर्वाचनमा सूचना प्रविधिको प्रयोग.....................................१२४
७.१.११.२ बायोमेट्रिकमा आधारित मतदाता रजिस्ट्रेसन (**Biometric Based Voter Registration)**...............................................................१२५
७.१.११.३ एकीकृत निर्वाचन सूचना व्यवस्थापन.................................१२६
७.१.११.४ सूचना प्रविधि पूर्वाधार व्यवस्थापन.....................................१२७
७.१.११.५ वेबसाइट व्यवस्थापन.......................................................१२८
७.१.१२ निर्वाचन र आर्थिक व्यवस्थापन..............................................१२८
७.१.१२.१ निर्वाचनमा आर्थिक व्यवस्थापन .......................................१२८
७.१.१२.२ निर्वाचन आयोगबाट भएको एकीकृत खर्च...........................१३१
७.१.१२.३ निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय र अन्य निकायमा समेत .......................................................................१३३
७.१.१२.४ मितव्ययी निर्वाचन..........................................................१३४
७.१.१२.५ वैदेशिक सहायता...........................................................१३४
७.१.१३ जनशक्ति...............................................................................१३५

७.१.१३.१ जनशक्ति व्यवस्थापन ...................................................१३५
७.१.१३.२ कानूनी व्यवस्था .........................................................१३५
७.१.१३.३ जनशक्तिको खटनपटन ..................................................१३६
७.१.१३.४ जनशक्तिको बीमा ........................................................१३७
७.१.१३.५ जनशक्ति व्यवस्थापनका सबल पक्ष ...................................१३८
७.१.१४ मतपत्र ..............................................................................१३९
७.१.१४.१ मतपत्र व्यवस्थापन.......................................................१३९
७.१.१४.२ मतपत्रको ढाँचा...........................................................१४०
७.१.१४.३ मतपत्रमा रहने निर्वाचन चिन्ह.........................................१४०
७.१.१४.४ मतपत्रको प्रकार..........................................................१४१
७.१.१४.५ छपाइ भएको मतपत्र संख्या ............................................१४१
७.१.१४.६ मतपत्र ढुवानी ...........................................................१४२
७.१.१५ निर्वाचन सामग्री ...............................................................१४३
७.१.१५.१ निर्वाचन सामग्री व्यवस्थापन...........................................१४३
७.१.१५.२ निर्वाचन सामग्रीको प्रकार..............................................१४३
७.१.१५.३ निर्वाचन सामग्री खरिद.................................................१४३
७.१.१५.४ निर्वाचन सामग्री ढुवानी................................................१४४
७.१.१६ निर्वाचन सुरक्षा .................................................................१४५
७.१.१६.१ सुरक्षा व्यवस्थापन.......................................................१४५
७.१.१६.२ सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८...............................१४५
७.१.१६.३ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) ...............................१४६
७.१.१७ निर्वाचन अनुगमन..............................................................१४६
७.१.१७.१ अनुगमन समिति..........................................................१४७
७.१.१७.२ सञ्चार माध्यम अनुगमन................................................१४७
७.१.१७.३ डिजिटल मिडिया तथा सामाजिक सञ्जाल अनुगमन .................१४८
७.१.१७.४ विज्ञापन अनुगमन .......................................................१४८

७.१.१७.५ सवारी आवागमन व्यवस्थापन ........................................१४९
७.१.१८ मतदान र मत परिणाम........................................................१५०
७.१.१८.१ मतदान .................................................................१५०
७.१.१८.२ पुनः मतदान .............................................................१५०
७.१.१८.३ निर्वाचन विवाद समाधान ................................................१५१
७.१.१८.४ विवाद निरुपणका लागि अदालतमा दर्ता भएका उजुरीहरू.........१५२
७.१.१८.५ मतगणना र निर्वाचन परिणाम घोषणा ................................१५२
७.१.१८.६ प्रतिनिधि सभाको निर्वाचन परिणाम......................................१५३
७.१.१८.७ प्रदेश सभाको निर्वाचन परिणाम .........................................१५४
७.१.१९ निर्वाचनमा सूचना तथा सञ्चार ..................................................१६१
७.१.१९.१ प्रेस अफिस...............................................................१६१
७.१.१९.२ इ-बुलेटिन प्रकाशन .....................................................१६२
७.१.१९.३ मिडिया सेन्टर ..........................................................१६३
७.१.१९.४ कल सेन्टर...............................................................१६३
७.१.१९.५ प्रेस वक्तव्य ...............................................................१६३
७.१.२० निर्वाचनमा समावेशिता........................................................१६४
७.१.२०.१ निर्वाचनमा समावेशिता...................................................१६४
७.१.२०.२ निर्वाचित जनप्रतिनिधिको विवरण.......................................१६५
७.१.२१ निर्वाचन समीक्षा...............................................................१६५
७.१.२१.१ समीक्षा कार्यक्रम ........................................................१६५
७.१.२१.२ कार्यक्रमको उद्देश्य .......................................................१६५
७.१.२१.३ सहभागिता..............................................................१६६
७.१.२१.४ समीक्षाको विधि..........................................................१६६
७.१.२१.५ विषय क्षेत्रगत समीक्षा ...................................................१६८
७.१.२१.५.१ मतदाता नामावली र मतदाता परिचयपत्र......................१६८
७.१.२१.५.२ मतदान केन्द्र ......................................................१७०

७.१.२१.५.३ मतदान प्रक्रिया ........................................................१७१

७.१.२१.५.४ मतगणना, मतपरिणाम घोषणा तथा बदर मतको प्रकृति.....१७३

७.१.२१.५.५ निर्वाचन कार्यतालिका ..................................................१७४

७.१.२१.५.६ उम्मेदवार मनोनयन......................................................१७५

७.१.२१.५.७ राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रचारप्रसार र आचारसंहिताको कार्यान्वयन.........................................१७६

७.१.२१.५.८ जनशक्ति व्यवस्थापन ..................................................१७९

७.१.२१.५.९ निर्वाचन सामग्री........................................................१८०

७.१.२१.६ वित्तीय व्यवस्थापन..............................................................१८१

७.१.२१.७ निर्वाचन सुरक्षा व्यवस्थापन.................................................१८२

७.१.२१.८ मतपत्र व्यवस्थापन..............................................................१८२

७.१.२१.९ मतदाता शिक्षा...................................................................१८३

७.१.२१.१० निर्वाचन सम्बन्धी तालिम ...................................................१८४

७.१.२१.११ निर्वाचन अनुगमन तथा पर्यवेक्षण .......................................१८५

७.१.२१.१२ निर्वाचनमा लैंगिक तथा समावेशीकरण.................................१८६

७.१.२१.१३ निर्वाचन कानून र राजनीतिक दल दर्ता.................................१८८

७.१.२१.१४ निर्वाचन विवाद निरुपण.....................................................१८९

७.१.२१.१५ सूचना प्रविधिको प्रयोग.......................................................१९०

७.१.२१.१६ सामाजिक सञ्जालको प्रयोग तथा निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको नियमन ..........................................१९१

७.१.२२ समापन सत्र, निष्कर्ष तथा भावी कार्यदिशा......................................१९२

७.१.२२.१ समापन सत्र.........................................................................१९२

७.१.२२.२ निष्कर्ष...............................................................................१९३

७.१.२२.३ भावी कार्यदिशा ...................................................................१९३

७.२ राष्ट्रपति निर्वाचन, २०७९ ..........................................................................१९७

७.२.१ पृष्ठभूमि ...................................................................................१९७

७.२.२ राष्ट्रपतिको निर्वाचन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था...........१९८

७.२.३ निर्वाचनको तयारी ................................................................१९८
७.२.४ मतदाता नामावली................................................................१९९
७.२.५ निर्वाचन कार्यक्रम सञ्चालन ......................................................१९९
७.२.६ जनशक्ति तथा सामग्री व्यवस्थापन..............................................२००
७.२.७ विभिन्न तहको तालिम तथा अभिमुखीकरण.....................................२००
७.२.८ मतपत्र व्यवस्थापन................................................................२००
७.२.९ मतदान, मतगणना र निर्वाचन परिणाम..........................................२०१
७.३ उपराष्ट्रपति निर्वाचन, २०७९...........................................................२०२
७.३.१ पृष्ठभूमि ................................................................................२०२
७.३.२ उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था.......२०२
७.३.३ निर्वाचनको तयारी ................................................................२०३
७.३.४ मतदाता नामावली................................................................२०३
७.३.५ निर्वाचन कार्यक्रम सञ्चालन ......................................................२०४
७.३.६ जनशक्ति तथा सामग्री व्यवस्थापन..............................................२०५
७.३.७ विभिन्न तहको तालिम तथा अभिमुखीकरण.....................................२०६
७.३.८ मतपत्र व्यवस्थापन................................................................२०६
७.३.९ मतदान, मतगणना र निर्वाचन परिणाम..........................................२०६
७.४ राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ ..............................................२०८
७.४.१ निर्वाचनको मिति घोषणा.........................................................२०८
७.४.२ राष्ट्रिय सभा गठन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था.............२०८
७.४.३ राजनीतिक दल दर्ता र निर्वाचनको तयारी.....................................२१०
७.४.४ मतदाता नामावली र मतभार ....................................................२१०
७.४.५ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना...........................२१०
७.४.६ निर्वाचन कार्यक्रम सञ्चालन र उम्मेदवारको मनोनयन दर्ता ................२११
७.४.७ जनशक्ति, मतदान केन्द्र र सामग्री व्यवस्थापन ..............................२११
७.४.८ अभिमुखीकरण कार्यक्रम र मतदाता शिक्षा कार्यक्रम.........................२१२

७.४.९ मतपत्र व्यवस्थापन........................................................................२१२
७.४.१० निर्वाचनमा सुरक्षा व्यवस्था..........................................................२१२
७.४.११ निर्वाचन अनुगमन र अवलोकन.....................................................२१३
७.४.१२ मतदान, मतगणना र परिणाम घोषणा...........................................२१३
७.४.१३ निर्वाचन परिणाम विवरण..............................................................२१३
७.५ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८०...............................................२१४
७.५.१ उपनिर्वाचनको मिति घोषणा.............................................................२१४
७.५.२ राजनीतिक दल दर्ता ........................................................................२१५
७.५.३ अन्तिम मतदाता नामावली तथा मतदानस्थल ...................................२२०
७.५.४ मतदाता शिक्षा, तालिम तथा प्रचार प्रसार.........................................२२१
७.५.५ निर्वाचन कार्यक्रम ............................................................................२२२
७.५.६ निर्वाचन आचारसंहिता.......................................................................२२३
७.५.७ निर्वाचन खर्च सीमाको हद निर्धारण.................................................२२४
७.५.८ निर्वाचन अधिकृतको नियुक्ति तथा कार्यालय स्थापना.........................२२४
७.५.९ जनशक्ति व्यवस्थापन .......................................................................२२४
७.५.१० सामग्री व्यवस्थापन..........................................................................२२५
७.५.११ आर्थिक व्यवस्थापन...........................................................................२२५
७.५.१२ निर्वाचन सुरक्षा ................................................................................२२६
७.५.१३ सूचना प्रविधि ....................................................................................२२७
७.५.१४ मतपत्र व्यवस्थापन ...........................................................................२२७
७.५.१५ निर्वाचन पर्यवेक्षण र अवलोकन.........................................................२२८
७.५.१६ निर्वाचन अनुगमन.............................................................................२२८
७.५.१७ मतदान व्यवस्थापन...........................................................................२२९
७.५.१८ मतगणना...........................................................................................२३०
७.५.१९ निर्वाचन परिणाम .............................................................................२३०
परिच्छेद ८ .........................................................................................................२३१

सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन ........................................................ २३१
८.१ फोटो सहितको मतदाता नामावली दर्ता प्रणाली (**Biometric Based Voter Registration System-BBVRS)** ........................................................ २३१
८.२ एकीकृत निर्वाचन सूचना व्यवस्थापन प्रणाली (**Integrated Election Information Management Sytsem-IEIMS)** ........................................................ २३२
८.३ कागजात व्यवस्थापन प्रणाली (**Document Management System -DMS)**.... २३३
८.४ निर्वाचन अनुगमन व्यवस्थापन प्रणाली (**Election Monitoring Management System-EMMS)** ........................................................ २३३
८.५ सूचना प्रविधि पूर्वाधार ........................................................ २३३
८.६ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अध्यावधिक ........ २३३
८.७ अन्य कार्यहरू ........................................................ २३४
८.८ तालिम ........................................................ २३५
परिच्छेद ९ ........................................................ २३६
निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन ........................................................ २३६
९.१ निर्वाचन कानून ........................................................ २३६
९.१.१ कानून तर्जुमा ........................................................ २३६
९.१.२ लिखित जवाफ ........................................................ २३७
९.१.३ कानूनी राय ........................................................ २३७
९.१.४ नेपाल राजपत्रमा सूचना प्रकाशन ........................................................ २३७
९.१.५ आदेश/फैसला कार्यान्वयन ........................................................ २३८
९.१.६ निर्वाचन अवधिमा भएका थप कार्यहरू ........................................................ २३८
९.२ राजनीतिक दल ........................................................ २४१
९.२.१ राजनीतिक दल दर्ता ........................................................ २४१
९.२.२ राजनीतिक दलको विवरण अद्यावधिक ........................................................ २४१
९.२.३ दल दर्ता खारेजी ........................................................ २४१
९.२.४ दलको विवाद निरुपण ........................................................ २४२
९.२.५ समानुपातिक बन्दसूचीबाट नाम हटाइएको ........................................................ २४२

९.२.६ स्थानीय तहका उम्मेदवारहरूलाई जरिवाना ...................................२४२
९.२.७ लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने र सार्वजनिक नगर्ने राजनीतिक दललाई कारवाही...........................................................................२४३
९.२.८ स्पष्टीकरण र निर्देशन.............................................................२४३
९.२.९ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९.....................२४४
९.२.१० राष्ट्रिय सभाको निर्वाचनको दल दर्ता...........................................२४४
९.२.११ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० ..................................२४५
९.२.१२ विविध..........................................................................२४५

परिच्छेद १०..................................................................................२४७

वित्तीय श्रोत परिचालन..........................................................................२४७
१०.१ नियमित....................................................................................२४७
१०.१.१ विनियोजन र खर्च.................................................................२४७
१०.१.२ राजश्व तथा धरौटी ...............................................................२४८
१०.१.३ बेरुजु फछ्र्यौंट प्रगति विवरण......................................................२४९
१०.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ .......................२५०
१०.२.१ कार्यविधि.........................................................................२५०
१०.२.२ विनियोजन र खर्च.................................................................२५०
१०.३ राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९............................................२५१
१०.३.१ कार्यविधि.........................................................................२५१
१०.३.२ विनियोजन र खर्च.................................................................२५१
१०.४ राष्ट्रपति तथा उपराष्ट्रपति उपनिर्वाचन, २०७९ .....................................२५१
१०.४.१ कार्यविधि.........................................................................२५१
१०.४.२ विनियोजन र खर्च.................................................................२५२
१०.५ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० ..........................................२५२
१०.५.१ कार्यविधि.........................................................................२५२
१०.५.२ विनियोजन र खर्च.................................................................२५२

परिच्छेद ११ ........................................................................ २५३

विविध ........................................................................ २५३

११.१ निर्वाचन दिवस ........................................................................ २५३

परिच्छेद १२ ........................................................................ २५५

आयोगका समस्या तथा चुनौतिहरू ........................................................................ २५५

परिच्छेद १३ ........................................................................ २६१

आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू ........................................................................ २६१

## अनुसूचीहरु

अनुसूची १

निर्वाचन आयोग सचिवालयको स्वीकृत दरबन्दी संख्या ........................................ २६७

अनुसूची २

२०७९ श्रावण १ गतेदेखि २०८० असार ३१ गतेसम्म आयोगबाट भएका निर्णयहरूको विषयगत विवरण ........................................ २७६

अनुसूची २ (क) ........................................ ३३५

राजनीतिक दल दर्ता गर्दा चाहिने ........................................ ३३५

आवश्यक कागजात तथा दलको विधानमा उल्लेख हुनु पर्ने विवरणको ........................................ ३३५

अनुसूची ३

जिल्ला अनुसार मतदाता, मतदान स्थल, मतदान केन्द्र, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्र संख्या ........................................ ३४०

अनुसूची ४

आचारसंहिता, निर्देशिका, कार्यविधि र मापदण्ड ........................................ ३४५

अनुसूची ५

लिखित जवाफ पेश गरिएको विवरण ........................................ ३४८

अनुसूची ६

नेपाल राजपत्रमा प्रकाशित सूचना ....................................................................३५५

अनुसूची ७

आचारसंहिता उल्लंघन उजुरी र कारवाही...........................................................३५८

अनुसूची ८

प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारको अयोग्यताका विषयमा प्राप्त भएका उजुरी निवेदनहरू..........................................................................३९३

अनुसूची ९

आ.व. २०७९/८० मा दर्ता भएका राजनीतिक दलहरूको विवरण ........................३९८

अनुसूची १०

अद्यावधिक भएका दलहरूको विवरण..................................................................३९९

अनुसूची ११

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा प्रतिनिधिसभातर्फ निर्वाचन प्रयोजनका लागि दर्ता गरी निर्वाचन चिन्ह प्रदान गरिएका राजनीतिक दलहरूको नामावली ...........................................................................................................४००

अनुसूची १२

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा प्रदेशसभातर्फ निर्वाचन प्रयोजनका लागि दल दर्ता गरी निर्वाचन चिन्ह प्रदान गरिएका राजनीतिक दलहरूको नामावली.......................................................................................................४०६

अनुसूची १३

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा र प्रदेशसभामा राजनीतिक दलहरूले पेस गरेको बन्दसूचीको विवरण ...........................................................................................................४३६

अनुसूची १४

राष्ट्रियसभा सदस्य उपनिर्वाचन, २०७९ मा भाग लिएका दलको विवरण..................४३९

अनुसूची १५

प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० (तनहुँ निर्वाचन क्षेत्र नं. १ र बारा निर्वाचन क्षेत्र नं. २) मा भाग लिन दर्ता भएका राजनीतिक दलहरूको विवरण............................४४०

अनुसूची १६
प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० (चितवन निर्वाचन क्षेत्र नं. २) मा भाग लिन दर्ता भएका राजनीतिक दलहरूको विवरण............................................................४४३

## प्रतिवेदन सारांश

१. नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेतको जिम्मेवारी तोकेको छ। आयोगले आफूले सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका काम कारबाही समावेश गरी आयोगको वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने संवैधानिक व्यवस्था छ। आयोगले प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्यविभाजन गरी कार्य सम्पादन गर्दै आएको छ। आयोगबाट स्वीकृत बैठक सम्बन्धी कार्यविधि बमोजिम प्रमुख निर्वाचन आयुक्तले बोलाएको समयमा आयोगको बैठक बसी निर्णयहरु हुने गरेका छन्। यस अनुसार प्रतिवेदन अवधिमा जम्मा १९० पटक आयोगको बैठक बसी कूल ६३७ वटा निर्णयहरू भएका छन्।

३. आयोगबाट सम्पादन गर्नुपर्ने कार्यको लागि निर्वाचन आयोगमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणी, सचिवको प्रशासनिक नेतृत्वमा सचिवालय, राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत प्रमुख रहने गरी सात वटा प्रदेश निर्वाचन कार्यालयहरू र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत प्रमुख रहने गरी ७० निर्वाचन कार्यालयहरू रहेका छन्। आयोगको सचिवालयमा ११४, प्रदेश निर्वाचन कार्यालयमा ६३ र निर्वाचन कार्यालयमा ४९० गरी कूल ६६७ कर्मचारीको दरबन्दी रहेको छ।

४. निर्वाचन आयोगबाट आफ्नो कार्यालय भवन नभएका निर्वाचन कार्यालयहरूका लागि सरकारी भवन उपलब्ध गराइदिन नेपाल सरकारका सम्बन्धित मन्त्रालय, जिल्ला समन्वय समिति तथा स्थानीय तह सँग सहयोग, समन्वय र सहजीकरणका लागि आवश्यक पहल गर्दै आएको छ। यस अनुसार हाल २७ वटा जिल्ला निर्वाचन कार्यालयहरूको कार्यालय आफ्नै भवनमा रहेको, ३ वटा भवन निर्माणाधीन रहेको, १२ जिल्लाका लागि जग्गा प्राप्त भएको छ। कार्यालयको आफ्नो भवन नभएका

जिल्लाका लागि जिल्लास्थित सरकारी निकायका खाली भवन प्राप्त गरी उपयोग गर्ने नीति आयोगले लिएको छ।

५. प्रतिवेदन अवधिमा राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४ बमोजिम दल दर्ता प्रयोजनका लागि आयोगमा निवेदन पेश हुन आएका ६ (छ) वटा राजनीतिक दलहरू दर्ता भएका तथा ९ वटा राजनीतिक दलको विवरण अद्यावधिक र एक राजनीतिक दलको दल दर्ता खारेज गरिएको। वि.सं. २०८० साल असार मसान्तसम्म निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको कूल संख्या ११९ रहेको थियो ।

६. मतदाता नामावली ऐन, २०७३ को दफा २४ बमोजिम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि र प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि समेत गरेर यस आर्थिक वर्षमा दुई पटक अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि आयोगको निर्णय अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदान हुने दिन भन्दा एक दिन अघि मिति २०७९/०८/०३ सम्म १८ वर्ष उमेर पुरा भएका जम्मा १,७९,८८,५७० (एक करोड उनासी लाख अठासी हजार पाँच सय सत्तरी) जना मतदाताको अन्तिम नामावली प्रकाशन गरिएको थियो। मतदाता नामावली संकलन गर्ने क्रममा मतदाताको सहजताको लागि आयोगको निर्णय बमोजिम बाह्य जिल्ला दर्ता (Out District Registration-ODR) र अनलाइन पूर्व दर्ता प्रणाली (Online Pre-enrollment System) अवलम्बन गरिएको थियो। आयोगले यो प्रणालीलाई मतदाता दर्ता प्रकृयाको अभिन्न अंगका रुपमा लिई निरन्तरता दिदै आएको छ ।

७. निर्वाचन शिक्षालाई विस्तार गर्ने उद्देश्यले आफ्नै भवन रहेका प्रदेश निर्वाचन कार्यालय विराटनगर, पोखरा, धनगढी र सुर्खेतमा स्थापित निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट प्रतिवेदन वर्षमा नियमित रूपमा निर्वाचन शिक्षा प्रदान गर्ने कार्य भइरहेको छ । उक्त केन्द्रहरूबाट सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्ता लगायतका सरोकारवालालाई लक्षित गरी निरन्तर रूपमा निर्वाचन शिक्षा सञ्चालन भइरहेको छ । आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा प्रतिवेदन अवधिसम्म विभिन्न समूहमा अध्ययन भ्रमण गरी निर्वाचन शिक्षा लिनेको सङ्ख्या ३७,११५ जना पुगेको छ ।

८. स्थानीय तहको निर्वाचन सम्पन्न पश्चात् उक्त निर्वाचनमा मतदानस्थल तथा मतदान केन्द्रका सम्बन्धमा आएका गुनासा तथा समस्या समाधानका लागि मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन गर्नका लागि मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिमको प्रकृया पूरा गरी सिफारिस भई आएका मतदानस्थलका सम्बन्धमा आयोगको निर्णयानुसार अन्तिम मतदाता नामावली समेतको आधारमा एक मतदान केन्द्रमा बढीमा एक हजार चौसठ्ठी जना मतदाता रहने गरी देशभर १०,८९२ मतदान स्थलमा जम्मा २२,२२७ मतदान केन्द्र कायम गरिएको थियो। साथै मिति २०८०/०१/१० मा भएको प्रतिनिधि सभा सदस्य उपनिर्वाचन प्रयोजनका लागि उक्त निर्वाचन क्षेत्रमा कायम रहेको अन्तिम मतदाता नामावलीको आधारमा १० वटा मतदान केन्द्र थप गरिएको थियो। निर्वाचन अवधि शुरु भए पश्चात पूर्व निर्धारित मतदान स्थलमा मतदान कार्य सञ्चालन गर्न मतदानस्थलको भौगोलिक अवस्था, पूर्वाधारको अवस्था समेतका आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदानस्थल अस्थायी रूपमा सार्नका लागि सिफारिस गरे बमोजिम आयोगबाट ४ वटा अस्थायी मतदानस्थल राख्ने सहमति दिइएको थियो । यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि देशभर १४१ अस्थायी मतदान केन्द्र तोकिएका थिए।

९. मतदाता नामावली ऐन, २०७३ को दफा ३० मा भएको व्यवस्था बमोजिम आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेका व्यक्ति समेतलाई प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि ४ लाख ५० हजार जना व्यक्तिको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिएको थियो । अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरुले देशभर कायम भएका १४१ मतदान केन्द्रबाट मतदान गरेका थिए । नेपालको

संविधान जारी भए पश्चात् सम्पन्न भएका निर्वाचन मध्ये अस्थायी मतदाता नामावली तयार गरी मताधिकारको व्यवस्था मिलाइएको यो पहिलो निर्वाचन हो ।

१०. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ बमोजिम मिति २०७९/०८/०४ गते देशभर एकै चरणमा सम्पन्न भएको निर्वाचनमा १०,८९२ मतदानस्थलका २२,२२७ मतदान केन्द्र १४१ वटा अस्थायी मतदान केन्द्र कायम भएका थिए। २२,२२७ मतदान केन्द्रबाट १ करोड १० लाख ६४ हजार ३४ मतदाताले मतदान गरी ६१.५ प्रतिशत मतदान भएको थियो। उक्त निर्वाचनमा प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला २२५ पुरुष २,१८६ गरी जम्मा २,४११ र समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला ११८७ पुरुष १०१२ गरी जम्मा २१९९ उम्मेदवार भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १२ वटा राजनीतिक दलबाट १६० जना र स्वतन्त्रबाट ५ जना गरी १६५ जना निर्वाचित भएका थिए। त्यसैगरी प्रतिनिधि सभा सदस्य तर्फ समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला ८२ जना र पुरुष २८ जना गरी जम्मा ११० जना निर्वाचित भएका थिए ।

११. त्यसैगरी प्रदेश सभा सदस्य तर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला २८० पुरुष २९४३ गरी जम्मा ३२२३ र समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला २१९६ पुरुष १५१२ गरी जम्मा ३७०८ उम्मेदवार भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३१६ जना पुरुष र १४ जना महिला गरी जम्मा ३३० निर्वाचित भएका थिए। प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ १८६ जना महिला र ३४ जना पुरुष गरी जम्मा २२० जना निर्वाचित भएका थिए ।

१२. प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फ जम्मा ८६ वटा राजनीतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता कायम भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ वटा राजनीतिक दलले भाग लिएका थिए। कोशी प्रदेशमा ७०, मधेश प्रदेशमा ७५, बाग्मती प्रदेशमा ७२, गण्डकी प्रदेशमा ६६, लुम्बिनी प्रदेशमा ६८, कर्णाली प्रदेशमा ६४ र सुदूर पश्चिम प्रदेशमा ६४ वटा दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेका थिए। प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कोशी प्रदेशमा ५, मधेश प्रदेशमा ७,

बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ४, लुम्बिनी प्रदेशमा ८, कर्णाली प्रदेशमा ३ र सुदूरपश्चिम प्रदेशमा ५ वटा राजनीतिक दलकोतर्फबाट प्रतिनिधि निर्वाचित भएका थिए। त्यसैगरी कोशी प्रदेशमा ६, मधेश प्रदेशमा १०, बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ४, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ६ वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभामा प्रतिनिधित्व भएको थियो। प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सीट प्राप्त गर्ने दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ भन्ने व्यवस्था बमोजिम ७ दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन्।

१३. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सञ्चालन तथा व्यवस्थापनमा ७७ जना मुख्य निर्वाचन अधिकृत, ८८ जना निर्वाचन अधिकृत, ७७ जना निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, १,४८५ जना निर्वाचन अधिकृतको कार्यालयमा खटाइएका कर्मचारी, १,७६,००० जना मतदान कार्यमा संलग्न कर्मचारी, ६६,००० जना मतदान स्वयंसेवक, २,४५७ जना मतगणना कार्यमा संलग्न कर्मचारी, सुरक्षा निकायहरुः नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागबाट करिब तीन लाख सुरक्षाकर्मीहरू परिचालन गरिएको थियो। निर्वाचनको सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरी ७७ जिल्लामा ५३९ जनशक्ति समेत भएको गरिएको थियो।

१४. निर्वाचन आयोग ऐन, २०७३ को दफा (६) ले दिएको अधिकार बमोजिम निर्वाचन सम्बन्धी कामकारवाहीको पर्यवेक्षणद्वारा निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्न निर्वाचन आयोगबाट आव्हान भए बमोजिम स्वीकृति प्राप्त गरेका ३७ राष्ट्रिय तथा २ अन्तर्राष्ट्रिय संस्था र १८ वटा कुटनीतिक नियोगका समेत जम्मा ७,६६९ निर्वाचन पर्यवेक्षक तथा अवलोकनकर्ताबाट निर्वाचन पर्यवेक्षण सम्पन्न भएको थियो।

१५. मतदाता शिक्षालाई मतदातासम्म पुऱ्याई निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि एवम् सु-सूचित मतदाता तयार पार्ने उद्देश्यले आयोगले निर्वाचन आयोगबाट तयार पारिएका मतदाता शिक्षा सामग्रीको उपयोग गरी विभिन्न संघ संस्था मार्फत मतदाता शिक्षा प्रवाह गर्ने नीति लिएको थियो। साथै आयोगले मतदाता शिक्षालाई स्थानीय

तहसँग समन्वय र सहकार्य गरी स्थानीय तहसम्म विस्तार गर्ने उद्देश्यले सबै स्थानीय तहका प्रत्येक वडामा कम्तीमा एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गर्ने निर्देशन बमोजिम सबै स्थानीय तहबाट सामुदायिक सिकाई केन्द्रका परिचालक वा स्वस्थ्य स्वयंसेविकालाई ६,७४३ वटै वडामा मतदाता शिक्षा स्वयंसेवकको रूपमा खटाइएको थियो ।

१६. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि नेपाल सरकारबाट रू. ८ अर्ब ५० करोड बजेट विनियोजन भएकोमा निर्वाचन आयोगबाट रू. १ अर्ब ७६ करोड २४ लाख ५५ हजार, ७७ निर्वाचन कार्यालयहरूबाट रू. ५७ करोड २१ लाख ६ हजार, १६५ निर्वाचन अधिकृतको कार्यालयहरूबाट रू. ४ अर्ब १० करोड ३३ लाख ६७ हजार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट १ करोड ९० लाख र गृह मन्त्रालयबाट १० करोड समेत कूल जम्मा ६ अर्ब ५५ करोड ६९ लाख २८ हजार रुपैया खर्च भई निर्वाचन व्यवस्थापनको निम्ति विनियोजन भएको बजेटमा रु. १ अर्व ९४ करोड ३० लाख ७२ हजार बचत भएको थियो ।

१७. वि.सं. २०७४ मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको प्रतिमतदाता खर्च रु. ५०६।– र प्रतिमतदान केन्द्र खर्च रु. ३,९३,८३४।– रहेकोमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा प्रति मतदाता खर्च रु.३८० र प्रति मतदान केन्द्र खर्च रु. ३ लाख ३५ हजार ६९७ भएको थियो ।

१८. आयोगले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र निर्वाचन क्षेत्रको क्षेत्रफलाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकेको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्द सूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्यासमेतका आधारमा निर्वाचन खर्चको हद निर्धारण गरिएको थियो । यस अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र अनुसार रु. २५ देखि ३३ लाख, समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रति उम्मेदवार रु. २ लाख, प्रदेश सभा निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र अनुसार रु. १५ देखि २३ लाख र समानुपातिक

निर्वाचन प्रणालीतर्फ प्रति उम्मेदवार रु. १ लाख ५० हजार निर्वाचन खर्चको अधिकतम हद निर्धारण गरिएको थियो ।

१९. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्वाचन आचारसंहिता जारी भए पश्चात केन्द्रमा २५४ र जिल्लामा ६१७ गरी जम्मा ८७१ उजुरी परेका थिए । आयोगमा प्राप्त भएका उजुरीहरूमध्ये १७५ लाई स्पष्टीकरण सोधिएको, १९ लाई जरिवाना गरिएको, ६ लाई सचेत गराइएको, ३ लाई निर्देशन दिइएको र ५२ तामेलीमा राखिएको थियो । जिल्लामा प्राप्त भएका उजुरीमध्ये ३५२ लाई स्पष्टीकरण सोधिएको थियो ।

२०. आयोगबाट प्रवाह गरिने सूचना तथा सन्देशहरू एकद्धार प्रणालीबाट प्रवाह गर्न, निर्वाचनमा सामाजिक सञ्जालको अनुगमन गर्न, सञ्चार माध्यम व्यवस्थापन, सहजीकरण तथा सूचना सम्प्रेषण एवम् सामाजिक सञ्जालमा सम्प्रेषण गरिने सामग्रीको उत्पादन लगायतका कार्य गर्ने उद्देश्यले आयोगमा सहसचिवको संयोजकत्वमा प्रेस अफिसको स्थापना भएको थियो । निर्वाचन व्यवस्थापनसम्बन्धी महत्वपूर्ण विषयहरूमा नियमित प्रेस विज्ञप्ति, इ-बुलेटिन प्रकाशन तथा आवश्यकता अनुसार पत्रकार सम्मेलनमार्फत सूचना तथा सन्देशहरू प्रवाह गरिएका थिए । सामाजिक सञ्जालको उपयोग गर्ने सम्बन्धमा आयोगले सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, टिकटक र भाइबर समेतको उपयोग गरी मतदाता शिक्षा र निर्वाचन सूचनालाई अधिकतम रूपमा प्रचार प्रसार गरेको थियो । सञ्चारमाध्यममा प्रस्तुत भएका विषयवस्तुहरूलाई समेटेर आन्तरिक प्रयोजन र निर्णय प्रक्रियाका लागि समाचार विश्लेषण (Content Analysis) गरी आवश्यक सुधारका कार्यहरू भएका थिए । निर्वाचनको अवधिमा सामाजिक सञ्जालमार्फत हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार एवम् द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम तथा नियन्त्रण गर्न विज्ञ सहितको टोलीद्वारा सामाजिक सञ्जालको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा देखिएका निर्वाचन आचारसंहिता विपरितका कार्यहरूको पहिचान गरी कारवाहीका लागि सम्बन्धित निकायमा पठाइएको थियो ।

२१. लुम्बिनी प्रदेशबाट राष्ट्रिय सभामा अन्य समुहबाट प्रतिनिधित्व गर्ने सदस्यको पद रिक्त भई मिति २०७९/१०/२५ मा भएको राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि विनियोजित रू. १ करोड ८७ लाख ५५ हजार बजेट मध्ये निर्वाचन आयोगबाट रू. ५९ लाख ६३ हजार, निर्वाचन

कार्यालयबाट रू. ५ लाख ८८ हजार र निर्वाचन अधिकृतको कार्यालयबाट रू. ६ लाख ३ हजार गरी राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ मा कूल जम्मा ६६ लाख १४ हजार खर्च भएको थियो ।

२२. मिति २०७९/११/२५ गते सम्पन्न राष्ट्रपति निर्वाचनमा संघीय संसदका ३३२ सदस्य र प्रदेश सभाका ५५० गरी कूल ८८२ मतदाता रहेकोमा संघीय संसदका सदस्य ३१३ जना र प्रदेश सभाका सदस्य ५१८ गरी जम्मा ८३१ सदस्यले मतदान गरेका थिए । उक्त निर्वाचनमा श्री रामचन्द्र पौडेलले कूल जम्मा ५६६ मत अर्थात ३३८०२ मतभार प्राप्त गरी निर्वाचित हुनुभएको थियो ।

२३. मिति २०७९ चैत्र ३ गते सम्पन्न उपराष्ट्रपति निर्वाचनमा संघीय संसदका ३३२ सदस्य र प्रदेश सभाका ५५० गरी कूल ८८२ मतदाता रहेकोमा संघीय संसदका सदस्य ३११ जना र प्रदेश सभाका सदस्य ५१८ गरी जम्मा ८२९ सदस्यले मतदान गरेका थिए । उक्त निर्वाचनमा श्री रामसहाय प्रसाद यादवले कूल जम्मा ५१३ मत अर्थात ३०३२८ मतभार प्राप्त गरी निर्वाचित हुनुभएको थियो ।

२४. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि रू. २ करोड १५ लाख ६५ हजार बजेट विनियोजन भएकोमा निर्वाचन आयोगबाट रू. ६६ लाख २५ हजार, निर्वाचन कार्यालयबाट रू. ४ लाख ९९ हजार र निर्वाचन अधिकृतको कार्यालयबाट रू. १० लाख ७८ हजार गरी राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७९ मा कूल जम्मा ८२ लाख २ हजार खर्च भएको थियो ।

२५. प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० को प्रयोजनका लागि पनि देशभरको मतदाता नामावली अद्यावधिक गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम अद्यावधिक गरी आयोगको निर्णयानुसार उपनिर्वाचनको मतदान हुने दिन भन्दा एक दिन अघि मिति २०८०/०१/०९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताहरू १,८०,०१,५६६ (एक करोड असी लाख एक हजार पाँच सय छैसठ्ठी) जना अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो ।

२६. चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा रिक्त हुन आएको प्रतिनिधि सभा सदस्य पदको उपनिर्वाचन वि.सं. २०८० बैशाख १० गते सम्पन्न भयो । उक्त निर्वाचन प्रयोजनको लागि रू. १९ करोड ९१ लाख २९ हजार विनियोजन भएकोमा

निर्वाचन आयोगबाट रू. २ करोड ६६ लाख २९ हजार र निर्वाचन अधिकृतकोकार्यालयबाट रू. ५ करोड ६० लाख ६५ हजार गरी कूल जम्मा ८ करोड २६ लाख ९४ हजार खर्च भएको थियो ।

२७. आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र लेखा परीक्षण प्रतिवेदन पेश गर्ने ८२ राजनीतिक दललाई लेखापरीक्षण प्रतिवेदन ७ दिनभित्र सार्वजनिक गरी सार्वजनिक गरेको मितिले ७ दिनभित्र सोको जानकारी आयोगमा गराउने तथा लेखापरीक्षण प्रतिवेदन बुझाउने दलहरूको लेखापरीक्षण प्रतिवेदन, लेखा सम्बन्धी कागजात लगायतका विवरण जाँचबुझ गर्न र दलको कार्यालयमा गई निरीक्षण गर्नका लागि राजपत्राङकित द्वितिय श्रेणी- १, राजपत्राङकित तृतीय श्रेणी-२ र राजपत्र अनङकित प्रथम श्रेणी-२ गरी जम्मा ५ जना महालेखापरीक्षकको कार्यालयबाट खटाइएको कर्मचारीको टोलीबाट राजनीतिक दलको आय व्यय विवरणको लेखापरीक्षण सम्पन्न गरिएको ।

२८. निर्वाचन व्यवस्थापनलाई अझ वढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतवाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास र विगतका अनुभव तथा पृष्ठ पोषण समेतका आधारमा साविकको निर्वाचन सम्बन्धी कानूनमा परिमार्जन गरी निर्वाचन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको 'निर्वाचन व्यवस्थापन विधेयक, २०८०' नेपाल सरकार गृह मन्त्रालय मार्फत संसदमा पेश गर्ने निर्णय गरेको थियो । प्रस्तावित विधेयकको मस्यौदामा निर्वाचन हुने दिन र निर्वाचन प्रचार प्रसारको अवधि किटान गर्ने, समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भईसकेको व्यक्ति सोही प्रणालीमा उम्मेदवार हुन नसक्ने, निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परेमा सम्बन्धित अदालतले ६ महिनाभित्र कारवाही र किनारा गर्नु पर्ने, प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ तथा कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार दिनु पर्ने, स्थानीयतहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुख मध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने साथै कुनै दलले एक मात्र पदमा उम्मेदवारी दिएमा महिलाको मात्र उम्मेदवारी दिनुपर्ने, स्थानीय तहका सम्पूर्ण वडा अध्यक्ष मध्ये कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार दिनु पर्ने, उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ सम्पत्ति विवरण पेश गर्नु पर्ने, आवश्यक सुरक्षा प्रबन्धका साथ

मतदानस्थलमा मतगणना गर्ने, प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ अग्रिम मतदान गर्न सक्ने व्यवस्था गरी मतदातालाई आफू रहेकै स्थानबाट मतदानको अवसर दिने, स्थानीय तहको निर्वाचनमा प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको मतपत्र र वडा अध्यक्ष र सदस्यको मतपत्र अलग अलग व्यवस्था गर्ने तथा मतपत्रमा उम्मेदवारका साथै कुनै पनि उम्मेदवारलाई समर्थन नरहने गरी मतदाताले मतदान गर्न सक्ने व्यवस्था (None of the above-NOTA) लगायतका प्रावधानहरू समावेश गरिएका छन् ।

# परिच्छेद १

## निर्वाचन आयोग, नेपाल : संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

संविधानतः राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचन गर्ने कार्यजिम्मेवारी निर्वाचन आयोगको रहेको छ। आयोगले नेपालको संविधान र प्रचलित कानून बमोजिम उक्त निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने गर्दछ। नेपालमा पहिलो पटक नेपालको अन्तरिम शासन विधान, २००७ ले निर्वाचन आयोग सम्बन्धी व्यवस्था गरेको थियो। तत्पश्चात जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्था हुन नसकेकोमा नेपालको संविधान, २०१९ को पहिलो संशोधन, २०२३ बाट निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्य गर्न आयोगलाई पहिलो पटक संवैधानिक अधिकारको व्यवस्था गरिएको थियो। त्यसपछि जारी भएका नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ तथा वि.सं. २०७२ सालमा जारी भएको नेपालको वर्तमान संविधानमा समेत निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य जिम्मेवारीको निरन्तरता दिइयो।

नेपालको संविधानको भाग २४ धारा २४५ मा आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ। संविधान तथा संघीय कानूनमा भएको व्यवस्था बमोजिम आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी निर्वाचन मार्फत नागरिकको मताधिकारलाई निर्वाध रुपमा उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

नेपालको संविधानको प्रस्तावनामा उल्लिखित बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, संघीय लोकतान्त्रिक गणतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता, बालिग मताधिकार र आवधिक निर्वाचनलाई संस्थागत गर्न निर्वाचन एक महत्वपूर्ण प्रणाली हो। नेपालको संविधान एवम् कानूनले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनौट गर्ने अधिकार सुनिश्चित गरेको सन्दर्भमा प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचनसम्बन्धी सूचना प्राप्त गर्ने तथा हरेक नागरिकले छान्ने र छानिने

अधिकारको प्रत्याभूति गर्न निर्वाचन आयोग क्रियाशील रहँदै आएको छ।

## १.२ संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २४ धारा २४५ मा निर्वाचन आयोगको गठन सम्बन्धी व्यवस्था रहेको छ। सोही भागको धारा २४६ मा आयोगको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ। संविधानको धारा ३०६ को उपधारा (१) (ठ) मा अन्य १२ वटा आयोगहरूका अतिरिक्त निर्वाचन आयोग समेतलाई संवैधानिक निकायको रुपमा परिभाषित गरिएको छ। त्यसैगरि, संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने र धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

### क. आयोगको गठन

नेपालको संविधानको धारा २४५ मा व्यवस्था भए अनुसार नेपालमा एक निर्वाचन आयोग रहने छ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने व्यवस्था रहेको छ। प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था रहेको छ। प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्ने प्रावधान समेत कानूनमा उल्लेख छ। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने र निजको पदावधि समाप्त हुनु अगावै पैंसठ्ठी वर्ष उमेर पूरा भएमा सोही अवधिसम्म मात्र पदमा बहाल रहने व्यवस्था रहेको छ।

संविधानको धारा १४५ को उपधारा (४) मा प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूको पद रिक्त हुने अवस्था सम्बन्धी व्यवस्था गरिएको छ। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा, उमेर पैंसठ्ठी वर्ष पूरा भएमा, उनीहरू विरूद्ध संविधानको धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा वा मृत्यु भएमा आयुक्तको पद रिक्त हुने व्यवस्था रहेको छ।

संविधानको धारा १४५ को उपधारा (५) मा नेपालको संविधानले प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन नसक्ने तर आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति गर्न सक्ने र त्यस्तो आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिने

व्यवस्था छ ।

संविधानको धारा १४५ को उपधारा (६) मा प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्त नियुक्तिका लागि आवश्यक योग्यता तोकिएको छ। प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैंतालिस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको योग्यता आवश्यक पर्दछ।

संविधानको धारा १४५ को उपधारा (७) मा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुने, प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्नेगरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन नगरिने तर चरम आर्थिक विश्रृंखलताका कारण देशमा संकटकाल घोषणा भएको अवस्थामा उपर्युक्त व्यवस्था लागू नहुने कुरा उल्लेख गरिएको छ।

त्यसैगरि, धारा १४५ को उपधारा (८) मा निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन। तर, कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न संविधानले निषेध गरेको छैन।

## ख. आयोगको काम, कर्तव्य र अधिकार

आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधानको भाग २४ धारा २४६ मा गरिएको छ। जसअनुसार संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु आयोगको प्रमुख कार्य हो। यसका साथै निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्यसमेत निर्वाचन आयोगले गर्दछ।

आयोगले संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने, राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय समेत गर्दछ।

संघीय कानूनको अधिनमा रही निर्वाचनसम्बन्धी नीति तर्जुमा गर्ने, योजना बनाउने, रणनीति तयार गर्ने, त्यसको कार्यान्वयन गर्न र अनुगमन तथा मूल्यांकन गर्ने, मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने, निर्वाचनसम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन र अनुसन्धान गर्ने, निर्वाचनसम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने, निर्वाचन कार्यालयहरूको भौतिक तथा मानवीय पूर्वाधार विकाससम्बन्धी आवश्यक व्यवस्था मिलाउने, निर्वाचनसम्बन्धी विशेषज्ञ सेवा लिने व्यवस्था मिलाउने र निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने समेतका कार्यहरू आयोगले सम्पादन गर्दछ।

आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्ने र आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुने व्यवस्था रहेको छ।

**ग. वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था**

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था रहेको छ। वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानून बमोजिम हुने उल्लेख हुनुका साथै संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेश गर्न सक्ने समेत व्यवस्था रहेको छ।

निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचन आयोग नियमावली, २०७४ मा आयोगले वार्षिक प्रतिवेदन तयार गर्दा आयोगको जनशक्ति व्यवस्थापन तथा सामग्री व्यवस्थापन, आयोगको वार्षिक योजना तथा त्यसको कार्य प्रगति, सङ्कलित तथा अद्यावधिक गरिएका मतदाताको संख्या, निर्वाचन सञ्चालन तथा व्यवस्थापन, सूचना प्रविधिको व्यवस्थापन र प्रयोग, राजनीतिक दल व्यवस्थापन, स्रोत परिचालन, निर्वाचन सम्बन्धी विद्यमान नीति वा प्रचलित कानूनमा सुधार गर्नुपर्ने विषयमा सम्बन्धित निकायलाई दिएको सुझाव र आयोगले अन्य आवश्यक कुराहरू समावेश गर्नुपर्ने विषय उल्लेख भएकोले त्यसलाई समेत आधार मानी आयोगले आफ्नो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरी सार्वजनिक गर्दै आएको छ।

## १.३ मार्गदर्शक सिद्धान्त

नेपालमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई संस्थागत गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी निर्वाचन गर्ने लक्ष्य प्राप्त गर्न निर्वाचन आयोगले तय गरेका मार्गदर्शक सिद्धान्तहरू देहाय अनुसार रहेका छन् ।

### क. स्वायत्तता

निर्वाचन आयोग एक संवैधानिक निकाय हो। आयोग निर्वाचन व्यवस्थापनमा प्रशासकीय, आर्थिक तथा वित्तीय, कार्यगत, विधिगत र व्यवहारगत स्वायत्तताको प्रत्याभूतिको अपेक्षा राख्दछ।

### ख. निष्पक्षता

आयोगले निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण र मतदाता नामावली तयार गर्ने लगायतका कार्यसम्पादन गर्दा राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, लिङ्ग, जातजाति, समुदायप्रति निष्पक्ष रूपमा समान व्यवहारको सुनिश्चितता गर्दछ।

### ग. समावेशिता

निर्वाचनमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवम् अन्य समुदायको सहभागिता सुनिश्चित गरिनेछ। आयोगको सङ्गठनात्मक संरचना, जनशक्ति व्यवस्थापन एवम् नीति तथा क्रियाकलापहरू संविधान अनुरूप समानुपातिक समावेशिताको सिद्धान्तबाट निर्देशित हुनेछन्।

### घ. जवाफदेहिता

संविधान र कानूनप्रति उत्तरदायी हुँदै उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी संवैधानिक जिम्मेवारी पूरा गर्न आयोग सदैव प्रतिवद्ध र जवाफदेही रहनेछ। आयोगले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा सम्पादित क्रियाकलाप र प्राप्त उपलब्धिको समीक्षा गरी आवश्यक कार्यान्वयनको व्यवस्था मिलाउनेछ।

### ङ. पारदर्शिता

आयोगबाट हुने निर्णय प्रक्रिया एवम् कार्यसम्पादन नतिजा पारदर्शी हुनेछन्। आयोगको आफ्नो वेवसाइट तथा आम सञ्चारका माध्यमबाट आयोगको सबै कार्यसम्पादन नतिजामा सरोकारवाला सबैको सहज पहुँच सुनिश्चित गरिनेछ।

### च. सेवा प्रवाह

निर्वाचन आयोगबाट प्रदान गरिने सेवाहरू छिटो छरितो, सहज र गुणस्तरीय तथा आम मतदाता एवम् सेवाग्राही मैत्री हुनेछन्। आयोग प्रदत्त सेवाहरू आम नागरिकको सहज पहुँच पुऱ्याउने कुरामा आयोग सदैव संवेदनशील हुनेछ।

### छ. व्यावशायिकता

दक्ष, कुशल, उत्प्रेरित, नैतिक एवम् व्यावशायिक रूपमा प्रतिबद्ध तथा निर्वाचनका मूल्य मान्यताप्रति निष्ठावान मानव संसाधनको प्राप्ति र विकास गरी आयोगले आफ्नो व्यावशायिक दक्षता र निष्ठा अभिवृद्धि गर्नेछ।

### ज. विश्वसनीयता

निर्वाचनका स्थापित सिद्धान्त, मूल्य र मान्यता अनुरूप निर्वाचन व्यवस्थापनमा व्यावशायिक दक्षता एवम् कुशलता प्रदर्शन गरी निरन्तर सम्पर्क, समन्वय र सहकार्य मार्फत नेपाल सरकार लगायत सम्बद्ध सबै सरोकारवाला एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग आयोगले आपसी विश्वास सुदृढ बनाउनेछ।

### झ. मितव्ययिता

आयोगबाट सम्पादन हुने निर्वाचन व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य मितव्ययी र लागत प्रभावकारी हुनेछन्। राजनीतिक दल तथा उम्मेदवारबाट गरिने निर्वाचन खर्चलाई उपयुक्त संयन्त्र बनाई आयोगले प्रभावकारी रूपमा नियमन गर्नेछ।

### ञ. साझेदारी र सहकार्य

निर्वाचन चक्रका सबै क्रियाकलापलाई व्यवस्थित ढङ्गबाट कार्यान्वयन र सञ्चालन गर्नका लागि आन्तरिक र बाह्य सरोकारवालासँग सु-सम्बन्ध कायम गरी आयोगले साझेदारी र सहकार्य प्रवर्द्धन गर्नेछ।

### ट. समन्वय र अन्तरसम्बन्ध

आयोगको सङ्गठन संरचना, निर्वाचन कानून, नीति निर्माण, निर्वाचन व्यवस्थापन र निर्वाचन प्रक्रियामा सुधार गर्न आयोगले नेपाल सरकार, व्यवस्थापिका संसद, न्यायपालिका, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज लगायत अन्य सरोकारवाला सबैसँग समन्वय, सहयोग र अन्तर सम्बन्ध कायम गर्नेछ।

### ठ. पूर्व क्रियाशीलता

निर्वाचन व्यवस्थापन र सेवा प्रवाह, संस्थागत विकास, आन्तरिक कार्यप्रक्रिया तथा सङ्गठन संरचनाको समयानुकूल सुधार गरी आयोगलाई चुस्त दुरुस्त राख्न आयोगले सदैव पूर्व क्रियाशीलता अपनाउने छ।

### ड. नवप्रवर्तन

आयोगले निर्वाचन व्यवस्थापन सुधारका लागि निर्वाचनसँग अन्तरसम्बन्धित सवालको अध्ययन, अनुसन्धान, विकास र नवप्रवर्तनमा जोड दिनेछ। निर्वाचन सुधार सम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीनतम् ज्ञान, सीप, अभ्यास, सिकाई र अनुभवलाई अङ्गिकार र अवलम्बन गर्दै जानेछ।

## १.४ आयोग र अन्य निकायको सम्बन्ध

लोकतन्त्रमा नागरिक सर्वोच्चता रहने गर्दछ। नागरिकले आवधिक निर्वाचनका माध्यमबाट आफ्नो अधिकार आफूले चयन गरेका प्रतिनिधिमार्फत प्रयोग गर्ने गरी अख्तियारी सुम्पिन्छन्। आवधिक निर्वाचन जनता वा मतदाताको रोजाईका आधारमा आफ्नो प्रतिनिधि चयन गर्ने विधिसम्मत तरिका वा प्रक्रिया हो। निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि हो। यसबाट कुनै पनि देशका नागरिकले अभ्यास गर्ने सार्वभौम अधिकार भएकाले यसबाट आफूले रोजेको प्रतिनिधि मार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकार सुनिश्चित हुन्छ। निर्वाचनले निरूपण गर्नुपर्ने कुनै विषय वा निर्णय गर्नुपर्ने कुनै विकल्पमा जनता वा मतदाताले आफ्नो मत जाहेर गरी कुनै विचार वा सिद्धान्त वा प्रणाली वा दल वा संस्था वा व्यक्ति वा व्यक्तिको समूहलाई छनोट गर्ने अवसर तथा अधिकार दिन्छ।

निर्वाचनको व्यवस्थापन गर्ने सन्दर्भमा आयोगले मतदाता नामावली दर्ता र अद्यावधिक गराउने, मतदान केन्द्र पुनरावलोकन गर्ने, निर्वाचन शिक्षा सञ्चालन सम्बन्धी कार्य गर्ने, निर्वाचन सम्बन्धी विविध विषयमा अध्ययन, अनुसन्धान गर्ने, योजना तर्जुमा गर्ने, आवश्यक

कानून तर्जुमा र परिमार्जन गर्ने जस्ता निर्वाचन पूर्वका कार्यहरू गर्दै आएको छ भने निर्वाचनको समयमा मतदान केन्द्र तोक्ने, अन्तिम मतदाता नामावली स्वीकृत गर्ने, मतदानमा मतदाताको सहभागिता अभिवृद्धि गर्नुका साथै बदर मत न्यूनीकरणका लागि मतदाता शिक्षा सञ्चालन गर्ने, राजनीतिक दल दर्ता र निर्वाचन चिन्ह निर्धारण गर्ने, निर्वाचन सामग्री तथा जनशक्ति व्यवस्थापन गर्ने, मतपत्रको ढाँचा स्वीकृत गरी छपाइ गर्ने, निर्वाचन कार्यक्रम सञ्चालन गर्ने एवम् आचारसंहिता लागू गर्ने र आचारसंहिता कार्यान्वयनको अनुगमन गरी उल्लंघन गर्नेलाई कारबाही गर्ने कुरा गर्दै आएको छ। यसै गरी निर्वाचन पश्चात निर्वाचनको समीक्षा गर्ने, निर्वाचन प्रतिवेदन तयारी र प्रकाशन गर्ने, राजनीतिक दलहरू तथा उम्मेदवारहरूले निर्वाचनमा गरेका खर्चको विवरण लिने लगायतका कार्य गर्दै आएको छ । निर्वाचनमा सरोकारवालाबीचको समन्वय, सहकार्य र अन्तरसम्बन्धका प्रमुख व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

क. नेपालको संविधानको धारा २४७ मा संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम कारबाही सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने उल्लेख छ । आयोगले निर्वाचनको कामका लागि नेपाल सरकार वा प्रदेश सरकारको वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थासँग सोझै सम्पर्क राख्न र त्यस्ता संस्था वा निकायबाट कुनै सहयोग लिन सक्ने व्यवस्था गरेको छ ।

ख. पन्ध्रौं आवधिक योजनाले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको सञ्चालन एवम् व्यवस्थापनलाई दीर्घकालीन सोचको रूपमा उल्लेख गरी सोका लागि सरोकारवालाहरूबीचको आपसी सम्बन्धलाई समन्वयात्मक, सहयोगात्मक र सुदृढ बनाउँदै निर्वाचन कार्यक्रम र प्रक्रियामा सुधार गर्दै लैजाने उद्देश्यहरू निर्धारण गरेको छ ।

ग. आयोग वा आयोगको पदाधिकारीले स्वच्छ र स्वतन्त्र तवरबाट निर्वाचन गर्ने सन्दर्भमा कुनै राजनीतिक दल वा नागरिक समाजका प्रतिनिधि, निर्वाचन सम्बन्धी विज्ञ वा अन्य व्यक्ति वा संस्थासँग छलफल वा परामर्श गर्न सक्ने प्रावधान रहेको छ ।

घ. आयोगले निर्वाचन सञ्चालन गर्ने सम्बन्धमा कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने, आयोगले निर्देशन दिएकोमा सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो विषयमा आवश्यक कारबाही गरी आयोगलाई त्यसको जानकारी दिनु पर्ने, आयोगले सचिव, आयोगका कर्मचारी, निर्वाचन अधिकृत, निर्वाचन अधिकारी, मतदान अधिकृत, सहायक मतदान अधिकृत, अनुगमनमा खटिएका अधिकृत, नाम दर्ता अधिकारी वा निर्वाचनमा खटिएका अन्य कुनै कर्मचारी वा व्यक्तिलाई निजले गर्नुपर्ने कामका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने र आयोगले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने कुरा स्पष्ट गरेको छ ।

ङ. आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्ने र आयोगबाट लेखी आएमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउने व्यवस्था समेत गरेको छ ।

च. मतदाता नामावली तयार गर्ने सिलसिलामा आयोग तथा नाम दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अनुदानमा सञ्चालित संस्था, निकाय वा राजनीतिक दल वा सामाजिक संघ, संस्था तथा अन्य निकाय र कुनै पनि व्यक्तिको सहयोग लिन सक्ने तथा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुने व्यवस्था गरेको छ ।

छ. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले आयोगको सङ्गठन संरचना, निर्वाचन कानून, नीति निर्माण, निर्वाचन व्यवस्थापन र निर्वाचन प्रक्रियामा सुधार गर्न आयोगले नेपाल सरकार, व्यवस्थापिका संसद, न्यायपालिका, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज लगायत अन्य सरोकारवाला सबैसँग समन्वय, सहयोग र अन्तरसम्बन्ध कायम गर्ने उल्लेख छ ।

ज. आयोगले राजनीतिक दलहरू र संघीय संसद वा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका पदाधिकारीलाई आमन्त्रण गरी निर्वाचन प्रणाली सम्बन्धी, निर्वाचन तथा राजनीतिक दलसँग सम्बन्धित कानून सम्बन्धी, निर्वाचन वा

जनमत सङ्ग्रह सम्बन्धी, राजनीतिक दलको लेखा तथा लेखापरीक्षण सम्बन्धी, आयोगले तयार गरेको कुनै कानूनी वा नीतिगत विषय सम्बन्धी, आयोगले उपयुक्त ठानेको अन्य विषयमा परामर्श, अन्तरक्रिया तथा छलफल गर्न आयोगले समय समयमा राजनीतिक परामर्श बैठक आयोजना गर्न सक्ने व्यवस्था गरेको छ । सो बमोजिम त्यस्तो बैठकमा भाग लिनु सम्बन्धित दल तथा त्यसदलका पदाधिकारीको कर्तव्य हुने विषय उल्लेख गरेको छ ।

प्रस्तुत संवैधानिक तथा कानूनी व्यवस्था र निर्वाचन आयोग सम्बन्धी नीतिगत व्यवस्था समेतका आधारमा आयोगले अन्य निकायहरूसँग समन्वय र अन्तरसम्बन्ध स्थापित गरी आयोगका क्रियाकलापहरूलाई सञ्चालन गर्दै आएको छ ।

# परिच्छेद २

# आयोगको सङ्गठन एवम् प्रशासकीय कार्य व्यवस्थापन

## २.१ आयोगको सङ्गठन संरचना

नेपालको संविधानको धारा २४५ बमोजिम गठन भएको निर्वाचन आयोगमा १ जना प्रमुख निर्वाचन आयुक्त र अन्य ४ जना निर्वाचन आयुक्तहरू रहने व्यवस्था रहेको छ । आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा १७ बमोजिमको आयोगको संङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था रहेको छ।सोही बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/१०/२६ को निर्णयानुसार आयोगको सचिवालय, ७ प्रदेश निर्वाचन कार्यालय र ७७ जिल्ला निर्वाचन कार्यालयमा गरी कूल जम्मा ६६७ जनाको दरबन्दी तेरिज स्वीकृत भएको छ । स्वीकृत सङ्गठन संरचना तथा दरबन्दी तेरिज देहाय बमोजिम रहेको छ । सचिवालयको दरबन्दी विवरण **अनुसूची -१** मा प्रस्तुत गरिएको छ ।

## २.२ सचिवालयका महाशाखा र शाखाहरू

### २.२.१ महाशाखाहरूको कार्य एवम् जिम्मेवारी

**क. प्रशासन महाशाखा**

प्रशासन महाशाखाको कार्य एवम् जिम्मेवारी देहाय अनुसार रहेको छः

१. आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी/गराई स्वीकृत भए बमोजिम कार्य सञ्चालनको व्यवस्था गर्ने, गराउने ।

२. निर्वाचन कार्यक्रमको सञ्चालन व्यवस्था अनुगमन गर्ने, देखा परेका समस्याहरू समाधान गर्ने, गराउने र आवश्यकतानुसार निर्वाचन कार्य सम्पन्न गराउन समन्वय गर्ने, गराउने ।

३. आयोग र अन्तर्गत रहेका प्रशासन सेवाका पद तथा पदाधिकारीहरूको नियुक्ति, पदस्थापन, तालिम, सरुवा, विभागीय कारबाही, अवकाशसम्बन्धी कार्य गर्ने, गराउने ।

४. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालय निरीक्षण गर्ने/गराउने व्यवस्था मिलाई प्राप्त प्रतिवेदन राय ठहरसहित सचिव समक्ष पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने, गराउने ।

५. केन्द्रीय तथा कार्य सञ्चालनस्तरको लेखा व्यवस्थापन र मालसामान खरिद तथा लिलाम बिक्रीको व्यवस्था मिलाउने ।
६. निर्वाचन आयोग अन्तर्गत सम्पूर्ण कर्मचारीहरूको सम्पति विवरण तथा व्यक्तिगत अभिलेख अद्यावधिक गरी राख्न लगाउने ।
७. आयोगको भौतिक साधनहरूको अद्यावधिक विवरण राख्न लगाई सोको स्याहार सम्भार मर्मत र संरक्षण गर्ने, गराउने ।
८. कर्मचारीहरूको सुपरिवेक्षण, आवश्यकता अनुसार निर्देशन, नियन्त्रण, कार्य सम्पादन मूल्याङ्कन र पुरस्कार, सरुवा, बढुवा लगायतका विषयमा आवश्यक कारबाही गरी सिफारिस सहित सचिवसमक्ष पेश गर्ने ।
९. मिडिया अनुगमनसम्बन्धी कार्य गर्ने, गराउने ।
१०. आयोगको वार्षिक प्रतिवेदन तथा वार्षिक समीक्षासम्बन्धी कार्य गर्ने, गराउने ।
११. निर्वाचन आयोगका विकास साझेदार संस्थासँगको सम्पर्क तथा समन्वयसम्बन्धी कार्य गर्ने, गराउने ।
१२. दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (FEMBOSA) को नेपाल अध्यक्ष हुँदाका बखत सचिवालयले गर्ने कार्यहरू गर्ने । अन्य समयमा उक्त मञ्चसँग सम्बन्धित कार्य गर्ने, गराउने ।
१३. दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूबीच लोकतन्त्र र निर्वाचन सम्बन्धमा अनुभव आदान-प्रदान समेत हुने गरी अध्ययन, अनुसन्धान, तालिम आदिको आयोजना गर्ने ।
१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट प्राप्त सूचना, तथ्याङ्क, प्रतिवेदन आदिको अभिलेखीकरण गर्ने गराउने ।
१५. निर्वाचनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सम्बन्ध विस्तार, सञ्जाल निर्माण तथा सदस्यतासम्बन्धी कार्य गर्ने ।
१६. आयोगका लागि वैदेशिक सहयोग प्राप्ति, परिचालन तथा समग्र व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
१७. अधिनस्थ कर्मचारीहरूको बिदा स्वीकृतीको लागि सिफारिश गर्ने वा प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत गर्ने ।
१८. निर्वाचन आयोग अन्तर्गत संचालित कार्यक्रम तथा कार्यहरूको आवधिक सुपरिवेक्षण गर्ने, गराउने व्यवस्था मिलाउने र समस्या भएमा समाधान गर्ने, गराउने तथा प्रतिवेदन पेश गर्ने, गराउने व्यवस्था मिलाउने ।
१९. यस बाहेक यस महाशाखा प्रमुखको पदको लागि निर्दिष्ट गरिएका अन्य कार्य गर्ने ।

**ख. निर्वाचन व्यवस्थापन महाशाखा**

निर्वाचन व्यवस्थापन महाशाखाको कार्य एवम् जिम्मेवारी देहाय अनुसार रहेको छ :

१. मतदाता नामावलीसँग सम्बन्धित विद्यमान नीति ऐन, नियम निर्देशिकाहरूको अध्ययन गरी, गराई आवश्यक संशोधन, परिमार्जन गर्नुपर्ने अवस्थामा प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने ।

२. निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयहरूको गोष्ठी, सम्मेलन आदि सम्पन्न गर्ने/ गराउने ।

३. प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले सङ्कलन तथा अद्यावधिक गर्ने, मतदाता नामावलीको विवरण (DATA) प्राप्तिको व्यवस्था मिलाई अन्तिम मतदाता नामावली तयार गर्ने र स्वीकृतार्थ आयोगमा पेश गर्ने ।

४. मतदाता नामावली संकलन र अद्यावधिक कार्यको नियमित अनुगमन गर्ने/ गराउने ।

५. प्रत्यायोजित अधिकार बमोजिम महाशाखा र अन्तर्गतका कर्मचारीहरूको बिदा तथा कार्यसम्पादन मूल्यांकनसम्बन्धी कार्य गर्ने ।

६. मतदाता नामावली संकलनको लागि प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीको नियुक्तिसम्बन्धी व्यवस्था मिलाउने ।

७. निर्वाचनसम्बन्धी विभिन्न विषयमा अध्ययन र अनुसन्धानसम्बन्धी कार्य गर्ने/ गराउने ।

८. निर्वाचन व्यवस्थापन तालिमसम्बन्धी पाठ्यक्रम निर्माण, तालिम सञ्चालन सम्बन्धी सामग्री उत्पादन तथा परिमार्जनसम्बन्धी कार्य गर्ने/गराउने ।

९. निर्वाचनमा सूचना प्रविधिको प्रयोगसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने/ गराउने ।

१०. मतदाता विवरण व्यवस्थापनका लागि निर्देशन, नियन्त्रण र सुपरिवेक्षण गर्ने ।

११. आवश्यकता अनुसार मतदाता नामावलीको डाटावेस अद्यावधिक गर्ने ।

१२. मतदाता विवरणको गुणस्तर, सुरक्षा, गोपनियता कायम गर्ने/ गराउने ।

१३. सूचना प्रविधिसँग सम्बन्धित परियोजनाहरू संचालन, नियन्त्रण र निर्देशन गर्ने ।

१४. नेपाल सरकारको निर्देशन बमोजिम विभिन्न सरकारी निकायबीच सूचना आदान-प्रदानका लागि अन्तर निकाय समन्वय कायम गर्ने ।

१५. सूचना प्रविधिसँग सम्बन्धित आवश्यक कानूनी पूर्वाधार सफ्टवेयरसम्बन्धी नीतिगत व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने ।

१६. सूचना प्रविधिसँग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयर खरिद/सम्झौताका लागि सम्बन्धित सरोकारवालासँग वार्ता छलफल र सम्झौता गर्ने ।

१७. निर्वाचन तथ्याङ्क, भू-सूचना, निर्वाचन जोखिमसम्बन्धी आवश्यक नीति मस्यौदा तयार पार्ने, स्वीकृत कार्यक्रम बमोजिम कार्य गर्ने, गराउने र अनुगमन मूल्याङ्कन गर्ने/ गराउने ।
१८. आर्थिक स्रोत साधन व्यवस्थापनको लागि अन्य शाखा/महाशाखासँग समन्वय गर्ने ।
१९. निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोगको विषयमा स्पष्ट खाका तयार पार्ने ।
२०. सूचना शाखासँग सम्बन्धित कर्मचारीहरूलाई कार्यक्षेत्रमा अद्यावधिक राख्ने ।
२१. निर्वाचन कार्यतालिका तथा निर्वाचन सञ्चालन योजना तर्जुमा लगायतका कार्यहरू गर्ने/ गराउने ।
२२. निर्वाचन परिणामको अभिलेख राख्ने/ राख्न लगाउने ।
२३. निर्वाचन/मतदाता शिक्षासम्बन्धी विषयमा तालिमको लागि पाठ्यक्रमको निर्माण गर्ने, तालिम सामग्रीहरूको उत्पादन, विकास एवम् परिमार्जनको व्यवस्था मिलाउने ।
२४. पुस्तकालय व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापनसम्बन्धी कार्य गर्ने/ गराउने ।
२५. महाशाखा अन्तर्गतका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण, निर्देशन, समन्वय, नियन्त्रण, मूल्याङ्कन गर्ने/ गराउने ।
२६. यस महाशाखा अन्तर्गतका शाखाहरूको कार्यमा रेखदेख, समन्वय गरी व्यवस्थित रूपमा कार्य सञ्चालन गर्ने/ गराउने ।
२७. प्रदेश निर्वाचन कार्यालयहरूबाट सम्पादन गर्ने कार्यको रेखदेख, सुपरिवेक्षण लगायतका कार्य गर्ने ।
२८. आयोगले तोकेका अन्य कार्य गर्ने ।

**ग. कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा**

कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको कार्य एवम् जिम्मेवारी देहाय अनुसार रहेको छ :

१. निर्वाचनसम्बन्धी ऐन, नियम, अध्यादेश, निर्देशिका, कार्यविधि, आचार संहिताको मस्यौदा तर्जुमा, संशोधन, सुधार आदि गर्नुपर्ने भएमा सम्बन्धित महाशाखासँग समन्वय गरी गर्ने ।
२. निर्वाचन आयोगलाई विपक्षी बनाई परेको उजुरीको लिखित जवाफ तयार गर्ने/ गराउने ।
३. अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने/ गराउने ।

४. आयोगको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने विषयमा कानूनी प्रतिरक्षा (वहस, पैरवी) गर्ने ।
५. आयोगबाट कार्यसम्पादन हुँदा पुऱ्याउनुपर्ने कानूनी प्रक्रियाहरूमा राय सल्लाह दिने ।
६. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने कुराहरू प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
७. राजनीतिक दल व्यवस्थापनको कार्य गर्ने/ गराउने ।
८. राजनीतिक दल दर्ताको आवेदनहरूमा आवश्यक छानबिन गरी दल दर्ताको लागि रायसहित पेश गर्ने ।
९. दर्ता भएका राजनीतिक दलहरूको अभिलेख अद्यावधिक रूपमा राख्ने ।
१०. आवश्यकता अनुसार दलहरूसँग समन्वय, पत्राचार लगायतका कार्यहरू गर्ने ।
११. राजनीतिक दलहरूले पेश गर्नुपर्ने वार्षिक आय-व्यय विवरण प्राप्त गर्ने ।
१२. राजनीतिक दल तथा उम्मेदवारबाट पेश हुने निर्वाचन खर्चको विवरण अद्यावधिक गर्ने/ गराउने ।
१३. निर्वाचन विवाद निरूपणसम्बन्धी कार्य गर्ने/ गराउने ।
१४. निर्वाचन आचार संहिता कार्यान्वयनसम्बन्धी कार्य गर्ने/ गराउने ।
१५. महाशाखाबाट सम्पादन गर्नुपर्ने गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने/ गराउने ।
१६. समय समयमा तोकिएको अन्य कार्यहरू सम्पादन गर्ने ।

## २.३ सेवा प्रवाहका सम्बन्धमा गरिएका मुख्य कार्यहरू

क. आयोग र अन्तर्गतका कार्यालयबाट हुने सेवा प्रवाहलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन प्रतिवेदन अवधिमा देहाय बमोजिमका कार्य सम्पन्न गरिएका छन् :

१. सरुवासम्बन्धी मापदण्डको आधारमा दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखी कर्मचारीको पदस्थापना र सरुवा गरिएको,
२. मतदाता नामावली दर्ता कार्यलाई प्रदेश/जिल्ला निर्वाचन कार्यालयको अतिरिक्त ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा ७३ वटा इलाका प्रशासन कार्यालयबाट निरन्तर रूपमा सञ्चालनमा रहेको थियो।
३. आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरूको नियमित बैठक बसी कर्मचारीका समस्याहरू सम्बोधन गरी आयोगका काम कारबाहीलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाइएको।
४. आयोगको वेबसाइट, इमेल, फेसबुक, मोबाइल एपमार्फत आयोगका गतिविधिहरू, लघुफिल्म, एनिमेशन, अडियो भिडियो सामग्री लगायतका निर्मित सन्देशमूलक सामग्रीहरूलाई निर्वाचनका सरोकारवालासम्म पुऱ्याउने व्यवस्था मिलाइएको।

५. मतदाता नाम दर्ता गर्न निर्वाचन कार्यालयहरूमा लाग्ने गरेको लामो लाइन हटाउन, मतदाता नाम संकलनमा त्रुटी कम गर्न र प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई छिटो छरिटो र सरलीकृत गर्न Voter list Pre-Registration Online System प्रयोगमा ल्याइएको ।

ख. कर्मचारी प्रशासनसम्बन्धी नियमित प्रशासनिक काम कारबाही जस्तै सरुवा, बढुवा, बिदा, काज, रमाना, अधिकार प्रत्यायोजन, अवकाश, सेवा करार, कार्यसम्पादन मूल्याङ्कन, कर्मचारीको सम्पत्ति विवरणसँग सम्बन्धित कार्यहरू सम्पादन गरिएको छ। गणतन्त्र दिवस, २०७९ र निजामती सेवा पुरस्कार, २०७९ का लागि आयोग र अन्तर्गत कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूको मूल्याङ्कन गरी त्यस्ता कर्मचारीमध्येबाट पुरस्कार विभुषण तथा पदकको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य भएको छ। त्यसैगरी समय समयमा आयोगका पदाधिकारी तथा सचिव, महाशाखा प्रमुख तथा अन्य कर्मचारीहरूबाट आयोग अन्तरगतको निरीक्षण भ्रमण गर्ने गरी आवश्यक निर्देशन सुझाव दिने, गोष्ठी, (भर्चुअल) मिटिङ्ग निर्देनशन दिने गरिएको छ।

ग. आयोग र अन्तर्गतका कार्यालयबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यालय व्यवस्थापनलाई सुदृढ तुल्याउन आयोगबाट समय समयमा मातहतका कार्यालयलाई निर्देशन दिने कार्य भएको छ। यसैगरी सूचना एवम् जानकारीमूलक सामग्री अद्यावधिक गरी सरोकारवाला सबैको पहुँचमा पुग्ने गरी आयोगको वेवसाइट अद्यावधिक गर्ने कार्य भएको छ। यसबाट कार्यसम्पादनमा एकरूपता र प्रभावकारिता अभिवृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार गर्न टेवा पुगेको छ। आयोगको काम कारबाहीमा कागजको प्रयोग कम गरी क्रमशः कागजरहित कार्यालयको रूपमा स्थापित गर्ने पहिलो चरणमा आयोगको सम्बन्धित कर्मचारीलाई कार्यालयको कार्यालयगत इमेल उपलब्ध गराई अन्तर शाखा सम्पर्क, समन्वय र सूचनाको आदान-प्रदान गर्ने कार्य शुरू गरिएको छ। यस कार्यको विस्तार गर्दै आयोग र अन्तर्गतका कार्यालयबीच समेत इमेल मार्फत सूचनाको आदान-प्रदान गरिएको छ। यसका साथै सूचना प्रविधि विभागले शुरू गरेको स्वचालित कार्यालय सञ्चालन प्रणाली (Office Automation System) मा आवद्ध भई कार्यालयको काममा सूचना प्रविधिको प्रयोग बढाई कागजरहित कार्यालय सञ्चालन गर्ने आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य हासिल गर्न आगामी वर्षमा अझ प्रभावकारिता ल्याउन आवश्यक तयारीको कार्य भईरहेको छ।

## २.४ आयोगको भौतिक पूर्वाधार तथा जग्गा प्राप्तिको विवरण

आफ्नो कार्यालय भवन नभएका निर्वाचन कार्यालयहरूका लागि सरकारी भवन प्राप्तिका विषयमा गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् जिल्ला समन्वय समितिसँग सहयोग, समन्वय तथा सहजीकरणका लागि अनुरोध गरिएको छ।

प्रतिवेदन वर्षसम्ममा १९ वटा जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, ३ वटा जिल्लामा भवन निर्माणको कार्य भइरहेको, १२ वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको, ८ वटा जिल्लाको लागि सरकारी भवन प्राप्ति भएको छ।

निर्वाचन कार्यालयहरूको जग्गा, सरकारी भवन प्राप्ति तथा भवन निर्माणको विवरण देहायअनुसार रहेको छ :

**भवन निर्माण, सरकारी भवन तथा जग्गा प्राप्तिको स्थिति विवरण**

| क्र.सं. | विवरण | जिल्ला |
|---|---|---|
| १. | आफ्नै कार्यालय भवन भएका निर्वाचन कार्यालय | ताप्लेजुङ, झापा, मोरङ, ओखलढुङ्गा, उदयपुर, मकवापुर, चितवन, धादिङ, तनहुँ, कास्की, पर्वत, पाल्पा, म्याग्दी, अछाम, सुर्खेत, दैलेख, सिन्धुपाल्चोक, रामेछाप र कैलाली -१९ |
| २. | भोगाधिकारका लागि सरकारी भवन प्राप्त भएका निर्वाचन कार्यालय | भोजपुर, धनकुटा, रसुवा, अर्घाखाँची, बाँके, संखुवासभा, प्युठान, सल्यान - ८ |
| ३. | भवन निर्माण भइरहेका निर्वाचन कार्यालय | सर्लाही, दोलखा, स्याङ्जा - ३ |
| ४. | जग्गा प्राप्त भएका निर्वाचन कार्यालय | सोलुखुम्बु, रसुवा, प्युठान, तेह्रथुम, बर्दिया, खोटाङ, सुनसरी, मनाङ, मुस्ताङ, डडेल्धुरा र मुगु - ११ |
| ५. | जग्गा प्राप्त हुने क्रममा रहेका निर्वाचन कार्यालय | महोत्तरी, काभ्रेपलाञ्चोक, नुवाकोट, सल्यान, डोटी र कञ्चनपुर -६ |

| क्र.सं. | विवरण | जिल्ला |
|---|---|---|
| ६. | जग्गा र भवन नभएको निर्वाचन कार्यालय | पाँचथर, इलाम, सप्तरी, सिराहा, धनुषा, रौतहट, बारा, पर्सा, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौं, गोरखा, लम्जुङ, बाग्लुङ, नवलपरासी (पश्चिम), नवलपरासी (पूर्व), रुपन्देही, कपिलवस्तु, रूकुम (पूर्व), रोल्पा, दाङ, गुल्मी, रूकुम (पश्चिम), डोल्पा, जुम्ला, हुम्ला, कालिकोट, जाजरकोट, बाजुरा, बझाङ, दार्चुला र बैतडी - ३३ |

❖ जिल्ला निर्वाचन कार्यालय रसुवा र प्युठानको आफ्नै नाममा जग्गा भएको र जिल्ला निर्वाचन कार्यालय सल्यानमा जग्गा प्राप्त हुने क्रममा रहेको भएतापनि भोगाधिकारका लागि सरकारी भवन समेत प्राप्त गरेका छन्। साथै कार्यालय भवन निर्माण भइरहेका जिल्लाहरूको लागि क्रमशः बजेटको व्यवस्था गर्दै भवन निर्माण कार्यलाई अघि बढाइएकोछ ।कार्यालयको आफ्नै नाममा जग्गा भएका निर्वाचन कार्यालयहरूको भवन निर्माणका लागि बजेटको व्यवस्थाका लागि नेपाल सरकार अर्थ मन्त्रालयसँग समन्वय गरिएको छ । साथै, कार्यालयको आफ्नो भवन नभएका जिल्लाको लागि मुलुकको पुनर्संरचना पश्चात स्थानीय तहमा गाभिएका वा समायोजन भएका जिल्लास्थित सरकारी निकायहरूका खाली भवन प्राप्त गर्ने नीति आयोगको रहेको छ। प्राप्त भएका भवनहरू सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूको नाममा हस्तान्तरण भई आउने प्रक्रियामा रहेका छन् ।

# परिच्छेद ३
# आयोगको बैठक व्यवस्थापन

## ३.१ बैठकसम्बन्धी व्यवस्था

आयोगबाट हुने निर्णय प्रक्रियालाई व्यवस्थित बनाउन निर्वाचन आयोग ऐन, २०६३ को दफा ४ को उपदफा (४) को प्रयोजनको लागि सोही ऐनको दफा ४६ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले कार्यविधि बनाएको छ। आयोगबाट स्वीकृत "**निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७२**" अनुसार नै आयोगको बैठक सञ्चालन हुने गरेको छ।

कार्यविधि अनुसार आयोगको बैठक प्रमुख आयुक्तले निर्धारण गरेको मिति र समयमा बस्ने गर्दछ। आयोगको बैठक बस्नुअघि सामान्यतया चौबीस घण्टा अगाडि बैठक बस्ने मिति, समय र बैठकमा छलफल हुने विषयको प्रस्तावसहितको सूचना सचिवले सबै आयुक्तलाई दिनुपर्ने व्यवस्था छ।तर, कुनै महत्वपूर्ण विषय वा निर्वाचन सम्बन्धमा तत्काल निर्णय गर्नु परेमा सो समयभन्दा छोटो समयको सूचना दिई बैठक बस्ने र निर्णय हुने गर्दछ।

बैठकको अध्यक्षता प्रमुख आयुक्तले गर्ने र निजको अनुपस्थितिमा वरिष्ठतम् आयुक्तको अध्यक्षतामा हुने व्यवस्था छ। आयोगको निर्णयका लागि पेश हुने विषय प्रस्तावको रूपमा पेश हुने र छलफलको विषय प्रस्तुत भएपछि प्रमुख आयुक्तबाट सो सम्बन्धमा आफ्नो राय अभिव्यक्त गर्न आयुक्तलाई पालैपालो अनुमति दिने गरिन्छ।

बैठकमा उपस्थित सबै आयुक्तको सहमति भएमा सो विषयमा आयोगको निर्णय भएको मानिने र कुनै विषयको निर्णयमा सहमति नभएमा प्रमुख आयुक्तको निर्देशन अनुसार सो विषय छलफलको लागि अर्को बैठकमा पेश गर्ने गरिन्छ। कुनै विषयमा विशेषज्ञको राय समेत लिन सकिने कुरा कार्यविधिमा उल्लेख छ। विशेषज्ञको रायसहित निर्णयार्थ पेश भएको विषयमा उपस्थित सबै आयुक्तको सहमति भएमा सो विषयमा निर्णय भएको मानिन्छ। गोप्य राख्नपर्ने भनी आयोगले ठहर गरेको अवस्थामा बाहेक आयोगले आफ्नो निर्णय सार्वजनिक गर्दछ।

## ३.२ आयोगका निर्णयहरूका सार संक्षेप

प्रतिवेदन अवधिमा आयोगमा जम्मा १९० पटक बैठक बसी कूल ६३७ वटा निर्णयहरू भएका छन्। मासिक रूपमा भएका निर्णयको संख्यालाई देहायको वृत्तचित्रमा प्रस्तुत गरिएको छ।




प्रतिवेदन अवधिमा आयोगबाट विभिन्न विषयमा निर्णय भई सोको कार्यान्वयन भइरहेको छ । प्रतिवेदन अवधिमा आयोगबाट भएका निर्णयहरूको मिति सहित संक्षिप्त विषयको विवरण **अनुसूची -२** मा प्रस्तुत गरिएको छ। साथैं सो अवधिमा आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरू देहाय बमोजिम रहेका छन्:

### ३.२.१ अनलाइनबाट मतदाता नामावली दर्ता

फोटो सहितको मतदाता नामावली सङ्कलनका लागि मतदाताले "फोटो सहितको मतदाता नामावली तथा व्यक्तिगत विवरण सङ्कलन फाराम" भरेर निर्वाचन कार्यालय वा तोकिएको दर्तास्थलमा पुगी सो विवरण इन्ट्री गर्ने तथा औंठाको छाप र फोटो खिच्ने प्रक्रिया पूरा गर्न धेरै समय लाग्ने साथै दर्ता कर्मचारीबाट फाराम इन्ट्रीको बखत त्रुटी समेत हुने संभावना न्यूनीकरणका लागि मतदाता आफैले घरबाटै अनलाइन फाराम भर्ने र फाराम भरे पश्चात् तोकिएको सम्पर्क समय (Appointment) मा औंठाको छाप र फोटो लिनका लागि मात्र निर्वाचन कार्यालयमा जाने गरी आयोगले Web Based Voter List Pre-Registration System तयार पारेको थियो। उक्त प्रणाली मार्फत प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को मिति घोषणा हुनु पूर्वसम्म मात्रै लागू हुने गरी मिति २०७९।०४।०४ देखि २०७९।०४।१० सम्म Pilot Operation को रूपमा सञ्चालनमा रहेका काठमाडौं, ललितपुर र भक्तपुरका अलावा

काभ्रेपलाञ्चोक, चितवन, कास्की, मोरङ्ग र झापा गरी थप ५ वटा जिल्लाका ५ जिल्ला निर्वाचन कार्यालयहरूबाट समेत Web Based Voter List Pre-Registration System बाट अनलाइन फाराम भर्ने व्यवस्था मिलाउन आयोगले मिति २०७९/०४/०३ मा निर्णय गरेको थियो। यो प्रणालीलाई हाल देशव्यापी रुपमा सञ्चालनमा ल्याई अनलाईनबाट मतदाता नामावली दर्ता कार्य सुचारु गरिएको छ ।

### ३.२.२ राजनीतिक दलको विधानको ढाँचा

आयोगमा दल दर्ता हुँदा राजनीतिक दलहरूले पेश गर्ने विधानमा एकरूपता कायम गर्न तथा विधान तर्जुमा गर्न दललाई मार्गदर्शन गर्न तथा सहज र प्रभावकारी रूपमा कार्य सम्पादन गर्नको लागि आयोगले राजनीतिक दलको विधानको ढाँचा स्वीकृत गरी लागू गर्न एवम् आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले विधानको संशोधन, हेरफेर वा अद्यावधिक गर्दा यसै विधानको ढाँचा बमोजिम गर्न गराउन सबै राजनीतिक दलहरूलाई निर्देशन दिने गरी आयोगले मिति २०७९/०४/०४ मा निर्णय गरेको थियो। आयोगबाट स्वीकृत भएको राजनीतिक दलको विधानको ढाँचा आयोगको आधिकारिक वेवसाइटमा राखिएको छ। आयोगको नयाँ दल दर्ता गर्दा यही ढाँचा बमोजिम र दर्ता भईसकेका दलहरूको अधिवेशन पछि वा आफ्नो विधान बमोजिम विधान संशोधन गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम आयोगलाई जानकारी गराउदा उक्त ढाँचा बमोजिम दलको विधान पेश गर्न निर्देशन दिएको थियो।

### ३.२.३ राजनीतिक दल दर्ताको लागि आवश्यक चेकलिष्ट

नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले राजनीतिक दल दर्ता हुँदा आवश्यक पर्ने विवरण र विधानमा समावेश हुनु पर्ने प्रावधानहरूको व्यवस्था गरेकोमा राजनीतिक दल दर्ता कार्यलाई प्रभावकारी बनाउन तथा संविधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले निर्दिष्ट गरेका प्रावधानहरूलाई दलको विधानमा समावेश गर्न एवम् राजनीतिक दलले दर्ताको लागि पेश गर्नु पर्ने आवश्यक कागजातहरू पेश गर्न राजनीतिक दलहरूलाई मार्ग निर्देश गर्नका लागि आयोगबाट मिति २०७९/०४/०४ मा चेकलिष्ट स्वीकृत गरी लागु गरिएको थियो। उक्त चेकलिष्टको विवरण **अनुसूची -२** मा राखिएको छ।

### ३.२.४ Cut Off Date निर्धारण तथा मतदाता नामावली अद्यावधिक

मिति २०७९/०८/४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भएका निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुग्ने सबै बालिग मतदातालाई मताधिकार सुनिश्चित गर्न अन्तिम मतदाता नामावली तयारी तथा प्रकाशन गर्दा मतदानको दिन भन्दा ठिक एक दिन अगाडि अर्थात् मिति २०७९/०८/३ लाई मतदाताको उमेर अठार वर्ष पुगेको मिति **cut-off-date** तोक्ने र सोको सूचना नेपाल राजपत्रमा

प्रकाशन गर्ने आयोगबाट मिति २०७९/०४/२२ मा निर्णय भएको थियो। यसबाट निर्वाचनको मिति घोषणा भएको दिन देखि निर्वाचन हुने दिनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगी बालिग हुने १४,७६६ जना थप मतदाताले मतदाधिकार प्रयोग गर्ने अवसर पाएका थिए।

### ३.२.५ प्रेस अफिस स्थापना तथा सञ्चालन

निर्वाचन अवधिमा आयोगले प्रवाह गर्ने सूचना, सन्देश तथा जानकारीहरू लक्षित वर्गसम्म सही तवरले पुर्‍याउन तथा सोको सम्प्रेषणको अवस्थाको अनुगमन गर्न आवश्यक रहेको साथै सामाजिक सञ्जाल मार्फत समेत निर्वाचन आचारसंहिता विपरित निर्वाचन सम्बन्धी मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति फैलन सक्ने देखिएको हुँदा विगतको निर्वाचनमा गरिएको अभ्याससमेतका आधारमा सामाजिक सञ्जालको अनुगमन गर्न आवश्यक देखिएको हुँदा आयोगबाट प्रेस अफिसको स्थापना र सञ्चालन गर्ने सम्बन्धी अवधारणा-पत्र आयोगबाट मिति २०७९/०५/१९ मा स्वीकृत गरी प्रेस अफिस स्थापना तथा सञ्चालन गरिएको थियो।

### ३.२.६ मतदानको दिनको सवारी आवागमन व्यवस्थापन

सम्वत् २०७९ मंसिर ४ मा हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदानको दिन सवारी आवागमनलाई व्यवस्थित गर्न उम्मेदवार, राष्ट्रिय पर्यवेक्षक, अनुगमनकर्ता, आयोगबाट आमन्त्रित अतिथि, संवैधानिक आयोग, सञ्चार-माध्यम, कुटनीतिक नियोग, विकास साझेदार संस्था, निर्वाचन आयोग तथा अन्तरगतका कार्यालय लगायतले प्रयोग गर्नुपर्ने सवारी साधनका साथै अस्पताल, एम्बुलेन्स, वारुणयन्त्र, विमानस्थल, दुध, फलफूल, तरकारी लगायत अत्यावश्यक सेवाका सवारी साधनहरूको आवागमनको सहजीकरण तथा नियमन गर्ने निर्णय आयोगले गरेको थियो। मतदानको दिनको सवारी आवागमनलाई व्यवस्थित बनाउन आयोगबाट मिति २०७९/०५/२० मा निर्णय गरी मतदानको दिनको सवारी आवागमन व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिएको थियो ।

### ३.२.७ सोलुखुम्बु जिल्लाको प्रदेश निर्वाचन क्षेत्र संशोधन

संवत् २०७४ साल मङ्सिरमा प्रतिनिधि सभा/प्रदेश सभा सदस्यको निर्वाचन हुँदा सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिकाको वडा नं. ६ (साविक तिङ्ला गा.वि.स.) प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा रहेको थियो । नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा ११ बमोजिम सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिकाको वडा नं. ६ (साविक तिङ्ला गा.वि.स.) लाई सोलुदुधकुण्ड

नगरपालिकामा समावेश गरी सो नगरपालिकाको वडा नं. ११ कायम गरेको र नेचासल्यान गाउँपालिकालाई ५ वडामा मात्र कायम गरेको सूचना मिति २०७४/११/१४ मा नेपाल राजपत्रमा प्रकाशन भई सकेको अवस्थामा नेचासल्यान गाउँपालिकाको वडा नं. ६ (साविक) हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ लाई प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ कायम गर्नु उपयुक्त भएकोले आयोगले सोलुदुधकुण्ड नगरपालिकाका सबै वडाका मतदाता प्रदेश सभा सदस्य २ मा समाहित गरी मतदाता नामावली लगायतका अन्य व्यवस्थापकीय कार्य गर्न सचिवालयलाई निर्देशन दिने निर्णय भएको थियो।

### ३.२.८ राजनीतिक दलको सदस्यता वितरण तथा अद्यावधिक

राजनीतिक दलको सदस्यता वितरण तथा अद्यावधिक गर्ने तथा सदस्यको योग्यताको सम्बन्धमा आयोगबाट मिति २०७९/०४/१५ मा देहायका निर्णय गरी सबै राजनीतिक दलहरूलाई निर्देशन दिइएको थियो।

१. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्त्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको व्यक्ति तथा कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य रहेको व्यक्ति कुनै राजनीतिक दलको सदस्य हुन नसक्ने व्यहोराको जानकारी गराई उपरोक्त अनुसार भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई जानकारी दिने,

२. नेपालको संविधान तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम दर्ता भएका राजनीतिक दलहरूले दलको विधान बमोजिम सदस्यता वितरण गर्दा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को पूर्ण रूपले पालना गर्न गराउन यसरी वितरण गरिएको सदस्यता सम्बन्धी विवरण निर्वाचन आयोगबाट माग गरिएको बखत उपलब्ध गराउन सक्ने गरी स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा नेपाली नागरिकताको प्रमाणपत्र तथा निर्वाचन आयोगद्वारा जारी गरिएको मतदाता परिचयपत्रको आधारमा व्यवस्थित र अद्यावधिक गरी राख्ने व्यवस्था राजनीतिक दलहरूले मिलाउने।

### ३.२.९ दलका पदाधिकारी र केन्द्रीय सदस्यहरूले सम्पत्तिको विवरण

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५३ को उपदफा (१) मा दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले निर्वाचित भएको साठी दिनभित्र आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी दलको केन्द्रीय कार्यालय समक्ष पेश गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको र सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि त्यस्तो कार्यालयले त्यसको अभिलेख राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी र सदस्यको नाम त्यसरी सम्पत्ति विवरण पेश गर्नु पर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गर्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम दलका पदाधिकारी र केन्द्रीय सदस्यहरूले आफ्नो चल तथा अचल सम्पत्तिको विवरण दलको केन्द्रीय कार्यालय समक्ष पेश गरे नगरेको जानकारी तोकिएको फाराम बमोजिम तयार गरी १५(पन्ध्र) दिनभित्र आयोगमा पेश गर्न आयोगमा दर्ता कायम रहेका सबै राजनीतिक दलहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिने निर्णय गरेको थियो।

### ३.२.१० समयभित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरूको सम्बन्धमा

संवत् २०७९/०१/३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा भाग लिएका उम्मेदवारहरू मध्ये तोकिएको समयभित्र निर्वाचन खर्चको विवरण पेश गरी निर्वाचन खर्च सार्वजनिक नगर्ने, कानुनद्वारा तोकिएको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण पेश गर्ने र तोकिएको समयमा निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारहरूको हकमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ र निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिमको कारबाहीको लागि देहाय बमोजिम गर्ने निर्णय भएको थियो।

१. स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने २१,२३० जना उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको

जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई उपलब्ध गराउन निर्देशन दिई निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यहोराको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

२. प्रकरण नं. १ बमोजिम सात दिनभित्र सम्बन्धित उम्मेदवारले निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको जानकारी प्राप्त भएपछि त्यसरी निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मिति सहितको एकीकृत विवरण तयार गरी यथाशीघ्र आयोगको इमेल (ecn.ppm.election@gov.np) मा पठाउन सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

३. निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण अनुसूची ३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको तीस दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तहको निर्वाचनमा भाग लिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने १,१५,१३१ जना उम्मेदवारहरूलाई र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने ८,६५२ जना समेत कूल जम्मा १,२३,७८३ जना आयोगको वेवसाइटमा नामावली विवरण भएका उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात)

दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा आफै उपस्थित भई वा आयोगको राजनीतिक दल व्यवस्थापन शाखाको इमेल (ecn.ppm.election@gov.np) मा पेश गर्न आदेश दिने,

४. प्रकरण नं. ३ मा उल्लेखित सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

५. निर्वाचन खर्चको विवरण कानूनद्वारा तोकिएको समयमा नबुझाउने १,२३,७८३ जना उम्मेदवारहरूको नाम नामेशी सहित आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी विवरण आयोगको Website मा प्रकाशन गर्ने र सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सूचना प्रविधि शाखाले ७७ वटै जिल्लाको जिल्लागत रूपमा अलग अलग रूपमा छुट्ट्याई त्यसरी छुट्याइएको जिल्लागत नाम नामेशी सहितको विद्युतीय विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा यथाशीघ्र पठाउने,

६. प्रकरण नं. (५) बमोजिम पठाइएको नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो कार्यालयको Website मा राखी आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको मुचुल्का खडा गर्ने र निर्वाचन कार्यालयले सूचना प्रविधि शाखाबाट प्राप्त हुने सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित स्थानीय तहमा विद्युतीय प्रति पठाई सम्बन्धित स्थानीय तहको Website मा र कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गर्न लगाई सोको रित पुर्वकको मुचुल्का निर्वाचन कार्यालयमा पठाइदिन अनुरोध गरी सम्बन्धित स्थानीय तहलाई पत्राचार गर्न सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

### ३.२.११ निर्वाचनमा कर्मचारी र अन्य सहयोगका लागि नेपाल सरकारलाई निर्देशन

संवत् २०७९/०८/०४ गते आइतबार एकै चरणमा सम्पन्न गर्नेगरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति घोषणा भएको र उक्त निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न, गराउन निर्वाचनमा कर्मचारी र अन्य सहयोग विषय क्षेत्रमा देहाय बमोजिमको व्यवस्थाका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण निकायहरूमा निर्देशन हुन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने आयोगबाट निर्णय भएको थियो।

१. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णयलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, केन्द्र, प्राधिकरण तथा शैक्षिक संस्थाहरूले उच्च प्राथमिकता दिई तत्काल कार्यान्वयन गर्न, गराउन सबै निकायलाई निर्देशन दिने,

२. निर्वाचन आयोगबाट स्वीकृत प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ अनुसार निर्वाचन प्रयोजनका लागि संघीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय तहको स्थायी कर्मचारी वा स्थायी शिक्षकलाई अनिवार्य रूपमा खटाउनु पर्ने भएकोले जिल्ला स्तर तथा स्थानीय तहमा संरचना भएका नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको स्वीकृत संगठन संरचना तथा दरबन्दी अनुसारका कर्मचारी पद रिक्त नहुने गरी मिति २०७९/०५/२० गतेभित्र अनिवार्य रूपमा पदस्थापन गरी खटाउने व्यवस्था मिलाउने,

३. बुँदा नं. २ बमोजिमको जनशक्ति व्यवस्थापनका लागि मिति २०७९/०५/२० गते अगावै संघ, प्रदेश र स्थानीय तहमा काज/कामकाजका लागि खटिएका कर्मचारीहरूलाई अन्यत्र खटाइएको भए पदाधिकार रहेकै कार्यालयमा काज फिर्ता गर्ने वा त्यस्तो स्थानमा स्वीकृत दरवन्दीको पद र तह अनुसारको कर्मचारी सरुवा/पदस्थापन गरी अनिवार्य रूपमा पदपूर्ति गर्ने व्यवस्था गर्ने,

४. निर्वाचनको काममा निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा खटिने कर्मचारीहरू बाहेक मिति २०७९/०५/२० गते सम्ममा संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत दरबन्दीको तह र पदनाम बमोजिम सरुवा/पदस्थापन भएका कर्मचारीहरूको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न नभएसम्म अन्यत्र कामकाज गर्न काजमा पठाउने र सरुवा नगर्ने व्यवस्था गर्ने,

५. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को प्रयोजनको लागि केन्द्र, प्रदेश तथा जिल्ला स्तरमा कार्यरत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा सरकारको अनुदानमा सञ्चालित संघ, संस्था, निकाय वा कार्यालयमा

कार्यरत सम्पूर्ण कर्मचारीहरू आवश्यकता अनुसार निर्वाचनमा परिचालन गर्नुपर्ने हुँदा उपरोक्त निकायका कर्मचारीहरूको तपसिल बमोजिमको यथार्थ विवरण अद्यावधिक गरी राख्ने र निर्वाचन प्रयोजनको लागि सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट माग गरेको बखत तुरून्त उपलब्ध गराउने व्यवस्था गर्ने ।

### ३.२.१२ प्रदेश नं. १ र गण्डकी प्रदेश सरकारलाई स्पष्टीकरण तथा निर्देशन

मिति २०७९/०८/०४ गते मतदान कार्य हुने गरी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ को मिति घोषणा भई सके पश्चात् निर्वाचनको मुखैमा गण्डकी प्रदेश र प्रदेश नं. १ मा सरकारले संसद मार्फत बजेट खर्च लागेका, कार्यकाल सकिन लागेका बेला अघिल्ला वर्षजस्तै निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम मार्फत बजेट दिन लागिएको, प्रदेश नं. १ मा कार्यविधि बनाएर सांसदलाई योजना छनौट गर्न लगाइएको तथा गण्डकी प्रदेशमा योजना बाड्ने तयारी भएको भन्ने समेतका विषयमा समाचार प्रकाशन भएको भनी परेको उजुरीको सन्दर्भमा आयोगले निर्वाचन कसूर तथा सजाय ऐन, २०७३ बमोजिम देहायका विषय समेटी प्रदेश नं. १ र गण्डकी प्रदेश सरकारलाई आयोगको मिति २०७९/०४/०३ को निर्णय अनुसार स्पष्टीकरण माग गरेको थियो।

१. प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन घोषणा भई निर्वाचन कार्यक्रम प्रकाशन भैसकेको तथा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको पदावधि सकिन लागेको अवस्थामा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको नामबाट छोटो अवधिमा योजना र बजेट वितरण गर्ने गरी किन कार्यक्रम शुरु गर्नु परेको हो ?

२. आयोगबाट निर्वाचन आचारसंहिता लागू हुने मिति सन्निकट रहेको अवस्थामा प्रदेश सरकारले लागू गर्न खोजेको यस कार्यक्रमले निर्वाचनको निष्पक्षतामा असर गर्दैन भन्ने के निश्चितता छ?

३. कार्यविधि बनाई पहिलो चौमासिकमै प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्नाको कारण के हो ? निर्वाचनको क्रममा संघीय, प्रदेश र स्थानीय तह तीनवटै तहका कर्मचारी परिचालन हुने हुँदा यो कार्यक्रम के कसरी पहिलो चौमासिकमै कार्यान्वयन हुन सम्भव छ ?

४. निर्वाचन कार्यक्रम प्रकाशित भईसकेको अवस्थामा तहाँ प्रदेश सरकारले कार्यान्वयन गर्न खोजेको प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमले समग्र निर्वाचनको निष्पक्षता र मतदातालाई प्रभावित गर्दैन भन्ने के आधार छ ?

५. चालु आ.व. २०७९/०८० को प्रारम्भसँगै पदावधी सकिन लागेका पदाधिकारीबाट उक्त आ.व. भित्र सम्पन्न गर्नुपर्ने योजना र कार्यक्रम स्वीकृत गर्नु कानूनी तथा राजनीतिक नैतिकताको दृष्टिले उपयुक्त हुन्छ, हुँदैन ? उक्त योजना छनौट र बजेट वितरण सम्बन्धी कार्य कुन कानून बमोजिम गर्न खोजिएको हो ? यस आ.व. को पहिलो चौमासिकमा नै दीर्घकालीन असर रहने प्रकृतिका कार्यक्रम सञ्चालनको दायित्व र जिम्मेवारी कसले र कसरी निर्वाह गर्छ ? प्रदेश सरकारले सञ्चालन गर्न लागेको पूर्वाधार विकास कार्यक्रम नामको योजना र कार्यक्रम प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचन पूर्व नै वितरण नगरी तत् पश्चात मात्र गर्दा त्यस प्रदेशका जनताको जनजिवनमा के कस्तो ठोस असर पुग्न सक्छ औचित्यपूर्ण विवरण सहितको लिखितजवाफ पेश गर्न अनुरोध गर्ने।

साथै निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० को उपदफा (१) बमोजिम देहाय अनुसार निर्देशन दिने निर्णय गरेको थियो।

१. प्रदेश सरकारबाट "प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९" बमोजिमका प्रकृया अगाडि बढाईएको अवस्था भए उक्त कार्यविधि बमोजिम अघि बढाईएका प्रकृया तत्काल स्थगित गरी सोको जानकारी यथाशीघ्र निर्वाचन आयोगलाई गराउन साथै प्रतिनिधिसभा सदस्य निर्वाचन र प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न नभएसम्म उक्त कार्यक्रम कार्यान्वयन नगर्न नगराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १, प्रदेश नं. १ का मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ र प्रदेश नं. १ का प्रमुख सचिवलाई निर्देशन दिने,

२. प्रदेश सरकारको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रममा समावेश भएको "पूर्वाधार विकास कार्यक्रम" प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न नभएसम्म कार्यान्वयन नगर्न नगराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, गण्डकी प्रदेशका मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश, भौतिक पूर्वाधार,

शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेश र गण्डकी प्रदेशका प्रमुख सचिवलाई निर्देशन दिने,

३. कुनै पनि किसिमको विपद्को अवस्था वा स्वास्थ्य महामारी परी विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने वा स्वास्थ्य महामारीको सामना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्ने विषय वाहेक मतदातालाई प्रमावित पार्ने एवम् निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पार्ने किसिमका कुनै पनि नयाँ कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न नगराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिने।

### ३.२.१३ नयाँ आयोजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न नगराउन निर्देशन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति २०७९ मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा हुने गरी मिति घोषणा भई निर्वाचनको तयारीका कार्यहरू भैरहेको सन्दर्भमा प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको पदावधि समाप्त हुन लागेको बेलामा विभिन्न प्रदेशहरूमा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम, पूर्वाधार विकास कार्यक्रम अन्तरगतका विभिन्न नामका नयाँ कार्यक्रमहरू निर्वाचनको मिति घोषणा भैसकेपछि सञ्चालन गर्न थालेको भन्ने आयोगमा जानकारी प्राप्त हुन आएको हुँदा यस प्रकारका योजना तथा कार्यक्रमले मतदातालाई प्रभावित पार्न सक्ने र समग्र निर्वाचनको स्वच्छता, निष्पक्षता र तटस्थतामा प्रत्यक्ष असर पार्न सक्ने देखिएकोले विपद् वा महामारीको पूर्वतयारी वा कुनै विपद्को अवस्था परी विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने वा मानवीय सहायता प्रदान गर्नुपर्ने वा स्वास्थ्य महामारीको अवस्थामा सो को सामना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्ने विषय वाहेक मतदातालाई प्रभावित पार्ने एवम् निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पार्ने प्रदेश निर्वाचन पूर्वाधार विकास कार्यक्रम वा पूर्वाधार विकास कार्यक्रम वा सोही प्रकृतिका योजना र बजेटमा नतोकिएका कुनै पनि नयाँ आयोजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न नगराउन नेपाल सरकार, ७ (सात) वटै प्रदेश सरकार र ७५३ (सात सय त्रिपन्न) वटै स्थानीय तहहरूलाई निर्देशन दिने निर्णय भएको थियो।

### ३.२.१४ मतदाता शिक्षा कार्यक्रमको अवधारणा स्वीकृत

निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू, सरोकारवालाहरूसँगको सहकार्य र समन्वय, कार्यक्रम कार्यान्वयनको संरचनागत व्यवस्था

आदि विषयहरू समेटिएको मतदाता शिक्षा कार्यक्रमको अवधारणापत्र तयार गरी आयोगबाट मिति २०७९/०४/२५ मा स्वीकृत गरी लागू गरिएको थियो। अवधारणापत्रमा विषयगत कार्यक्रमहरूको नीति तथा कार्यक्रम तयारी, कार्यान्वयन एवम् अनुगमन कार्यका लागि माननीय निर्वाचन आयुक्तज्यूहरूको अध्यक्षतामा समितिहरू गठन हुने व्यवस्था समेत रहेको थियो । अवधारणाले आगामी निर्वाचनमा मतदाता शिक्षाको कार्यक्रमलाई नीतिगत र सैद्धान्तिक रुपमा स्वीकृत गर्ने, मतदाता शिक्षा कार्यक्रमका लागि आवश्यक सामग्री र क्रियाकलापहरूको पहिचान गर्ने, मतदाता शिक्षा कार्यक्रमका लागि आम सञ्चार एवम् सामाजिक सञ्जाल लगायतका अन्य माध्यमहरूको पहिचान र परिचालन गर्ने, मतदाता शिक्षा कार्यक्रमका उपयुक्त विधिहरूको पहिचान गरी कार्यान्वयन गर्ने गराउने, मतदाता शिक्षा कार्यक्रमको अनुमानित लागत तथा कार्यक्रम तयार गर्ने र मतदाता शिक्षा कार्यक्रममा निर्वाचनका सबै सरोकारवालाहरूको सहभागिता र सहकार्यलाई अभिवृद्धि गर्ने उद्देश्यहरू लिएको थियो ।

### ३.२.१५ निर्वाचन खर्च पेश नगर्ने उम्मेदवारलाई कारवाही

संवत् २०७९मा सम्पन्न स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिएका उम्मेदवारहरूमध्ये तोकिएको समयभित्र निर्वाचन खर्चको विवरण पेश गरी निर्वाचन खर्च सार्वजनिक नगर्ने, कानुनद्वारा तोकिएको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण पेश गर्ने र तोकिएको समयमा निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारहरूको हकमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ र निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिमको कारवाहीको लागि देहाय बमोजिम गर्ने निर्णय भएको थियो।

१. स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने ८०३ जना र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने २४१ जना उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा

३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराउन निर्देशन दिई निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यहोराको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

२. प्रकरण नं. १ बमोजिम सात दिनभित्र सम्बन्धित उम्मेदवारले निर्वाचन खर्चको विवरण सावर्जनिक गरेको जानकारी प्राप्त भएपछि त्यसरी निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मिति सहितको एकीकृत विवरण तयार गरी यथाशीघ्र आयोगको इमेल (ecn.ppm.election@gov.np) मा पठाउन सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

३. निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचनमा भएको खर्चको बील भरपाईसहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० (तीस) दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने नगर कार्यपालिका र गाउँ कार्यपालिकाका ८,३९८ जना, जिल्ला समन्वय समितिका ७६१ जना गरी जम्मा ९,१५९ जना उम्मेदवारहरूलाई र तोकिएको समयावधि पछि नगर कार्यपालिका र गाउँ

कार्यपालिकाको निर्वाचन खर्चको विवरण बुझाउने ९४ जना र जिल्ला समन्वय समितिका २४ जना गरी जम्मा ११८ जना समेत गरी कूल जम्मा ९,२७७ जना आयोगको वेबसाइटमा नामावली विवरण भएका उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयमा पेश गर्न आदेश दिने।

### ३.२.१६ निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९ स्वीकृत

निर्वाचन आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (१) मा संविधान तथा प्रचलित कानून बमोजिम आयोगले गर्नु पर्ने सबै कार्य प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्त समेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भए बमोजिम हुने तथा सोही दफाको उपदफा (५) मा आयोगको बैठक सम्बन्धी कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुने कानूनी व्यवस्था बमोजिम आयोगबाट हुने निर्णय प्रक्रियालाई व्यवस्थित बनाउनको लागि आयोगको बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्न आवश्यक भएकोले निर्वाचन आयोग ऐन, २०६३ बमोजिम जारी भई हाल कार्यान्वयनमा रहेको निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७२ खारेज गरी "निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९" स्वीकृत गरी लागू गर्ने निर्णय भएको थियो।

### ३.२.१७ सामाजिक सञ्जाल कम्पनी Meta सँगको सहकार्य

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ लाई लक्षित गरी सामाजिक सञ्जाल कम्पनी Meta ले मिति २०७९।०५।२२ गते सार्वजनिक गरेको Political Ads Transparency Tool का सम्बन्धमा Election Commission, Nepal agrees with Meta to Launch transparency in Political Advertisements विषयको संयुक्त प्रेस विज्ञप्ति जारी गरिएको थियो। उक्त tool निर्वाचनमा हुन सक्ने मिथ्या सूचना, दुस्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियन्त्रण र राजनीतिक दल तथा उम्मेदवारहरूबाट हुने निर्वाचन लक्षित विज्ञापन अनुगमनमा उपयोगी हुने देखिएकोले उक्त Meta कम्पनीसँग सहकार्य गर्ने निर्णय भएको थियो।

### ३.२.१८ वैदेशिक भ्रमण नगर्न नगराउन निर्देशन

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सरोकारवालाको परामर्शमा आयोगले बनाएको निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ज) मा "आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने तर विशेष परिस्थिति परी कुनै मन्त्री वा स्थानीय कार्यपालिकाको पदाधिकारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति प्रदान गरेमा त्यस्तो भ्रमण गर्न बाधा पर्ने छैन" भन्ने व्यवस्था रहेको सन्दर्भमा उपरोक्तानुसारको अवस्था भई सम्बन्धित आयोजक तथा प्रायोजकबाट सम्पूर्ण खर्चहरू बेहोर्ने गरी स्वीकृत गरिने वैदेशिक भ्रमण बाहेक नेपाल सरकारलाई प्राप्त हुने अनुदान तथा सहयोग रकमबाट र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कोषबाट कुनै पनि रकम खर्च हुने गरी गरिने वैदेशिक भ्रमण नगर्न नगराउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० को उपदफा (१) बमोजिम नेपाल सरकार, ७ (सात) वटै प्रदेश सरकार र ७५३ (सात सय त्रिपन्न) वटै स्थानीय तहहरूलाई निर्देशन दिइयो।

### ३.२.१९ भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना स्थगित गर्न निर्देशन

मिति २०७९/०५/३० गतेको अनलाईनखबर डटकममा प्रकाशित "भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन २८ जिल्लामा निवेदन आह्वान" भन्ने विषयको समाचार र उक्त समाचारमा उद्धृत राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौंको मिति २०७९/०५/२९ को "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतिस (३५) दिने सूचना" साथै राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौंको वेबसाइट http://nlc.gov.np मा प्रकाशित मिति २०७९/०५/०२ को "भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना" स्थगित गर्न आयोगको मिति २०७९/०५/३० को निर्णयानुसार निर्देशन दिइएको थियो।

### ३.२.२० महिला प्रतिनिधित्व सुनिश्चित गर्न निर्देशन

मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य,२०७९ अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राजनीतिक दलहरूले उम्मेदवार दिँदा नेपालको

संविधान बमोजिम कम्तीमा एक तिहाई महिला नघट्ने गरी उम्मेदवारको सुनिश्चितता गर्न संघीय संसद, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट आयोगमा लेखी आएकोमा मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवारी मनोनयन गर्दा नेपालको संविधानको धारा ३८ को उपधारा (४), धारा ४२ र धारा ४७ बमोजिम कम्तीमा एक तिहाई महिला सुनुश्चितता गरी मनोनयन गर्न निर्वाचन प्रयोजनका लागि दर्ता भएका सबै राजनीतिक दलहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको थियो।

### ३.२.२१ निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूलाई निर्देशन

संवत् २०७९/०८/०४ गते आईतवारका दिन सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनलाई, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनका लागि निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३, निर्वाचन आचारसंहिता, २०७९ र निर्वाचन सम्बन्धी प्रचलित कानूनमा भएका व्यवस्था कार्यान्वयन र परिपालना गर्न आयोगमा निर्वाचन प्रयोजनका लागि दर्ता भएका राजनीतिक दलहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम देहाय बमोजिमको निर्देशन दिइयो।

१. निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम निर्वाचनको प्रचार प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुयाउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने, कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाक धम्की वा डर त्रास देखाउने, सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, सामाजिक वहिष्कार गर्ने वा सामाजिक वहिष्कार गर्न धम्की दिने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भकाउने वा प्रतिज्ञा गराउने जस्ता काम गरी प्रभावमा पार्न नहुने,
२. निर्वाचनको अवधि भित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे वापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र वकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोज भतेरको आयोजना गर्न वा त्यस्तो

प्रयोजनको लागि नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्न र सार्वजनिक भोज भतेरमा सहभागी हुन नहुने,

३. निर्वाचन प्रचार प्रसार गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने वा खलल पार्ने, कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायवीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने कार्य गर्न गराउन नहुने,

४. निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हनन गर्न वा गराउन वा कुनै तवरबाट डर, त्रास तथा धम्कि दिन नहुने,

५. राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

६. स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने,

७. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

८. कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

९. एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने,

१०. प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन गर्न वा त्यस्तो सामग्री प्रयोग गर्न नहुने,

११. कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,

१२. विभिन्न क्लव, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,

१३. निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

१४. उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाईएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन नगर्ने,

१५. उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन गर्न नहुने,

१६. निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेश गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित पच्चीस जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजा, गाजा तथा झाँकी सहित जान नहुने,

१७. राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा बाहेक अनलाइन वेब पेज, टिभी स्क्रोलिङ्, सपिङ् मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने,

१८. दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,

१९. कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाईकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने,

२०. ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न गराउन नहुने,

२१. दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको ¥याली गर्दा बढीमा दशवटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने,

२२. कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन वा कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने,

२३. निर्वाचनमा विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न नहुने,

२४. अनुमति प्राप्त गरेको सवारी साधनको स्वरुप परिवर्तन गरी प्रयोग गर्न वा गराउन तथा एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारी साधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने,

२५. कुनै दल वा उम्मेदवारले अनुमति लिएको सवारी साधन प्रयोग गरी मतदाताहरू ओसारपसार गर्न नहुने,

२६. सम्बन्धित स्थान तोकी प्रयोग गर्ने गरी अनुमति लिएको सवारी साधन अन्य स्थानमा प्रयोग गर्न नहुने,

२७. मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने,

२८. मतदान हुने दिनको अठचालिस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री भए हटाउने,

२९. मतदान हुने दिनको अठचालिस घण्टा अघि कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न, सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको

पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने,

३०. मतदानको दिन राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा व्याज लगाउन, मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

३१. मतदाता, आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने,

३२. राजनीतिक दल वा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा सङ्केत भएको पहिरन वा ब्याज, लकेट, मास्क लगाउन, राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक, लोगो, ब्याज जस्ता सामग्री लगाउन, बोक्न र देखाउन नहुने,

३३. राजनीतिक दल वा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिले मतपत्र लगायतका निर्वाचन सामग्री छुन वा चलाउन वा बिगार्न वा फोटो खिच्न, मतदानस्थल वा मतगणनास्थलमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न, क्यामरा, मोबाइल लगायतका निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतदानस्थल तथा मतगणनास्थलमा लैजान नहुने,

३४. जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराएर मात्र गर्ने,

३५. निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्ने,

३६. निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले सात दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्ने,

३७. उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिन भन्दा सत्र दिन अघिदेखि मात्र जुलुस, आमसभा वा कोणसभा, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण र निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्ने,

३८. निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्ने,

३९. कुनै पदको निर्वाचन प्रचारप्रसारको लागि राजनीतिक दलले प्रक्रिया पूरा गरी सोही बमोजिमको सङख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्ने,

४०. राजनीतिक दलले प्रचारप्रसारको लागि आफ्नो तर्फबाट मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारी बाहेक दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,

४१. राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्दसूचीका उम्मेदवारको सङ्ख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्ने,

४२. राजनीतिक दलले निजी क्षेत्रको टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

४३. राजनीतिक दलले निजी क्षेत्रको पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

४४. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

४५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा तीन पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

४६. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

४७. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

४८. निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव तथा आफूले उल्लेख गर्न चाहेको थप विवरण उल्लेख गरी आयोगले तोके बमोजिमको ढाँचामा वैयक्तिक विवरण फाराम समेत पेश गर्ने,

४९. कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी बहाल रहेको निर्वाचित वा मनोनित पदाधिकारीले उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै बहाल रहेको पदबाट राजीनामा गर्नु पर्ने,

५०. उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सोको स्रोत खुलाउने,

५१. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्ने,

५२. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्ने,

५३. राजनीतिक दलले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्ने,

५४. पच्चीस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्था मार्फत गर्ने,

५५. आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम आयोगले तोकेको ढाँचामा तोकिएको अवधिभित्र निर्वाचन कार्यालय वा आयोगमा बुझाउने,

५६. आयोगले खर्चको बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्ने,

५७. निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी प्रचलित निर्वाचन सम्बन्धी कानूनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा जानकारी गराउने,

५८. निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आयोगले तोकेको ढाँचामा सम्पत्ति विवरण तयार गरी शिलबन्दी रुपमा पेश गर्ने,

५९. निर्वाचन तथा मतगणनाको काममा संलग्न उम्मेदवार, उम्मेदवार वा राजनीतिक दलको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले तोकिए बमोजिमको प्रतिबद्धतापत्रमा हस्तक्षार गर्ने,

६०. निर्वाचन आचारसंहिता, २०७९ कार्यान्वयन तथा पालना गर्न दिएको निर्देशन तत्काल कार्यान्वयन गर्ने गराउने।

उपरोक्त बमोजिमका प्रचलित निर्वाचन सम्बन्धी कानूनमा भएको व्यवस्था र निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयनमा सहयोग, सहजीकरण र समन्वयको लागि देहाय बमोजिम गर्ने गराउनेः-

(क) राजनीतिक दलहरूबाट सभा, सम्मेलन, अधिवेशन, वैठक, भेला, आमसभा वा यस्तै प्रकृतिका कार्यक्रम संचालन गर्दा राखिएका निर्वाचन आचारसंहिता

विपरीत हुने दलका झण्डा, चिन्ह वा अन्य प्रचार प्रसार सामग्री निर्वाचन आचारसंहिता लागू भएको १२ घण्टाभित्र अनिवार्य हटाउने,

(ख) निर्वाचन आयोगले निर्वाचन सम्बन्धी कानूनी व्यवस्था र निर्वाचन आचार संहिता, २०७९ का व्यवस्था समेतको आधारमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम दिएको आदेश कार्यान्वयनको लागि आफ्ना मातहत समिति, भातृ संगठनहरू र उम्मेदवारहरूलाई तुरुन्तै निर्देशन दिने,

(ग) निर्वाचन आचारसंहिता कार्यान्वयनको लागि गठित विभिन्न समितिहरूमा अनिवार्य प्रतिनिधित्व गर्ने साथै निर्वाचन व्यवस्थापनको सिलसिलामा हुने सर्वदलीय वा सर्वपक्षीय बैठकहरूमा आमन्त्रण गरिएको बखत सहभागी हुने,

(घ) निर्वाचन सम्बन्धी प्रचलित कानूनी व्यवस्था एवम् निर्वाचन आचार संहिता, २०७९ को कहि कतैबाट उल्लंघन गरेको पाइएमा लिखित वा मौखिक वा सामाजिक संजाल वा विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा मुख्य निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन कार्यालय वा स्थानीय प्रशासन वा निर्वाचन आयोगमा उजुरी वा सूचना दिई निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने,

(ङ) राजनीतिक दल वा उम्मेदवारले आचारसंहिताको पालना तथा कार्यान्वयनका सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्ति मार्फत आयोगले विवरण माग गर्दा आवश्यक सहयोग र सहजीकरण गर्ने,

(च) राजनीतिक दलहरूले आफ्नो प्रचार प्रसार गर्दा निर्वाचन आचार संहिता, २०७९ एवम् प्रचलित निर्वाचन कानूनमा हरेक नागरिक तथा मतदाताले पालना गर्नुपर्ने भनी उल्लेख भएका विषयहरू बारे समेत जानकारी गराई जनस्तर बाटै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको वातावरण तयार गर्न सहयोग गर्ने ।

### ३.२.२२ जरिवाना नगदै रकम बुझ्ने सम्बन्धमा निर्देशन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को प्रयोजनार्थ आयोगबाट राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फ राख्नु पर्ने धरौटी रकम र स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समय सीमाभित्र निर्वाचन खर्चको विवरण नबुझाएको कारणले जरिवाना गरिएका उम्मेदवारहरूले बुझाउनु पर्ने जरिवाना

वापतको रकम नगदै बुझाउन ल्याएका र सो प्रशासनिक दण्ड जरिवाना वापतको नगदै रकम आयोगले बुझिलिई बैंक खुलेपछि त्यस्तो नगद रकम जम्मा गरिएकोले सो रकम समर्थन गर्नका साथै निर्वाचनको अवधिमा सार्वजनिक बिदा परी राजस्व संकलन गर्ने बैंक बन्द रहेको अवस्थामा आयोग वा प्रदेश/जिल्ला निर्वाचन कार्यालयले नगदमै रकम बुझी लिई बैंक खुलेको पहिलो दिनमै जरिवाना तिर्नेको अलग अलग भौचर तयार गरी उक्त रकम बैंक जम्मा गर्ने व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिइयो।

### ३.२.२३ निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकी निजलाई निर्देशन दिने

निर्वाचन आचारसंहिता, २०७९ को दफा ३२ बमोजिम प्रत्येक जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई अनुगमन अधिकृतको रूपमा तोक्ने र यसरी अनुगमन अधिकृत तोकिएको व्यहोरा सहित निर्वाचन आचारसंहिता बमोजिम देहाय बमोजिमको काम, कर्तव्य र अधिकार रहेको व्यहोरा उल्लेख गरी कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई पत्र दिन प्रत्येक जिल्लाका निर्वाचन अधिकारीलाई निर्देशन दिने निर्णय आयोगबाट मिति २०७९/०६/२४ मा भएको थियो।

(क) सम्बन्धित जिल्लाभित्र आचारसंहिता कार्यान्वयनका विषयमा नियमित रूपमा अनुगमन गरी आचारसंहिता पालना नभएको भए देहाय बमोजिम गर्नेः-

  १. सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निकाय, अधिकारी, संस्था वा व्यक्तिलाई आचारसंहिता पालना गर्न आवश्यक निर्देशन दिने,
  २. आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,
  ३. आचारसंहिताको उल्लङ्घन गर्नेलाई प्रचलित निर्वाचन सम्बन्धी कानून बमोजिम आफैले कारवाही गर्न सक्ने विषयमा आफै कारबाही गर्ने र आफूले गर्न नसक्ने विषयमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउने,
  ४. राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति, निकाय, संस्था, अधिकारी वा अन्य कुनै व्यक्तिले आचारसंहिता विपरीत कार्य गरे गराएको पाईएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउने ।

(ख) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति तथा अन्य कुनै व्यक्तिले यो आचारसंहिता विपरीत सवारी साधन प्रयोग गरेको पाईएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिमा गराउने,

(ग) यस आचारसंहिता विपरीत प्रयोग गरिएको सवारी साधन तत्काल कब्जामा लिने,

(घ) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति वा अन्य कुनै व्यक्तिले प्रचलित कानून र यो आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको पाईएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(ङ) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति वा कुनै व्यक्तिले यो आचारसंहिता विपरीत मोटरसाइकल र्‍याली जस्ता प्रचारात्मक कार्य गरेको पाईएमा तत्काल नियन्त्रणमा लिई प्रहरी जिम्मामा दिने ।

(च) आचारसंहिता अनुगमनको सन्दर्भमा आवश्यकता अनुसार सुरक्षा निकायको सहयोग माग गर्न सक्ने,

(छ) आचारसंहिता अनुगमन सम्बन्धी कार्य गर्दा आयोग र सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी भई आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्ने।

(ज) आयोग, केन्द्रीय आचारसंहिता अनुगमन समिति वा जिल्ला आचारसंहिता अनुगमन समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

### ३.२.२४ मतदान प्रयोजनका लागि मतदाता पहिचान गर्ने कागजात सम्बन्धी निर्देशन

संवत् २०७९/०८/०४ गते आइतवारका दिन हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा आयोगबाट मतदातालाई परिचयपत्र वितरण भएको भएतापनि कतिपय मतदाताको परिचयपत्र हराएको/नासिएको भन्ने गुनासो प्राप्त भएको सन्दर्भमा संवत् २०७९/०८/०४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिइयो।

### ३.२.२५ उच्चस्तरीय टोली गठन

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४४ को उपदफा (१) मा कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्ने र उपदफा (२) मा यसरी प्रतिवेदन

प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान निर्वाचन अधिकृतले रद्द गरी त्यसको प्रतिवेदन आयोगलाई दिने प्रयोजनार्थ मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखाको सम्बन्धमा माननीय निर्वाचन आयुक्त श्री रामप्रसाद भण्डारीलाई जिम्मेवारी तोकी आयोगको अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको थियो।

### ३.२.२६ जाँचबुझ तथा सहजीकरण गर्न टोली

स्याङ्जा जिल्लाको क्षेत्र नं. २ अन्तर्गतका केही मतदान केन्द्रहरूमा नेपाली काँग्रेसका कार्यकर्ताहरूले अनाधिकृत कब्जा गरी मृत्यु भएका तथा विदेशमा रहेका व्यक्तिहरूको नाममा समेत फर्जी मत खसालिएको, उम्मेदवार तथा मतदान प्रतिनिधिहरूलाई मतदानस्थलबाट हुलहुज्जत गरी बाहिर निकालिएको तथा कतिपय मतदान केन्द्रमा उम्मेदवारका मतदान प्रतिनिधिहरूलाई थुनेर राखी जबरजस्ती मुचुल्कामा सही गराएको तथा कतिपय प्रतिनिधिको किर्ते सही छाप समेत भएकोले उक्त मतदान केन्द्रहरूको मतदान बदर गरी पुनः मतदानको माग गरी निवेदन परेको घटनाको जाँचबुझ तथा सहजीकरण गर्न कानूनको सहसचिवको नेतृत्वमा कार्यदिश समेत दिई दुई सदस्यीय जाँचबुझ तथा सहजीकरण टोली गठन गर्ने निर्णय गरियो।

### ३.२.२७ जाँचबुझ तथा सहजीकरण टोली

बाजुरा जिल्लाको देहायको मतदान केन्द्रहरूमा मतदान केन्द्र कब्जामा लिएको, फर्जी मत खसालिएको, मतदान प्रतिनिधिहरूलाई जवरजस्ती मतदान केन्द्र छोड्न लगाएको एवम् कुटपिट गरी घाइते बनाएको, दोहोरो झडप भएको लगायत अवाञ्छित क्रियाकलाप भई सार्वभौम जनताको मताधिकारलाई बञ्चित गरेकाले सम्बन्धित मतदान केन्द्रहरूमा पुनः मतदान गरी पाऊँ भनी ने.क.पा. ए.मा.ले.को तर्फबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार कर्ण बहादुर थापा सहितका उम्मेदवारहरूले मुख्य निर्वाचन अधिकृतलाई सम्बोधन गरी दिएको निवेदनको सन्दर्भमा आयोगबाट कार्यदिश समेत दिई आयोगका सहसचिव श्री तुलसी बहादुर क्षेष्ठको नेतृत्वमा तीन सदस्यीय जाँचबुझ टोली गठन गरिएको थियो।

### ३.२.२८ निर्वाचन आचारसंहिता लागू नरहने

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०४/१९ को निर्णयानुसार प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ को उपदफा (१) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम संवत् २०७९/०८/०४ गते आइतबार सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकिएको सन्दर्भमा निर्वाचन आयोग ऐन,

२०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) बमोजिम मिति २०७९/०६/१२ देखि मुलुकभर लागू रहेको निर्वाचन आचारसंहिता संवत् २०७९ मङ्सिर २३ गतेदेखि लागू नरहने भयो।

### ३.२.२९ राष्ट्रिय सभा सदस्यको उपनिर्वाचनको मिति

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ (संशोधन समेत) को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकारले निर्वाचनको मिति तोक्ने र निर्वाचनको मिति तोक्नुभन्दा अघि नेपाल सरकारले आयोगको परामर्श लिनु पर्ने व्यवस्था अनुसार राष्ट्रिय सभामा रिक्त हुन आएको पदमा उपनिर्वाचन गर्न उपनिर्वाचनको मिति तोक्ने सम्बन्धमा गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई लुम्बिनी प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित माननीय सदस्य खिमलाल भट्टराई (अन्य समूह) ले राजीनामा दिई रिक्त हुन गएको राष्ट्रिय सभा सदस्य पद एकको राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ (संशोधन समेत) को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७९/१०/२५ गते बुधबारका दिन उपनिर्वाचन हुने गरी निर्वाचनको मिति तोक्न गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई परामर्श दिने आयोगबाट मिति २०७९/०९/१८ मा निर्णय भएको थियो।

### ३.२.३० राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन मिति घोषणा

नेपालको संविधानको धारा ६३ को उपधारा १ वमोजिम राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने तथा नेपालको संविधानको धारा ६९ वमोजिम उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने संवैधानिक व्यवस्था भए अनुसार राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन मिति क्रमशः २०७९ फाल्गुन २५ र चैत्र ३ गते तोक्न आयोगले मिति २०७९/१०/१६ मा नेपाल सरकारलाई सुझाव दिइएको थियो ।

### ३.२.३१ उपनिर्वाचनको मिति घोषणा

सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/१०/१३ को आदेश अनुसार रिक्त हुन आएको चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ का साथै राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन उम्मेदवारीका कारण रिक्त हुन गएका तनहुँ निर्वाचन क्षेत्र नं. १ र बारा निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्यको रिक्त स्थान पूर्ति गर्न उपनिर्वाचन मिति २०८०/०१/१० गतेलाई घोषणा गर्न आयोगको मिति २०७९/१०/२९ को निर्णायिनुसार नेपाल सरकारलाई सुझाव दिइएको थियो।

### ३.२.३२ राष्ट्रपति तथा उपराष्ट्रपति पदमा निर्वाचित भएको प्रमाणपत्र

प्रतिवेदन अवधिमा सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा आयोगले तोकेको मितिमा राष्ट्रपतिको निर्वाचन सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयबाट श्री रामचन्द्र पौडेल निर्वाचित भएको भनी जानकारी प्राप्त भएको र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४१ सँग सम्बन्धित अनुसूची बमोजिम निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र उपलब्ध गराउनु पर्ने व्यवस्था भएकोले संवत् २०७९/११/२५ गते बिहीबारका दिन सम्पन्न निर्वाचनबाट श्री रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित हुनु भएकोले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४१ बमोजिम संलग्न ढाँचामा निर्वाचित उम्मेदवार श्री रामचन्द्र पौडेललाई निर्वाचित भएको प्रमाणपत्र उपलब्ध गराउने निर्णय भएको थियो। साथै प्रतिवेदन अवधिमा सम्पन्न उपराष्ट्रपति पदको निर्वाचनबाट श्री रामसहाय प्रसाद यादव उपराष्ट्रपति पदमा निर्वाचित हुनु भएको थियो। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५८ को उपदफा ३ एवम् राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४१ सँग सम्बन्धित अनुसूची बमोजिम राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५८ को उपदफा ३ एवम् राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४१ बमोजिम निर्वाचितलाई तोकिएको ढाँचामा प्रमाणपत्र दिने व्यवस्था भए बमोजिम निर्वाचित उम्मेदवार श्री रामसहाय प्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र उपलब्ध गराउने निर्णय भयो।

### ३.२.३३ दलको लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा निर्देशन

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ मा रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा तोकिएको समयावधिभित्र लेखापरीक्षण प्रतिवेदन बुझाउने, तोकिएको समय व्यतित भएपछि लेखापरीक्षण प्रतिवेदन बुझाउने र लेखापरीक्षण प्रतिवेदन नबुझाउने ८२ (बयासी) राजनीतिक दललाई सोही ऐनको सोही दफाको उपदफा (५) बमोजिम आयोगमा पेश गरेको लेखापरीक्षण प्रतिवेदन ७ (सात) दिनभित्र सम्बन्धित दलको कार्यालय वा वेबसाइट, आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि), सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, ईन्स्टाग्राम) का माध्यमबाट सार्वजनिक गरी सार्वजनिक गरेको मितिले ७ (सात) दिनभित्र सोको जानकारी आयोगमा गराउन निर्देशन दिइयो।

### ३.२.३४ मतदाता नामावली दर्ता तथा व्यवस्थापन प्रणाली (Voter Registration and Management System-VRMS) निर्माणको अवधारणा पत्र स्वीकृत

निर्वाचन आयोग नेपालले मतदाता नामावली सङ्कलनका लागि BBVRS को Data Collection Application प्रयोग गरी प्रदेश/जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा समय समयमा मतदाता नामावली संकलन विशेष कार्यक्रम मार्फत् हुँदै आएको सन्दर्भमा मतदाता नामावली दर्ता तथा व्यवस्थापन प्रणाली (Voter Registration and Management System-VRMS) निर्माण गरी लागू गर्ने सम्बन्धमा निम्न बमोजिमका विषयहरू समेटिएको अवधारणापत्र स्वीकृत गर्ने निर्णय मिति २०८०/०२/२२ मा आयोगबाट भएको थियो।

१. उल्लेखित कार्य गर्नको लागि प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन,२०७९ स्वीकृत कार्यक्रम अन्तर्गत बजेट बिनियोजन भएता पनि संलग्न Scope बमोजिमको कार्य सम्पन्न गर्नको लागि सम्झौता पश्चात् कम्तीमा १५ महिनाको समय लाग्ने देखिएकोले यसै आ.व. मा सम्झौता बमोजिमको सम्पूर्ण कार्य नसकिने भएकोले बहुबर्षीय योजनाको स्वीकृतिको लागि अर्थ मन्त्रालय लेखी पठाउने,
२. अर्थ मन्त्रालयको सहमति समेतको आधारमा तालिका नं.-१ को सि.नं. १ देखि ५ सम्मका कार्यहरू सम्पन्न गर्नको लागि आवश्यक खरिद प्रक्रिया अगाडि बढाउने,
३. प्रणाली लागु गर्नको लागि सरोकारवालाहरूसँग छलफल कार्यक्रम संचालन गर्ने,
४. स्थानीय स्तरबाट मतदाता नामावली दर्ता कार्यक्रम संचालन गर्ने सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्ने,
५. मतदाता नामावली दर्ता कार्यक्रम संचालन सम्बन्धी आवश्यक कार्यविधि तयार गरि लागू गर्ने,

### ३.२.३५ निर्वाचन कार्यालयहरू यथावत राख्न नेपाल सरकारलाई सुझाव

आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट वक्तव्यमार्फत निर्वाचन आयोग अन्तर्गत जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरू खारेज गर्ने विषय सार्वजनिक भएको सन्दर्भमा आयोगमा बसेको सर्वदलीय बैठकबाट निर्वाचन प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने सम्पुर्ण जिम्मेवारी प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूमा रहेको तथा निर्वाचन आयोग ऐन, २०७३ को दफा ३४ ले निर्वाचनमा मतदाता नामावली संकलन गर्न,

अद्यावधिक गर्न र मतदाताको जागरणसम्बन्धी कार्य गर्न र प्रदेश, जिल्ला/स्थानीय तहमा राजनीतिक दलको संरचनाको अभिलेख राख्न एवम् समन्वय र सहजीकरण गर्न समेत हरेक जिल्लामा निर्वाचन कार्यालयहरूको छुट्टै संरचना संविधान एवम् कानूनले तोके बमोजिमका कार्यसम्पादनका लागि यसको महत्त्व र आवश्यकता महसुस गरी क्रमशः विकास गरिदै आएको तथा नेपाल सरकारको बजेट वक्तव्यको अनुसूचीमा निर्वाचन कार्यालयहरू नरहने गरी गरेको व्यवस्था शक्ति सन्तुलन, नियन्त्रण र शक्तिपृथकीकरणको सिद्धान्त, नेपालको संविधान र प्रचलित कानून प्रतिकूल हुने, उक्त कार्यालयहरूले साधिकार अदालतमा विचाराधीन रहेका मुद्दासँग सम्बन्धित कागजात मुद्दाको टुङ्गो नलागेसम्म सुरक्षित राख्नु पर्ने, जिल्लास्थित कार्यालय नै नरहँदा उक्त कार्यालयमा रहेको अभिलेख समेतको उचित सुरक्षा हुन नसकी अदालतमा विचाराधिन मुद्दामा प्रतिरक्षा गर्न समेत कठिन हुने, स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउने संवैधानिक जिम्मेवारी रहेको निर्वाचन आयोगका जिल्ला तथा प्रदेशमा रहेका संरचना कुनै पनि दृष्टिबाट नेपाल सरकारको बजेट वक्तव्यमार्फत यसप्रकार खारेजी गर्न मिल्ने होइन। आवधिक निर्वाचन सम्पन्न गराउनु महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्ने आयोगका जिल्लास्थित संरचना यथावत राख्नु पर्ने बारे सबै राजनीतिक दल र सरोकारवालाले चिन्ता र चासो व्यक्त गरिरहेकोमा आयोगमा प्रतिनिधि सभा तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू समेतको बैठक बसी जिल्ला निर्वाचन कार्यालय यथावत राख्ने बारे नेपाल सरकारलाई लेखी पठाउने आयोगबाट मिति २०८०/०२/२८ मा निर्णय भएको थियो।

### ३.२.३६ निर्वाचन व्यवस्थापन विधेयक, २०८० को मस्यौदा स्वीकृत

निर्वाचन व्यवस्थापनसँग सम्बन्धित हाल प्रचलित सातवटा ऐनहरू (मतदाता नामावली ऐन, २०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४) खारेज गरी तथा निर्वाचन आयोग ऐनका केही प्रावधानहरू एवम् केही नयाँ प्रावधानहरू समेत राखी सम्मानित सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेश र केही विद्यमान प्रावधानलाई संशोधन र परिमार्जन गरी एकीकृत रूपमा निर्वाचन व्यवस्थापन विधेयक तर्जुमा गर्नका लागि आयोगले नेपाल सरकारको सैद्धान्तिक सहमति माग गरेकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०९/१४ को निर्णयानुसार सैद्धान्तिक सहमति प्राप्त गरेको सन्दर्भमा निर्वाचन व्यवस्थापन विधेयक, २०८० को मस्यौदा स्वीकृत

तथा स्वीकृत भएको विधेयकको मस्यौदा आवश्यक कारवाहीका लागि नेपाल सरकार, गृह मन्त्रालयमा पठाउने आयोगबाट मिति २०८०/०३/१८ मा निर्णय भएको थियो।

### ३.२.३७ जरिवाना रकम माफी निवेदनको कारवाही

आयोगको मिति २०७९/५/३१ को निर्णयानुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा भाग लिएका केही उम्मेदवारहरूले निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (१), स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) तथा स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम सो निर्वाचनमा आफुले गरेको निर्वाचन खर्चको विवरण पेश नगरेकोले निर्वाचन आयोग ऐन,२०७३ को दफा २६ बमोजिम त्यस्ता उम्मेदवारहरूलाई जरिवाना भएकोमा नेपालको संविधानको धारा २७८ बमोजिम सम्माननीय राष्ट्रपतिबाट निजहरूलाई लागेको जरिवाना वापतको रकम माफी भएकोले जरिवाना वापतको रकम बुझाउने कूल १३७ जना उम्मेदवारहरूमध्ये १६ (सोह्र) जना उम्मेदवारहरूले सो रकम फिर्ता पाउँ भनी आयोगमा निवेदन पेश गरेको हुँदा तत् सम्बन्धमा आवश्यक कारवाही हुनको लागि उक्त सक्कलै निवेदनहरूको फाइल गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पठाउने निर्णय आयोगबाट मिति २०८०/०३/२० मा भएको थियो।

### ३.२.३८ राजनीतिक दल दर्ता गर्ने प्रयोजनका लागि दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धता गर्ने मतदाताहरूको सनाखत सबन्धी विशेष व्यवस्था

राजनीतिक दल सम्बन्धी ऐन, २०७४ को दफा ४ बमोजिम आयोगमा राजनीतिक दल दर्ता गर्न चाहने राजनीतिक दलले सोही ऐनको दफा ५ को उपदफा (१) को देहाय (घ) बमोजिम कम्तीमा पाँचसय जना नेपाली मतदाताहरूले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेको विवरण पेश गर्नु पर्नेमा यसरी प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्ने मतदाताहरूको विवरण मतदाता नामावलीमा रहेको विवरणसँग भिडाई जाँच गरी सम्बन्धित मतदाताको विवरण रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा सनाखत गराउने सहित देहाय बमोजिम निर्णय भएको थियो।

१. नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम आयोगमा दल दर्ता हुन आउने राजनीतिक दलले सोही ऐनको दफा ५ को उपदफा (१) को देहाय (घ) मा भएको कानूनी व्यवस्था बमोजिम कम्तीमा पाँचसय जना नेपाली मतदाताहरूले दलको सदस्यता प्राप्त गर्न गरेको मतदाताहरूको प्रतिबद्धता तथा उद्घोषणपत्र राजनीतिक दल

सम्बन्धी नियमावली, २०७४ को नियम ३ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-३ को ढाँचामा पेश गर्नु पर्नेमा मिति २०८०/०४/०१ गतेबाट प्रस्तावित दलले उक्त विवरण पेश गर्दा नागरिकता प्रमाणपत्र लिएको वा मतदाता नामावलीमा नाम कायम रहेको जिल्लाको आधारमा तयार पारी जिल्लागत रूपमा अलग अलग तयार गरी पेश गर्नु पर्ने।

२. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) मा दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धता जनाउने मतदाताले अर्को दलको सदस्य नभएको भनी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ नियम ३ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-३ को ढाँचामा हस्ताक्षर सहित प्रतिबद्धता तथा उद्घोषणपत्र पेश गर्नु पर्नेमा उद्घोषणपत्रमा हस्ताक्षर गर्ने मतदाताहरूको नाम मतदाता नामवालीमा समावेश भए नभएको तथा अर्को कुनै दलको सदस्यता लिए नलिएको सम्बन्धमा आयोगको सूचना तथा प्रविधि शाखाले यकिन गरी रुजु गर्नु पर्ने।

३. प्रकरण नं. २ बमोजिम दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धतापत्र तथा उद्घोषणपत्रमा हस्ताक्षर गर्ने मतदाताहरूको नाम रुजु गर्दा अर्को दलको सदस्य भएको पाईएमा यसरी हस्ताक्षर गर्ने मतदाताहरूको नाम कैफियतमा राख्ने र निजहरूको सट्टा अन्य मतदाताहरूको नाम पठाउन प्रस्तावित दललाई पत्राचार गर्ने।

४. प्रकरण नं. १ बमोजिम दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धतापत्र तथा उद्घोषणपत्रमा हस्ताक्षर गर्ने मतदाताले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम आफू प्रस्तावित दलको सदस्य बन्न योग्य भएको स्वघोषणा गर्नु पर्ने।

५. प्रकरण नं. १ बमोजिम दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धतापत्र तथा उद्घोषणपत्रमा हस्ताक्षर गर्ने मतदाताहरूले निर्वाचन आयोगमा उपस्थित हुन सक्ने मतदाताको हकमा आयोगमा र अन्यको हकमा सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई आयोगले तोकेको ढाँचा र समयमा सनाखत गरी हस्ताक्षर गर्नु पर्ने।

६. प्रकरण नं. ५ बमोजिम सनाखत गर्नु पर्ने मतदाताहरूलाई तोकिएको ढाँचामा सनाखत गराउन र यसरी सनाखत गराउदा प्रत्येक मतदाताको नागरिकताको सक्कल प्रमाणपत्र र मतदाता परिचय पत्र मतदाता नामावलीमा रहेको विवरणसँग भिडाई यकिन गरी सनाखत गराउन सबै प्रदेश/जिल्ला निर्वाचन अधिकारीलाई निर्देशन दिने।

## परिच्छेद ४

## योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध

### ४.१ तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यकालीन समीक्षा र कार्यान्वयन

निर्वाचनसम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने, आयोगको संस्थागत सुदृढीकरण गर्ने, निर्वाचन व्यवस्थापनमा सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने, संविधान र कानून बमोजिम राजनीतिक दल दर्ता र नियमनलाई व्यवस्थित गर्ने, निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने रणनीति उल्लेख गरेर तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आएको थियो। गत आर्थिक वर्ष २०७८/७९ मा सोको मध्यावधि समीक्षा मार्फत मूल्यांकन गराई आयोगले विज्ञहरूबाट सुझाव सहितको प्रतिवेदन समेत प्राप्त गरेको थियो। आर्थिक वर्ष २०७९/८० र चालू आर्थिक वर्षमा उक्त समीक्षा प्रतिवेदनमा प्राप्त भएका सुझावहरूको क्रमशः कार्यान्वयन गरिदै लगिएको छ।

### ४.२ वार्षिक समीक्षा सञ्चालन

निर्वाचनको समय (Election Period), निर्वाचन पूर्वको समय (Pre-Election Period) र निर्वाच पश्चातको समय (Post-Election Period) गरी निर्वाचन चक्र (Electoral Cycle) लाई तीन अवधिमा विभाजन गर्न सकिन्छ। निर्वाचनको समय (Election Period) मा बाहेक निर्वाचन पूर्व तथा निर्वाचन पश्चातको समय (Pre-Election and Post-Election Period) मा समेत आयोग र मातहतका प्रदेश तथा जिल्ला कार्यालयहरूबाट विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन हुने गर्दछन्। आयोग तथा निर्वाचन कार्यालयबाट उक्त कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्ने सिलसिलामा देखिएका समस्याहरूको समाधान गर्न, निर्वाचन व्यवस्थापनका सन्दर्भमा महसुस गरिएका राम्रा पक्षहरूलाई निरन्तरता दिन तथा सो सम्बन्धमा देखिएका कमी कमजोरीहरू सुधार गरी भावी कार्ययोजना निर्माण गर्न आयोगबाट प्रत्येक वर्ष वार्षिक समीक्षा कार्यशाला/गोष्ठी सञ्चालन हुँदै आएको छ।

आयोग र अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरेका कार्यक्रम तथा क्रियाकलापहरूलाई समेटेर मिति २०७९/०५/०५ गते एक दिवसीय वार्षिक समीक्षा कार्यक्रम आयोगले भर्चुअल माध्यमको प्रयोग गरी सम्पन्न गरेको थियो। आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका कार्यहरूको समीक्षा गर्ने एवम् नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यक्रम कार्यान्वयनका सिलसिलामा देखिएका समस्याहरूको समाधान गर्न पहल गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त समीक्षा कार्यक्रममा

प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, सचिव, महाशाखा तथा शाखा प्रमुखहरू, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारीहरू लगायत आयोगको सचिवालय र निर्वाचन कार्यालयका अन्य कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

## ४.३ आयोगको वार्षिक प्रतिवेदन पेश

आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष मिति २०७९/१०/२९ गते पेश गरेको थियो। आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक व्यवस्था बमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन पेश गरेकोमा प्रमुख निर्वाचन आयुक्त, आयुक्त, सचिव लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। उक्त अवसरमा निर्वाचनको माध्यमद्वारा लोकतन्त्रलाई संस्थागत एवम् सुदृढीकरण गर्ने काम निर्वाचन आयोगको भएकोले निर्वाचनमा बढी भन्दा बढी मतदाताहरूको सहभागिता गर्ने गराउनेतर्फ कार्य गर्न, सबै मतदाताको मताधिकार सुनिश्चित गर्न तथा मतदानस्थल तथा मतदान केन्द्रहरू मतदातामैत्री बनाउन सुझाव दिनुभयो। यसका साथै निर्वाचन शिक्षा सम्बन्धमा आयोगले विद्यालयहरूसँग सहकार्य गर्न सक्ने धारणा समेत सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले व्यक्त गर्नु भएको थियो। आवधिक निर्वाचन लोकतन्त्रको आधार भएको तथा शान्ति, स्थिरता र विकासका लागि ताजा जनादेश अनिवार्य रहेको बताउनु हुँदै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, मितव्ययी र भयरहित निर्वाचनका लागि गम्भीरता र दृढतापूर्वक कार्य गर्न आयोग सक्षम हुने विश्वाससमेत व्यक्त गर्नुभएको थियो। सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले वार्षिक प्रतिवेदनमा उल्लिखित महत्वपूर्ण सम्पादित कार्यहरूको संक्षिप्त व्यहोरा प्रस्तुत गर्नुभएको थियो।

## ४.४ केन्द्रीय अनुगमन

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट सम्पादन गर्नुपर्ने आयोगको नियमित तथा निर्वाचन अवधिका विशेष प्रकृतिका कार्यहरूको अनुगमन गर्न केन्द्रीय अनुगमन गर्ने गरिन्छ। निर्वाचन अवधिमा सम्पादन गर्नुपर्ने विशेष प्रकृतिका कार्यको अनुगमन तथा आर्थिक वर्ष २०७८/७९ मा आयोगको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट निर्वाचन व्यवस्थापन, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, निर्वाचन कार्यालयहरूमा भइरहेको भवन निर्माण, घर जग्गा प्राप्तिको अवस्था, निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट भएको निर्वाचन शिक्षाको प्रवाह, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख व्यवस्थापन, आर्थिक

व्यवस्थापन लगायतका कार्यहरूको सम्बन्धमा प्रतिवेदन वर्षमा केन्द्रीय अनुगमन भएको थियो। उक्त कार्यहरूको सम्बन्धमा माननीय प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू, आयोगका सचिव, सहसचिव लगायत अधिकृतस्तर तथा अन्य कर्मचारी समेतबाट भौतिक तथा भर्चुअल रुपमा सघन अनुगमन तथा निरीक्षण भएको थियो । यसका साथै निर्वाचनको अवधिमा केन्द्रीय अनुगमन समितिको व्यवस्था समेत रहेको थियो।

## ४.५ लैङ्गिक तथा समावेशीकरण

### ४.५.१ लैङ्गिक तथा समावेशीकरण सम्बन्धी राजनीतिक दलका प्रतिनिधिसँग अन्तरक्रिया

निर्वाचन आयोगको लैङ्गिक तथा समावेशीकरण सम्बन्धी नीति र स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचन अनुभव र समीक्षाबाट प्राप्त सुझावहरू कार्यान्वयन गरी आसन्न निर्वाचन प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य, २०७९ का लागि पृष्ठपोषण प्राप्त गर्न लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरू, अन्तरपार्टी महिला सञ्जाल तथा विभिन्न सरोकारवाला गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू सहित करिव ३४ जनाको सहभागितामा मिति २०७९/०५/०७ गते कन्द्रीय स्तरमा एक दिवसीय कार्यक्रम संचालन गरिएको थियो।

### ४.५.२ निर्वाचनमा लैंगिक तथा समावेशिता विषयक समीक्षा अन्तरक्रियाः

सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान' भन्ने नाराका साथ मङ्सिर ९ गतेबाट देशैभर लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान समेत सुरु भएको सन्दर्भलाई भर्खरै सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ सँग जोड्दै निर्वाचनमा महिलाहरूले भोगेका लैङ्गिक विभेद तथा हिंसाको बारेमा जानकारी लिने, निर्वाचनमा हुने सबै प्रकारका लैङ्गिक विभेद तथा हिंसा सम्वन्धी छलफल गर्ने, निर्वाचनमा हुने सबै प्रकारका लैङ्गिक विभेद तथा हिंसा सम्बन्धी नीतिगत पैरवी गर्ने, लगायतका उद्देश्य राखी कार्यक्रममा काठमाडौं उपत्यकाका पालिकाका निर्वाचित महिला मेयर तथा उपमेयरहरू, प्रतिनिधि सभा तथा प्रदेश सभाका नया निर्वाचित महिला जनप्रतिनिधि तथा उम्मेदवारहरू र राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरू सहित आयोगका पदाधिकारी तथा कर्मचारीहरू तथा साझेदार संस्थाबाट गरी अनुमानित जम्मा ७० जनाको उपस्थिति रहने गरी मिति २०७९/०८/२३ गते आयोगको सभा हलमा आधा दिवसीय कार्यक्रम संचालन गरिएको थियो।

## ४.६ वैदेशिक सम्बन्ध तथा सहायता

आयोगले सरकारको नीति तथा कार्यक्रम, आयोगको रणनीतिक योजना, पन्ध्रौं योजना तथा वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न क्रियाकलापहरू नेपाल सरकारको स्रोत साधन तथा आयोगका विभिन्न साझेदार संस्थाहरूबीचको आर्थिक एवम् प्राविधिक सहयोग तथा समन्वयमा सञ्चालन गर्दै आएको छ। विकास साझेदारसँग विभिन्न मितिमा निर्वाचन लक्षित बैठकहरू सम्पन्न भएका थिए। बैठकमा निर्वाचनसँग सम्बन्धित विविध पक्षमा छलफल भएको थियो। निर्वाचन सम्बद्ध विकास साझेदार संस्थाहरूको समूह इलेक्सन वर्किङग्रुप (Election Working Group) सँग नियमित रूपमा छलफल भएको थियो। विगतदेखि नै सहायता गर्दै आएका यूएनडीपी/इलेक्ट्रोरल सपोर्ट प्रोजेक्ट-ईएसपी (UNDP/Electoral Support Project-ESP) र इन्टरनेसनल फाउन्डेसन फर इलेक्ट्रोरल सिस्टम (International Foundation for Electoral System IFES) बाट मतदाता शिक्षा, निर्वाचनसम्बन्धी तालिम तथा अभिमुखीकरण, सूचना, प्रविधिको उपयोग लगायत विभिन्न क्षेत्रमा सामान्य आर्थिक तथा प्राविधिक सहायता उपलब्ध भएको थियो।

## ४.७ भारतमा तालिम कार्यक्रममा सहभागिता

मिति २९/११/२०७९ देखि १०/१२/२०७९ तदनुसार १३ मार्च, २०२३ देखि २४ मार्च, २०२३ सम्म ITEC अन्तर्गत India International Institute of Democracy and Election Management (IIIDEM) को आयोजनामा भारतको राजधानी नयाँदिल्लीमा आयोजित Capacity Development Program On Election Management For ECN Officials मा आयोग तथा अन्तर्गतका कार्यालयबाट अधिकृत एवम् उपसचिवस्तरका २५ जनाले सहभागीको रुपमा र ३ जना सहसचिव तथा एक जना सचिव गरी ४ जनाले अवलोकनकर्ताको रुपमा भाग लिनु भएको थियो |

## ४.८ FEMBOSA को ११ औं बैठकमा सहभागिता

सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (Forum of Election Management Bodies of South Asia: FEMBOSA) को ११ औं बैठक ११ अगस्ट, २०२१ तदनुसार २७ साउन २०७८ मा भुटानको निर्वाचन आयोगको आयोजनामा भर्चुअल रुपमा सम्पन्न भएको थियो।उक्त बैठकमा निर्वाचन आयोगको तर्फबाट प्रमुख निर्वाचन आयुक्तको नेतृत्वमा आयोगका सचिव र उपसचिवले सहभागिता जनाउनुभएको थियो। उक्त बैठकमा मतदाता दर्ता, मतदाता जागरण, मतदाता शिक्षा, निर्वाचनमा सामाजिक सञ्जाल तथा

आमसञ्चारमाध्यमको अनुगमन, सरोकारवालाहरूको क्षमता विकासलगायतमा प्रविधिको उपयोगका सम्बन्धमा छलफल भएको थियो। उक्त बैठकले फोरमका सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन निकायका कर्मचारीहरूको क्षमता विकास, सदस्य राष्ट्र बिचको आपसी सहयोग, अनुभव आदान प्रदान लगायतका विषयहरू समेटी १५ बुँदे थिम्पु घोषणा-पत्र जारी गरेको थियो। उक्त अवसरमा FEMBOSA को १२ औं बैठक सन् २०२३ मा नेपालले आयोजना गर्ने प्रस्तावलाई बैठकले स्वीकार गरेको थियो।

### ४.९ FEMBOSA को ११ औं बैठकको दोस्रो अन्तरक्रियात्मक (भर्चुअल) सत्रमा सहभागिता

सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च **(Forum of Election Management Bodies of South Asia: FEMBOSA)** को ११ औं बैठकको दोस्रो अन्तरक्रियात्मक सत्र २२ मे, २०२३ तदनुसार ८ जेठ २०८० मा भुटानको निर्वाचन आयोगको आयोजनामा भर्चुअल रुपमा सम्पन्न भएको थियो।उक्त बैठकमा निर्वाचन आयोगको तर्फबाट आयोगको योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाका उपसचिवले सहभागिता जनाउनु भएको थियो। उक्त बैठकमा मतदाता दर्ता, मतदाता जागरण, मतदाता शिक्षा, निर्वाचनमा सामाजिक सञ्जाल तथा आमसञ्चारमाध्यमको अनुगमन, सरोकारवालाहरूको क्षमता विकास लगायतमा प्रविधिको उपयोगका सम्बन्धमा छलफल भएको थियो। भर्चुअल बैठक 'Ensuring Covid safety in the election process' विषयमा सदस्य राष्ट्रहरूका EMBs (Election Management Bodies) का प्रतिनिधिहरूबाट प्रस्तुति तथा अनुभव आदान प्रदान भएको थियो। उक्त बैठकले फोरमका सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन निकायका कर्मचारीहरूको क्षमता विकास, सदस्य राष्ट्र बीचको आपसी सहयोग, अनुभव आदान प्रदान लगायतका विषयहरूमा सहभागीहरूका कार्यपत्र समेटी एक प्रतिवेदन जारी गरेको थियो। उक्त अवसरमा FEMBOSA को १२ औं बैठक सन् २०२३ मा नेपालले आयोजना गर्ने सम्बन्धमा नेपाललाई हस्तान्तरण गर्न भुटान तत्पर रहेको जानकारी गराइएको थियो।

# परिच्छेद ५

## मतदाता नामावली तथा निर्वाचन सञ्चालन

### ५.१ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने जिम्मेवारी निर्वाचन आयोगलाई दिएको छ । यसैगरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (ख) बमोजिम मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने कर्तव्य निर्वाचन आयोगको रहेको छ । मतदाता नामावली ऐन, २०७३ ले मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने विधि र प्रक्रियाहरू तोकेको छ। उल्लिखित कानूनी प्रावधान बमोजिम आयोगले निर्वाचनको सञ्चालनका लागि आवश्यक पर्ने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्दै आइरहेको छ ।

### ५.२ मतदाता नामावली संकलन तथा दर्ता

आयोगले मतदाता नामावली संकलन तथा अद्यावधिकको कार्य निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ । स्थानीय तह निर्वाचन, २०७९ को निर्वाचन सम्पन्न पश्चात् आयोगबाट मिति २०७९/०२/२३ मा भएको निर्णयानुसार सबै निर्वाचन कार्यालयहरू, ७७ वटा जिल्ला प्रशासन कार्यालय र ७३ वटा इलाका प्रशासन कार्यालयबाट मिति २०७९/०३/०१ देखि तोकिए बमोजिमको प्रमाण लिई मतदाता नामावलीमा नाम दर्ता गराउन आउने नागरिकहरूको फोटोसहितको मतदाता नामावलीको विवरण मतदाता नामावली ऐन, २०७३ बमोजिम संकलन कार्य सुचारू गरिएको थियो। यसै समयमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति २०७९/०४/१९ मा घोषणा भयो । सोही मितिबाट मतदाता नामावली संकलनको कार्य समेत रोकियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न भए पश्चात् आयोगको मिति २०७९/०९/२२ को निर्णय अनुसार मिति २०७९/१०/०२ गतेदेखि मतदाता नामावली संकलन, दर्ता तथा अद्यावधिकको कार्य सञ्चालन भएको थियो ।

मिति २०७९/०४/०१ देखि मिति २०७९/०४/१९ सम्म र २०७९/१०/०२ गतेदेखि २०८० असार मसान्तसम्म २१२१७६ जना नागरिकको मतदाता नामावलीका लागि नाम संकलन भएको थियो । जसको संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ ।

| अवधि | मतदाता नामावली दर्ता संख्यात्मक विवरण |
|---|---|
| २०७९ श्रावण १ गतेदेखि श्रावण १९ गतेसम्म | १७०२६२ |

| | |
|---|---|
| २०७९/१०/२ गतेदेखि माघ मसान्तसम्म | ४११६ |
| २०७९ फागुन | ५७०२ |
| २०७९ चैत्र | ७११५ |
| २०८० वैशाख | ८१९५ |
| २०८० जेठ | ५८९१ |
| २०८० असार | १०८७६ |
| **जम्मा** | **२१२१५७** |

### ५.२.१ मतदाता नामावली अद्यावधिक कार्यक्रम

मतदाता नामावली ऐन, २०७३ अनुसार आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली संकलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्दछ । अद्यावधिकमा कुनै मतदाताको नाम र विवरणमा कुनै त्रुटी भए सच्याउने, कुनै मतदाताको नाम एक वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश भएकोमा एक स्थानबाट नाम हटाइ दोहोरो नाम मतदाता नामावलीमा नरहने व्यवस्था गर्ने लगायतका विषयवस्तुहरू पर्दछन् । सो कार्य आयोगबाट निरन्तर हुँदै आइरहेको छ । आयोगको मिति २०७९/०२/२३ को निर्णयानुसार मिति २०७९/०३/०१ देखि सबै निर्वाचन कार्यालयबाट मतदाता नामावली अद्यावधिक भएको थियो ।

सम्बत् २०७९/०४/०१ गतेदेखि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन घोषणा भएको मिति २०७९/०४/१९ सम्म ७७ निर्वाचन कार्यालय (बाह्य जिल्ला दर्ता समेत), ७७ जिल्ला प्रशासन कार्यालय, ७३ वटा इलाका प्रशासन कार्यालयबाट सङ्कलन भएको मतदाता नामावली दर्ता समेत अद्यावधिक प्रकृयामा लगिएको थियो । आयोगको मिति २०७९/०९/२२ को निर्णय अनुसार मिति २०७९/१०/०२ गतेदेखि २०८० असार मसान्तसम्म सबै निर्वाचन कार्यालय (बाह्य जिल्ला दर्ता समेत) बाट मतदाता नामावली अद्यावधिक कार्य भएको थियो ।

### ५.२.२ बाह्य जिल्ला मतदाता नामदर्ता (ODR)

पेशा, व्यवसायको कारणले कुनै एक जिल्लामा बसोवास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा भएका नागरिकहरूको समेत आफूलाई पायक पर्ने जिल्लाका निर्वाचन कार्यालयहरूबाट नामावली संकलन (बाह्य जिल्ला मतदाता नामावलीमा नामदर्ता (ODR)) गर्न सकिने व्यवस्था वमोजिम आयोगको मिति २०७९/०२/२३ को निर्णयानुसार

मिति २०७९/०३/०१ देखि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन घोषणा भएको मिति २०७९/०४/१९ सम्म सबै निर्वाचन कार्यालयबाट (ODR) अन्तर्गत मतदाता नामावली सङ्कलन गरिएको थियो। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको घोषणा भए पश्चात् मतदाता नामावली दर्ता कार्य स्थगित गरिएको थियो भने उक्त निर्वाचन सम्पन्न भए पश्चात आयोगको मिति २०७९/०९/२२ को निर्णय अनुसार मिति २०७९/१०/०२ गतेदेखि २०८० असार मसान्तसम्म सबै निर्वाचन कार्यालय बाह्य जिल्ला दर्ता गरिएको थियो।

### ५.२.३ अनलाइन मतदाता नामावली दर्ता

निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली संकलन कार्यलाई सरलीकरण गर्दै अनलाइनबाट नै फाराम भरी मतदाता नामावली दर्ता गर्न सकिने गरी Web-based Voter List Pre Registration System तयार गरी Pilot Operation को रूपमा काठमाडौं उपत्यकाका ३ जिल्ला काठमाडौं, भक्तपुर तथा ललितपुरबाट मिति २०७९/०३/२९ गतेदेखि शुरु गरिएकोमा आयोगको मिति २०७९/०९/२२ को निर्णय बमोजिम सबै निर्वाचन कार्यालयहरूबाट मिति २०७९/१०/०२ गतेदेखि मतदाता नामावली प्रि-इनरोलमेन्ट प्रणालीबाट मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावली सङ्कलन कार्य सुचारू भएको थियो।

फोटोसहितको मतदाता नामावलीमा हालसम्म नाम दर्ता नगरेका नेपाली नागरिकले अनलाइनबाट फाराम भर्न चाहेमा निर्वाचन आयोग, नेपालको वेबसाइट www.election.gov.np मा गई व्यक्तिगत विवरण भरी निर्वाचन कार्यालयहरूमा अनलाइनबाट निवेदन पेश गर्न सकिने साथै अनलाइन फाराममा उल्लिखित संकेत नम्बर सहितको प्रिन्ट कपी र आवश्यक अन्य प्रमाण कागजात सहित बायोमेट्रिक दिनका लागि निर्वाचन कार्यालयमा जाने व्यवस्था मिलाइएको थियो।

### ५.२.४ Cut-Off-Date निर्धारण तथा मतदाता नामावली दाबी विरोध कार्यक्रम सञ्चालन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को निर्वाचन घोषणा पश्चात् आयोगको मिति २०७९/०४/२२ गतेको निर्णयानुसार मतदाता नामावलीका लागि नाम दर्ता गरेका र मिति २०७९/०८/०३ गते अठार वर्ष उमेर पूरा भएका व्यक्तिलाई अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने गरी Cut- Off-Date तोकिएको साथै सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो। त्यसैगरी मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ स्वीकृत गरी सो समेत नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो। सो मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ मिति २०७९/०५/१२ देखि २०७९/०५/१९ सम्म विभिन्न क्रियाकलापसहित सबै निर्वाचन कार्यालयहरूमा सञ्चालन गरिएको थियो। यस्तै प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० को निर्वाचन मिति घोषणा पश्चात् आयोगको मिति २०७९/११/०१ को निर्णय बमोजिम

मतदाता नामावली अद्यावधिक गर्ने र मिति २०८०/०१/०९ गते अठार वर्ष उमेर पूरा भएका व्यक्तिलाई अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने गरी Cut- Off-Date तोकिएको साथै सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो ।

### ५.२.५ अन्तिम मतदाता नामावली स्वीकृति तथा प्रकाशन

मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावली दाबी विरोध समेतको प्रकृया पूरा गरिसके पछि अन्तिम मतदाता नमावली प्रकाशन गरिन्छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि र प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि समेत गरेर यस आर्थिक वर्षमा दुई पटक अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि आयोगको मिति २०७९/०५/३१ को निर्णय अनुसार एक करोड उनासी लाख अठासी हजार पाँच सय सत्तरी मतदाताको नामावली निर्धारित ढाँचामा आयोगको वेबसाईटमा मिति २०७९/०५/३१ गते नै प्रकाशन गरिएको थियो ।

यस्तै प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० प्रयोजनका लागि पनि देशभरको मतदाता नामावली अद्यावधिक गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम अद्यावधिक गरी आयोगको मिति २०७९/१२/१६ को निर्णय अनुसार मिति २०८०/०१/०९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताहरू १,८०,०१,५६६ (एक करोड असी लाख एक हजार पाँच सय छेसठ्ठी) जनाको अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो । अन्तिम मतदाता नामावलीको विवरण प्रदेश, जिल्ला एवम् स्थानीय तह अनुसार स्वीकृत भए बमोजिम सोको PDF तयार गरी आयोगको वेबसाइटमा प्रकाशन गरी ७७ वटै निर्वाचन कार्यालयहरूमा उपलब्ध गराइएको थियो । जिल्ला अनुसार मतदाता, मतदान स्थल, मतदान केन्द्र संख्या र २०८० वैशाख ०९ गते सम्म १८ वर्ष पूरा भएका मतदाताको विवरण **अनुसूची -३** मा प्रस्तुत गरिएको छ ।

### ५.३ मतदान केन्द्र पुनरावलोकन

निर्वाचनमा मतदातालाई मतदानस्थल तथा मतदान केन्द्रसम्म सहज आवागमन र पहुँच योग्य बनाई अधिक मतदान हुन सक्ने व्यवस्था मिलाउन, मतदान स्थलसम्म आवतजावत गर्न सुरक्षित तुल्याउने कुरालाई समेत दृष्टिगत गरी मतदानस्थल तथा मतदान केन्द्र निर्धारण गर्न आवश्यक हुन्छ । यसका लागि आयोगले मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ स्वीकृत गरी समय समयमा मतदानस्थल तथा मतदान केन्द्र निर्धारण गर्ने गरेको छ ।

सम्वत् २०७७/०९/२१ गतेदेखि ऐ./११/२३ गतेसम्म मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन कार्यक्रम सञ्चालन भई आयोगबाट देशभर १०,७५६ वटा मतदानस्थल निर्धारण भएका थिए भने मिति २०७९/०१/३१ मा भएको स्थानीय तहको निर्वाचन समेत

सोही आधारमा सम्पन्न भएको थियो । स्थानीय तहको निर्वाचन सम्पन्न पश्चात् उक्त निर्वाचनमा मतदानस्थल तथा मतदान केन्द्रका सम्बन्धमा आएका गुनासा तथा समस्या समाधानका लागि मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन गर्नका लागि मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिमको प्रकृया पूरा गरी सिफारिस भइ भएका मतदान स्थलका सम्बन्धमा आयोगको मिति २०७९/०५/२० र अन्तिम मतदाता नामावली प्रकाशनसँगै मिति २०७९/०५/३१ मा १०८९१ मतदानस्थल र एक मतदान केन्द्रमा एक हजार ६४ जना मतदाता रहने गरी मतदान केन्द्र निर्धारण गरिएको थियो । सो बमोजिम देशभर जम्मा २२,२२६ मतदान केन्द्र कायम भएका थिए ।

यस्तै मिति २०८०/०१/१० मा भएको प्रतिनिधि सभा सदस्य उपनिर्वाचन प्रयोजनका लागि देशभर मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्दा १०८९२ मतदानस्थल र २२२३७ मतदान केन्द्र कायम गरिएको थियो ।

निर्वाचन अवधि शुरु भए पश्चात पूर्व निर्धारित मतदान स्थलमा मतदान कार्य सञ्चालन गर्न मतदान स्थलको भौगोलिक अवस्था, पूर्वाधारको अवस्था समेतका आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदानस्थल अस्थायी रूपमा सार्नका लागि सिफारिस गरेबमोजिम आयोगबाट ४ वटा अस्थायी मतदानस्थल कायम भएको थियो । यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि देशभर १४१ मतदान केन्द्र तोकिएको थियो ।

### ५.४ मतदाता परिचय पत्र र पहिचानका आधार

मतदाता नामावली ऐन, २०७३ को दफा २७ को उपदफा (१) मा "आयोगले फोटो सहितको मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई मतदाता परिचय-पत्र उपलब्ध गराउनेछ" भन्ने व्यवस्था रहेको छ । सोही बमोजिम आयोगले मतदाता परिचय पत्र उपलब्ध गराउँदै आएको छ ।

मतदाता परिचय पत्र नासिए वा हराएका मतदाताको मतदान गर्ने अधिकारबाट बञ्चित हुन नपरोस् भनी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगको मिति २०७९/०७/२२ मा र प्रतिनिधि सभा सदस्य उपनिर्वाचन प्रयोजनका लागि मिति २०८०/०१/०५ मा आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन गर्ने निर्णय भएको थियो ।

## परिच्छेद ६

## निर्वाचन शिक्षा, सूचना तथा क्षमता अभिबृद्धि

लोकतन्त्र, निर्वाचन तथा शासकीय व्यवस्थाका बारेमा आम नागरिकलाई सामान्य जानकारी प्रदान गरी लोकतन्त्रको सम्बर्द्धन एवम् निर्वाचनमा अर्थपूर्ण सहभागिताका लागि सञ्चालनमा ल्याइने शिक्षा नै निर्वाचन शिक्षा हो । आयोगले निर्वाचन शिक्षालाई निरन्तर रुपमा प्रवाह गर्दै आइरहेको छ । निर्वाचन शिक्षा सञ्चालनका खास उद्देश्य निर्धारण गरिएको हुन्छ । निर्वाचन तथा मतदाता शिक्षालाई निरन्तर रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोगको आफ्नै परिसर तथा प्रदेश (कोशी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश) स्तरीय निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC) को स्थापना गरी सञ्चालनमा ल्याएको छ । यस केन्द्रबाट भावी मतदाता तथा अन्य सरोकारवालालाई लोकतन्त्र, संविधान, निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सैद्धान्तिक तथा नमूना मतदानमार्फत व्यवहारिक शिक्षा प्रदान गर्दै आएको छ । निर्वाचनमा मतदाता नामावली सङ्कलन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरूलाई जानकारी गराउने उद्देश्यले निर्वाचनको अवधिमा वृहत रूपमा मतदाता जागरणका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिँदै आएको छ । मतदातालाई निर्वाचनको प्रक्रियाका सम्बन्धमा सुसूचित गराई सहभागिता अभिवृद्धि गर्न तथा बदर मत घटाउने उद्देश्यले विविधतायुक्त मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ ।

कुनै पनि संगठनको उद्देश्य प्राप्तिका लागि दक्ष, योग्य, अनुभवी र सक्षम जनशक्ति महत्वपूर्ण श्रोतको रुपमा मानिन्छ । निर्वाचन व्यवस्थापनलाई सहज र सरल बनाउन आयोग र अन्तर्गत कार्यालयका कर्मचारी तथा निर्वाचनको अवधिमा खटिने जनशक्तिलाई दक्ष, सीपयुक्त र क्षमतावान बनाउन निर्वाचन सम्बन्धी तालिम वा क्षमता अभिवृद्धिका कार्यक्रमको आवश्यकता पर्दछ । त्यसैगरी निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि आयोगले विषयगत तथा ब्रीज मोड्युल अन्तर्गतका विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको छ ।

### ६.१. निर्वाचन शिक्षा प्रशिक्षण

आयोगले आम नागरिकलाई लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रकिया, निर्वाचन प्रणाली, निर्वाचन तथा शासकीय व्यवस्थाका बारेमा सामान्य जानकारी प्रदान गरी लोकतन्त्रको

सम्बर्द्धन एवम् निर्वाचनमा अर्थपूर्ण सहभागिताका लागि निर्वाचन शिक्षा सम्बन्धी विभिन्न प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

## ६.२ क्षमता अभिबृद्धि

निर्वाचन र निर्वाचन व्यवस्थापनको सैद्दान्तिक र व्यवहारिक पक्षका बारेमा जानकारी गराउन दक्ष, योग्य, सिपयुक्त जनशक्ति तयार पार्न आयोग वा अन्तर्गत कार्यालयका कर्मचारी एवम् आवश्यकता अनुसार नेपाल सरकारका वहालवाला वा पूर्व कर्मचारीहरूलाई क्षमता अभिबृद्धि सम्बन्धी प्रशिक्षक प्रशिक्षण, BRIDGE तथा अन्य तालिम प्रदान गर्ने गरिएको छ। यसरी प्रशिक्षण सञ्चालन गर्दा मुख्य प्रशिक्षक प्रशिक्षण, प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण र जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।यसरी मुख्य प्रशिक्षक प्रशिक्षण लिएका मुख्य प्रशिक्षकले प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण लिएका प्रशिक्षकले जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने गरिन्छ। यसका अतिरिक्त निर्वाचन पर्यवेक्षक, आमसञ्चार, नागरिक समाज लगायत अन्य सरोकारवालाहरूलाई समेत आवश्यकता अनुसार क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। निर्वाचनको समष्टिगत स्तरीकरणको लागि निर्वाचन व्यवस्थापनमा खटिने जनशक्तिका अतिरिक्त निर्वाचनका प्रत्यक्ष वा परोक्ष सरोकारवालाहरूलाई समेत निर्वाचनका विषयवस्तु, विधि र प्रक्रिया बारे जानकारी हुनु आवश्यक मानिन्छ । अतः यस अवधिमा सञ्चालन गरिएका केही प्रशिक्षक प्रशिक्षण र तालिम देहायानुसार रहेका छन् ।

### ६.२.१ मुख्य प्रशिक्षक प्रशिक्षण तथा अन्य प्रशिक्षण

**प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९**

मिति २०७९/०८/०४ गते सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा परिचालन भएको जनशक्ति तथा सरोकारवालाको सीप, दक्षता एवम् क्षमता अभिबृद्धि गरी निर्वाचनलाई स्वच्छ निश्पक्ष विश्वासनीय र मितव्ययी बनाउनका लागि निर्वाचनका विविध विषयमा विषयगत प्रशिक्षण सञ्चालन गरिएका थिए । साथै, आवश्यकता अनुसार अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । निर्वाचनसम्बन्धी सूचना तथा सन्देश प्रवाह गरी मतदातालाई सुसूचित गर्ने तथा निर्वाचनमा बदर मतको प्रतिशतलाई कम गर्ने उद्देश्यले विभिन्न कार्यक्रम समेटी मतदाता शिक्षा सञ्चालन गरिएको थियो । मतदाता शिक्षा कार्यक्रम अन्तर्गत नमूना मतदान तथा घरदैलो कार्यक्रम साथै साविकको मतदाता शिक्षा सम्बन्धी परम्परागत विधिमा केही परिवर्तन गरी

यसपटक डिजिटल माध्यमको प्रयोगमा जोड दिइएको थियो।समयको माग अनुसार मतदाता शिक्षालाई सामाजिक सञ्जालसँग जोड्दै विभिन्न प्रकारका मतदाता शिक्षा सामग्री तयार गरी निर्वाचनको प्रचार प्रसार गरिएको थियो। स्थानीय तहको समन्वय र सहकार्यलाई अघि बढाउदै वडा तहमा मतदाता शिक्षा सञ्चालन भएका थिए।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा परिचालन हुने जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नका लागि देहायका क्रियाकलाप सञ्चालन गरिएको थियोः

**निर्वाचन तालिम निर्देशिका, २०७९**

निर्वाचनमा परिचालन हुने जनशक्ति तथा सरोकारवालाहरूको क्षमता अभिबृद्धिका लागि व्यवस्थित रुपमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनको लागि विभिन्न विषयगत तालिमको चयन, तालिममा समावेश गरिने विषयवस्तु, तालिम सञ्चालन प्रक्रिया, सहभागी छनोट लगायतका विषय तथा तालिम सञ्चालनको लागि आवश्यक संरचनात्मक व्यवस्था समावेश गरी निर्वाचन तालिम निर्देशिका तयारी गरिएको थियो।

**स्रोत पुस्तिका तयारी**

विभिन्न विषयगत तालिम सञ्चालन पूर्व नै सो तालिमको स्रोतपुस्तिका तयार गरिएको थियो ।यस अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन, निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन र मतदाता शिक्षाका स्रोत पुस्तिका तयार गरी तालिमका सहभागीलाई सफ्ट कपी वितरण गरिएको थियो।

निर्वाचनको समयमा परिचालन हुने जनशक्ति एवम् सरोकारवालाको क्षमता अभिबृद्धि गर्न आयोगबाट सञ्चालन गरिने तालिम कार्यक्रमलाई व्यवस्थित ढँगबाट सञ्चालन गर्न निर्वाचन तालिम निर्देशिका, २०७९ आयोगबाट स्वीकृत भएको र सोही बमोजिम तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। तालिमको विषय वस्तु अवधि, सहभागी, स्रोत-पुस्तिका, प्रस्तुतिकरण लगायतका विषयमा निर्देशिकामा व्यवस्था गरिएका निर्वाचन तालिम सञ्चालन तथा व्यवस्थापन समिति र उच्चस्तरीय निर्वाचन तालिम समितिमा आवश्यक छलफल गरी तालिम सञ्चालन गरिएको थियो। प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा देहायका विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

उपर्युक्त तालिम आवश्यता अनुसार तहगत **(Cascade)** रुपमा देहायअनुसार सञ्चालन गरिएको थियो ।

क. मुख्य प्रशिक्षक प्रशिक्षण

ख. प्रादेशिक प्रशिक्षक प्रशिक्षण

ग. जिल्लास्तरीय प्रशिक्षण

कतिपय प्रशिक्षण कार्यक्रमहरू अनलाईन प्रणाली मार्फत पनि सञ्चालन भएका थिए ।

**तालिमहरू**

- मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण
- निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण
- निर्वाचन र प्रविधि तालिम
  - ☞ मतदाता नामावली अद्यावधिक सम्बन्धी अनलाईन प्रणाली मार्फत प्रशिक्षण
  - ☞ अस्थायी मतदाता नामावली सम्बन्धी अनलाईन प्रणाली मार्फत प्रशिक्षण
  - ☞ ७५३ स्थानीय तहमा कार्यरत निर्वाचन सम्पर्क व्यक्तिहरूका लागि अनलाईन प्रणाली मार्फत क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण ।
- निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन तालिम
- मतदाता शिक्षा तालिम

### ६.२.१.१ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण

मतपत्र छपाइ कार्य प्रयोजनार्थ जनक शिक्षा सामग्री केन्द्रमा खटिने कर्मचारीको लागि मिति २०७९/०५/२० गते १ दिने मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रयोग गरिने मतपत्र, मतपत्र छपाइ प्रक्रियाबारे सामान्य जानकारी, छापिएको मतपत्रको रुजु गर्ने तरिका र मतपत्र निर्वाचनमा असाध्य महत्वपूर्ण र सवेदनशील भएको हुँदा यस विषयको छपाइ कार्यमा ध्यान दिनुपर्ने कुराहरू, मतपत्र प्याकिङ लगायतका पक्षहरूबारे सहभागीसँग छलफल भएको थियो ।छपाइ कार्यको क्रममा धुलो धुवाँबाट बच्न जनशक्तिले प्रयोग गर्नु पर्ने माक्स लगायतका विषयमा पनि छलफल भएको थियो । सो कार्यक्रममा मतपत्र छपाइ कार्यमा खटिने २१ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ६.२.१.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण

निर्वाचन व्यवस्थापन तथा सञ्चालन कार्यमा परिचालन हुने मुख्य निर्वाचन अधिकृत ७७ जना, निर्वाचन अधिकृत ८८ जना तथा निर्वाचन अधिकारीहरू ७७ जनाका लागि लक्षित गरिएको यो तालिम तीन चरणमा सञ्चालन गरिएको थियो। केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण, प्रदेशमा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण र जिल्लामा मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि मतदान तथा मतगणना प्रशिक्षण सञ्चालन गरिएको थियो।

#### क. निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीहरूका लागि प्रदेशस्तरमा सञ्चालन गरिने तालिमका लागि आवश्यक पर्ने प्रशिक्षक तयार गर्नका लागि केन्द्रमा मिति २०७९/०६/४ र ५ गते निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी, प्रथम श्रेणी र आयोगका राजपत्राङ्कित प्रथम तथा द्वितीय श्रेणीका जम्मा २६ जना कर्मचारीहरू सहभागी रहेको सो कार्यक्रममा नेपाल सरकारको विशिष्ट श्रेणीबाट अवकाश प्राप्त कर्मचारी तथा आयोगका सचिव, सहसचिव एवम् उपसचिवले सहजीकरण गर्नुभएको थियो। निर्वाचन सम्बन्धी कानूनी व्यवस्था, निर्वाचन कार्यक्रम, निर्वाचनमा प्रविधिको प्रयोग, मतदान तथा मतगणना, नमूना मतदान एवम् निर्वाचन सम्बन्धमा आयोगको तयारीबारे सो कार्यक्रममा प्रस्तुति तथा छलफल भएको थियो। प्रदेशस्तरीय प्रशिक्षणमा प्रशिक्षकले निभाउनु पर्ने भूमिकाबारेमा पनि सहभागीहरूसँग छलफल भएको थियो। मुख्य प्रशिक्षक प्रशिक्षणका सहभागीलाई प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको थियो

मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्नुपूर्व सो कार्यक्रमका लागि तयार पारिएको स्रोत पुस्तिका तथा प्रस्तुतिकरणका सम्बन्धमा छलफल गरी ती सामग्रीमा आवश्यक परिमार्जन गर्नका लागि मिति २०७९/०६/२ गते मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमका स्रोत व्यक्तिहरूको सहभागितामा एक अन्तरक्रिया कार्यक्रमको समेत आयोजना गरिएको थियो।

## ख. निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नियुक्त भएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका प्रदेश तथा जिल्ला निर्वाचन अधिकारी एवम् जगेडा निर्वाचन अधिकृतहरूलाई सहभागी निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा गराई २०७९ असोज १२ र १३ गते देशका विभिन्न ५ स्थान (विराटनगर, चितवन, काठमाण्डौ, बुटवल र नेपालगञ्ज) मा १० वटा समूहमा प्रशिक्षण सञ्चालन गरिएको थियो। उक्त प्रशिक्षणमा निर्वाचन सम्बन्धी कानूनी व्यवस्था, निर्वाचन कार्यक्रम, निर्वाचनमा प्रविधिको प्रयोग, मतदान तथा मतगणना, नमूना मतदान एवम् निर्वाचन सम्बन्धमा आयोगको तयारीबारे प्रस्तुति र छलफल भएको थियो। उक्त कार्यक्रममा ७७ जना मुख्य निर्वाचन अधिकृत, ८८ जना निर्वाचन अधिकृत, ७७ जना निर्वाचन अधिकारी र ३ जना जगेडा निर्वाचन अधिकृत गरी जम्मा २४५ जनाको सहभागिता रहेको थियो।

## ग. मतदान तथा मतगणना तालिम

मतदान केन्द्रमा परिचालन हुने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूका लागि १६५ निर्वाचन क्षेत्रमा १ दिने मतदान तथा मतगणना तालिम सञ्चालन गरिएको थियो। देशभर रहेका २२,२२७ मतदान केन्द्रको लागि २ प्रतिशत जगेडा मतदान अधिकृत समेत करिब ४५,००० जना कर्मचारीलाई यो तालिम प्रदान गरिएको थियो। प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतसँगको समन्वयमा सञ्चालन गरिएको सो तालिममा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनबारे जानकारीका साथै मतदान अधिकृतले नियुक्ति पत्र प्राप्त गरेपछि निर्वाचनमा मतदान केन्द्रमा गर्नुपर्ने विभिन्न कार्यका बारेमा छलफल गराउँदै मतगणना कार्यको बारेमा समेत जानकारी गराइएको थियो। उक्त कार्यक्रममा मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नु पर्ने कामको चेकलिष्ट तयार गरी सो सम्बन्धी छलफल भएको थियो।

### ६.२.१.३ निर्वाचन र प्रविधि प्रशिक्षण कार्यक्रम

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा निर्वाचन आयोगले प्रयोगमा ल्याएको प्रविधिका बारेमा निर्वाचन अधिकृतको कार्यालय एवम् प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरका लागि निर्वाचन र प्रविधि विषयक तालिमको आयोजना गरिएको थियो । उक्त तालिम ३ तहमा सञ्चालन गरिएको थियो ।

#### क. निर्वाचन र प्रविधि मुख्य प्रशिक्षक प्रशिक्षण

निर्वाचन आयोगमा कार्यरत सूचना प्रविधिसँग सम्बन्धित २१ जना कर्मचारीलाई सहभागी गराई मिति २०७९ असोज ७ र ८ गते २ दिनको मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता नामावली सम्बन्धमा प्रयोगमा रहेको सफ्टवेयर, मनोनयन दर्ता एवम् मतगणनामा प्रयोग गरिएको सफ्टवेयर र यसको सञ्चालन प्रक्रिया लगायतका विषय सो तालिममा समावेश गरिएको थियो ।

#### ख. निर्वाचन र प्रविधि प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरहरूका लागि २०७९ असोज १२ र १३ गते देशका ३ स्थान (विराटनगर, पोखरा र नेपालगञ्ज) मा निर्वाचन र प्रविधि प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा मतदाता नामावली सम्बन्धमा प्रयोगमा रहेको सफ्टवेयर, मनोनयन दर्ता एवम् मतगणनामा प्रयोग गरिएको सफ्टवेयर र यसको सञ्चालन प्रक्रिया लगायतका विषयमा प्रस्तुति र छलफल भएको थियो । सो कार्यक्रममा ८४ जना कम्प्युटर अपरेटरहरूको सहभागिता रहेको थियो ।

#### ग. निर्वाचन र प्रविधि जिल्लास्तरीय प्रशिक्षण

निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कम्प्युटर अपरेटरहरूका लागि सम्बन्धित जिल्लामा १ दिनको निर्वाचन र प्रविधि विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा देशभरबाट १६५ जना कम्प्युटर अपरेटरको सहभागिता रहेको थियो ।

#### घ. निर्वाचन र प्रविधि अनलाइन प्रणाली मार्फत प्रशिक्षण

निर्वाचन सञ्चालन र व्यवस्थापनको सन्दर्भमा आयोगले प्रयोगमा ल्याएको मोबाइल एप, मतदान अधिकृतका लागि इभेन्ट ट्र्याकिङ प्रणाली तथा मतगणना लगायतका विषयलाई समेटेर प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका ८४ जना एवम् निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत १६५ जना गरी जम्मा २४९

जना कम्प्युटर अपरेटरहरूका लागि अनलाइन प्रणाली मार्फत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम मित २०७९ कार्तिक २४ र २५ गते सम्पूर्ण सहभागीलाई ५ वटा समूहमा विभाजन गरी अलग अलग समयमा सञ्चालन गरिएको थियो।

**ङ. मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) सम्बन्धी तालिम**

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा अन्तिम मतदाता नामावली तयार पार्ने प्रयोजनको लागि मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपूर्व आयोगमा कम्प्युटर इन्जिनियर र कम्प्युटर अपरेटरको लागि दुई समूहमा सो कार्यक्रम सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। मिति २०७९ साउन ३१ गते कम्प्युटर अपरेटरका लागि सञ्चालन गरिएको तालिममा १७ जनाको सहभागिता रहेको थियो भने मिति २०७९ भदौ १ र २ गते सञ्चालन गरिएको तालिममा ७ जनाको सहभागिता रहेको थियो।

**च. मतदाता नामावलीको निस्सा प्रदान गर्ने सम्बन्धमा अभिमुखीकरण**

समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने राजनीतिक दलले अन्तिम मतदाता नामावलीमा उम्मेदवारको नाम रहेको निस्सा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम आयोगबाट राजनीतिक दललाई मतदाता नामावलीमा नाम रहेको निस्सा पेश गर्नुपूर्व मिति २०७९ भदौ ३१ मा उक्त कार्यमा परिचालन गरिएका कर्मचारीलाई १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। आयोगमा सञ्चालन गरिएको सो कार्यक्रममा कम्प्युटर इन्जिनियर, कम्प्युटर अधिकृत र कम्प्युटर अपरेटर गरी जम्मा ३५ जना कर्मचारीको सहभागिता रहेको थियो।

### ६.२.१.४ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन

निर्वाचनका सिलसिलामा निर्वाचन सामग्री व्यवस्थापनसँग सम्बन्धित कर्मचारी तथा आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीको क्षमता विकास गर्न निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो। यो तालिम समेत ३ तहमा सञ्चालन गरिएको थियो।

**क. निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण**

निर्वाचन आयोग एवम् महालेखा नियन्त्रक कार्यालयका १२ जना कर्मचारीहरूको सहभागितामा मिति २०७९/०६/२९ गते तालिम सञ्चालन गरिएको थियो। निर्वाचनको सन्दर्भमा प्रयोग गरिने सामग्रीको खरिद, प्राप्ति, ढुवानी, भण्डारण, प्याकिङ तथा वितरणका बारे एवम् निर्वाचन सञ्चालनका लागि गरिने आर्थिक व्यवस्थापनका विविध पक्षका बारेमा सो तालिममा समेटिएको थियो। यस

प्रशिक्षणमा सहभागी जनशक्ति नै प्रदेशस्तरीय प्रशिक्षणमा सहजकर्ताको रुपमा प्रस्तुत भएका थिए ।

## ख. आर्थिक प्रशासन सम्बन्धी अनलाइन प्रशिक्षक प्रशिक्षण

प्रत्येक जिल्लामा आर्थिक प्रशासन सम्बन्धी प्रमुख निकायको रुपमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक तथा कोष नियन्त्रकहरूका लागि मिति २०७९/०६/३० गते अनलाइन प्रणाली मार्फत १ दिने आर्थिक प्रशासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । निर्वाचन आयोग र महालेखा नियन्त्रक कार्यालयबाट अनलाइन मार्फत सञ्चालित सो कार्यक्रममा निर्वाचनलाइ स्वच्छ, निष्पक्ष र मितव्ययी बनाउन आर्थिक व्यवस्थापनका क्षेत्रमा ध्यान दिनु पर्ने र निर्वाचनमा वित्तीय अनुशासन कायम राख्न गर्नुपर्ने प्रयासका बारेमा समेत छलफल भएको थियो । प्रत्येक जिल्लामा सञ्चालन गरिने आर्थिक व्यवस्थापनसम्बन्धी तालिममा सहजकर्ता तयार गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको थियो ।

## ग. निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत जिन्सीसँग सम्बन्धित कर्मचारी र आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीको सहभागितामा मिति २०७९/०७/२ गते देशभरका ५ स्थान (विराटनगर, चितवन, काठमाण्डौ, बुटवल र नेपालगञ्ज) मा निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षणमा निर्वाचन अवधिमा प्रयोगमा आउने सामग्रीको प्राप्ति, भण्डारण, प्रयोग, पुनः प्रयोग जस्ता पक्ष निर्वाचन सामग्री व्यवस्थापनमा समेटिएका थिए भने आर्थिक व्यवस्थापनमा आयोगलाई प्राप्त बजेट रकम, आर्थिक कार्यविधि बमोजिम बजेट खर्च गर्ने तरिका लगायतका पक्ष समेटिएका थिए । मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमका सहभागीहरूलाई जिल्लास्तरीय प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको सो तालिममा देशभरबाट १५४ जनाको सहभागिता रहेको थियो ।

## घ. जिल्लास्तरीय आर्थिक व्यवस्थापन प्रशिक्षण

प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा खटिएका आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीलाई जिल्लागत रुपमा १ दिनको आर्थिक व्यवस्थापन प्रशिक्षण सञ्चालन गरिएको थियो । जिल्लागत रुपमा विभिन्न मितिमा सञ्चालन भएको सो तालिममा १६५ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ६.२.१.५ मतदाता शिक्षा तालिम

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदातालाई मतदान सम्बन्धी जानकारी प्रदान गर्नको लागि आयोगले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो र यो कार्यक्रममा परिचालन भएका जनशक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको थियो। यस कार्यका लागि आयोगले ३ तहमा मतदाता शिक्षा तालिम सञ्चालन गरेको थियो भने स्थानीय स्तरमा सम्बन्धित स्थानीय तहबाट तालिम सञ्चालन हुने व्यवस्था रहेको थियो।

**क. मतदाता शिक्षा मुख्य प्रशिक्षक प्रशिक्षण**

आयोगका १२ जना कर्मचारीहरूलाई सहभागी गराई मिति २०७९/०६/२८ गते १ दिने मतदाता शिक्षा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनबारे जानकारी, मतदाता शिक्षाका लागि प्रयोग भएका सामग्रीहरू, मतदाता शिक्षाको प्रचार प्रसार गर्ने क्रममा मतदाता शिक्षा सामग्रीको सही प्रयोग तथा तरिकाबारे, मतदाता शिक्षा कार्यक्रम र नमूना मतदान अभ्यास जस्ता विषय समावेश गरिएका थिए। मुख्य प्रशिक्षक प्रशिक्षणका सहभागीहरूलाई प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको थियो।

**ख. मतदाता शिक्षा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण**

निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणका सहभागीलाई नै सामेल गराई मिति २०७९/०७/०३ गते ५ स्थान (विराटनगर, चितवन, काठमाण्डौ, बुटवल र नेपालगञ्ज) मा मतदाता शिक्षा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। देशभरबाट १५४ जना कर्मचारी यस तालिममा सहभागी भएका थिए।सो कार्यक्रममा प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनबारे जानकारी, मतदाता शिक्षाका लागि प्रयोग भएका सामग्रीहरू, मतदाता शिक्षाको प्रचार प्रसार गर्ने क्रममा मतदाता शिक्षा सामग्रीको सही प्रयोग तथा तरिकाबारे, मतदाता शिक्षा कार्यक्रम र नमूना मतदान अभ्यास जस्ता विषय समावेश गरिएका थिए। प्रत्येक जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न तथा निर्वाचनमा प्रचार प्रसारका लागि आवश्यक मतदाता शिक्षा सामग्रीहरू तालिम सञ्चालन स्थलबाट नै सम्बन्धित जिल्लाका निर्वाचन कार्यालयलाई प्रदान गरिएको थियो। निर्वाचन कार्यलय मार्फत उक्त मतदाता शिक्षा सामग्री स्थानीय तहका पालिकासम्म पुर्‍याइएको थियो।

**ग. जिल्लास्तरीय मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण**

स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिहरूलाई सहभागी गराई जिल्लागत रुपमा विभिन्न मितिमा जिल्लास्तरीय मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। यो कार्यक्रममा देशभरबाट ७५३ जनाको सहभागिता रहेको थियो । स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रमको लागि आवश्यक पर्ने सामग्री सम्बन्धित निर्वाचन सम्पर्क व्यक्तिलाई तालिमको समयमा नै वितरण गरिएको थियो ।

**घ. स्थानीय स्तरमा मतदाता शिक्षा प्रशिक्षण**

सम्बन्धित स्थानीय तहबाट नियुक्ति पाएका स्थानीय तहका प्रत्येक वडाका स्वयंसेवकहरूलाई निर्वाचन सम्पर्क व्यक्ति मार्फत स्थानीय स्तरमा अभिमुखीकरण सञ्चालन गरी मतदाता शिक्षा घरदैलो कार्यक्रममा परिचालन हुने व्यवस्था गरिएको थियो।उक्त कार्यक्रममा मतदाता शिक्षा सामग्रीको विषयमा पनि उनीहरूलाई जानकार बनाई मतदाता शिक्षा प्रचार प्रसार सामग्री वडा तहसम्म पुर्‍याउने कार्य भएको थियो ।

### ६.२.१.६ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण (प्रतिनिधि सभा सदस्य उपनिर्वाचन)

प्रतिनिधि सभामा रिक्त रहेको चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ गरी तीन वटा निर्वाचन क्षेत्रका रिक्त पदहरूमा सम्वत् २०८०/०१/१० गते उपनिर्वाचन सम्पन्न भएको छ। आयोगले निर्वाचनमा संलग्न हुने जनशक्तिलाई निर्वाचनको सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमाजानकारी गराउन दक्ष, योग्य, सीपयुक्त जनशक्ति तयार पार्ने उद्देश्यले आयोग वा अन्तर्गत कार्यालयका कर्मचारीहरुलाई आवश्यकतानुसार प्रशिक्षण प्रदान गरियो।

मिति २०८०/०१/१० गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्लाको क्षेत्र नं २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ सम्पन्न भएको उपनिर्वाचनको व्यवस्थापन तथा सञ्चालन कार्यमा परिचालन हुने मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूका लागि अनलाईन प्रणाली मार्फत निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ६.२.१.७ मतदाता शिक्षा तालिम (प्रतिनिधि सभा सदस्य उपनिर्वाचन)

प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० मा मतदाता शिक्षा प्रभावकारी रुपमा सञ्चालन गर्ने र बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने उदेश्यले मतदान गर्ने मतदातालाई मतदान सम्बन्धी जानकारी प्रदान गर्नको लागि आयोगले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो र यो कार्यक्रममा परिचालन भएका जनशक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको थियो। यस कार्यका लागि जिल्ला निर्वाचन कार्यालयबाट मतदाता शिक्षा

तालिम सञ्चालन हुने र आयोगबाट सहजकर्ता र अन्य भूमिकामा रही तालिम कार्यक्रमको व्यवस्था रहेको थियो ।

**क. मतदाता शिक्षा प्रशिक्षण**

संवत् २०८०/०१/१० गते सम्पन्न भएको उपनिर्वाचनका सन्दर्भमा मिति २०७९/१२/ २७, २८ र २९ गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्ला क्षेत्र नं २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ का स्थानीय तह नगरपालिका र गाउँपालिकामा कार्यरत १४ जना निर्वाचन सम्पर्क व्यक्तिहरू र स्थानीय तहका प्रत्येक वडामा २ जनाका दरले मतदाता शिक्षा स्वंसेवकहरू जम्मा २८८ जना सहभागीहरूलाई विभिन्न चरण र समूहमा सहभागीहरूलाई पायक पर्ने पालिकामा तालिम स्थान छनौट गरी एक दिने मतदाता शिक्षा प्रशिक्षण प्रदान गरिएको थियो। उक्त तालिम कार्यक्रमा सहभागी भएका २८८ जना मतदाता शिक्षा स्वंसेवकहरूले सम्बन्धित वडाका मतदाताहरूलाई मतदाता शिक्षा घर दैलो कार्यक्रम सञ्चालन गरेको थियो। साथै आयोगले निर्वाचन सम्पर्क व्यक्तिहरूलाई प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० को मतदाता शिक्षा घरदैलो कार्यक्रमको अनुगमन अधिकृतको रुपमा खटाइएको थियो ।

**ख. मतदान तथा मतगणना प्रशिक्षण**

संवत् २०८० बैशाख १० गते सम्पन्न भएको उपनिर्वाचनका सन्दर्भमा मिति २०८०/०१/ ५ र ६ गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्ला क्षेत्र नं २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ का मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूको लागि उपनिर्वाचन हुने तीन जिल्लाको सदरमुकाममा मतदान तथा मतगणना प्रशिक्षण सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा प्रतिनिधि सभा सदस्य उपनिर्वाचनबारे जानकारी, मतदान प्रकृया, मतदान सम्बन्धी व्यवस्थापकीय कार्य, मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान केन्द्र जानु अगाडि, मतदानको समय तथा मतदान सम्पन्न भएपश्चात गर्नु पर्ने कार्य तथा भूमिकाको चेकलिष्ट तयार गरी सो सम्बन्धी प्रस्तुति तथा छलफल भएको थियो ।

उक्त प्रशिक्षण कार्यक्रममा निम्न बमोजिम सहभागीहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

- प्रतिनिधि सभा सदस्य चितवन उपनिर्वाचन क्षेत्र नं २ अन्तर्गत मतदान अधिकृत, सहायक मतदान अधिकृत २८२ जना,
- प्रतिनिधि सभा सदस्य तनहुँ उपनिर्वाचन क्षेत्र नं १ अन्तर्गत मतदान अधिकृत,सहायक मतदान अधिकृत ३११ जना,
- प्रतिनिधि सभा सदस्य बारा उपनिर्वाचन क्षेत्र नं २ अन्तर्गत मतदान अधिकृत,सहायक मतदान अधिकृत २८० जना,

तीन जिल्लामा सम्पन्न भएको मतदान तथा मतगणना प्रशिक्षणमा ८७३ जना सहभागीहरू रहेका थिए । तीन जिल्लामा सम्पन्न भएको मतदान तथा मतगणना प्रशिक्षणमा सम्बन्धित क्षेत्रका मुख्य निर्वाचन अधिकृत, आयोगका सहसचिव, प्रमुख जिल्ला अधिकारी, जिल्लाका चारवटा सूरक्षा निकायः नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा अन्य कार्यलयका प्रमुखहरू, जिल्ला निर्वाचन अधिकारीहरू र आयोगका अन्य अधिकृतहरूबाट प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो।

### ६.२.२ Building Resources in Democracy, Governance and Elections (BRIDGE)

BRIDGE- Building Resources in Democracy, Governance and Elections को संक्षिप्त रुप हो । निर्वाचन प्रक्रियाहरू सञ्चालनार्थ निर्वाचन व्यवस्थापनलाई समेट्न तयार पारिएको निर्वाचन व्यवस्थापनसम्बन्धी बृहद् व्यावशायिक सीप विकास प्रशिक्षणनै BRIDGE हो । अन्तर्राष्ट्रियरुपमा स्वीकार गरिएका लोकतन्त्रका सिद्धान्तहरू तथा निर्वाचनका असल अभ्यासलाई प्रबद्धर्न गर्ने निर्वाचन सम्बन्धी मोड्यूलमा आधारित विषयमा प्रशिक्षण मार्फत निर्वाचन व्यवस्थापकहरूका लागि क्षमता अभिबृद्धि गर्ने उदेश्यले स्थापना भएको हो ब्रीज ।अन्तरक्रियात्मक वयस्क सिकाइ विधिमा आधारित सहभागीहरूको ज्ञान र कदर तथा सहभागितामूलक प्रशिक्षण हो ब्रीज ।निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको सीप तथा अत्मविश्वास अभिबृद्धि गर्ने, निर्वाचन आयोग र सरोकारवालासँग सूचना तथा अनुभव आदान प्रदानको संस्कृति विकास गर्ने उदेश्यले स्थापना भएको संस्था हो ब्रीज । BRIDGE का विभिन्न १६ वटा मोड्यूलमध्ये आवश्यकताको आधारमा उपयुक्त मोड्यूल छनौट गरी तालिम सञ्चालन गरिन्छ तथा निर्वाचनमा नागरिकको बढी भन्दा बढी सहभागिता कसरी गराउन सकिन्छ भन्ने बारे अन्तरक्रियात्मक ढंगबाट जानकारी प्राप्त गर्न सक्ने वातावरण सिर्जना गर्दछ ।प्रतिवेदन अवधिमा BRIDGE सम्बन्धी तालिम सञ्चालन गर्न नसकिएको भएता पनि BRIDGE मा उल्लेख भएका विषयवस्तुहरूलाई समेटेर आयोगले बिभिन्न प्रशिक्षण तथा तालिम कार्यक्रम सञ्चालन गरेको थियो ।

## ६.३ निर्वाचन तथा मतदाता शिक्षा

निर्वाचन आयोगले नागरिक तथा मतदातालाई सुसूचित गरी निर्वाचनमा बदर मत प्रतिशत न्यूनीकरण गर्नका लागि निर्वाचन शिक्षा, नागरिक शिक्षा, मतदाता शिक्षा र नागरिक सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायका मतदाता एवम् भावी मतदाता (Potential Voters) को सचेतना अभिवृद्धि गरी निर्वाचन प्रक्रियामा उनीहरूको पँहुचलाई सहज र सरल बनाउन एवम् निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सहयोग प्राप्त गर्न निर्वाचन आयोगले निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम निरन्तर रुपले सञ्चालन गर्दै आएको छ ।

### ६.३.१ निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालन

निर्वाचन आयोगले निर्वाचनमा अत्यधिक जनसहभगिता बढाई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मितव्ययी र विश्वासनीय बनाउन निर्वाचनमा सबै सधैं सँगै भन्ने अभिप्राय एवम् निर्वाचनमा बदर मत न्यूनीकरण गर्न निरन्तररुपमा निर्वाचन शिक्षा सञ्चालन गर्दै आइरहेको छ । आयोगले निर्वाचन शिक्षालाई आम मतदातासम्म सहजरुपमा पुऱ्याई सुसूचित एवम् प्रशिक्षित मतदाता तयार पार्ने उदेश्यले आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी निरन्तर निर्वाचन शिक्षा सञ्चालन गर्दै आइरहेको छ ।

### ६.३.२ आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई निरन्तर रूपमा सञ्चालन गरी निर्वाचन प्रणाली, विधि र प्रक्रियाप्रति मतदाताको सचेतना अभिवृद्धि गरी निर्वाचनमा मतदाताको सहभागिता बढाउने, बदर मत घटाउने तथा सुसूचित एवम् प्रशिक्षित मतदाता तयार पार्ने उद्देश्यले वि.सं. २०६९ सालदेखि सञ्चालनमा आएको आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा प्रतिवेदन अवधिसम्म विभिन्न समूहमा अध्ययन अवलोकन गरी निर्वाचन शिक्षा लिनेको सङ्ख्या हालसम्म जम्मा ३७,११५ जना पुगेको छ ।

केन्द्रमा विद्यालय विश्व विद्यालयका विद्यार्थी तथा शिक्षक सरकारी तथा गैह् सरकारी संघ संस्था राजनीतिक दल, सामुदायिक संस्था, सुरक्षा निकाय, नागरिक समाज, फरक क्षमता भएका तथा बहिरा संघ संस्था लगायत विभिन्न क्षेत्रका सहभागीहरू अध्ययन अवलोकनका लागि आउने गरेका छन् ।

केन्द्रको स्थापना पश्चात हालसम्मका अध्ययन अवलेकनकर्ताको विवरण हेर्दा कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको छ । जसमा निजी विद्यालयका विद्यार्थीहरूले बढी मात्रामा अवलोकन गर्ने गरेका छन् भने सामुदायिक विद्यालयको उपस्थिति तुलनात्मक रूपमा न्यून रहेको छ । लैङ्गिक रूपमा हेर्दा महिला र पुरूषमध्ये पुरूषको सङ्ख्या तुलनात्मक रुपमा अधिक देखिन्छ भने अन्यको उपस्थिति न्यून रहेको छ।

#### ६.३.२.१ निर्वाचन सम्पर्क व्यक्तिहरूका लागि निर्वाचनका विविध विषयमा क्षमता अभिबृद्धि प्रशिक्षण

आयोगका प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूको उपस्थितिमा मिति २०७९/११/१० र ११ गते बागमती प्रदेशका ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहमा कार्यरत ३२ जना र मिति २०७९/११/११ र १२ र तथा १७ र १८ गते मधेश प्रदेशका बारा, पर्सा, रौतहट, धनुषा, सिरहा, सप्तरी, सर्लाही र महोतरी विभिन्न ८ जिल्लाका स्थानीय तहमा कार्यरत करीव १०० जना निर्वाचन

सम्पर्क व्यक्तिहरूका लागि निर्वाचनका विविध विषयमा क्षमता अभिबृद्धि सम्बन्धी २ दिने प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो ।

### ६.३.२.२ घुम्ती निर्वाचन शिक्षा (Mobile EEIC)

हाम्रो देशका धेरै जिल्लाहरूमा भौगोलिक विकटताका कारण सबै मतदाताहरूलाई सहज र सरलरुपमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट सम्प्रेषण हुने जस्तै निर्वाचन शिक्षाको पहुँचको व्यवस्था गर्न नसकिरहेको अवस्था छ।यसै प्रयोजनका लागि घुम्ती निर्वाचन शिक्षा यसको बैकल्पिक उपायको रुपमा सञ्चालन गर्न सकिने कार्यक्रम हो। आयोगले वार्षिक रुपमा निश्चित विद्यालयहरूमा घुम्ती निर्वाचन शिक्षा निरन्तर सञ्चालन गर्दै आइरहेकोमा आव २०७९/८० निर्वाचन वर्ष भएको हुँदा यस कार्यक्रमको सञ्चालन गर्न नसकिएको हो। यो कार्यक्रम प्रभावकारी देखिएकोले आगामी दिनमा निरन्तर रुपमा सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

### ६.३.३ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई विस्तार गर्ने उद्देश्यले आफ्नै भवन रहेका प्रदेश निर्वाचन कार्यालय मोरङ, प्रदेश निर्वाचन कार्यालय कास्की, प्रदेश निर्वाचन कार्यालय सुर्खेत र प्रदेश निर्वाचन कार्यालय कैलालीमा स्थापित निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट प्रतिवेदन वर्षमा नियमित रूपमा निर्वाचन शिक्षा प्रदान गर्ने कार्य भइरहेको छ । उक्त केन्द्रहरूबाट सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्ता लगायतका सरोकारवालालाई लक्षित गरी निरन्तर रूपमा निर्वाचन शिक्षा सञ्चालन गरिदै आइरहेको छ । यस अवधिमा प्रदेश निर्वाचन कार्यालय कैलालीमा सञ्चालित केन्द्रमा २३० महिला र १९५ पुरुष गरी जम्मा ४२५ जनाले अध्ययन भ्रमण गरेका छन ।

### ६.३.३.१ निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षा कार्यक्रम

#### अ. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगबाट मतदाता शिक्षा अवधारणा र मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ स्वीकृत गरी प्रत्येक स्थानीय तहका सबै वडाहरूमा महिला स्वास्थ्य स्वयंसेविका मार्फत मतदाता शिक्षासम्बन्धी समुदायस्तर तथा घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रम अन्तर्गत खटिएका मतदाता शिक्षा स्वयंसेविकाहरूले नमूना मतपत्रको माध्यमबाट निर्वाचन सम्बन्धी विविध विषयका अतिरिक्त सही मतदान गर्ने तरिकाबारे मतदातालाई जानकारी गराएका थिए। साथै सबै स्थानीय तहहरूमा नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको थियो। यसका लागि आयोगले मतदाता शिक्षा सम्बन्धी विभिन्न प्रकारका पोष्टर, ब्रोसर, पर्चा लगायतका छपाइ सामग्रीहरू उत्पादन गरी वितरण गरेको थियो। साथै, आवश्यकता

अनुसार अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। निर्वाचनसम्बन्धी सूचना तथा सन्देश प्रवाह गरी मतदातालाई सुसूचित गर्ने तथा निर्वाचनमा बदर मतको प्रतिशतलाई कम गर्ने उद्देश्यले विभिन्न कार्यक्रम समेटी मतदाता शिक्षा सञ्चालन गरिएको थियो। मतदाता शिक्षा कार्यक्रम अन्तर्गत साविकको मतदाता शिक्षा सम्बन्धी परम्परागत विधिमा केही परिवर्तन गरी यसपटक डिजिटल माध्यमको प्रयोगमा जोड दिइएको थियो।समयको माग अनुसार मतदाता शिक्षालाई सामाजिक सञ्जालसँग जोड्दै विभिन्न प्रकारका मतदाता शिक्षा सामग्री तयार गरी निर्वाचनको प्रचार प्रसार गरिएको थियो। स्थानीय तहको समन्वय र सहकार्यलाई अघि बढाउदै वडा तहमा मतदाता शिक्षा सञ्चालन भएका थिए।

यसका अतिरिक्त आम सञ्चार माध्यमहरूबाट मतदाता शिक्षा सम्बन्धी श्रव्य दृश्य सामग्रीहरूको प्रसारण भएको थियो। राष्ट्रिय दैनिक पत्रिकाहरूबाट मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका विभिन्न सन्देशहरू प्रकाशन गरिएको र राष्ट्रिय एवम् स्थानीय रेडियो, टेलिभिजनहरूबाट समेत आयोगले उत्पादन गरेका विभिन्न श्रव्य दृश्य सन्देशहरू प्रसारण भएका थिए। आयोगले १७ वटा राष्ट्रिय भाषामा निर्वाचन सम्बन्धी दृश्य सन्देशहरू उत्पादन गरी प्रसारण गरेको थियो। सरकारी सञ्चार माध्यमहरूसँग छुट्टाछुट्टै सम्झौता गरी निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षाका विविध कार्यक्रमहरू सञ्चालन भएका थिए। गोरखापत्र दैनिकको नयाँ नेपाल बहुभाषिक पृष्ठमा विभिन्न राष्ट्रिय भाषामा मतदाता शिक्षा तथा निर्वाचन सम्बन्धी सूचनामूलक सामग्रीहरू प्रकाशित गरिएको थियो।

राष्ट्रिय समाचार समितिको सहकार्यमा सातै प्रदेश र ७७ वटै जिल्लामा निर्वाचनका लागि मिडिया अभिमुखीकरण कार्यक्रमका साथै निर्वाचन सम्बन्धी विशेष आलेख र समाचार सम्प्रेषण गरिएको थियो। नेपाल टेलिभिजनबाट निर्वाचनका विभिन्न सरोकारवाला तथा समाजका प्रतिष्ठित व्यक्तिहरूका छोटो अवधिका भिडियो सन्देशहरू तयार गरी प्रसारण भएको थियो। रेडियो नेपालबाट २१ वटा भाषामा केन्द्र तथा प्रदेशबाट निर्वाचनका गतिविधि, परिणाम र सूचनाहरू समाचार तथा कार्यक्रमका माध्यमबाट प्रशारण भएको थियो। आयोगको सामाजिक सञ्जाल तथा टेलिभिजनबाट समेत मतदाता शिक्षा, सूचना तथा अन्य विभिन्न जानकारीमूलक सामग्री प्रेषित/प्रसारण गरिएको थियो। यसैगरी टेलिफोन नेटवर्कको प्रयोग गरी आयोगका सूचना एवम् सन्देशहरू एसएमएस, रिङ्गटोन लगायतका माध्यमबाट प्रसारण भएको थियो। अनलाईन सञ्चार माध्यमहरूमा समेत निर्वाचन सम्बन्धी सन्देशहरू प्रसारण गरिएको थियो। देशका सातै प्रदेश र काठमाडौंको वसन्तपुरमा निर्वाचन एक्सप्रेस तथा सांगीतिक कन्सर्टको आयोजना गरी लोकप्रिय कलाकारहरूबाट निर्वाचनको प्रचार प्रसार भएको थियो। प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले निर्वाचनसँग सम्बन्धित श्रव्य सन्देशहरू स्थानीय एफएमहरूबाट प्रसारण गरेका थिए। उपर्युक्त बमोजिमका कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्न आयोगमा

मतदाता शिक्षा सम्बन्धी केन्द्रीय निर्देशक समिति गठन गरिएको र जिल्ला तथा स्थानीय तहमा समेत मतदाता शिक्षा सम्बन्धी समितिहरूको व्यवस्था गरिएको थियो।

**मतदाता शिक्षा सामग्री तथा कार्यक्रम**

निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न छपाइ, अडियो,भिडियो तथा अन्य सामग्री प्रयोग भएको थियो । ती सामग्री निम्न रहेका थिए:

**क. छपाइ सामग्रीहरू**

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ बारेमा सामान्य जानकारीसमेत भएको प्रश्नोत्तर, पोष्टर, फ्लीप चार्ट आदि विकास साझेदार संस्था आइएफइएसको सहयोगमा छपाइ गरिएको थियो । यसैगरी आयोगबाट सबै मतदान केन्द्रहररूमा मतदान गर्ने सही तरिका र निर्वाचन आचारसंहिता सम्बन्धी अवधारणामा फ्लेक्स छपाइ गरी पठाइएको थियो ।

**ख. अडियो भिडियो सामग्री**

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि ३९ किसिमका अडियो भिडयो सामग्री उत्पादन गरिएको थियो।यी सामग्रीहरू गीति सन्देश, सम्बादमूलक सन्देश, लघु चलचित्र आदि रहेका थिए । १६ वटा भाषामा समेत अडियो भिडियो सामग्री उत्पादन गरिएको थियो ।

**ग. टेलिभजन प्रसारण**

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगको निर्णय बमोजिम उत्पादन भएका भिडियो सामग्रीहरूः गीति सन्देश, संवादमूलक सन्देश, संवादमूलक लघुनाटक तथा लघु चलचित्रहरू नेपाल टेलिभिजनबाट प्रसारण भएको थियो। उत्पादन भएका गीति सन्देश तथा सम्बादमूलक सन्देशहरू राष्टियस्तरका अन्य टेलिभिजनबाट समेत प्रसारण गरिएको थियो । यसका साथै स्थानीय टेलिभिजन र अन्य टेलिभिजनबाट निर्वाचन सम्बन्धी भीडीयो सन्देशहरू प्रसारण भएको थियो ।

**घ. रेडियो प्रसारण**

निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रमका लागि आयोगले उत्पादन गरेका अडियो सामग्री तथा रेडियो कार्यक्रमसमेत सञ्चालन गर्न र निर्वाचनको वातावरण तयारी गर्ने कुरामा सहयोग पुऱ्याउन रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) सँग छुट्टै सम्झौता गरी रेडियोबाट कार्यक्रम प्रसारण गरिएको थियो।अडियो सन्देशहरू देशभरका एफ एम रेडियोहरूबाट समेत प्रसारण गरिएको थियो ।

### ङ. पत्रपत्रिकामा सूचना एवम् विज्ञापन

निर्वाचनसम्बन्धी सन्देश भएका विभिन्न सूचना १८ वटा राष्ट्रिय दैनिक पत्रिका (ब्रोडसिट) मा रङ्गिन छपाइ गरी प्रकाशन गरिएको थियो ।

### च. सरकारी सञ्चार माध्यमबाट प्रचार–प्रसार

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी सञ्चार माध्यमहरूको महत्वपूर्ण भूमिका रहेको हुँदा आयोगको निर्णय बमोजिम नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति तथा विज्ञापन बोर्डसँग छुट्टाछुट्टै सम्झौता गरी निर्वाचनको प्रचारप्रसार सम्बन्धी कार्य एवम् सोको अनुगमन कार्य भएको थियो । विशेषगरी नेपाल टेलिभिजनबाट सूचना एवम् जानकारीमूलक टेलिभिजन कार्यक्रम प्रसारण, आयोगले उत्पादन गरेका गीति सन्देश, संवादमूलक सन्देश, संवादमूलक नाटक तथा लघुकथाका चलचित्रहरू प्रसारण र समाचारमूलक कार्यक्रम तथा मनोरञ्जनात्मक कार्यक्रममा निर्वाचनका विषयलाई प्राथमिकतासाथ प्रसारण गरिएको थियो । यसैगरी गोरखापत्र दैनिकबाट विभिन्न ३४ वटा भाषामा निर्वाचनसम्बन्धी सन्देशहरू प्रकाशन, समाचार, लेखरचना आदिमा निर्वाचनका विषयहरूको प्राथमिकता दिई प्रकाशन गरिएको थियो । राष्ट्रिय समाचार समितिले आफ्नो समाचार संकलन एवम् सम्पादनमा निर्वाचनका विषयलाई उच्च प्राथमिकता दिएको थियो । रेडियो नेपालबाट आयोगले उपलब्ध गराएका सन्देशहरूको प्रसारण, निर्वाचन विशेष कार्यक्रमहरू प्रसारण, रेडियो नेपाल आफैंले सन्देशहरू उत्पादन गरी प्रसारण, विभिन्न राष्ट्रिय भाषाहरूमा समेत प्रसारण भएको थियो । विज्ञापन बोर्डबाट निर्वाचन प्रचारप्रसार एवम् निर्वाचन आचारसंहिता पालना सम्बन्धमा अनुगमन, आयोगले उपलब्ध गराएका विज्ञापन प्रकाशन, प्रसारण सम्बन्धमा अनुगमन र नेपाल सरकारको लोककल्याणकारी विज्ञापनमार्फत निर्वाचनका सन्देशहरूको प्रकाशन प्रसारण सम्बन्धी कार्य भएका थिए ।

### छ. अनलाईन सञ्चार माध्यमबाट प्रचार–प्रसार

आयोगले अनलाईन सञ्चार माध्यामको लागि मापदणड तोकी मापदण्ड भित्र परेका विभिन्न अनलाईन सञ्चार माध्यमहरूबाट निर्वाचन सुचना तथा सन्देशहरू प्रसारण गरिएको थियो ।

### ज. आमपहुँच कार्यक्रम

सातवटै प्रदेशका सदरमुकाममा निर्वाचन सम्बन्धी सांगितिक कन्सर्ट सञ्चालन गरिएको थियो । काठमाण्डौको बसन्तपुरमा थप एक थान कन्सर्ट सञ्चालन भएको

थियो। यसैगरी इन्द्रेणी टेलिभिजन कार्यक्रममा १२ वटा निर्वाचन सम्बन्धी टेलिभिजन कार्यक्रम प्रसारण गरिएको थियो।

### झ. नमूना मतदान

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा नमूना मतदान कार्यक्रम केन्द्र र जिल्ला स्तरमा सञ्चालन गर्न बजेटको व्यवस्था भए बमोजिम विभिन्न जिल्लाहरूमा नमुना मतदान सञ्चालन भएका थिए।

### ञ. सामाजिक सञ्जालबाट प्रचार–प्रसार

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगका विकास साझेदार संस्थाहरूसमेतको सहयोगमा आयोग परिसरभित्र सामाजिक सञ्जाल अप्रेसन सेन्टरसमेतको व्यवस्था गरी आयोग तथा विकास साझेदार संस्थाहरूले तयार गरेका निर्वाचनसम्बन्धी सूचना एवम् सन्देश इन्टरनेटको माध्यमबाट विभिन्न सामाजिक सञ्जालहरूमार्फत प्रचारप्रसार गरिएको थियो।

### ट. 'म निर्वाचनमा सहभागी हुन्छु' अभियान सञ्चालन

सम्माननीय राष्ट्रपति, प्रधानमन्त्रीलगायत राज्यका उच्च तहका पदाधिकारी तथा राष्ट्रिय स्तरमा ख्याति प्राप्त सामाजिक जीवनका विभिन्न क्षेत्रमा कार्यरत विशिष्ट व्यक्तित्वसमेतबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को प्रचार–प्रसार र मतदाता शिक्षासम्बन्धी विषयमा छोटो अवधिको भिडियो सन्देश रेकर्ड गरी उक्त सन्देशलाई नेपाल टेलिभिजन तथा आयोगको सामाजिक सञ्जालमार्फत प्रसारण गरिएको थियो। यो कार्यक्रमअन्तर्गत भिडियो रेकर्ड गर्ने, इडिट गर्ने र प्रसारण गर्ने कार्यका लागि आयोगले नेपाल टेलिभिजनसँग छुट्टै सम्झौता गरेको थियो।

### ठ. मोबाइल तथा टेलिफोनमा कलर रिङ ब्याक टोन र एसएमएस

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा निर्वाचनको प्रचार–प्रसारका लागि नेपाल दूरसञ्चार प्राधिकरणको सहयोगमा सञ्चालित कल ब्याक रिङ टोन कार्यक्रम निकै प्रभावकारी रहेको थियो। निर्वाचनसम्बन्धी विषयमा छोटो–छोटो सन्देश भएको कल ब्याक टोन (अडियो फाइल) उत्पादन गरी नेपाल टेलिकम र एनसेलका टेलिकम नेटवर्कहरूबाट सन्देश प्रसारण गरिएको थियो।

## आ. प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८०

### क. निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षा कार्यक्रम

प्रतिनिधि सभामा रिक्त रहेको चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ गरी तीन वटा निर्वाचन क्षेत्रका रिक्त पदहरूमा सम्वत् २०८०/०१/१० गते सम्पन्न भएको उपनिर्वाचनका लागि आयोगबाट निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षा कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गरिएको थियो ।

उपर्युक्त बमोजिम उपनिर्वाचन हुने निर्वाचन क्षेत्रभित्रका सबै स्थानीय तहहरूका वडाहरूमा मतदाता शिक्षा स्वयंसेवकहरूबाट निर्वाचन तथा मतदान सम्बन्धी जानकारी गराउने र सही तरिकाले मतपत्रमा छाप लगाउने तरिकाबारे मतदातालाई सचेतना जगाउने कार्यक्रम सम्पन्न भएको थियो । निर्वाचन हुने क्षेत्रभित्रका स्थानीय टेलिभिजन तथा एफ.एम.रेडियोहरूबाट निर्वाचन सम्बन्धी सन्देश प्रसारण निर्वाचन सम्बन्धी जानकारी र मतदान गर्ने सहि तरिका सम्बन्धी जानकारीमूलक अडियो भिडियो सामग्रीहरू आयोगबाट उत्पादन गरी सम्बन्धित क्षेत्रहरूमा प्रसारण गरिएको थियो ।

प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० मा स्थानीय तहका वडाहरूमा सञ्चालन हुने मतदाता शिक्षा घर दैलो कार्यक्रममा वितरण प्रयोजनार्थ आयोगका साझेदार संस्था IFES, Nepal बाट मतदाता शिक्षा सामग्री पोष्टर आयोगलाई प्राप्त भएको थियो ।

**ख. अनलाईन सञ्चार माध्यमबाट प्रचार–प्रसार**

आयोगले केही अनलाईन सञ्चार माध्यमहरूबाट समेत निर्वाचन सम्बन्धी सुचना तथा सन्देशहरू प्रसारण गरेको थियो ।

### ६.३.४ पुस्तकालय

आयोगबाट प्रकाशित विभिन्न प्रकारका पुस्तकहरू, स्मारिका, त्रैमासिक तथा वार्षिक प्रतिवेदन, तिनै तहका निर्वाचनका प्रतिवेदनहरू तथा लोकतन्त्र, निर्वाचन र सुशासन विषयका विभिन्न पाठ्य पुस्तकहरूको संकलन आयोगको पुस्तकालयमा रहेको छ । पुस्तकालयमा अध्ययन अनुसन्धानका क्रममा भ्रमण गर्ने पाठकहरूलाई नियमित रूपमा पुस्तकालय सेवा प्रदान गर्ने कार्य भईरहेको छ ।

## ६.४ सूचनाको हक सम्बन्धी कार्य सम्पादन

सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम (३) बमोजिम निर्वाचन आयोगबाट त्रैमासिक रूपमा सम्पादन हुने कार्य सर्वसाधारणको जानकारीका लागि आयोगको वेभसाइटमा आ.व. २०७९।८० सार्वजनिक गरी सोको विद्युतीय प्रति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइने गरिएको छ।

आयोगसँग सम्बन्धित सूचनाहरू आयोगका सूचना अधिकारी मार्फत निरन्तर रूपमा प्रदान गर्ने कार्य गरिरहेको छ। प्रतिवेदन अवधिमा विभिन्न व्यक्ति र संस्थाबाट २६ वटा सूचना माग भई आएकोमा माग बमोजिमको सूचना लिखित वा मौखिक रुपमा उपलब्ध गराउने गरिएको छ।

## ६.५ निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ तथा प्रदेश सभा सदस्य निर्वाचन, २०८० मा मतदाता शिक्षा प्रवाह गरिएको थियो । आयोगको आधिकारिक सूचना प्रवाह गर्न फेसबुक, ट्वीटर तथा भाइबरजस्ता सामाजिक सञ्जालको प्रयोग गरिएको थियो । निर्वाचन आचारसंहिता, आयोगका निर्णय, ई-बुलेटिनमा प्रकाशित सामग्रीहरू धेरैभन्दा धेरै नागरिकसम्म पुऱ्याउन आयोगका सामाजिक सञ्जालहरू प्रयोग गरिएका थिए । आयोगको भाइबर ग्रुप इलेक्सन कमिसन नेपाल (Election Commission Nepal) मार्फत आफ्ना सूचना सन्देश तथा आयोगका निर्णय सार्वजनिक गर्ने गरिएको थियो । त्यस्तै, सञ्चार माध्यमलाई आयोगका सूचना तथा गतिविधिहरूबारे जानकारी दिन छुट्टै भाइबर ग्रुप बनाइएको थियो । आयोगले तयार गरेका सन्देशमूलक भिडियोहरू आयोगको ट्वीटर, युट्युब, फेसबुक, भाइबरलगायतका सामाजिक सञ्जालमार्फत प्रवाह गरिएका थिए ।

निर्वाचन आयोगले सामाजिक सञ्जालका माध्यमबाट आफ्ना अनुयायी वा सरोकारवाला सम्म द्रुत रूपमा सन्देश र जानकारी प्रवाह गर्न सक्ने र अनुयायीहरूले पनि आफ्नो सञ्जाल मार्फत आयोगको सन्देश तुरुन्त लाखौं उपयोगकर्ता सम्म पुऱ्याउन सक्दछन् ।सामाजिक सञ्जालमा सरोकारवालाहरूले उठाएका प्रश्न, जिज्ञासा र सवालहरूलाई निर्वाचन आयोगले सामाजिक सञ्जालकै माध्यमबाट तत्काल सम्बोधन गरी दोहोरो सम्वाद स्थापित गर्न सहयोग पुऱ्याउँछ निर्वाचनको समयमा मात्र नभएर अन्य समयमा पनि आयोगले आफ्ना निर्णय तथा महत्वपूर्ण सूचना र विज्ञप्तिहरू वेबसाइटको साथसाथै फेसबुकको उपयोग गरेर प्रकाशन गर्ने गरेको छ भने सामान्य सूचना प्रकाशनका लागि ट्वीटरको उपयोग पनि गर्ने गरेको छ । आयोगले तयार पारेको निर्वाचन सम्बन्धी भिडियो, सन्देशमुलक सामग्री, एनिमेशन भिडियो, टिभी कार्यक्रम, निर्वाचन सम्बन्धी सूचना तथा जानकारी आममतदाता समक्ष युट्युब मार्फत सर्वसुलभ रूपमा उपलब्ध गराउँदै आएको छ । हाल आयोगको सामाजिक सञ्जाल फेसबुकका अनुयायी वा उपयोगकर्ता २ लाख ५८ हजार, ट्वीटरका अनुयायी वा उपयोगकर्ता करिव ९ हजार र भाइबरका अनुयायी वा उपयोगकर्ता करिव ५५,००० को सङ्ख्यामा रहेका छन्।

## परिच्छेद ७
## निर्वाचन व्यवस्थापन तथा सञ्चालन

### ७.१ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानको भाग २४ धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था रहेको छ । धारा २४६ मा निर्वाचन आयोगको काम कर्तव्य र अधिकारको व्यवस्था भए अनुरूप आयोगले नेपालको संविधान र संघीय कानूनको अधिनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक भूमिका निर्वाह गर्दछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्दछ । संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने, राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका जनप्रतिनिधिका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्दछ । संविधान तथा संघीय कानूनमा भएको व्यवस्था बमोजिम आयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी निर्वाचनमार्फत नागरिकको मताधिकारलाई निर्वाध उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

संघीय कानूनमा भएको व्यवस्था बमोजिम निर्वाचन सम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने, त्यसको कार्यान्वयन र अनुगमन गर्ने, मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने, निर्वाचन सम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, निर्वाचन सम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने, निर्वाचन कार्यालयहरूको पूर्वाधार विकास सम्बन्धी आवश्यक व्यवस्था मिलाउने, निर्वाचन सम्बन्धी विशेषज्ञ सेवा लिने व्यवस्था मिलाउने र निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने समेतका कार्यहरू समेत निर्वाचन आयोगले सम्पादन गर्दै आएको छ ।

नेपालको संविधानको प्रस्तावनामा उल्लिखित प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, संघीय लोकतान्त्रिक गणतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता, बालिग मताधिकार र आवधिक निर्वाचनलाई संस्थागत गर्न निर्वाचन एक

महत्वपूर्ण आधारस्तम्भ हो । नेपालको संविधान एवम् कानूनले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनोट गर्ने अधिकार सुनिश्चित गरेको सन्दर्भमा प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचन सम्बन्धी सूचना प्राप्त गर्ने तथा हरेक नागरिकले छान्ने र छानिने अधिकारको प्रत्याभूति गर्न निर्वाचन आयोग क्रियाशील रहँदै आएको छ ।

### ७.१.२ प्रतिनिधि सभा तथा प्रदेश सभा गठन सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधानको धारा ८३ मा 'प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिनेछ' भन्ने उल्लेख भएको छ । संघीय संसदका यी दुई सदनमध्ये प्रतिनिधि सभाको गठन सम्बन्धमा संविधानको धारा ८४ ले विभिन्न व्यवस्था गरेको छ । प्रतिनिधि सभामा रहने कूल दुई सय पचहत्तर सदस्य मध्ये नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा कायम गरिने अनुसूची–१ बमोजिमका एक सय पैसठ्ठी निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक सय पैसठ्ठी सदस्य निर्वाचित हुने र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत एक सय दश सदस्य निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट प्रतिनिधित्व गराउने गरी बन्दसूची पेश गर्नुपर्ने, भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने, उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने समेतको संवैधानिक व्यवस्था रहेको छ । संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्ने व्यवस्था छ । निर्वाचन आयोगले नेपालको संविधान तथा निर्वाचन आयोग ऐन, २०७३, प्रतनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ एवम् निर्वाचनसँग सम्बन्धित कानूनी व्यवस्थाको अधीनमा रही निर्वाचन सम्पन्न गरेको छ ।

यसैगरी नेपालको संविधानको धारा १७६ मा प्रदेश सभाको गठन सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश सभाका साठी प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने व्यवस्था रहेको छ ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाती, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने, भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने, उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने समेतको संवैधानिक व्यवस्था रहेको छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्ने व्यवस्था छ ।

### ७.१.३ निर्वाचनको मिति तोक्न आयोगको परामर्श तथा निर्वाचनको मिति घोषणा

नेपालको संविधानको धारा ८५ ले प्रतिनिधि सभा तथा धारा १७७ ले प्रदेश सभा अगावै विघटन भएकोमा बाहेक कार्यकाल ५ वर्षको हुने उल्लेख गरेको र संकटकालीन अवस्थाको घोषणा वा आदेश लागू भएको अवस्थामा १ वर्षमा नबढ्ने गरी अवधि थप गर्न सकिने व्यवस्था गरेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सदस्यको निर्वाचित मिति निर्वाचनको परिणाम प्रकाशन भएको मितिको आधारमा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचनको सम्बन्धमा आयोगले बन्द सूचीमा नाम समावेश रहेका राजनीतिक दलका उम्मेदवार निर्वाचित भएको घोषणा गरेको मितिको आधारमा निर्वाचित मिति कायम हुने व्यवस्था रहेको छ । सो आधारमा प्रतिनिधि सभा सदस्यको निर्वाचित मिति पहिलो नतिजा प्रकाशित भएको दिन अर्थात मिति २०७४/०८/२२ गतेलाई आधार मानी सो अगावै संघीय संसदको निर्वाचन गर्नेगरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ३ को उपदफा (१) र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम प्रतिनिधि सभा सदस्यको निर्वाचन संवत् २०७९/०८/०४ गते शुक्रबार एकै चरणमा सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोक्न नेपाल सरकारलाई आयोगले परामर्श दिएको थियो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (झ) बमोजिम निर्वाचन हुने मिति भन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि भनी परिभाषा भए बमोजिम निर्वाचन मिति तोक्दा ऐनको सो व्यवस्था बमोजिम निर्वाचन हुने दिनभन्दा कम्तीमा १२० दिन अगाडिदेखि निर्वाचन अवधि कायम हुनेगरी मिति तोक्न आयोगले नेपाल सरकारलाई परामर्श दिएको थियो । आयोगको परामर्श समेतका आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०४/१९ गतेको

बैठकबाट २०७९/०८/०४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोकिएको थियो। मिति तोकिए पश्चात् आयोगबाट निर्वाचन कार्यतालिका तथा निर्वाचन कार्यक्रम स्वीकृत गरी सोही बमोजिम तोकिएको समयमा नै निर्वाचन सम्पन्न भएको थियो।

### ७.१.४ निर्वाचन कार्यतालिका तथा कार्यक्रम

निर्वाचनको मिति तोकिएपछि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, समयवद्ध, समन्वयात्मक र व्यवस्थित रूपले सञ्चालन गर्न आयोगको मिति २०७९ साउन २२ गतेको निर्णयबाट निर्वाचन कार्यतालिका स्वीकृतसँगै लागू भई सोही बमोजिम निर्वाचन सम्बन्धी कार्य सम्पन्न गरिएको थियो। उक्त कार्यतालिकामा निर्वाचन मितिको घोषणा देखि मतगणना कार्य प्रारम्भसम्मका जम्मा ७६ वटा मुख्यमुख्य क्रियाकलापहरू समेटिएका थिए। सोही कार्यतालिकामा उल्लेख भए बमोजिम सम्बन्धित महाशाखा र शाखाहरूबाट समयबद्ध रुपमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को व्यवस्थापन सम्बन्धमा कार्यसम्पादन भएको थियो।

#### ७.१.४.१ समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को व्यवस्था अनुरूप आयोगले मिति २०७९/०४/२५ गते प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो। स्वीकृत कार्यक्रम अनुसार समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भाग लिन चाहने राजनीतिक दलहरूले २०७९ भदौ १० गतेदेखि १२ गते सम्म निवेदन पेश गर्ने, समानुपातिक निर्वाचन प्रणालीमा भाग लिने राजनीतिक दललाई २०७९/०५/१५ गते निर्वाचन चिन्ह वितरण गर्ने, राजनीतिक दलले मिति २०७९/०६/२ र ३ गते बन्दसूची पेश गर्ने, मिति २०७९/०६/२२ मा उम्मेदवारहरूको बन्दसूचीको सूचना प्रकाशन गर्ने तथा बन्दसूची माथि दाबी विरोध समेतका प्रक्रिया पूरा गरी उम्मेदवारको अन्तिम बन्दसूची मिति २०७९/०७/०९ गते प्रकाशन गर्ने गरी कार्यतालिका निर्धारण गरिएको थियो।

उक्त कार्यक्रममा समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा राख्न नपाइने, प्रतिनिधि सभा सदस्यको समानुपातिक बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रदेश सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न

नपाइने, प्रदेश सभा सदस्यको समानुपातिक बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न नपाइने, समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवार हुन नपाइने लगायतका व्यवस्थाहरू समेत उल्लेख गरिएको थियो ।

प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ ६८ वटा दलले निवेदन पेश गरेकोमा ४८ वटा दलले बन्द सूची पेश गरेका थिए । बन्द सूची पेश गर्ने दलमध्ये पुनर्जागरण पार्टी नेपालले कानून बमोजिम बन्द सूची सच्याउन अवसर दिँदा समेत प्रकृयासम्मत ढङ्गले बन्द सूची सच्याई पेश गरेको नपाइएकोले प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को दफा २१ को उपदफा (४) बमोजिम उक्त दलले पेश गरेको बन्द सूची खारेज गरिएको थियो । उक्त दलको बन्दसूची खारेज गरेपछि जम्मा ४७ वटा राजनीतिक दल प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ सहभागी भएका थिए । निर्वाचित हुने कूल सिट सङ्ख्या ११० का लागि ४७ वटा दलबाट बन्द सूची पेश गर्ने उम्मेदवारको सङ्ख्या २ हजार ४०२ रहेकोमा विभिन्न कारणले जम्मा २०३ जना उम्मेदवार अयोग्य ठहऱ्याई जम्मा २ हजार १९९ जना उम्मेदवारको अन्तिम बन्द सूची प्रकाशन गरिएको थियो ।

### ७.१.४.२ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको कार्यक्रम

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ मा व्यवस्था भए बमोजिम आयोगले मिति २०७९/०५/२३ गते प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो । स्वीकृत कार्यक्रम अनुसार असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने, असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, असोज २४ र २५ गते मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारले नामा फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रशकान गर्ने एवम् उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने गरी तोकिएको थियो । यी सबै निर्वाचन कार्यक्रमहरू सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन गरिएका थिए । बारा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा नेपालका लागि नेपाली पार्टीका उम्मेदवारको मृत्यु भएकोले उक्त निर्वाचन क्षेत्रका लागि

मतदान हुने दिन नसर्ने गरी संशोधित निर्वाचन कार्यक्रम २०७९कात्तिक ६ गते प्रकाशित गरिएको थियो । यद्यपि उक्त कार्यक्रम अनुसार सम्बन्धित दलबाट उम्मेदवारको मनोनयन दर्ता भएको पाइएन ।

### ७.१.५ राजनीतिक दल

#### ७.१.५.१ राजनीतक दल दर्ता

नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम प्रतिनिधि सभा तथा प्रेदश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन प्रयोजनका लागि आयोगमा मिति २०७९/०४/१९ गते सम्म दर्ता कायम रहेका राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न मिति २०७९/०४/२२ गतेदेखि साउन ३१ गतेसम्म कार्यालय समयभित्र १० दिनको अवधि तोकी सूचना प्रकाशन गरिएको थियो । राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १५ बमोजिम राजनीतिक दल दर्ताका लागि सार्वजनिक सूचना मिति २०७९/०४/२२ गते राष्ट्रिय दैनिक गोरखापत्रमा समेत प्रकाशन गरिएको थियो ।

प्रकाशित सूचना अनुसार प्रतिनिधि सभाका लागि ८७ वटा राजनीतिक दलले निर्वाचनमा सहभागी हुन निवेदन पेश गरेकोमा एक राजनीतिक दलले निवेदन फिर्ता लिई जम्मा ८६ वटा राजनीतिक दल उक्त निर्वाचन प्रयोजनको लागि दर्ता कायम भएका थिए । राजनीतिक दल सम्बन्धी ऐन, २०७४ को दफा ४९ मा दुई वा सोभन्दा बढी दलले कुनै दलले प्राप्त गरेको निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी हुन पाउने व्यवस्था बमोजिम आयोगमा दर्ता भएका ८६ वटा राजनीतिक दल मध्ये १२ वटा राजनीतिक दल ४ वटा समूहमा रही एकल निर्वाचन चिन्ह लिई निर्वाचनमा सहभागी भएका थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ वटा राजनीतिक दलले उक्त निर्वाचनमा भाग लिएका थिए । यस निर्वाचनमा ७८ वटा निर्वाचन चिन्ह लिई राजनीतिक दलले निर्वाचनमा भाग लिएका थिए ।

### ७.१.५.२ निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता भई निर्वाचन चिन्ह प्राप्त गर्ने राजनीतिक दलको विवरण

| क्र.सं. | राजनीतिक दलको नाम | निर्वाचन चिन्हको नाम | निर्वाचन चिन्ह | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | सूर्य |  | |
| २. | नेपाली काँग्रेस | रुख |  | |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)<br>नेपाल समाजवादी पार्टी | गोलाकारभित्र हँसिया हथौडा |  | एकल निर्वाचन चिन्ह |
| ४. | जनता समाजवादी पार्टी, नेपाल | ढल्केको छाता |  | |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | हलो |  | |
| ६. | राष्ट्रिय जनमोर्चा | गिलास |  | |
| ७. | नेपाल मजदुर किसान पार्टी | मादल |  | |
| ८. | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | साइकल |  | |

| | | | | |
|---|---|---|---|---|
| ९. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | कलम |  | |
| १०. | जनमत पार्टी | लाउड स्पिकर |  | |
| ११. | मौलिक जरोकिलो पार्टी | किबोर्ड सहितको कम्प्युटर |  | |
| १२. | नेपाल समावेशी पार्टी | सुगा |  | |
| १३. | हाम्रो नेपाली पार्टी | लौरो |  | |
| १४. | पुनर्जागरण पार्टी नेपाल | बलिरहेको मैनबत्ती |  | |
| १५. | जनता प्रगातिशिल पार्टी, नेपाल | कोदालो बोकेको किसान |  | |
| १६. | राष्ट्रिय विकास पार्टी | हात्ति |  | |
| १७. | नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी | महिला पुरुष |  | |
| १८. | राष्ट्रिय नागरिक पार्टी | चंगा |  | |
| १९. | नागरिक उन्मुक्ति पार्टी | पिधँ भएको सादा ढकिया |  | |
| २०. | नेपालका लागि नेपाली पार्टी | गोलाकार भित्र शंख |  | |
| २१. | तामाङसालिङ लोकतान्त्रिक पार्टी | वज्र |  | |

| | | | | |
|---|---|---|---|---|
| २२. | किरात खम्बुवान साझा पार्टी | ढाका टोपी |  | |
| २३. | राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल | मोटरसाइकल |  | |
| २४. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | तीर |  | |
| २५. | नेपाल विवेकशील पार्टी | कुकुरको टाउको |  | |
| २६. | मितेरी पार्टी नेपाल | घोडा |  | |
| २७. | बहुजन एकता पार्टी नेपाल | सातवटा खुडकिला भएको भऱ्याङ |  | |
| २८. | देशभक्त समाज | जरायो |  | |
| २९. | प्रजातान्त्रिक पार्टी नेपाल | रथ |  | |
| ३०. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) | हँसिया र तारा |  | |
| ३१. | मंगोल नेशनल अर्गनाइजेशन | कुखुराको भाले |  | |
| ३२. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | दाप सहितको खुकुरी |  | |
| ३३. | नेश्नलिष्ट पिपल्स पार्टी | लाटोकोसेरो |  | |
| ३४. | खम्बुवान राष्ट्रिय मोर्चा | हथौडा |  | |

| | | | | |
|---|---|---|---|---|
| ३५. | गान्धीवादी पार्टी नेपाल | भेडा |  | |
| ३६. | नेपाल लोकतान्त्रिक पार्टी | दुई हात जोडेको नमस्कार |  | |
| ३७. | राष्ट्रिय जनमुक्ति पार्टी | घर |  | |
| ३८. | नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल) | गैंती |  | |
| ३९. | साझा पार्टी, नेपाल | दुइ वटा पैताला छाप |  | |
| ४०. | नेपाल परिवार दल | साँचो |  | |
| ४१. | जनताको जनवादी पार्टी, नेपाल | फँणा उठाएको नाग |  | |
| ४२. | नेपाली काँग्रस (बी.पी.) | करुवा |  | |
| ४३. | तराई मधेश लोकतान्त्रिक पार्टी | लोककला कोरिएको गाग्रोमा आँपको कलश र त्यस माथि नरिवल |  | |
| ४४. | वैज्ञानिक समाजवादी पार्टी | रकेट |  | |
| ४५. | नेपाली ग्रिन्स पार्टी | हिमाल |  | |
| ४६. | नेपाल जनता पार्टी | कमलको फूल |  | |

| | | | | |
|---|---|---|---|---|
| ४७. | राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल | गोलाकार भित्र षटकोण |  | |
| ४८. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | गाग्री |  | |
| ४९. | संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | हवाईजहाज |  | |
| ५०. | राष्ट्रिय सद्भावना पार्टी | गदा |  | |
| ५१. | पिछडावर्ग निषाद दलित जनजाति पार्टी | कछुवा |  | |
| ५२. | नेपालवाद | तारापुञ्ज |  | |
| ५३. | नेपाल कम्युनिष्ट पार्टी परिवर्तन | माथि चराको प्रतिक भएको डम्फु |  | |
| ५४. | सामाजिक लोकतान्त्रि पार्टी | तीन ढुङगे अघिनो |  | |
| ५५. | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रि) | डोको |  | |
| ५६. | नेपाल कम्युनिष्ट पार्टी | घन कोदालो |  | |
| ५७. | बहुजनशक्ति पार्टी | जग |  | |
| ५८. | इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल | ट्रयाक्टर |  | |

| | | | | |
|---|---|---|---|---|
| ५९. | देशभक्त लोकतान्त्रिक पार्टी, नेपाल | खुलेको ताला |  | |
| ६०. | राष्ट्रिय समाजवादी पार्टी, नेपाल | पृथ्वी |  | |
| ६१. | विवेकशील साझा पार्टी | तराजु |  | |
| ६२. | एकीकृत शक्ति नेपाल | त्रिशुल |  | |
| ६३. | नेपाल संघीय समाजवादी पार्टी | बस |  | |
| ६४. | नेपाल समाजवादी पार्टि (लोहियावादी) | मेच |  | |
| ६५. | देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल | मुट्ठी |  | |
| ६६. | जनजागरण पार्टी नेपाल | टर्च |  | |
| ६७. | नेपाल सद्भावना पार्टी | पञ्जाछाप |  | |
| ६८. | नेपाल कम्युनिष्ट पार्टी राष्ट्रवादी<br>समाजवादी केन्द्र नेपाल<br>आधुनिक नेपाल समाजवादी पार्टी | बाघ |  | एकल निर्वाचन चिन्ह |
| ६९. | सामाजिक एकता पार्टी<br>नेपाल कम्युनिष्ट पार्टी (समाजवादी)<br>नेपाल दलित पार्टी | गितार |  | एकल निर्वाचन चिन्ह |
| ७०. | त्रिमूल नेपाल | ओदान |  | |

| | | | | |
|---|---|---|---|---|
| ७१. | राष्ट्रवादी एकता पार्टी | परेवा |  | |
| ७२. | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल | चियादानी |  | |
| ७३. | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | हृदय |  | |
| ७४. | नेपाल आमा पार्टी | बच्चा काखमा लिएकी आमा |  | एकल निर्वाचन चिन्ह |
| | नेपाल नौलो जनवादी पार्टी | | | |
| | सचेत नेपाली पार्टी | | | |
| | नेपाल सुशान पार्टी | | | |
| ७५. | नेपाली जनता दल | गोरु गाडाको चक्का (पाङ्ग्रो) |  | |
| ७६. | बहुजन समाज पार्टी नेपाल | हाँस |  | |
| ७७. | जनसमाजवादी पार्टी, नेपाल | सेतो पृष्ठभूमिमा रातो पाँचकुने तारा |  | |
| ७८. | राष्ट्रिय स्वतन्त्र पार्टी | गोलाकार भित्र घण्टी |  | |

### ७.१.६ मतदाता नामावली

#### ७.१.६.१ मतदाता नामावली अद्यावधिक

##### ७.१.६.१.१ अन्तिम मतदाता नामावली

नेपालको संविधानको धारा २४६ मा निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्ने व्यवस्था रहेको छ । मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन तथा

अद्यावधिक गर्ने व्यवस्था रहेको छ । उल्लेखित संवैधानिक र कानूनी व्यवस्था बमोजिम आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निरन्तर गर्दै आएको छ । सो बमोजिम मिति २०७९/०१/३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा अन्तिम मतदाता नामावलीमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता समावेश रहेका थिए । स्थानीय तहको निर्वाचन पश्चात् मिति २०७९/०४/०१ गतेदेखि २०७९/०४/१९ गतेसम्म (मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) को खण्ड (२) बमोजिम निर्वाचन मिति घोषणा भएको दिनसम्म सङ्कलन भएको) ७७ वटै निर्वाचन कार्यालय, सबै जिल्ला प्रशासन कार्यालय तथा ७३ वटा इलाका प्रशासन कार्यालयबाट थप ४ लाख ७८ हजार ६०७ मतदाताको विवरण सङ्कलन गरिएको थियो ।

मतदाता नामावली सङ्कलन सहजताका लागि आयोगले पहिलो पटक आठ जिल्ला (झापा, मोरङ, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन र कास्की) मा Online Pre-Enrollment System को Piloting गरी मतदाता नामावलीमा नाम दर्ता कार्यको व्यवस्थापन गरेको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको घोषणा भए पश्चात् उक्त निर्वाचनको लागि मिति २०७९/०४/२२ गतेदेखि २०७९/०५/३१ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप सञ्चालन भएको थियो । सो अन्तर्गत मिति २०७९/०५/१२ गतेदेखि २०७९/०५/१९ गतेसम्म मूलतः मतदाताले नामावलीमा रहेको त्रुटी सच्याउने, दोहोरो नामावली हटाउन निवेदन दिने, दाबी विरोधका लागि निवेदन दिने क्रियाकलापहरू निर्वाचन कार्यालयहरूमा सञ्चालन गरिएको थियो । मतदाता नामावली अद्यावधिक कार्यक्रमबाट १ लाख ६४ हजार ६८१ जनाको नाम दोहोरो देखिएको र ५० हजार ७५३ जनाको मृत्यु भएको देखिएकोले ती नामहरू नामावलीबाट हटाइएको थियो । आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि २०७९/०८/०३ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदातालाई मतदाता नामावलीमा समावेश गर्ने गरी Cut-Off-Date निर्धारण गरेको थियो । मिति २०७९/०५/३१ गते १ करोड ७९ लाख ८८ हजार ५७० जना मतदाताको अन्तिम मतदाता नामावली स्वीकृत गरी आयोगको वेबसाइटमा प्रकाशन गरिएको थियो । जसमा महिला ९१ लाख ४० हजार ८०६, पुरुष ८८ लाख ४७ हजार ५७९ र अन्य १८५ जना मतदाता समेटिएका थिए ।

| अवधि | मतदाता नामावली दर्ताको संख्यात्मक विवरण | मतदाता नामावली अद्यावधिक गरिएको संख्यात्मक विवरण |
|---|---|---|

| | | सार्ने | सच्याउने | हटाउने | जम्मा |
|---|---|---|---|---|---|
| २०७९ साउन | २९७०० | १२८७ | ३७९ | ११ | १६७७ |
| २०७९ भदौ | १००४९९ | १६६५ | ४५७ | १४ | २१३६ |
| २०७९ असोज | ९७२५५ | १४२७ | ३६१ | ९ | १७९७ |
| २०७९ कात्तिक | १११८६१ | २८४१ | ५१४ | ९ | ३३३७ |
| २०७९ मंसिर | ४१७०४२ | ४५५२ | १०७२ | ४० | ५६६४ |
| २०७९ पुस | ६९५४६४ | २१७२४ | २३४६ | ४३ | २४११३ |
| २०७९ माघ | १५५६४१ | १८८०१ | ३१३४ | ३४३३ | २५३६८ |
| **जम्मा** | **१६०७४६२** | **५२२७०** | **८२६३** | **३५५९** | **६४०९२** |

### ७.१.६.१.२ प्रदेश अनुसारको मतदाता सङ्ख्या

कोशी प्रदेशको कूल मतदाता संख्या ३३ लाख ९६ हजार ८६५ रहेको थियो । जसमध्ये महिला १६ लाख ६७ हजार ७१, पुरुष १७ लाख २९ हजार ७७२ र अन्य २२ जना रहेका थिए । मधेश प्रदेशको कूल मतदाता संख्या ३३ लाख ८६ हजार ६२८ रहेको थियो । जसमध्ये महिला १५ लाख ५८ हजार ७०४, पुरुष १८ लाख २७ हजार ८५४ र अन्य ७० जना रहेका थिए । यसैगरी बागमती प्रदेशको कूल मतदाता संख्या ३४ लाख ७१ हजार ४९२ रहेको थियो । जसमध्ये महिला १७ लाख ३३ हजार ३७८, पुरुष १७ लाख ३८ हजार ८७ र अन्य २७ जना रहेका थिए । गण्डकी प्रदेशको कूल मतदाता संख्या १८ लाख १७ हजार ५४१ रहेको थियो । जसमध्ये महिला ८ लाख ८२ हजार ३२९, पुरुष ९ लाख ३५ हजार २०१ र अन्य ११ जना रहेका थिए । लुम्बिनी प्रदेशको कूल मतदाता संख्या ३२ लाख ४९ हजार ६३७ रहेको थियो । जसमध्ये महिला १६ लाख १२ हजार ४७१, पुरुष १६ लाख ३७ हजार १३२ र अन्य ३४ जना रहेका थिए । कर्णाली प्रदेशको कूल मतदाता संख्या १० लाख ८ हजार ४०३ रहेको थियो । जसमध्ये महिला ४ लाख ९७ हजार ९८०, पुरुष ५ लाख १० हजार ४२० र अन्य ३ जना रहेका थिए । सुदूरपश्चिम प्रदेशको कूल मतदाता संख्या १६ लाख ५८ हजार ४

रहेको थियो। जसमध्ये महिला ८ लाख ४२ हजार ७७४, पुरुष ८ लाख १५ हजार २१२ र अन्य १८ जना रहेका थिए। प्रस्तुत तथ्याङ्कलाई देहाय अनुसार टेबलमा देखाउन सकिन्छः

| क्र.सं. | प्रदेश | महिला मतदाता संख्या (जना) | पूरुष मतदाता संख्या (जना) | अन्य (जना) | जम्मा मतदाता संख्या (जना) |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १६६७०७१ | १९२९७७२ | २२ | ३३९६८६५ |
| २ | मधेश प्रदेश | १५५८७०४ | १८२७८५४ | ७० | ३३८६६२८ |
| ३ | बाग्मती प्रदेश | १७३३३७८ | १७३८०८७ | २७ | ३४७१४९२ |
| ४ | गण्डकी प्रदेश | ८८२३२९ | ९३५२०१ | ११ | १८१७५४१ |
| ५ | लुम्बिनी प्रदेश | १६१२४७१ | १६३७१३२ | ३४ | ३२४९६३७ |
| ६ | कर्णाली प्रदेश | ४९७९८० | ५१०४२० | ३ | १००८४०३ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८४२७७४ | ८१५२१२ | १८ | १६५८००४ |
| | **कूल जम्मा** | **८७९४७०७** | **९३८३६७८** | **१८५** | **१७९८८५७०** |

### ७.१.६.१.३ अस्थायी मतदाता नामावली

मतदाता नामावली ऐन, २०७३ को दफा ३० मा भएको व्यवस्था बमोजिम आयोगले अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरेको थियो। उक्त कार्यविधि बमोजिम प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने गरी देहायका व्यक्तिलाई सम्बन्धित निकायबाट नामावली सङ्कलन गर्न अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम स्वीकृत गरी कार्य सम्पादन गरिएको थियो।

क. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,

ख. ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी,

ग. कारागारमा रहेका थुनुवा र कैदी (निर्वाचन कसूरमा सजाय भोगिरहेको व्यक्ति बाहेक),

घ. निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी,

ङ. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेका व्यक्ति,

च. संवैधानिक निकायका पदाधिकारी ।

आयोगबाट स्वीकृत अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ बमोजिम अस्थायी मतदाता नामावली सङ्कलन कार्यक्रम मिति २०७९ असोज ६ गतेदेखि २०७९ कात्तिक १४ गतेसम्ममा सञ्चालन गरिएको थियो । सो कार्यक्रममा अस्थायी मतदाता नामावली सङ्कलन गरी प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि ४ लाख ५० हजार जना व्यक्तिको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिएको थियो । मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली निर्वाचन अधिकृतको कार्यालयबाट तयार गरी सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराइएको थियो । नेपालको संविधान जारी भए पश्चात् सम्पन्न भएका निर्वाचन मध्ये अस्थायी मतदाता नामावली तयार गरी मताधिकारको व्यवस्था मिलाइएको यो पहिलो निर्वाचन हो ।

### ७.१.६.१.४ मतदानस्थल तथा केन्द्र निर्धारण

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा १० हजार ७५६ वटा मतदानस्थल कायम भएकोमा उक्त निर्वाचनका समयमा मतदानस्थल सम्बन्धमा आएका गुनासोलाई दृष्टिगत गरी मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन मिति तोकिनु अगाडिदेखि नै मतदानस्थल तथा मतदान केन्द्रको पुनरावलोकन सम्बन्धी कार्य सञ्चालन गरिएको थियो । उक्त कार्यविधिमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिको व्यवस्था रहेको छ । समितिमा जिल्लामा क्रियाशील राजनीतिक दलका प्रमुख वा प्रतिनिधि समेत सदस्य रहने व्यवस्था छ ।

मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम मतदानस्थल निर्धारण गर्दा 'स्थानीय तह सदस्य, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४

का लागि कायम भएका मतदानस्थल तथा मतदान केन्द्र, मतदाताको सघनता, यातायातको सुविधा, वैकल्पिक मार्ग तथा पहुँचको सुगमता, भवन, सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट), विद्युत, खानेपानी, शौचालय आदि पूर्वाधारको अवस्था, सुरक्षा प्रबन्ध, भौगोलिक अवस्थिति, सार्वजनिक स्थानको उपलब्धता, मतदान स्थलमै मतगणनाको प्रबन्ध गर्न सकिने संभावना, निर्वाचनका सरोकारवालाको सहमति' का आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। सोही बमोजिम जिल्लास्तरको समितिबाट सिफारिस भई आएका मतदान स्थलमध्ये मापदण्ड पुगेका देशभरमा १३६ वटा मतदानस्थल थप गरी जम्मा १० हजार ८९२ वटा मतदानस्थल कायम गरिएको थियो। साथै स्थानीय परिस्थिति बमोजिम निर्वाचन अधिकृतको कार्यालयबाट सिफारिस भए बमोजिम केही मतदान स्थललाई अर्को स्थानमा स्थानान्तरण गरी मतदान कार्य सम्पन्न गरिएको थियो। सामान्यतया १ हजार ६४ जना मतदाता एक मतदान केन्द्रमा रहने गरी २२ हजार २२७ मतदान केन्द्र तोकिएको थियो। कोशी प्रदेशमा १ हजार ८९७ मतदानस्थल र ४ हजार ९९ मतदान केन्द्र, मधेश प्रदेशमा २ हजार १५६ मतदानस्थल र ४ हजार २३५ मतदान केन्द्र, बागमती प्रदेशमा १ हजार ८१२ मतदानस्थल र ४ हजार १४३ मतदान केन्द्र, गण्डकी प्रदेशमा १ हजार २८३ मतदानस्थल र २ हजार ३३९ मतदान केन्द्र, लुम्बिनी प्रदेशमा १ हजार ६५० मतदानस्थल र ३ हजार ८६२ मतदान केन्द्र, कर्णाली प्रदेशमा ९३३ मतदानस्थल र १ हजार ४०३ मतदान केन्द्र तथा सुदूरपश्चिम प्रदेशमा १ हजार १६१ मतदानस्थल र २ हजार १४६ मतदान केन्द्र निर्धारण गरिएको थियो।

### ७.१.६.१.५ अस्थायी मतदान केन्द्र

अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समितिबाट सिफारिस भए बमोजिम देशभर १४१ वटा अस्थायी मतदान केन्द्र आयोगबाट स्वीकृत भएको थियो। यस प्रकारका अस्थायी मतदान केन्द्रमा अस्थायी मतदाता नामावलीमा नाम रहेका तर निर्वाचनमा नखटिएका कर्मचारी तथा सुरक्षाकर्मी, बृद्धाश्रममा रहेका व्यक्ति, कारागारका कैदी र बन्दीलाई मतदान गर्ने व्यवस्था मिलाइएको थियो। एक अस्थायी मतदान केन्द्रमा कम्तीमा ५० जनाले र बढीमा १ हजार ३०० जनासम्मले मतदान गर्नसक्ने व्यवस्था मिलाइएको थियो। तर ५० जनाभन्दा कम अस्थायी मतदाता भएकाको हकमा जिल्ला अस्थायी मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन समितिले अन्य मतदान केन्द्रबाट मतदान गर्ने गरी व्यवस्था मिलाएको थियो। मतदान केन्द्रमा

खटिएका कर्मचारी तथा सुरक्षाकर्मीको हकमा खटिएकै मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको थियो ।

### ७.१.६.१.६ Cut-Off-Date निर्धारण

आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि २०७९ मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदातालाई अन्तिम मतदाता नामावलीमा समावेश गर्ने गरी 'कट् अफ डेट' (**Cut-Off-Date)** तोकिएको थियो ।

## ७.१.७ निर्वाचन अधिकृत र कार्यालय

### ७.१.७.१ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ मा निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र प्रत्येक निर्वाचन क्षेत्रमा एक जना निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था रहेको छ । सो दफा बमोजिम निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्न न्याय परिषद्को परामर्शमा ७७ जिल्लाका लागि ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका ८८ जना अधिकृतलाई निर्वाचन अधिकृतको पदमा मिति २०७९ असोज ११ गतेदेखि लागू हुनेगरी नियुक्त गरिएको थियो ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आफू नियुक्त भएको प्रतिनिधि सभा निर्वाचन क्षेत्र र सो अन्तर्गत पर्ने दुईवटा प्रदेश सभा निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्ने जिम्मेवारीसमेत तोकिएको थियो । यसका अलावा मुख्य निर्वाचन अधिकृतलाई आफू खटिएको जिल्लाको निर्वाचन सम्बन्धी कार्यको रेखदेख तथा समन्वयको जिम्मेवारी पनि तोकिएको थियो । मिति २०७९ असोज १५ गतेदेखि २० गतेसम्म मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित निर्वाचन क्षेत्रमा स्थापना गरिएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्ला अदालत रहेको निर्वाचन क्षेत्रभित्र पर्ने गरी स्थापना गरिएको थियो भने बाँकी ८८ वटा निर्वाचन अधिकृतको कार्यालयहरू सम्बन्धित निर्वाचन क्षेत्रभित्र रहने गरी पायक पर्ने उपयुक्त स्थानमा स्थापना गरिएको थियो । यस पूर्वका निर्वाचनहरूमा सबै निर्वाचन अधिकृतका कार्यालयहरू जिल्ला सदरमुकाममा रहने गरेकोमा यसपटक १६५ वटै निर्वाचन अधिकृतका कार्यालयहरू आयोगले तोकेको निर्वाचन क्षेत्रभित्र पर्ने गरी कार्यालय स्थापना गर्ने व्यवस्था मिलाइएको थियो ।

यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनको सञ्चालन, समन्वय, व्यवस्थापन तथा रेखदेखका लागि आयोगले मिति २०७९ श्रावण ३० गतेदेखि लागू हुने गरी निर्वाचन आयोग परिसर, बहादुरभवन, काठमाडौंमा कार्यालय रहने गरी आयोगका सचिव श्री गोकर्णमणि दुवाडीलाई मुख्य निर्वाचन अधिकृतको रूपमा नियुक्त गरेको थियो ।

आयोगको मिति २०७९ असोज ५ गतेको निर्णय अनुसार असोज ११ गतेदेखि लागू हुने गरी ७७ जना मुख्य निर्वाचन अधिकृत र ८८ जना निर्वाचन अधिकृतलाई नियुक्ति गरिएको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकारीहरूका लागि मिति २०७९ असोज १२ र १३ गते निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिएको थियो । तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा मुख्य निर्वाचन अधिकृत र अन्य ५ स्थानमा निर्वाचन अधिकृत हेरफेर गरिएको थियो ।

### ७.१.८ निर्वाचन पर्यवेक्षण

मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८ को दफा २१ मा 'देशको शासनमा प्रत्यक्षरूपले वा स्वतन्त्ररूपले चुनिएका प्रतिनिधिद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ भन्ने उल्लेख छ । सरकारको सत्ताको आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा सर्वव्यापी समान सत्ताधिकारद्वारा समय समयमा हुने निष्पक्ष निर्वाचनद्वारा अभिव्यक्त गरिनेछ र त्यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ' भन्ने व्यवस्था रहेको छ । सोही विश्वव्यापी सिद्धान्तको आधारमा नेपालमा समेत निर्वाचनका सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था गरिएको छ । सोअनुरुप स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापनको सिद्धान्त अंगीकार भएको छ/छैन भनी तेस्रो पक्षको सहभागितामा निर्वाचन पर्यवेक्षण गर्ने प्रावधान राखिएको छ ।

### ७.१.८.१ निर्वाचन पर्यवेक्षण र अवलोकन

निर्वाचनको वैधता र विश्वासनीयताका लागि आयोगले विगतका निर्वाचनमा झैं यस निर्वाचनको पनि पर्यवेक्षण तथा अवलोकन गराएको थियो । निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ को व्यवस्थानुसार प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि निर्वाचन आयोगबाट निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ जारी गरेको थियो । निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ को दफा ३ मा रहेको व्यवस्था बमोजिम आयोगका माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा निर्वाचन पर्यवेक्षण समितिको गठन

गरिएको थियो। त्यसैगरी, निर्वाचन पर्यवेक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्वाचन पर्यवेक्षण इकाईको गठन गरी सञ्चालन गरिएको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ का सन्दर्भमा निर्वाचन पर्यवेक्षणका लागि स्वदेशी संस्थाहरूलाई मात्र आवेदन दिन १५ दिनको समय दिएर मिति २०७९ भदौ ८ गते पहिलो सूचना प्रकाशन गरिएको थियो भने २०७९ असोज ८ गते पुनःनिवेदन दिन सूचना आह्वान गरिएको थियो। त्यसैगरी अन्तर्राष्ट्रिय स्तरबाट समेत पर्यवेक्षण गर्न चाहने अन्तर्राष्ट्रिय संस्थाहरूलाई १५ दिन भित्र आयोगमा अनलाइन मार्फत निवेदन गर्न राष्ट्रियस्तरका पत्रिका र आयोगको वेबसाइटमार्फत मिति २०७९ साउन २९ गते सूचना प्रकाशन गरिएको थियो। निर्वाचन पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई आवेदनका लागि सूचना प्रकाशन गरे बमोजिम आवेदन दिने संस्थाहरूमध्ये ४४ वटा स्वदेशी संस्था र ४ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थालाई अनुमति प्रदान गरिएको थियो। अनुमति प्रदान गरिएका पर्यवेक्षण संस्थाहरूमध्ये २ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाबाट १२ जना र ३७ वटा स्वदेशी पर्यवेक्षण संस्थाबाट ७ हजार ५५३ जना पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए। त्यसैगरी १०४ जना विशेष पर्यवेक्षक, नेपालस्थित कूटनीतिक नियोग र विकास साझेदार संस्थाहरूमध्ये १८ वटा नियोगका ५४ वटा समूहबाट काठमाडौं उपत्यका लगायत विभिन्न १४ जिल्लामा समेत मतदानको दिन अवलोकन भएको थियो ।

आयोगको निमन्त्रणा बमोजिम भारत, बंगलादेश, भुटान र माल्दिभ्सका निर्वाचन आयोगका प्रमुख तथा पदाधिकारीले मतदानको दिनको अवलोकन गर्नु भएको थियो। त्यस्तै, गणतन्त्र कोरियाका निर्वाचन आयुक्त (Standing Commissioner) र जापानका विदेश राज्यमन्त्री सहितको टोलीबाट समेत मतदानको दिनको अवलोकन गरिएको थियो ।

### ७.१.८.२ निर्वाचन अनुगमन

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ मा आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञसहितका टोली गठन गरी निर्वाचन प्रचार प्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना वा अन्य काम कारवाहीको अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ। साथै, सोही दफाको उपदफा (१) बमोजिम आयोगले टोली गठन गर्दा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि र त्यस्ता टोलीले अनुगमनको काम सम्पन्न गर्नुपर्ने समय समेत निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा २२ ले निर्वाचन

आचारसंहिता निर्माण गर्ने र दफा २३ ले आचारसंहिता अनुगमन गर्ने सम्बन्धमा देहाय अनुसारको व्यवस्था गरेको थियो :

### क. अनुगमन समिति

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५, निर्वाचन आचारसंहिता, २०७९ को दफा २३ तथा निर्वाचन अनुगमन निर्देशिका, २०७९ ले गरेको व्यवस्था बमोजिम प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को अनुगमन गर्न केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समिति, जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समिति गठन गरिएको थियो । निर्वाचनको अनुगमनको समेत जिम्मेवारी पाएको यस समितिले अनुगमनका क्रममा मतदान केन्द्र व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निर्वाचन सामग्री व्यवस्थापन, पर्यवेक्षण र पर्यवेक्षक परिचालन, सुरक्षा व्यवस्थापनलगायत समग्र निर्वाचन सञ्चालन तथा व्यवस्थापनका विषयमा अनुगमन गरेको थियो ।

### ख. आचारसंहिता अनुगमन अधिकृत

जिल्लास्तरमा निर्वाचन अनुगमनको कार्यान्वयनलाई प्रभावकारी वनाउन प्रत्येक जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई कार्यविवरण तोकी जिल्ला आचारसंहिता अनुगमन अधिकृतको रूपमा खटाएर जिल्लामा आचारसंहिता कार्यान्वयनको अनुगमन गरिएको थियो ।

### ग. विज्ञापन अनुगमन

निर्वाचनको प्रचार प्रसारका क्रममा राजनीतिक दल तथा उम्मेदवारले विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण गरेका विज्ञापनबाट निर्वाचन आचारसंहिता, २०७९ उल्लंघन भए नभएको विषयमा अनुगमन गर्ने जिम्मा आयोगले विज्ञापन बोर्डलाई दिएको थियो । विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार देशको समग्र विज्ञापन क्षेत्रको नियामक निकायको रूपमा रहेको बोर्डले आचारसंहितामा रहेका विज्ञापनसम्बन्धी व्यवस्थाको कार्यान्वयन भए नभएकोबारे अनुगमन गरेको थियो । सबैभन्दा धेरै आचारसंहिता उल्लंघनको सम्भावना हुने र मतदातालाई अधिक प्रभाव पार्न सक्ने क्षमता राख्ने आमसञ्चार माध्यम, सामाजिक सञ्जाल, स्थलगत प्रचार प्रसार (होर्डिङ बोर्ड) लगायत विभिन्न प्रचार

सामग्री एवम् गतिविधिबाट भएका आचारसंहिता उल्लंघनका बारेमा बोर्डले अनुगमन गरेको थियो ।

### ७.१.९ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा

आम नागरिकलाई लोकतन्त्र, निर्वाचन तथा शासकीय व्यवस्थाका बारेमा जानकारी प्रदान गरी लोकतन्त्र एवम् निर्वाचनमा अर्थपूर्ण नागरिक सहभागिताका लागि निर्वाचन शिक्षाको विशेष महत्व हुन्छ । आयोगले निर्वाचन शिक्षालाई निरन्तर रुपमा प्रवाह गर्दै आएको छ । निर्वाचन शिक्षा सञ्चालनका खास उद्देश्य निर्धारण गरिएको हुन्छ । निर्वाचन तथा मतदाता शिक्षालाई निरन्तर रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोगको आफ्नै परिसर तथा प्रदेशस्तर (कोशी प्रदेश, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेश) मा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC) को स्थापना गरी सञ्चालनमा ल्याएको छ । यी केन्द्रबाट भावी मतदाता तथा अन्य सरोकारवालालाई लोकतन्त्र, संविधान र निर्वाचन प्रक्रियाका सैद्धान्तिक तथा नमूना मतदान मार्फत व्यावहारिक शिक्षा प्रदान गर्दै आइएको छ । निर्वाचनमा मतदाता नामावली संकलन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरूलाई जानकारी गराउने उद्देश्यले निर्वाचनको अवधिमा वृहत् रूपमा मतदाता जागरणका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिँदै आएको छ । मतदातालाई निर्वाचनको प्रक्रियाका सम्बन्धमा सुसूचित गराई सहभागिता अभिवृद्धि गर्न तथा बदर मत घटाउने उद्देश्यले विविधतायुक्त मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ ।

कुनै पनि संगठनको उद्देश्य प्राप्तिका लागि दक्ष, योग्य, अनुभवी र सक्षम जनशक्ति महत्वपूर्ण स्रोतको रूपमा मानिन्छ । निर्वाचन व्यवस्थापनलाई सहज र सरल बनाउन आयोग र अन्तर्गत कार्यालयका कर्मचारी तथा निर्वाचनको अवधिमा खटिने जनशक्तिलाई दक्ष, सीपयुक्त र क्षमतावान बनाउन निर्वाचन सम्बन्धी तालिमको आवश्यकता पर्दछ । त्यसैगरी निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि आयोगले विषयगत तथा ब्रीज मोड्युल अन्तर्गतका विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ ।

#### ७.१.९.१ निर्वाचन तालिम, अन्तरक्रिया तथा अभिमुखीकरण

आयोगले निर्वाचनमा संलग्न हुने जनशक्तिलाई निर्वाचनको सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा जानकारी गराउन, दक्ष, योग्य, सीपयुक्त जनशक्ति तयार पार्ने उद्देश्यले आयोग वा अन्तर्गत कार्यालयका कर्मचारी एवम् आवश्यकतानुसार नेपाल सरकारका वहालवाला वा पूर्व

कर्मचारीहरूलाई प्रशिक्षक प्रशिक्षण प्रदान गर्दै आइरहेको छ । यसरी प्रशिक्षण सञ्चालन गर्दा मुख्य प्रशिक्षक प्रशिक्षण, प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण र जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्दै आएको छ । मुख्य प्रशिक्षक प्रशिक्षण लिएका मुख्य प्रशिक्षकले प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण लिएका प्रशिक्षकले जिल्लास्तरीय प्रशिक्षण सञ्चालन गर्ने गरिन्छ ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा परिचालन हुने जनशक्ति तथा सरोकारवालाको सीप, दक्षता एवम् क्षमता अभिवृद्धि गरी निर्वाचनलाई स्वच्छ, निश्पक्ष, मितव्ययी र विश्वसनीय बनाउनका लागि निर्वाचनका विविध विषयमा विषयगत प्रशिक्षण सञ्चालन गरिएका थिए ।

निर्वाचनको समयमा परिचालन हुने जनशक्ति एवम् सरोकारवालाको क्षमता विकास गर्न आयोगबाट सञ्चालन गरिने तालिम कार्यक्रमलाई व्यवस्थित ढँगबाट सञ्चालन गर्न निर्वाचन तालिम निर्देशिका, २०७९ आयोगबाट स्वीकृत भएको र सोहीबमोजिम तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । तालिमको विषयवस्तु अवधि, सहभागी, स्रोत–पुस्तिका, प्रस्तुतिकरण लगायतका विषयमा निर्देशिकामा व्यवस्था गरिएका निर्वाचन तालिम सञ्चालन तथा व्यवस्थापन समिति र उच्चस्तरीय निर्वाचन तालिम समितिमा आवश्यक छलफल गरी तालिम सञ्चालन गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा देहायका विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

उपर्युक्त तालिम आवश्यकताअनुसार तहगत (Cascade) रूपमा देहायअनुसार सञ्चालन गरिएको थियो :

(क) मुख्य प्रशिक्षक प्रशिक्षण

(ख) प्रादेशिक प्रशिक्षक प्रशिक्षण

(ग) जिल्लास्तरीय प्रशिक्षण

**कतिपय प्रशिक्षण कार्यक्रमहरू अनलाइन प्रणाली मार्फत सञ्चालन भएका थिए ।**

- **तालिमहरू**

☞ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण

☞ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण

☞ निर्वाचन र प्रविधि तालिम

☞ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन तालिम

☞ मतदाता शिक्षा तालिम

☞ मतदाता नामावली अद्यावधिक अनलाइन मार्फत

☞ अस्थाइ मतदाता नामावली सम्बन्धी अनलाइन मार्फत प्रशिक्षण

☞ ७५३ स्थानीय तहमा कार्यरत निर्वाचन सम्पर्क व्यक्तिहरूका लागि अनलाइन प्रणाली मार्फत क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण ।

### ७.१.९.१.१ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण

मतपत्र छपाइ कार्यको लागि जनक शिक्षा सामग्री केन्द्रमा खटिने कर्मचारीका लागि मिति २०७९/०५/२० गते १ दिने मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रयोग गरिने मतपत्र, मतपत्र छपाइ प्रक्रियाबारे सामान्य जानकारी, छापिएको मतपत्रको रुजु गर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरू, मतपत्र प्याकिङ लगायतका पक्षहरूबारे सहभागीसँग छलफल भएको थियो । सो कार्यक्रममा मतपत्र छपाइ कार्यमा खटिने २१ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ७.१.९.१.२ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण

निर्वाचन व्यवस्थापन तथा सञ्चालन कार्यमा परिचालन हुने मुख्य निर्वाचन अधिकृत ७७ जना, निर्वाचन अधिकृत ८८ जना तथा निर्वाचन अधिकारीहरू ७७ जनाका लागि लक्षित गरिएको यो तालिम तीन चरणमा सञ्चालन गरिएको थियो । केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण, प्रदेशमा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण र जिल्लामा मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि मतदान तथा मतगणना प्रशिक्षण सञ्चालन गरिएको थियो ।

### ७.१.९.१.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीहरूका लागि प्रदेशस्तरमा सञ्चालन गरिने तालिमका लागि आवश्यक पर्ने प्रशिक्षक तयार गर्नका लागि केन्द्रमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम २०७९ असोज ४ र ५ गते सञ्चालन गरिएको थियो । नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी, प्रथम श्रेणी र आयोगका राजपत्राङ्कित प्रथम तथा द्वितीय श्रेणीका जम्मा २६ जना कर्मचारीहरू सहभागी

रहेको सो कार्यक्रममा नेपाल सरकारको विशिष्ट श्रेणीबाट अवकाश प्राप्त कर्मचारी तथा आयोगका सचिव, सहसचिव एवम् उपसचिवले सहजीकरण गर्नुभएको थियो। निर्वाचन सम्बन्धी कानूनी व्यवस्था, निर्वाचन कार्यक्रम, निर्वाचनमा प्रविधिको प्रयोग, मतदान तथा मतगणना, नमूना मतदान एवम् निर्वाचन सम्बन्धमा आयोगको तयारी बारे सो कार्यक्रममा प्रस्तुति तथा छलफल भएको थियो। मुख्य प्रशिक्षक प्रशिक्षणका सहभागीलाई प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको थियो।

मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्नुपूर्व सो कार्यक्रमका लागि तयार पारिएको स्रोत पुस्तिका तथा प्रस्तुतिकरणका सम्बन्धमा छलफल गरी ती सामग्रीमा आवश्यक परिमार्जन गर्नका लागि २०७९ असोज २ गते मुख्य प्रशिक्षक प्रशिक्षणका स्रोत व्यक्तिहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रमको समेत आयोजना गरिएको थियो।

### ७.१.९.१.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नियुक्त भएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका प्रदेश तथा जिल्ला निर्वाचन अधिकारी एवम् जगेडा निर्वाचन अधिकृतहरूलाई सहभागी गराई २०७९ असोज १२ र १३ गते देशका विभिन्न ५ स्थान (विराटनगर, चितवन, काठमाडौं, बुटवल र नेपालगञ्ज) मा १० वटा समूहमा प्रशिक्षण सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा ७७ जना मुख्य निर्वाचन अधिकृत, ८८ जना निर्वाचन अधिकृत, ७७ जना निर्वाचन अधिकारी र ३ जना जगेडा निर्वाचन अधिकृत गरी जम्मा २४५ जनाको सहभागिता रहेको थियो।

### ७.१.९.१.५ मतदान तथा मतगणना तालिम

मतदान केन्द्रमा परिचालन हुने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूका लागि १६५ निर्वाचन क्षेत्रमा १ दिने मतदान तथा मतगणना तालिम सञ्चालन गरिएको थियो। देशभर रहेका २२,२२७ मतदान केन्द्रको लागि २ प्रतिशत जगेडा मतदान अधिकृत समेत करिब ४५,००० जना कर्मचारीलाई यो तालिम प्रदान गरिएको थियो। प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतसँगको समन्वयमा सञ्चालन गरिएको सो तालिममा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनबारे जानकारीका साथै मतदान अधिकृतले नियुक्ति पत्र प्राप्त गरेपछि

निर्वाचनमा मतदान केन्द्रमा गर्नुपर्ने विभिन्न कार्यका बारेमा छलफल गराउँदै मतगणना कार्यको बारेमा समेत जानकारी गराइएको थियो ।

### ७.१.९.१.६ निर्वाचन र प्रविधि प्रशिक्षण कार्यक्रम

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा निर्वाचन आयोगले प्रयोगमा ल्याएको प्रविधिका बारेमा निर्वाचन अधिकृतको कार्यालय एवम् प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरका लागि निर्वाचन र प्रविधि विषयक तालिमको आयोजना गरिएको थियो । यो तालिम पनि ३ तहमा सञ्चालन गरिएको थियो ।

### ७.१.९.१.७ निर्वाचन र प्रविधि मुख्य प्रशिक्षक प्रशिक्षण

निर्वाचन आयोगमा कार्यरत सूचना प्रविधिसँग सम्बन्धित २१ जना कर्मचारीलाई सहभागी गराई मिति २०७९ असोज ७ र ८ गते २ दिनको मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता नामावली सम्बन्धमा प्रयोगमा रहेको सफ्टवेयर, मनोनयन दर्ता एवम् मतगणनामा प्रयोग गरिएको सफ्टवेयर र यसको सञ्चालन प्रक्रिया लगायतका विषय सो तालिममा समावेश गरिएको थियो ।

### ७.१.९.१.८ निर्वाचन र प्रविधि प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरहरूका लागि २०७९ असोज १२ र १३ गते देशका ३ स्थान (विराटनगर, पोखरा र नेपालगञ्ज) मा निर्वाचन र प्रविधि प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा ८४ जना कम्प्युटर अपरेटरहरूको सहभागिता रहेको थियो ।

### ७.१.९.१.९ निर्वाचन र प्रविधि जिल्लास्तरीय प्रशिक्षण

निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कम्प्युटर अपरेटरहरूका लागि सम्बन्धित जिल्लामा १ दिनको निर्वाचन र प्रविधि विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । यो कार्यक्रममा देशभरबाट १६५ जना कम्प्युटर अपरेटरको सहभागिता रहेको थियो ।

### ७.१.९.१.१० निर्वाचन र प्रविधि अनलाइन प्रणाली मार्फत प्रशिक्षण

निर्वाचन सञ्चालन र व्यवस्थापनको सन्दर्भमा आयोगले प्रयोगमा ल्याएको मोबाइल एप, मतदान अधिकृतका लागि इभेन्ट ट्र्याकिङ प्रणाली तथा मतगणना लगायतका विषयलाई समेटेर प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका ८४ जना एवम् निर्वाचन अधिकृतको

कार्यालयमा कार्यरत १६५ जना गरी जम्मा २४९ जना कम्प्युटर अपरेटरहरूका लागि अनलाइन मार्फत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। सम्पूर्ण सहभागीलाई ५ वटा समूहमा विभाजन गरी सो कार्यक्रम २०७९ कात्तिक २४ र २५ गते अलग अलग समयमा सञ्चालन गरिएको थियो।

### ७.१.९.१.११ मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) सम्बन्धी तालिम

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा अन्तिम मतदाता नामावली तयार पार्ने प्रयोजनको लागि मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपूर्व आयोगमा कम्प्युटर इन्जिनियर र कम्प्युटर अपरेटरको लागि दुई समूहमा सो कार्यक्रम सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। २०७९ साउन ३१ गते कम्प्युटर अपरेटरका लागि सञ्चालन गरिएको तालिमा १७ जनाको सहभागिता रहेको थियो भने २०७९ भदौ १ र २ गते सञ्चालन गरिएको तालिममा ७ जनाको सहभागिता रहेको थियो।

### ७.१.९.१.१२ मतदाता नामावलीको निस्सा प्रदान गर्ने सम्बन्धमा अभिमुखीकरण

समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने राजनीतिक दलले अन्तिम मतदाता नामावलीमा उम्मेदवारको नाम रहेको निस्सा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम आयोगबाट राजनीतिक दललाई मतदाता नामावलीमा नाम रहेको निस्सा पेश गर्नुपूर्व २०७९ भदौ ३१ मा उक्त कार्यमा परिचालन गरिएका कर्मचारीलाई १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। आयोगमा सञ्चालन गरिएको सो कार्यक्रममा कम्प्युटर इन्जिनियर, कम्प्युटर अधिकृत र कम्प्युटर अपरेटर गरी जम्मा ३५ जना कर्मचारीको सहभागिता रहेको थियो।

### ७.१.९.१.१३ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन

निर्वाचनका सिलसिलामा निर्वाचन सामग्री व्यवस्थापनसँग सम्बन्धित कर्मचारी तथा आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीको क्षमता विकास गर्न निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो। यो तालिम समेत ३ तहमा सञ्चालन गरिएको थियो।

### ७.१.९.१.१४ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण

निर्वाचन आयोग एवम् महालेखा नियन्त्रक कार्यालयका १२ जना कर्मचारीहरूको सहभागितामा यो तालिम मिति २०७९/०६/२९ गते सञ्चालन गरिएको थियो। निर्वाचनको सन्दर्भमा प्रयोग गरिने सामग्रीको खरिद, प्राप्ति, ढुवानी, भण्डारण, प्याकिङ तथा

वितरणका बारे एवम् निर्वाचन सञ्चालनका लागि गरिने आर्थिक व्यवस्थापनका विविध पक्षका बारेमा सो तालिममा समेटिएको थियो। यस प्रशिक्षणमा सहभागी जनशक्ति नै प्रदेशस्तरीय प्रशिक्षणमा सहजकर्ताको रुपमा प्रस्तुत भएका थिए।

### ७.१.९.१.१५ आर्थिक प्रशासन सम्बन्धी अनलाइन प्रशिक्षक प्रशिक्षण

प्रत्येक जिल्लामा आर्थिक प्रशासन सम्बन्धी प्रमुख निकायको रुपमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक तथा कोष नियन्त्रकहरूको लागि मिति २०७९/०६/३० गते अनलाइन मार्फत १ दिने आर्थिक प्रशासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। निर्वाचन आयोग र महालेखा नियन्त्रक कार्यालयबाट अनलाइन मार्फत सञ्चालित सो कार्यक्रममा निर्वाचनमा वित्तीय अनुशासन कायम राख्न गर्नुपर्ने प्रयासका बारेमा समेत छलफल भएको थियो। प्रत्येक जिल्लामा सञ्चालन गरिने आर्थिक व्यवस्थापनसम्बन्धी तालिममा सहजकर्ता तयार गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको थियो।

### ७.१.९.१.१६ निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत जिन्सीसँग सम्बन्धित कर्मचारी र आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीको सहभागितामा मिति २०७९ कात्तिक २ गते देशभरका ५ स्थान (विराटनगर, चितवन, काठमाडौं, बुटवल र नेपालगञ्ज) मा निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त प्रशिक्षणमा निर्वाचन अवधिमा प्रयोगमा आउने सामग्रीको प्राप्ति, भण्डारण, प्रयोग, पुनःप्रयोगजस्ता पक्ष निर्वाचन सामग्री व्यवस्थापनमा समेटिएका थिए भने आर्थिक व्यवस्थापनमा आयोगलाई प्राप्त बजेट रकम, आर्थिक कार्यविधि बमोजिम बजेट खर्च गर्ने तरिका लगायतका पक्ष समेटिएका थिए। मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमका सहभागीहरूलाई जिल्लास्तरीय प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको सो तालिममा देशभरबाट १५४ जनाको सहभागिता रहेको थियो।

### ७.१.९.१.१७ जिल्लास्तरीय आर्थिक व्यवस्थापन प्रशिक्षण

प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा खटिएका आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीलाई जिल्लागत रुपमा १ दिनको आर्थिक व्यवस्थापन प्रशिक्षण सञ्चालन गरिएको

थियो । जिल्लागत रुपमा विभिन्न मितिमा सञ्चालन भएको सो तालिममा १६५ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ७.१.९.१.१८ मतदाता शिक्षा तालिम

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदातालाई मतदान सम्बन्धी जानकारी प्रदान गर्नको लागि आयोगले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो र यो कार्यक्रममा परिचालन भएका जनशक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको थियो । यस कार्यका लागि आयोगले ३ तहमा मतदाता शिक्षा तालिम सञ्चालन गरेको थियो भने स्थानीय स्तरमा सम्बन्धित स्थानीय तहबाट तालिम सञ्चालन हुने व्यवस्था रहेको थियो ।

### ७.१.९.१.१९ मतदाता शिक्षा मुख्य प्रशिक्षक प्रशिक्षण

आयोगका १२ जना कर्मचारीहरूलाई सहभागी गराई मिति २०७९/०६/२८ गते १ दिने मतदाता शिक्षा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा निर्वाचनबारे जानकारी, मतदाता शिक्षाका लागि प्रयोग भएका सामग्रीहरू, मतदाता शिक्षा कार्यक्रम र नमूना मतदान अभ्यास जस्ता विषय समावेश गरिएका थिए । मुख्य प्रशिक्षक प्रशिक्षणका सहभागीहरूलाई प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणमा सहजकर्ताको रुपमा परिचालन गरिएको थियो ।

### ७.१.९.१.२० मतदाता शिक्षा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणका सहभागीलाई नै सामेल गराई मिति २०७९/०७/०३ गते ५ स्थान (विराटनगर, चितवन, काठमाण्डौ, बुटवल र नेपालगञ्ज) मा मतदाता शिक्षा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । देशभरबाट १५४ जना कर्मचारी यस तालिममा सहभागी भएका थिए । प्रत्येक जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न तथा निर्वाचनमा प्रचार प्रसारका लागि आवश्यक मतदाता शिक्षा सामग्रीहरू तालिम सञ्चालन स्थलबाट नै सम्बन्धित जिल्लाका निर्वाचन कार्यालयलाई प्रदान गरिएको थियो। निर्वाचन कार्यलय मार्फत उक्त मतदाता शिक्षा सामग्री स्थानीय तह सम्म पुऱ्याईएको थियो ।

### ७.१.९.१.२१ जिल्लास्तरीय मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण

स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिहरूलाई सहभागी गराई जिल्लागत रुपमा विभिन्न मितिमा जिल्लास्तरीय मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

यो कार्यक्रममा देशभरबाट ७५३ जनाको सहभागिता रहेको थियो। स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रमको लागि आवश्यक पर्ने सामग्री सम्बन्धित निर्वाचन सम्पर्क व्यक्तिलाई तालिमको समयमा नै वितरण गरिएको थियो ।

### ७.१.९.१.२२ मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम

जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छपाइ कार्यको लागि खटिने कर्मचारीहरूलाई मिति २०७९/०५/२० गते १ दिने मतपत्र छपाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। सो कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि प्रयोग गरिने मतपत्र, मतपत्र छपाइ प्रक्रियाबारे सामान्य जानकारी, छापिएको मतपत्रको रुजु गर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरू, मतपत्र छपाइ र मतपत्र प्याकिङ लगायतका सवेदनशील विषयकाबारे सहभागीसँग छलफल र स्पष्ट पार्ने कार्य भएको थियो। निर्वाचनमा महत्वपूर्ण रहेको मतपत्रको विषय र यसको संवेदनशिलतालाइ ध्यानमा राखि अभिमुखीकरण सञ्चालन भएको थियो। सो कार्यक्रममा मतपत्र छपाइ कार्यमा खटिने २१ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ७.१.९.१.२३ स्थानीय स्तरमा मतदाता शिक्षा प्रशिक्षण

स्थानीय तहका प्रत्येक वडामा एक जना स्वयंसेवक सम्बन्धित स्थानीय तहले नियुक्त गरी नियुक्त भएका स्वयंसेवकहरूलाई निर्वाचन सम्पर्क व्यक्ति मार्फत स्थानीय स्तरमा अभिमुखीकरण सञ्चालन गरी मतदाता शिक्षा घरदैलो कार्यक्रममा परिचालन हुने व्यवस्था गरिएको थियो।उक्त कार्यक्रममा मतदाता शिक्षा सामग्रीको विषयमा पनि उनीहरूलाई जानकार बनाई मतदाता शिक्षा प्रचार प्रसार सामग्री वडा तहसम्म पुऱ्याउने कार्य भएको थियो ।

### ७.१.९.२ निर्वाचन प्रचार—प्रसार तथा मतदाता शिक्षा कार्यक्रम

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगबाट मतदाता शिक्षा अवधारणा र मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ स्वीकृत गरी प्रत्येक स्थानीय तहका सबै वडाहरूमा महिला स्वास्थ्य स्वयंसेविका मार्फत मतदाता शिक्षासम्बन्धी समुदायस्तर तथा घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रम अन्तर्गत खटिएका मतदाता शिक्षा स्वयंसेविकाहरूले नमूना मतपत्रको माध्यमबाट निर्वाचन सम्बन्धी विविध विषयका अतिरिक्त सही मतदान गर्ने तरिकाबारे मतदातालाई जानकारी गराएका थिए। साथै सबै स्थानीय तहहरूमा नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको थियो। यसका लागि आयोगले मतदाता शिक्षा सम्बन्धी विभिन्न प्रकारका पोष्टर, ब्रोसर, पर्चा

लगायतका छपाइ सामग्रीहरू उत्पादन गरी वितरण गरेको थियो। साथै, आवश्यकता अनुसार अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। निर्वाचनसम्बन्धी सूचना तथा सन्देश प्रवाह गरी मतदातालाई सुसूचित गर्ने तथा निर्वाचनमा बदर मतको प्रतिशतलाई कम गर्ने उद्देश्यले विभिन्न कार्यक्रम समेटी मतदाता शिक्षा सञ्चालन गरिएको थियो। मतदाता शिक्षा कार्यक्रम अन्तर्गत साविकको मतदाता शिक्षा सम्बन्धी परम्परागत विधिमा केही परिवर्तन गरी यसपटक डिजिटल माध्यमको प्रयोगमा जोड दिइएको थियो।समयको माग अनुसार मतदाता शिक्षालाई सामाजिक सञ्जालसँग जोड्दै विभिन्न प्रकारका मतदाता शिक्षा सामग्री तयार गरी निर्वाचनको प्रचार प्रसार गरिएको थियो। स्थानीय तहको समन्वय र सहकार्यलाई अघि बढाउदै वडा तहमा मतदाता शिक्षा सञ्चालन भएका थिए।

यसका अतिरिक्त आम सञ्चार माध्यमहरूबाट मतदाता शिक्षा सम्बन्धी श्रव्य दृश्य सामग्रीहरूको प्रसारण भएको थियो। राष्ट्रिय दैनिक पत्रिकाहरूबाट मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका विभिन्न सन्देशहरू प्रकाशन गरिएको र राष्ट्रिय एवम् स्थानीय रेडियो, टेलिभिजनहरूबाट समेत आयोगले उत्पादन गरेका विभिन्न श्रव्य दृश्य सन्देशहरू प्रसारण भएका थिए। आयोगले १७ वटा राष्ट्रिय भाषामा निर्वाचन सम्बन्धी दृश्य सन्देशहरू उत्पादन गरी प्रसारण गरेको थियो। सरकारी सञ्चार माध्यमहरूसँग छुट्टाछुट्टै सम्झौता गरी निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षाका विविध कार्यक्रमहरू सञ्चालन भएका थिए। गोरखापत्र दैनिकको 'नयाँ नेपाल बहुभाषिक पृष्ठ'मा विभिन्न राष्ट्रिय भाषामा मतदाता शिक्षा तथा निर्वाचन सम्बन्धी सूचनामूलक सामग्रीहरू प्रकाशित गरिएको थियो।

राष्ट्रिय समाचार समितिको सहकार्यमा सातै प्रदेश र ७७ वटै जिल्लामा निर्वाचनका लागि मिडिया अभिमुखीकरण कार्यक्रमका साथै निर्वाचन सम्बन्धी विशेष आलेख र समाचार सम्प्रेषण गरिएको थियो। नेपाल टेलिभिजनबाट निर्वाचनका विभिन्न सरोकारवाला तथा समाजका प्रतिष्ठित व्यक्तिहरूका छोटो अवधिका भिडियो सन्देशहरू तयार गरी प्रसारण भएको थियो। रेडियो नेपालबाट ४१ वटा भाषामा केन्द्र तथा प्रदेशबाट निर्वाचनका गतिविधि, परिणाम र सूचनाहरू समाचार तथा कार्यक्रमका माध्यमबाट प्रशारण भएको थियो। आयोगको सामाजिक सञ्जाल तथा टेलिभिजनबाट समेत मतदाता शिक्षा, सूचना तथा अन्य विभिन्न जानकारीमूलक सामग्री प्रेषित/प्रसारण गरिएको थियो। यसैगरी टेलिफोन नेटवर्कको प्रयोग गरी आयोगका सूचना एवम् सन्देशहरू एसएमएस, रिङ्गटोन लगायतका माध्यमबाट प्रसारण भएको थियो। अनलाईन सञ्चार माध्यमहरूमा समेत निर्वाचन सम्बन्धी

सन्देशहरू प्रसारण गरिएको थियो । देशका सातै प्रदेश र काठमाडौँको वसन्तपुरमा निर्वाचन एक्सप्रेस तथा सांगीतिक कन्सर्टको आयोजना गरी लोकप्रिय कलाकारहरूबाट निर्वाचनको प्रचार प्रसार भएको थियो । प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले निर्वाचनसँग सम्बन्धित श्रव्य सन्देशहरू स्थानीय एफएमहरूबाट प्रसारण गरेका थिए । उपर्युक्त बमोजिमका कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्न आयोगमा मतदाता शिक्षा सम्बन्धी केन्द्रीय निर्देशक समिति गठन गरिएको र जिल्ला तथा स्थानीय तहमा समेत मतदाता शिक्षा सम्बन्धी समितिहरूको व्यवस्था गरिएको थियो ।

### ७.१.९.२.१ नीतिगत व्यवस्था

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि निर्वाचन आयोगले मतदाता शिक्षा सम्बन्धी अवधारणा स्वीकृत गरी लागू गरेको थियो । यसैगरी निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका समेत तयार गरी कार्यान्वयनमा रहेको थियो । निर्वाचनसम्बन्धी कानूनी व्यवस्था, आयोगबाट स्वीकृत भएका नीति तथा निर्देशिकाबमोजिम मतदाता शिक्षाका कार्यक्रमहरू सञ्चालन भएका थिए । यसका लागि आयोगले विभिन्न प्रकारका सामग्रीको उत्पादन, प्रकाशन, प्रसारण तथा प्रदर्शनसमेत गरेको थियो । निर्वाचनको सम्पूर्ण प्रचार–प्रसारमा आयोग तथा विकास साझेदार संस्थाहरू यूएनडीपी, इएसपी र आइएफइएस नेपालको समेत महत्वपूर्ण सहभागिता रहेको थियो ।

### ७.१.९.२.२ संरचनागत व्यवस्था

सम्वत् २०७९/०८/०४ गते सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन, व्यवस्थापन र कार्यान्वयनका लागि आयोगबाट विभिन्न समिति, इकाइहरूको गठन भएको थियो । केन्द्रीय स्तरमा मतदाता शिक्षा हेर्ने माननीय निर्वाचन आयुक्तको अध्यक्षतामा सम्बन्धित मन्त्रालयहरूका प्रतिनिधिसमेत रहने गरी नीतिगत व्यवस्था तथा अनुगमनसमेतका लागि निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशक समिति गठन भई क्रियाशील रहेको थियो भने समन्वय र कार्यान्वयनमा सहजीकरण गर्ने प्रयोजनका लागि सचिवको अध्यक्षतामा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समिति गठन गरिएको थियो । यसैगरी प्रदेशस्तरमा प्रदेश निर्वाचन अधिकारी र जिल्ला तहमा जिल्ला निर्वाचन अधिकारीको संयोजकत्वमा समेत मतदाता शिक्षा समितिहरू रहने व्यवस्था थियो । आयोगमा मतदाता शिक्षा सामग्रीहरूको उत्पादन, व्यवस्थापन र अडियो/भिडियो सामग्री संकलन तथा त्यसको प्रसारण सम्बन्धमा व्यवस्थापकीय कार्य गर्न श्रीमान् सचिवको अध्यक्षतामा समिति सक्रिय रहेका थिए ।

### ७.१.९.२.३ आर्थिक व्यवस्था

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ सञ्चालनका लागि नेपाल सरकारबाट आयोगलाई प्राप्त कूल बजेट अन्तर्गत मतदाता शिक्षा कार्यक्रमका लागि जम्मा ५३ करोड ८४ लाख ६१ हजार रकम विनियोजन भएको थियो ।

### ७.१.६.९.४ मतदाता शिक्षा सामग्रीहरू

निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न छपाइ, अडियो/भिडियो तथा अन्य सामग्री प्रयोग भएको थियो । ती सामग्री निम्न रहेका थिएः

**क. छपाइ सामग्रीहरू**

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ बारेमा सामान्य जानकारीसमेत भएको प्रश्नोत्तर, पोष्टर, फ्लीप चार्ट आदि विकास साभेदार संस्था आइएफइएसको सहयोगमा छपाइ गरिएको थियो । यसैगरी आयोगबाट सबै मतदान केन्द्रहरूमा मतदान गर्ने सही तरिका र निर्वाचन आचारसंहिता सम्बन्धी अवधारणामा फ्लेक्स छपाइ गरी पठाइएको थियो ।

**ख. अडियो तथा भिडियो सामग्रीहरू**

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ का लागि ३९ किसिमका अडियो भिडयो सामग्री उत्पादन गरिएको थियो । यी सामग्रीहरू गीति सन्देश, सम्वादमूलक सन्देश, लघु चलचित्र आदि रहेका थिए । १६ वटा भाषामा समेत अडियो भिडियो सामग्री उत्पादन गरिएको थियो ।

**ग. टेलिभिजन प्रसारण**

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ का लागि आयोगको निर्णय बमोजिम उत्पादन भएका भिडियो सामग्रीहरूः गीति सन्देश, संवादमूलक सन्देश, संवादमूलक लघुनाटक तथा लघु चलचित्रहरू नेपाल टेलिभिजनबाट प्रसारण भएको थियो । उत्पादन भएका गीति सन्देश तथा सम्बादमूलक सन्देशहरू राष्ट्रियस्तरका अन्य टेलिभिजनबाट समेत प्रसारण गरिएको थियो । यसका साथै स्थानीय टेलिभिजन र अन्य टेलिभिजनबाट निर्वाचन सम्बन्धी भिडियो सन्देशहरू प्रसारण भएको थियो ।

**घ. रेडियो प्रसारण**

निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रमका लागि आयोगले उत्पादन गरेका अडियो सामग्री तथा रेडियो कार्यक्रमसमेत सञ्चालन गर्न र निर्वाचनको वातावरण तयारी गर्ने कुरामा सहयोग पुऱ्याउने रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) सँग छुट्टै सम्झौता गरी रेडियोबाट कार्यक्रम प्रसारण गरिएको थियो। अडियो सन्देशहरू देशभरका एफ.एम. रेडियोहरूबाट समेत प्रसारण गरिएको थियो ।

**ङ. पत्रपत्रिकामा सूचना एवम् विज्ञापन**

निर्वाचनसम्बन्धी सन्देश भएका विभिन्न सूचना १८ वटा राष्ट्रिय दैनिक पत्रिका (ब्रोडसिट) मा रङ्गिन छपाइ गरी प्रकाशन गरिएको थियो ।

**च. सरकारी सञ्चार माध्यमबाट प्रचार–प्रसार**

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी सञ्चार माध्यमहरूको महत्वपूर्ण भूमिका रहेको हुँदा आयोगको निर्णय बमोजिम नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति तथा विज्ञापन बोर्डसँग छुट्टाछुट्टै सम्झौता गरी निर्वाचनको प्रचारप्रसार सम्बन्धी कार्य एवम् सोको अनुगमन कार्य भएको थियो । विशेषगरी नेपाल टेलिभिजनबाट सूचना एवम् जानकारीमूलक टेलिभिजन कार्यक्रम प्रसारण, आयोगले उत्पादन गरेका गीति सन्देश, संवादमूलक सन्देश, संवादमूलक नाटक तथा लघुकथाका चलचित्रहरू प्रसारण र समाचारमूलक कार्यक्रम तथा मनोरञ्जनात्मक कार्यक्रममा निर्वाचनका विषयलाई प्राथमिकतासाथ प्रसारण गरिएको थियो । यसैगरी गोरखापत्र दैनिकबाट विभिन्न ३४ वटा भाषामा निर्वाचनसम्बन्धी सन्देशहरू प्रकाशन, समाचार, लेख रचना आदिमा निर्वाचनका विषयहरूको प्राथमिकता दिई प्रकाशन गरिएको थियो । राष्ट्रिय समाचार समितिले आफ्नो समाचार संकलन एवम् सम्पादनमा निर्वाचनका विषयलाई उच्च प्राथमिकता दिएको थियो । रेडियो नेपालबाट आयोगले उपलब्ध गराएका सन्देशहरूको प्रसारण, निर्वाचन विशेष कार्यक्रमहरू प्रसारण, रेडियो नेपाल आफैंले सन्देशहरू उत्पादन गरी प्रसारण, विभिन्न राष्ट्रिय भाषाहरूमा समेत प्रसारण भएको थियो । विज्ञापन बोर्डबाट निर्वाचन प्रचारप्रसार एवम् निर्वाचन

आचारसंहिता पालना सम्बन्धमा अनुगमन, आयोगले उपलब्ध गराएका विज्ञापन प्रकाशन, प्रसारण सम्बन्धमा अनुगमन र नेपाल सरकारको लोककल्याणकारी विज्ञापनमार्फत निर्वाचनका सन्देशहरूको प्रकाशन प्रसारण सम्बन्धी कार्य भएका थिए ।

**छ. अनलाईन सञ्चार माध्यमबाट प्रचार–प्रसार**

आयोगले अनलाइन सञ्चार माध्यामको लागि मापदण्ड तोकी मापदण्ड भित्र परेका विभिन्न अनलाइन सञ्चार माध्यमहरूबाट निर्वाचन सुचना तथा सन्देशहरू प्रसारण गरिएको थियो ।

**ज. आमपहुँच कार्यक्रम**

सातवटै प्रदेशका सदरमुकाममा निर्वाचन सम्बन्धी सांगितिक कन्सर्ट सञ्चालन गरिएको थियो । काठमाडौंको बसन्तपुरमा थप एक पटक कन्सर्ट सञ्चालन भएको थियो । यसैगरी 'इन्द्रेणी' टेलिभिजन कार्यक्रममा १२ वटा निर्वाचन सम्बन्धी कार्यक्रम प्रसारण गरिएको थियो ।

१. नमूना मतदान प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा नमूना मतदान कार्यक्रम केन्द्र र जिल्ला स्तरमा सञ्चालन गर्न बजेटको व्यवस्था भएबमोजिम विभिन्न जिल्लाहरूमा नमुना मतदान सञ्चालन गरिएको थियो ।

२. सामाजिक सञ्जालबाट प्रचार–प्रसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगका विकास साझेदार संस्थाहरूसमेतको सहयोगमा आयोग परिसरभित्र सामाजिक सञ्जाल अप्रेसन सेन्टरसमेतको व्यवस्था गरी आयोग तथा विकास साझेदार संस्थाहरूले तयार गरेका निर्वाचनसम्बन्धी सूचना एवम् सन्देश इन्टरनेटको माध्यमबाट विभिन्न सामाजिक सञ्जालहरूमार्फत प्रचारप्रसार गरिएको थियो ।

३. 'म निर्वाचनमा सहभागी हुन्छु' अभियान सञ्चालन : सम्माननीय राष्ट्रपति, प्रधानमन्त्रीलगायत राज्यका उच्च तहका पदाधिकारी तथा राष्ट्रिय स्तरमा ख्याति प्राप्त सामाजिक जीवनका विभिन्न क्षेत्रमा कार्यरत विशिष्ट व्यक्तित्वसमेतबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को प्रचार–प्रसार र मतदाता शिक्षासम्बन्धी विषयमा छोटो अवधिको भिडियो

सन्देश रेकर्ड गरी उक्त सन्देशलाई नेपाल टेलिभिजन तथा आयोगको सामाजिक सञ्जालमार्फत प्रसारण गरिएको थियो । यो कार्यक्रमअन्तर्गत भिडियो रेकर्ड गर्ने, एडिट गर्ने र प्रसारण गर्ने कार्यका लागि आयोगले नेपाल टेलिभिजनसँग छुट्टै सम्झौता गरेको थियो ।

४. मोबाइल तथा टेलिफोनमा कलर रिङ ब्याक टोन र एसएमएस : प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा निर्वाचनको प्रचार–प्रसारका लागि नेपाल दूरसञ्चार प्राधिकरणको सहयोगमा सञ्चालित कल ब्याक रिङ टोन कार्यक्रम निकै प्रभावकारी रहेको थियो । निर्वाचनसम्बन्धी विषयमा छोटो–छोटो सन्देश भएको कल ब्याक टोन (अडियो फाइल) उत्पादन गरी नेपाल टेलिकम र एनसेलका टेलिकम नेटवर्कहरूबाट सन्देश प्रसारण गरिएको थियो ।

### ७.१.९.३ निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मा सामाजिक सञ्जालको उपयोग गरिएको थियो । आयोगले सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, टिकटक र भाइबर समेतको उपयोग गरी मतदाता शिक्षा र निर्वाचन सूचनलाई अधिकतम रूपमा प्रचार प्रसार गरेको थियो । आयोगको आधिकारिक सूचना प्रवाह गर्न फेसबुक, ट्वीटर तथा भाइबरजस्ता सामाजिक सञ्जालको प्रयोग गरिएका थिए । निर्वाचन आचारसंहिता, आयोगका निर्णय, इ–बुलेटिनमा प्रकाशित सामग्रीहरू धेरैभन्दा धेरै नागरिकसम्म पुऱ्याउने आयोगका सामाजिक सञ्जालहरू प्रयोग गरिएका थिए । आयोगको भाइबर ग्रुप इलेक्सन कमिसन नेपाल (Election Commission Nepal) मार्फत आफ्ना सूचना सन्देश तथा आयोगका निर्णय सार्वजनिक गर्ने गरिएको थियो । त्यस्तै, सञ्चार माध्यमलाई आयोगका सूचना तथा गतिविधिहरूबारे जानकारी दिन छुट्टै भाइबर ग्रुप बनाइएको थियो । आयोगले तयार गरेका सन्देशमूलक भिडियोहरू आयोगको ट्वीटर, युट्युब, फेसबुक, भाइबरलगायतका सामाजिक सञ्जालमार्फत प्रवाह गरिएका थिए ।

आयोगको ट्विटर फलोअर कूल २ हजार ५२७ रहेकोमा निर्वाचन अवधिमा करीब ९ हजार पुगेको थियो । त्यसैगरी फेसबुक पेज लाइक ९४ हजार २११ रहेकोमा निर्वाचन अवधिमा १ लाख ७८ हजार पुगेको थियो । निर्वाचनको अवधिमा सामाजिक सञ्जालको दुरूपयोग गरेर प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार एवम् द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम

तथा नियन्त्रण गर्न सामाजिक सञ्जालको अनुगमन भएको थियो। अनुगमनका क्रममा देखिएका निर्वाचन आचारसंहिता विपरितका कार्यहरूका सम्बन्धमा केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यक कारवाही गरेको थियो।

## ७.१.१० निर्वाचन आचारसंहिता र अनुगमन

### ७.१.१०.१ निर्वाचन आचारसंहिता, निर्देशिका, कार्यविधि तथा मापदण्ड

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा स्वच्छता, निष्पक्षता, विश्वसनीयता तथा भयमुक्त वातावरण कायम राख्नका लागि आयोगबाट निर्वाचन आचारसंहिता, २०७९ तयार पारी मिति २०७९ भदौ १३ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो। निर्वाचन आयोग ऐन, २०७४ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी २०७९ असोज १२ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन आचारसंहिता, २०७९ जारी गरिएको थियो। उक्त निर्वाचन आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार, पर्यवेक्षक लगायत आयोगले तोकेका अन्य व्यक्तिलाई लागू हुने गरी निर्वाचन आचारसंहिता जारी गरिएको थियो।

आचारसंहिता जारी भए पश्चात केन्द्रमा २५४ र जिल्लामा ६१७ गरी जम्मा ८७१ उजुरी परेका थिए। आयोगले आफ्नो संयन्त्रमार्फत गरेको अनुगमन तथा सञ्चारमाध्यम एवम् सामाजिक सञ्जालमा आएका सूचनाका आधारमा पनि आचारसंहिता उल्लंघनका घटनाहरू पहिचान गरी अध्ययन, जाँचबुझ एवम् कारवाही प्रक्रिया अगाडि बढाएको थियो। आयोगबाट निर्धारण गरिएको निर्वाचन खर्चको सीमाको कार्यान्वयनका सन्दर्भमा उम्मेदवार तथा दलले गरेको प्रचार प्रसार कार्यमा सूक्ष्म निगरानीका लागि नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग मातहतका स्थानीय इकाइहरूलाई समेत आग्रह गरिएको थियो।

मनोनयन दर्ता गर्ने क्रममा बाजागाजाको प्रयोग भएको, श्रम काउन्सिलर र श्रम सहचारीको पदपूर्ति गर्न खोजिएको, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गरेको, प्रचार प्रसारमा निषेध गरिएका व्यक्तिहरू राजनीतिक गतिविधिमा तथा

प्रचारप्रसारमा संलग्न भएको, निर्वाचन आचारसंहिता लागू भइसके पश्चात स्थानीय तहका कर्मचारीको वृत्तिविकास (बढुवा तथा तहवृद्धि) सम्बन्धी प्रक्रिया अगाडि बढाएको, नेपाल सरकारले नेपाल धितोपत्र बोर्ड र बीमा कम्पनीमार्फत लाईसेन्स वितरण गर्न लागेको, निर्वाचन आचारसंहिताको प्रतिकूल हुने गरी उम्मेदवार दर्ताको क्रममा बढी मान्छेको भिड जम्मा गरेको तथा निजको दलको चुनाव चिन्ह अंकित टिसर्ट लगाई प्रदर्शन गर्ने गतिविधि गरेको, औषधि उपचारको वहानामा नगद वितरण गरेको, राजनीतिक दलका उम्मेदवारहरूबाट स्वतन्त्र उम्मेदवार रहेको तर आफ्नो निर्वाचन चिन्ह 'लौरो' स्वतन्त्र अभियान भनी प्रचारप्रसार गरेको लगायतमा उजुरी प्राप्त भएका थिए ।

आफ्नो निर्वाचन क्षेत्रका बाढी पीडितको नाममा चामल वितरण गर्ने कार्यले निर्वाचन आचारसंहिताको उल्लंघन गरेको, शिक्षक सहायक (शिक्षक) पद करारमा पदपूर्ति गर्ने सम्बन्धमा गोरखापत्रमा सूचना प्रकाशित गरेको, दलको झण्डा र निर्वाचन चिन्ह आचारसंहिता विपरित आफ्नो निर्वाचन क्षेत्रको विभिन्न स्थानमा टाँस गरेको, सामाजिक सञ्जालमा उम्मेदवारलाई भोट दिई जिताउन अनुरोध गरेको, मतदातालाई फ्रि भिसा फ्रि टिकटमा युवालाई विदेश पठाइदिने भनी प्रलोभनमा पार्ने गरी अभिव्यक्ति दिएको, करका दरहरू परिवर्तन गरेको, युवाहरूलाई फ्रि भिसा र फ्रि टिकटमा रोजगारीका लागि पठाउने भनी फारम सङ्कलन गरेको लगायतका विषयमा उजुरी परेका थिए ।

आचारसंहिता उल्लंघनमा प्राप्त उजुरी र जानकारीका आधारमा आवश्यक कारबाही गरिएको थियो । आयोगमा प्राप्त भएका उजुरीहरूमध्ये १७५ लाई स्पष्टीकरण सोधिएको, १९ लाई जरिवाना गरिएको, ६ लाई सचेत गराइएको, ३ लाई निर्देशन दिइएको र ५२ तामेलीमा राखिएको थियो । जिल्लामा प्राप्त भएका उजुरीमध्ये ३५२ लाई स्पष्टीकरण सोधिएको थियो । निर्वाचन आचारसंहिता लागू भएपछि विभिन्न निकायहरूबाट अनुमति/सहमति माग भएको विषयमा आयोगबाट विदेश भ्रमण/तालिम/सम्मेलनका लागि २२७ वटा काज, सरुवा, पदस्थापन, नियुक्ति र बढुवाका लागि ८३ वटा, राजनीतिक दलका प्रमुख प्रचारक, नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोमा कार्यरत पदाधिकारीहरूलाई निर्वाचन प्रचारप्रसारका लागि १९ वटा र अन्य प्रयोजनका लागि ३६ वटा सहित जम्मा ३६५ वटा सहमति प्रदान गरिएको थियो ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त बनाउनका लागि निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०७९ एवम् निर्वाचन सम्बन्धी प्रचलित कानूनमा भएका व्यवस्था कार्यान्वयन र परिपालना गर्न निर्वाचन प्रयोजनका लागि आयोगमा

दर्ता भएका राजनीतिक दलहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम मिति २०७९/०६/११ गते आयोगबाट ६० बुँदे निर्देशन दिइएको थियो ।

### ७.१.१०.१.१ निर्वाचन आचारसंहिता र सोको अनुगमन

अनुगमनका क्रममा दलहरूले निर्वाचन आचारसंहिता पालना गर्ने भन्दा आचारसंहिताका व्यवस्थाहरू छल्ने प्रवृत्ति देखिएको थियो । निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेष्ट, टि–सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने प्रष्ट व्यवस्था रहे तापनि राजनीतिक दल तथा उम्मेदवारहरूबाट यस व्यवस्थाको तदारुकताका साथ कार्यान्वयन गर्नमा कतिपय स्थानमा कमजोरी रहेको पाइयो ।

घरजग्गा धनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था निर्वाचन आचारसंहितामा रहेकोमा निजी वा संस्थागत स्वामित्वको घरमा दल तथा उम्मेदवारका राजनीतिक गतिविधि भए गरेको देखिएको थियो ।

निर्वाचन आचारसंहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउन जनस्तरसम्म आचारसंहिताको बारेमा जानकारी गराउन पर्याप्त कार्यक्रमहरू गर्नु पर्ने सुझाव पनि प्राप्त भएका छन् । आचारसंहितामा भएका व्यवस्थाहरूको बारेमा राजनीतिक दल, आमसञ्चार, निर्वाचन आयोग र सरोकारवालाको बीचमा बुझाईमा एकरुपता नभएकाले पनि आचारसंहिता कार्यान्वनमा केही समस्या देखा परेका थिए ।

सामाजिक सञ्जालमार्फत हुने निर्वाचन आचारसंहिता उल्लंघनका घटनालाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । निर्वाचन आचारसंहिता अनुगमनका लागि जिल्लास्तर र निर्वाचन क्षेत्र स्तरमा अनुगमन समितिको व्यवस्था गरिएको भए तापनि उक्त समितिमा रहने व्यक्तिहरूको आफ्नो कार्यचाप र स्रोतसाधनको सिमित उपलब्धताका कारण उक्त समितिहरूबाट निर्वाचन आचारसंहिताको प्रभावकारी अनुगमन गराउन कठिनाइ परेको थियो ।

निर्वाचन आचारसंहिता उल्लंघनका उजुरीमा आयोगबाट स्पष्टीकरण पत्र पठाउदा कतिपय दल तथा उम्मेदवारहरूले म्याद नबुझ्ने जस्ता कार्यले गर्दा सूचना एवम् म्याद तामेलीमा असहजता भएको थियो । आचारसंहिता उल्लंघनको उजुरीमाथिको कारवाहीमा सम्बन्धित पक्षबाट ढिलो गरी अस्पष्ट रुपमा जवाफ प्राप्त भएका थिए ।

राजनीतिक दलहरूले प्रचारप्रसारका क्रममा हेलिकप्टर प्रयोग गर्न सहमति प्रदान गरिएको सम्बन्धमा हेलिकप्टर प्रयोग भएको स्थान र हेलिकप्टर प्रयोग गर्दा भएको खर्च कुन–कुन उम्मेदवारको खर्चबाट व्यहोरिएको हो सोको विवरण आयोगमा पेश गर्नेगरी सहमति प्रदान गरिएकोमा त्यस्तो विवरण आयोगमा पेश भएको छैन । निर्वाचन आचारसंहिता बमोजिम आमसञ्चार माध्यमले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा समाचार प्रकाशन गर्न वा कुनै किसिमको प्रचारप्रसार गर्न नमिल्नेमा आमसञ्चार माध्यमले दलहरूको पक्ष वा विपक्षमा प्रचारप्रसार गरेको पाइएको थियो ।

### ७.१.१०.१.२ निर्वाचन खर्च सीमाको हद निर्धारण

निर्वाचन आयोग ऐन, २०७३ को दफा २४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ बमोजिम आयोगले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन प्रचारप्रसारका लागि गर्न पाउने खर्चको अधिकतम हद (सीमा) निर्धारण गरेको थियो । प्रचारप्रसारका लागि निर्वाचन खर्चको अधिकतम हद निर्धारण गर्दा वैज्ञानिक विधि अवलम्बन गरी ५ वटा समूहमा विभाजन गरी निर्वाचन खर्चको अधिकतम हद निर्धारण गरिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र भौगोलिक बनावटलाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकिएको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्द सूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्यासमेतका आधारमा निर्वाचन खर्चको हद निर्धारण गरिएको थियो । प्रतिनिधि सभा निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र अनुसार रु. २५ देखि ३३ लाख, समानुपातिक निर्वाचनप्रणालीतर्फ प्रति उम्मेदवार रु. २ लाख, प्रदेश सभा निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र अनुसार रु. १५ देखि २३ लाख र समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रति उम्मेदवार रु. १ लाख ५० हजार निर्वाचन खर्चको अधिकतम हद निर्धारण गरिएको थियो ।

### ७.१.११ निर्वाचन र सूचना प्रविधि

### ७.१.११.१ निर्वाचनमा सूचना प्रविधिको प्रयोग

निर्वाचनमा विभिन्न व्यवस्थापकीय पक्षहरूलाई चुस्त दुरूस्त एवम् प्रभावकारी रूपमा सम्पादन गर्न निर्वाचनका विभिन्न चरणहरूमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको थियो । निर्वाचनमा Biometric Based Voter Registration System मार्फत मतदाताको विवरण सङ्कलन, Integrated Election Information Management System मार्फत

Candidate Nomination देखि अन्तिम नतिजा प्रकाशन सम्बन्धी कार्य गर्नको लागि प्रणालीको सञ्चालन, निर्वाचन पर्यवेक्षणमा खटिने संघ/संस्था तथा व्यक्तिको विवरण सङ्कलनदेखि प्रतिवेदन प्रविष्ट गर्ने सम्मको प्रक्रिया सहितको Observer प्रणालीको सञ्चालन, सहजै निर्वाचन नतिजा हेर्नको लागि Web based Result Management Application, Android Platform मा Mobile Application को सञ्चालन, Election Monitoring System र मतदान अधिकृतहरूले निर्वाचन घटना विवरण प्रणाली (Event Tracking System) मार्फत पठाउने व्यवस्था समेत मिलाइएको थियो । निर्वाचन आयोग, प्रदेश/जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा सूचना प्रदान गर्न Push र Pull Based SMS सेवा समेत सञ्चालन गरिएको थियो । विभिन्न जिल्लामा निर्वाचन सामग्री ढुवानीमा प्रयोग भएका कन्टेनर/ट्रकमा Android Application Based GPS प्रविधि जडान गरी अनुगमन गर्नुका साथै मतदान स्थलको GIS तथ्याङ्क व्यवस्थापन कार्य समेत गरिएको थियो । यसका साथै मतदाताको विवरण आयोगको वेबसाइटमा पनि प्रकाशन गरिएको थियो भने आफू कुन मतदानस्थल र मतदान केन्द्रमा परेको हो भनी थाहा पाउन आयोगले नागरिक एपसँग आफ्नो डाटा प्रणालीलाई आवद्ध गरी सो मार्फत जानकारी पाउने व्यवस्था मिलाइएको थियो ।

### ७.१.११.२ बायोमेट्रिकमा आधारित मतदाता रजिस्ट्रेसन (Biometric Based Voter Registration)

पहिलो पटक अनलाइन मार्फत PreEnrollment System को Piloting गरी झापा, मोरङ, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन र कास्की जिल्लामा मतदाता नामावलीमा नाम दर्ता गरिएको थियो । प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट संकलित मतदाता नामावलीको (ईसीएन फाइल) ECN File प्राप्त गरी सेन्ट्रल भोटर लिस्ट एप्लिकेसन्स (सीभीएलए) **Central Voter list Application (CVLA)** मा एकीकृत गरिएको थियो । सम्बन्धित विवरण इमेलमार्फत प्राप्त गर्न इमेल सर्भरमा आवश्यक व्यवस्थापन कार्य गरिएको थियो । विवरण अद्यावधिक, दोहोरो परेका नामावली हटाउने, मृत्यु भएका मतदाताको नाम नामावलीबाट हटाउने सम्बन्धी कार्य गरी बाँकी रहेका जम्मा १,७९,८८,५७० जनाको अन्तिम मतदाता नामावली तयार गरी आयोगको प्रणालीमा प्रविष्ट गरिएको थियो । अन्तिम मतदाता नामावली मतदाता स्वयंले हेर्न सक्ने गरी आयोगको वेबसाइटमा प्रकाशन गर्न आवश्यक पूर्वतयारी डाटाबेस व्यवस्थापनसहित वेबसाइटमा प्रकाशन तथा न्यूनतम आवश्यक विवरण प्रविष्ट गरेपछि सम्बन्धित मतदाताको विवरण हेर्न र प्रिन्ट गर्न सकिने व्यवस्था गरिएको थियो । नयाँ थपिएका, गाभिएका, टुक्रिएका तथा नाम

परिवर्तन भएका समेत गरी कूल १०,८९२ मतदानस्थल तथा २२,२२७ मतदान केन्द्रहरूको विवरण मतदाता नामावली प्रणालीमा प्रविष्ट गरी मतदाता नामावली व्यवस्थापन गरिएको थियो ।

यसैगरी, बसाइँ–सराइ, विवाह दर्ता, विभिन्न त्रुटी आदिका कारण विवरण अध्यावधिक गर्न प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निवेदन प्राप्त भएका तर सम्बन्धित कार्यालयले त्रुटीवश विवरण अध्यावधिक नगरेकाको विवरण प्रदेश/जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त गरी अध्यावधिक गरिएको थियो । मतदाता नामावली विवरण लाई नागरिक APP मार्फत समेत हेर्न सक्ने व्यवस्था मिलाइएको थियो । मतदाता नामावली छपाइका लागि विवरण तयारी तथा छपाइ व्यवस्थापनमा समन्वय गरिएको थियो । BBVRS प्रणालीमा मतदानस्थल तथा मतदान केन्द्र अध्यावधिक गर्ने कार्य गरिएको थियो ।

मतदाता नामावली छपाइका लागि विवरण तयारी तथा छपाइ व्यवस्थापनमा समन्वय गर्ने कार्य गरिएको थियो भने सेन्ट्रल भोटर लिस्ट एप्लिकेसन्स (सीभीएलए) ) **Central Voter list Application (CVLA)** बाट जिल्लागत मतदाता नामावली छुट्याई **(Segregation)** जिल्लागत (ईसीएन फाइल) **ECN File** तयार गरी प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा समेत पठाइएको थियो ।

### ७.१.११.३ एकीकृत निर्वाचन सूचना व्यवस्थापन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली समेत), राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनका सम्पूर्ण निर्वाचन कार्यक्रम व्यवस्थापन हुने गरी प्रणाली परिमार्जन गरिएको थियो । साथै, निर्वाचन पर्यवेक्षणमा खटिने संघ–संस्था तथा व्यक्तिको विवरण संकलनदेखि प्रतिवेदन प्रविष्ट गर्नेसम्मको प्रक्रियासहितको पर्यवेक्षक प्रणालीको व्यवस्थापन गरिएको थियो ।

कार्यसम्पादनलाई सहजीकरण गर्न प्रदेश/जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटरहरूका लागि आईआईएमएस **IEIMS** प्रणाली सञ्चालन सम्बन्धी **TOT(Training for Trainers)** तालिम सञ्चालन गरिएको थियो ।

उम्मेदवार मनोनयन **(Candidate Nomination)** देखि अन्तिम नतिजा प्रकाशनसम्बन्धी कार्य गर्न **IEIMS** प्रणालीको व्यवस्थापन गरिएको थियो । सर्वसाधारणले सहजै निर्वाचन नतिजा हेर्नका लागि (वेब बेस्ड रिजल्ट म्यानेजमेन्ट एप्लिकेसन्स) **Web based Result**

**Management Application** र (एन्ड्रोइड प्लेटफर्म मोबाइल एप्लिकेसन्स) **Android Platform Mobile Application** को व्यवस्था समेत गरिएको थियो ।

मनोनयन दर्तादेखि निर्वाचन परिणाम घोषणा तथा (इभेन्ट ट्र्याकिङ) **Event Tracking** सम्बन्धमा १६५ वटै निर्वाचनमा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा आईईआईएमएस **(IEIMS)** प्रणाली प्रयोग गर्ने सूचना प्रविधिसँग सम्बन्धित कर्मचारीलाई चौबीसै घन्टा सपोर्ट प्राप्त गर्न सक्ने गरी व्यवस्थापन गरिएको थियो ।

### ७.१.११.४ सूचना प्रविधि पूर्वाधार व्यवस्थापन

डाटा सेन्टरमा रहेका सूचना प्रविधिका उपकरण (सर्भर, स्टोरेज, नेटवर्किङ उपकरण आदि) र (जीआईडीसी) **GIDC** का सर्भर पूर्वाधार रहेका डाटाको व्यवस्थापन कार्यलाई थप सहज हुने गरी सञ्चालन गरिएको थियो भने आयोगको डाटा सेन्टर तथा जीआईडीसी **GIDC** का सर्भर पूर्वाधारबीचको कनेक्सनलाई डार्क फाइबर **(Dark Fiber)** मार्फत आन्तरिक नेटवर्क जडान **(Interconnected)** हुने व्यवस्था मिलाइएको थियो ।

सूचना प्रविधि पूर्वाधार तथा तथ्याङ्क सुरक्षाका लागि (फायरवाल) Firewall व्यवस्थापन कार्य गरिएको थियो । आयोगमा जडान भएको विद्यमान आन्तरिक नेटवर्क र इन्टरनेटको अवस्थालाई थप चुस्त–दुरुस्त र सुरक्षित बनाउने तथा इन्टरनेट प्रयोगलाई थप व्यवस्थित गर्न इन्टरनेट ब्यान्डविथ थप तथा वैकल्पिक इन्टरनेटको व्यवस्थापनसमेत गरिएको थियो ।

आयोगको डाटा सेन्टरमा रहेका उपकरणको प्राविधिक आयु समाप्त भएकाले तथ्याङ्क सुरक्षा प्रयोजनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट स्टोरेज, सर्भर र स्वीच तथा केही भर्चुअल सर्भर माग गरी व्यवस्थापन गरिएको थियो भने आयोग परिसरमा विकेन्द्रीकृत तथा पुराना प्रविधिमा आधारित वाईफाईलाई व्यवस्थित गरिएको थियो ।

निर्वाचन आयोग, प्रदेश/जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा सूचना प्रदान गर्न पुल बेस्ड एसएमएस **(Push and Pull Based SMS)** सेवा सञ्चालन गरिएको थियो ।

विभिन्न जिल्लामा निर्वाचन सामग्री ढुवानीमा प्रयोग भएका कन्टेनर/ट्रकमा एन्ड्रोइड एप्लिकेसन्स बेस्ड जीपीएस **(Android Application Based GPS)** प्रविधि जडान गरी सूचना प्रविधि शाखाबाट अनुगमन तथा निरीक्षण गरिएको थियो । यसैगरी, मतदानस्थलको जीआईएस **(GIS)** तथ्याङ्क व्यवस्थापन कार्यसमेत गरिएको थियो ।

निर्वाचनसँग सम्बन्धित सूचनाहरूलाई सामाजिक सञ्जालको अधिकतम प्रयोगद्वारा प्रकाशन गरिएको थियो । आयोगमा सञ्चालित कल सेन्टर तथा संयुक्त निर्वाचन परिचालन केन्द्र **(Joint Election Operation Center)** लाई दैनिक आवश्यक सूचना प्रदान तथा प्राविधिक सहयोग गरिएको थियो ।

### ७.१.११.५ वेबसाइट व्यवस्थापन

प्रविधिको क्षेत्रमा आएका नवीनतम प्रविधि प्रयोग गरी प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूको समेत आफ्नै छुट्टै वेबपेज व्यवस्थापन पोर्टलको माध्यमबाट सम्बन्धित निर्वाचन कार्यालयले आफैं प्रेस विज्ञप्ति, सूचना तथा अन्य महत्वपूर्ण जानकारीहरू सम्प्रेषण गर्न मिल्ने गरी केन्द्रीकृत कन्टेन्ट म्यानेजमेन्ट सिस्टम **(Content Management System (CMS)** सहितको वेबसाइट व्यवस्थापन गरिएको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ इ–बुलेटिन प्रकाशन गरिएको थियो । आयोगको Website मा छुट्टै Menu बनाई निर्वाचन सम्बन्धी सूचना, प्रेस विज्ञप्ति, कानुन, कार्यविधि, निर्देशिका लगायतका जानकारीहरू सम्प्रेषण गर्ने गरिएको थियो । समानुपातिक निर्वाचनको बन्दसूचीमा नाम समावेश हुने उम्मेदवारहरूको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा वितरण गर्ने कार्य गर्नुका साथै समानुपातिक निर्वाचन इकाई लाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको थियो । Election Monitoring System व्यवस्थापन अन्तर्गत निर्वाचान पर्यवेक्षकले प्रणाली मार्फत रिर्पोटिङ गर्ने व्यवस्था मिलाइएको, मतदान अधिकृतहरूले निर्वाचन घटना विवरण प्रणाली (Mobile Application) मार्फत पठाउने व्यवस्था गरिएको, मतदान अधिकृतहरूले मतदान केन्द्रको भू अवस्थिति (Geographic Location) को विवरण (Mobile Application) मार्फत पठाउने व्यवस्था मिलाइएको थियो ।

## ७.१.१२ निर्वाचन र आर्थिक व्यवस्थापन

### ७.१.१२.१ निर्वाचनमा आर्थिक व्यवस्थापन

निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा गुणस्तरीय सेवा प्रवाह गर्न एवम् संस्थागत सुधारको लागि प्रभावकारी आर्थिक व्यवस्थापन महत्वपूर्ण हुन्छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २७ मा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनको लागि आयोगको खर्चको व्ययभार संघीय सञ्चित कोषबाट हुनेछ भन्ने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा २८ मा नेपाल सरकारले आयोगको लागि बजेटमा छुट्याएको भैपरी आउने शीर्षक अन्तर्गतको रकमको खर्च नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा

आयोगले बनाएको कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी ऐनमा भएको व्यवस्था बमोजिम वि.सं. २०७९/०८/०४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन सञ्चालन गर्न आयोगले तयार गरेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ मा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई निर्वाचन सञ्चालन एवम् व्यवस्थापनको लागि अर्थ मन्त्रालयमा रु.१० अर्ब बजेट प्रस्ताव गरिएकोमा रु. ८ अर्ब ४९ करोड ९९ लाख ९९ हजार ९८० निकासा प्राप्त भएको थियो ।

आयोगले यस निर्वाचनका लागि चालू खर्चतर्फ रु. ९ अर्ब ६९ करोड १६ लाख ५० हजार पूँजीगत खर्चतर्फ ३० करोड ८३ लाख ५० हजार गरी जम्मा रु. १० अर्ब प्रस्ताव गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा माग गरेकोमा अर्थ मन्त्रालयबाट यस निर्वाचनका लागि चालू खर्चतर्फ रु. ८ अर्ब १९ करोड १६ लाख ४९ हजार ९८० र पूँजीगत खर्चतर्फ ३० करोड ८३ लाख ५० हजार गरी जम्मा रु. ८ अर्ब ४९ करोड ९९ लाख ९९ हजार ९८० स्वीकृत गरी निकासा भएको थियो ।

आयोगले स्वीकृत गरेको बजेट बाँडफाँटको मुख्य मुख्य क्रियाकलापगत विवरण निम्नबमोजिम रहेको छः

| **क.सं.** | **खर्च शीर्षक विवरण** | **क्रियाकलाप नं.** | **क्रियाकलाप विवरण** | **स्वीकृत बजेट** रु. |
|---|---|---|---|---|
| **(क) चालू खर्चतर्फ** | | | | |
| १. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४० | निर्वाचन सामग्री | ९०२८७३६१५ |
| २. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४१ | निर्वाचन सञ्चालन सम्बन्धी खर्च | ५८३१०१५१०० |
| ३. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४२ | निर्वाचन शिक्षा तथा तालिम | ५२६५४३६०० |
| ४. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४३ | कार्यालय व्यवस्थापन खर्च | ६६४८६७६६५ |

| | | | | |
|---|---|---|---|---|
| ५. | २२५२९ विविध कार्यक्रम खर्च | २२.७.२८.४४ | ढुवानी खर्च | १६६३५०००० |
| ६. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४५ | बीमा खर्च | १००००००० |
| **चालू खर्चतर्फको जम्मा** | | | | ८१९१६४९९८० |
| **क्र.सं.** | **खर्च शीर्षक विवरण** | **क्रियाकलाप नं.** | **क्रियाकलाप विवरण** | **स्वीकृत बजेट (रु. हजारमा)** |
| **(ख) पूँजीगत खर्चतर्फ** | | | | |
| १. | ३११२२ मेसिनरी तथा औजार | ११.३.२२.६ | कम्प्युटर, ल्यापटपलगायत मेसिन उपकरण | ९०६५०००० |
| २. | ३११२३ फर्निचर तथा फिक्चर्स | ११.६.१३.११ | फर्निचर तथा फिक्चर्स | १७७००००० |
| ३. | ३११३४ कम्युटर सफ्टवेयर निर्माण तथा खरिद | ११.६.१५.८ | विभिन्न सफ्टवेयर निर्माण तथा खरिद | २००००००० |
| **पुँजीगत खर्चतर्फको जम्मा** | | | | ३०८३५०००० |
| **कूल जम्मा** | | | | ८४९९९९९८० |

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ मा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयलाई बजेटको

अख्तियारी दिने, खाता सञ्चालन गर्ने, कार्यालय सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विभिन्न खर्च शीर्षकहरूमा बजेट विनियोजन गर्ने, निर्वाचनको काममा संलग्न निर्वाचन आयुक्त र कर्मचारीहरूको सुविधा तोक्ने, निर्वाचन अधिकृतको कार्यालयहरूको खर्चको स्रेस्ता राख्ने तथा लेखापरीक्षण गर्ने, निर्वाचनको काममा संलग्न हुनेहरूको बीमा गर्ने, निर्वाचनका लागि आवश्यक सामग्री खरिद गर्ने, मतदाता शिक्षा तथा सामग्रीको विकास गर्ने र निर्वाचन सामग्री ढुवानी गर्नेजस्ता विषयलाई व्यवस्थित गरिएको थियो ।

चालू खर्चतर्फ विनियोजन भएको रकम निर्वाचन आयोग, समानुपातिक निर्वाचन प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालय, प्रदेश निर्वाचन कार्यालय–७, जिल्ला निर्वाचन कार्यालय–७०, मुख्य निर्वाचन अधिकृतको कार्यालय–७७ र निर्वाचन अधिकृतको कार्यालय–८८ लाई अख्तियारी दिई तत्–तत् कार्यालयहरूबाट खर्च भएको छ भने पूँजीगत खर्चतर्फ विनियोजन भएको रकम निर्वाचन आयोग, प्रदेश निर्वाचन कार्यालय–७, जिल्ला निर्वाचन कार्यालय–७७ लाई अख्तियारी दिई तत्–तत् कार्यालयहरूबाट खर्च भएको थियो ।

निर्वाचन प्रयोजनका लागि स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयको खर्चको स्रेस्ता सम्बन्धित जिल्लामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई जिल्लामा रहेको प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयहरूमा बुझाउने व्यवस्था गरिएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयबाट बुझाइएका खर्चको स्रेस्ताको प्रचलित कानून बमोजिम अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई तोकिएको थियो । लेखापरीक्षण हुँदा कायम भएका बेरुजु फस्यौंट गर्ने/गराउने जिम्मेवारी खर्च गर्न अख्तियारी प्राप्त गर्ने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नै हुने व्यवस्था गरिएको थियो ।

आयोगबाट स्वीकृत बजेटमध्ये देहाय बमोजिमका निकायबाट देहायबमोजिम खर्च भएको थियो :

### ७.१.१२.२ निर्वाचन आयोगबाट भएको एकीकृत खर्च

| **क्र.सं.** | **खर्च शीर्षक विवरण** | **क्रियाकलाप नं.** | **क्रियाकलाप विवरण** | **खर्च बजेट (रु.)** |
|---|---|---|---|---|
| **(क) चालू खर्चतर्फ** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३० | निर्वाचन सुविधा (राष्ट्रिय सभा सदस्य निर्वाचन) | ४८१६२७६ |
| २. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३१ | खाजा, खाना र बैठक भत्ता (राष्ट्रिय सभा सदस्य निर्वाचन) | २१८५०० |
| ३. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३४ | सञ्चार महशूल (राष्ट्रिय सभा सदस्य निर्वाचन) | २७००० |
| ४. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३५ | कार्यालय सञ्चालन र व्यवस्थापन, इन्धन समेत (राष्ट्रिय सभा सदस्य निर्वाचन) | ८४७६४१.२ |
| ५. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३६ | वीमा खर्च (राष्ट्रिय सभा सदस्य निर्वाचन) | ८९७३ |
| ६. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.३८ | विविध (राष्ट्रिय सभा सदस्य निर्वाचन) | ४४८५५ |
| ७. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४० | निर्वाचन सामग्री | ७१२०७२१३६ |
| ८. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४१ | निर्वाचन सञ्चालन सम्बन्धी खर्च | ४०६९४९७१० |
| ९. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४२ | निर्वाचन शिक्षा तथा तालिम | २६३७४४३३३ |
| १०. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४३ | कार्यालय व्यवस्थापन खर्च | १६७२९४३१८.३६ |
| ११. | २२५२९ विविध कार्यक्रम खर्च | २२.७.२८.४४ | ढुवानी खर्च | ९९३८५७५६.८५ |
| १२. | २२५२९ विविध कार्यक्रम खर्च | २.७.२८.४५ | बीमा खर्च | ८६७६७२१२.९६ |

| | | |
|---|---|---|
| | जम्मा खर्च | १७४२१७६७१२.३७ |

| क्र.सं. | खर्च शीर्षक विवरण | क्रियाकलाप नं. | क्रियाकलाप विवरण | स्वीकृत बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| (ख) पूँजीगत खर्चतर्फ | | | | |
| १. | ३११२२ मेसिनरी तथा औजार | ११.३.२२.६ | कम्प्युटर, ल्यापटपलगायत मेसिन उपकरण | ५२४२७९९० |
| २. | ३११२३ फर्निचर तथा फिक्चर्स | ११.६.१३.११ | फर्निचर तथा फिक्चर्स | ११७७१६५ |
| ३. | ३११३४ कम्युटर सफ्टवेयर निर्माण तथा खरिद ११.६.१५.८ विभिन्न सफ्टवेयर निर्माण तथा खरिद | | | ५८९१७६८ |
| | | | **पुँजीगत खर्चतर्फको जम्मा** | **५९४९६९२३** |
| | | | **कूल जम्मा** | **१८०१६७३६३५.३७** |

**७.१.१२.३ निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय र अन्य निकायमा समेत भएको कूल निकासा रु. ५ अर्ब ८९ करोड ७८ लाख ४७ हजार ३७१**

**७.१.१२.३.१ निर्वाचन कार्यालयतर्फ रु. ६०४४४९९७१**

(क) चालु तर्फ : रु. ५८३६०३४७६

(ख) पूँजीगत तर्फ : रु.२०८४६४९५

**७.१.१२.३.२ निर्वाचन अधिकृतको कार्यालयतर्फ रु. ५१७४३९७४००**

**७.१.१२.३.३ अन्य निकायतर्फ**

(क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रु. १९००००००

(ख) गृह मन्त्रालय रु. १०००००००००

### ७.१.१२.४ मितव्ययी निर्वाचन

संविधानसभा निर्वाचन, २०७० मा आन्तरिक र बाह्य स्रोत गरी रु. ५,९८,८९,९५,०८०।– खर्च भएकोमा प्रतिमतदान केन्द्र खर्च रु.३,१८,९८८ भएको थियो। सो निर्वाचनमा प्रतिमतदाता खर्च रु. ४९३ पर्न गएको थियो। त्यसैगरी, स्थानीय तह निर्वाचन, २०७४ मा आन्तरिक र बाह्य स्रोत गरी जम्मा रु. ७,१५,७७,१९,९६२।– खर्च हुँदा प्रतिमतदान केन्द्र खर्च रु.३,८५,३८३।– र प्रतिमतदाता खर्च रु.५०९।– भएको थियो।

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन, २०७४ मा आन्तरिक स्रोतबाट रु. ७,८०,१४,४९,१२१।– खर्च भएको थियो भने बाह्य स्रोतबाट प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो। उक्त निर्वाचनमा प्रतिमतदान केन्द्र खर्च रु. ३,९३,८३४।– भएकोमा प्रतिमतदाता खर्च रु. ५०६।– रहेको थियो।

स्थानीय तह निर्वाचन, २०७९ मा आन्तरिक स्रोतबाट रु.५,०४,०३,९२,८७६।– खर्च भएको थियो। बाह्य स्रोतबाट प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो। यस निर्वाचनमा प्रति मतदानकेन्द्र खर्च रु. २,२९,५७८।– भएको थियो भने प्रतिमतदाता खर्च रु २८४।– भएको थियो। यसको आधारबाट स्थानीय तह सदस्य निर्वाचन, २०७९ पछिल्ला निर्वाचनहरूको तुलनामा सबैभन्दा मितव्ययी निर्वाचन हुन गएको थियो। यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ प्रति मतदाता खर्च रु.३८० र प्रति मतदान केन्द्र खर्च रु. ३ लाख ३५ हजार ६९७ भएको थियो। वि.सं. २०७४ मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको प्रतिमतदाता खर्च रु. ५०६।– र प्रतिमतदान केन्द्र खर्च रु. ३,९३,८३४।– रहेको थियो।

### ७.१.१२.५ वैदेशिक सहायता

विगतदेखि नै सहायता गर्दै आएका यूएनडीपी/इलेक्ट्रोरल सपोर्ट प्रोजेक्ट–ईएसपी (UNDP/Electoral Support Project-ESP) र इन्टरनेसनल फाउन्डेसन फर इलेक्ट्रोरल सिस्टम (International Foundation For Electoral System (IFES) बाट भने मतदाता शिक्षा, निर्वाचनसम्बन्धी तालिम तथा समीक्षा, सूचना, प्रविधिको उपयोगलगायत विभिन्न क्षेत्रमा सामान्य आर्थिक तथा प्राविधिक सहायता उपलब्ध भएको थियो।

### ७.१.१३ जनशक्ति

#### ७.१.१३.१ जनशक्ति व्यवस्थापन

नेपाल सरकारको मिति २०७९/०४/१९ गतेको निर्णयानुसार मिति २०७९/०८/०४ गते आइतबार एकै चरणमा सम्पन्न गर्नेगरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति घोषणा भएको थियो । तोकिएको मिति र समयमै निर्वाचन सम्पन्न गर्न तथा निर्वाचन सञ्चालन एवम् व्यवस्थापनका सबै प्रक्रिया र गतिविधिहरूलाई तदारूकताका साथ सञ्चालन गर्न आयोगको नियमित सांगठनिक संरचनाका अतिरिक्त थप जनशक्तिको समेत प्रयोग गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा आयोगको सचिवालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, मतदान स्थल, मतदान केन्द्र, मतगणना कार्य लगायतमा आवश्यकता र औचित्यताका आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत विभिन्न तह र श्रेणीका जनशक्तिहरू परिचालन गरिएको थियो ।

#### ७.१.१३.२ कानूनी व्यवस्था

नेपालको संविधानको धारा २४७ मा निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ ले आयोगले निर्वाचनको कामका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग वा कार्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थासँग सोझै सम्पर्क राख्न र त्यस्ता संस्था वा निकायबाट कुनै पनि सहयोग लिन सक्ने र आयोगले निर्वाचनसँग सम्बन्धित कामका लागि कुनै सार्वजनिक वा निजी संस्थाबाट आवश्यक सहयोग लिन वा त्यस्ता संस्था वा निकायबाट निर्वाचनसम्बन्धी काम गराउन सक्ने तथा आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने व्यवस्था गरेको छ ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा – ८० तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी आयोगबाट मिति २०७९/०४/२६ गते स्वीकृत 'प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९'को आधारमा निर्वाचनमा जनशक्तिको व्यवस्थापन गरिएको थियो ।

### ७.१.१३.३ जनशक्तिको खटनपटन

आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगको सचिवालयमा ११४ जना, सात प्रदेश निर्वाचन कार्यालयहरूमा ६३ जना र सत्तरी जिल्ला निर्वाचन कार्यालयहरूमा ४९० जना गरी कूल दरबन्दी संख्या ६६७ रहेको छ। स्वीकृत दरबन्दीबाट मात्रै निर्वाचनका सबै कार्यहरू सम्पन्न गर्न नसकिने भएकाले 'प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९' समेतको आधारमा आयोगको सचिवालय, निर्वाचन अधिकृतको कार्यालयहरू, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरू, मतदान स्थल/मतदान केन्द्र लगायतमा आवश्यकता र औचित्यताका आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत विभिन्न तह र श्रेणीका जनशक्तिहरू खटनपटन गरिएको थियो।

आयोगको सचिवालयमा आवश्यकता र औचित्यताका आधारमा विभिन्न कार्यालयबाट काजमा ल्याई २५४ जना जनशक्तिलाई परिचालन गरिएको थियो भने प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा पनि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ मा भएको व्यवस्था एवम् आयोगको निर्णयानुसार कार्यचाप र कार्यक्षेत्रका आधारमा थप जनशक्तिको व्यवस्थापन गरिएको थियो। यसरी काजमा ल्याइएका/ खटाइएका जनशक्तिलाई न्यूनतम एक हप्तादेखि अधिकतम तीन महिनासम्म जिम्मेवारी सहित परिचालन गरिएको थियो।

देशभरका ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा ८८ निर्वाचन अधिकृतको कार्यालयहरूमा न्यूनतम ९ जना दरबन्दी स्वीकृत गरी सोही अनुसार व्यवस्थापन गरिएको थियो भने मतपत्र रुजु गर्ने, प्याकेजिङ्ग गर्ने, मतदान अधिकृतलाई मतपत्र बुझाउने, खर्च भुक्तानी दिने लगायतका कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा मतदान केन्द्रको संख्याका आधारमा थप जनशक्तिको समेत व्यवस्था गरिएको थियो। आवश्यक पर्ने कर्मचारी उपलब्ध भएसम्म सम्बन्धित जिल्ला भित्रका कार्यालयमा कार्यरत सरकारी कर्मचारीमध्येबाट र त्यस्ता कर्मचारी उपलब्ध हुन नसकेमा मात्र जिल्लास्थित अन्य सरकारी कार्यालयबाट काजमा खटाउनु पर्ने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ को व्यवस्थाको कार्यान्वयनबाट निर्वाचन खर्च मितव्यी भएको थियो।

यसैगरी मतदान केन्द्रमा जनशक्ति खटाउदा दुई सय पचास सम्म मतदाता भएको मतदान केन्द्रको लागि न्यूनतम ९ जना, दुई सय एकाउन्न देखि पाँचसय सम्म मतदाता भएको

मतदान केन्द्रको लागि न्यूनतम ११ जना, पाँचसय भन्दा बढी मतदाता रहेको मतदान केन्द्रको लागि न्यूनतम १२ जना, दुई सय पचास सम्म मतदाता भएको अस्थायी मतदान केन्द्रको लागि न्यूनतम ४ जना जना र दुई सय पचास भन्दा बढी मतदाता भएको अस्थायी मतदान केन्द्रको लागि न्यूनतम ५ जना जनशक्तिको व्यवस्था गरिएको थियो । निर्वाचनमा मतदाताको नङमा मसी लगाउन, तथ्याङ्क फाराम भर्न, मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि मतदान केन्द्रको दरबन्दीमा स्वयंसेवकको व्यवस्था गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यमा कूल २ लाख ६८ हजार ५९४ जना जनशक्तिलाई परिचालन गरिएको थियो ।

### ७.१.१३.४ जनशक्तिको बीमा

आयोगको निर्णयअनुसार निर्वाचन कार्यमा संलग्न हुने सबै पदाधिकारी तथा कर्मचारीको प्रतिव्यक्ति रु. २० लाखको व्यक्तिगत दुर्घटना तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाका लागि बीमा गरिएको थियो । निर्वाचनसम्बन्धी कार्यका लागि खटिने आयोगका पदाधिकारी, कर्मचारी तथा अन्य जनशक्तिको सामूहिक दुर्घटना बीमाका लागि निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं र राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाहपथ, काठमाडौंबीच बीमा सम्झौता गरिएको थियो ।

| **बीमितको विवरण** | **बीमालेख जारी हुने अवधि** | **संख्या** |
|---|---|---|
| आयोगका पदाधिकारी, आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरू, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरू, आयोग / निर्वाचन कार्यालयमा काजमा आउने कर्मचारीहरू तथा आयोग पदाधिकारीका निजी सुरक्षामा खटिने कर्मचारीहरू | मिति २०७९।०५।२३ गते देखि लगातार २४० दिन | १,००० जना |
| मुख्य निर्वाचन अधिकृत / निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारीहरू | मिति २०७९।०६।११ गतेदेखि २०७९।०८।२९ गतेसम्म ८० दिन) | १,४८५ जना |

| | | |
|---|---|---|
| मतदान केन्द्रमा खटिने कर्मचारीहरू (स्वयंसेवक बाहेक) | मिति २०७९।०७।२५ गतेदेखि २०७९।०८।०९ गतेसम्म (१५ दिन) | १,७६,००० जना |
| मतदान केन्द्रमा खटिने स्वंयसेवकहरू | मिति २०७९।०८।०१ गतेदेखि २०७९।०८।१० गतेसम्म (१० दिन) | ६६,००० जना |
| मतगणना कार्यमा खटिने कर्मचारीहरू | मिति २०७९।०८।०४ गतेदेखि २०७९।०८।२९ गतेसम्म (२६ दिन) | २,४७५ जना |
| | **जम्मा** | **२,४६,९६०** |

उल्लेखित बीमा सम्झौता अनुसार निर्वाचनको कार्यमा खटिएका विभिन्न पद र श्रेणीका जनशक्तिको व्यक्तिगत दुर्घटना तथा वाह्य आक्रमणबाट हुने दुर्घटनाको बीमा वापतको रकम भुक्तानी क्षतिपूर्तिका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाहपथलाई आयोगबाट पत्राचार गरिने र नियमानुसार राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाहपथबाट बीमा वापतको रकम सम्बन्धित व्यक्ति वा निजको हकवालालाई भुक्तानी/क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको छ ।

### ७.१.१३.५ जनशक्ति व्यवस्थापनका सबल पक्ष

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ स्वीकृत गरी जनशक्तिको खटनपटन गरिएकाले व्यवस्थापनमा सहज भएको थियो । संघ, प्रदेश र स्थानीय तह सबै प्रकारका जनशक्तिको व्यवस्थापन गरिएकाले ७७ बटै जिल्लामा जनशक्ति उपलब्ध भएको थियो । कर्मचारीहरू सम्बन्धित जिल्ला भित्रबाटै खटनपटन गरिएकाले वित्तीय भार कम परेको थियो । साथै, जनशक्ति व्यवस्थापनमा लैंगिक एवम् समावेशी पक्षलाई समेत ध्यान दिइएको थियो । निर्वाचनमा खटिने सबै जनशक्तिको बीमा गरिएकाले निर्धक्कसाथ काम गर्ने वातावरण सिर्जना भएको थियो ।

### ७.१.१४ मतपत्र

### ७.१.१४.१ मतपत्र व्यवस्थापन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने विभिन्न सामग्रीमध्ये मतपत्र सबैभन्दा संवेदनशील सामग्री हो। आयोगको निर्णय अनुसार निर्वाचनका लागि आवश्यक पर्ने सबै मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर परिसरमा छपाइ गरिएको थियो। मतपत्र छपाइ स्थलको सुरक्षा रक्षा मन्त्रालयमार्फत नेपाली सेनाबाट गरिएको थियो भने मतपत्र छपाइ कार्यमा आयोगका कर्मचारी, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा कार्यरत कर्मचारी तथा छपाइ कार्यमा अनुभव भएका आयोगको सचिवालयमा काजमा ल्याइएका कर्मचारीलाई समेत जिम्मेवारीसहित खटाइएको थियो।

प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र सोही सभाको समानुपातिक निर्वाचन प्रणाली तथा प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र सोही सभाको समानुपातिक निर्वाचन प्रणालीका लागि ४ प्रकारका छुट्टाछुट्टै मतपत्र र ४ वटा छुट्टाछुट्टै मतपेटिकाको व्यवस्था गरिएको थियो। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा रातो रङको निर्वाचन चिन्ह र अन्य विवरण तथा समानुपातिक निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा कालो रङको निर्वाचन चिन्ह र अन्य विवरण राखी मतपत्र छपाइ गरिएको थियो। मिति २०७९/०५/२० गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ प्रारम्भ गरिएको थियो भने २०७९/०६/२८ गतेदेखि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ गरी वितरणको व्यवस्था मिलाइएको थियो। प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ गर्दा समानुपातिकतर्फ बन्दसूची पेश गर्ने ४७ वटा राजनीतिक दलहरूको निर्वाचन चिन्ह समावेश गरी मतपत्र छपाइ गरिएको थियो।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ मा निर्वाचनका लागि आयोगले तोके बमोजिमको मतपत्र हुने र मतपत्रमा प्रत्येक उम्मेदवारका लागि तोकेको निर्वाचन चिन्ह रहने व्यवस्था रहेको छ। सोही व्यवस्थाका आधारमा मतपत्रमा रहने लहर, चिन्ह र ढाँचा तयार गरी मतपत्र व्यवस्थापन गरिएको थियो। मतपत्र व्यवस्थापन तथा मतपत्रको आधिकारिकता निर्धारण गर्न निर्वाचन आयुक्त माननीय ईश्वरीप्रसाद पौड्यालको संयोजकत्वमा मतपत्र व्यवस्थापन आधिकारिकता निर्धारण समिति गठन भएको थियो। उक्त समितिलाई मतपत्रसम्बन्धी कार्यमा सहयोग गर्न, मतपत्रसम्बन्धी मापदण्डको प्रारम्भिक मस्यौदा तयार गरी समितिसमक्ष पेश गर्न र

आयोगबाट स्वीकृत मापदण्डअनुसार छपाइ गर्नुपर्ने मतपत्रको डिजाइन तयार गरी आधिकारिकता निर्धारण समितिसमक्ष पेश गर्न उपसमिति गठन गरी मतपत्र सम्बन्धी कार्य सम्पादन गरिएको थियो ।

### ७.१.१४.२ मतपत्रको ढाँचा

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ का लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको नमूना ढाँचा रहेको ।

### ७.१.१४.३ मतपत्रमा रहने निर्वाचन चिन्ह

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (१) देखि (१०) सम्म मतपत्रमा रहने निर्वाचन चिन्हबारे विभिन्न व्यवस्था रहेको छ । निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्ने व्यवस्था ऐनले गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट तोकिए बमोजिमको तरिका निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्ने व्यवस्था रहेको छ । निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह रहने व्यवस्था ऐनमा रहेको छ । प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह रहने व्यवस्था छ ।

यसैगरी प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (१) देखि (१०) सम्म मतपत्रमा रहने निर्वाचन चिन्हबारे विभिन्न व्यवस्था रहेको छ । निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्ने व्यवस्था ऐनले गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट तोकिए बमोजिमको तरिका निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्ने व्यवस्था रहेको छ । निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह मतपत्रमा रहने व्यवस्था ऐनमा रहेको छ । प्रदेश सभामा

प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह रहने व्यवस्था छ ।

### ७.१.१४.४ मतपत्रको प्रकार

प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १६५ प्रकार, सोही सभाको समानुपातिक निर्वाचन प्रणालीका लागि १ प्रकार, प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि ३२९ प्रकार (मनाङ जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ मा निर्विरोध निर्वाचित भएकोले सो बाहेक) र सोही सभाको समानुपातिक निर्वाचन प्रणालीका लागि ७ प्रकार गरी जम्मा ५०१ प्रकारका मतपत्रहरू छपाइ गरिएको थियो ।

### ७.१.१४.५ छपाइ भएको मतपत्र संख्या

प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड ९८ लाख ७१ हजार मतपत्र छपाइ गरिएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ अस्थायी मतदाता नामावली अनुसार मतदान गर्ने प्रयोजनका लागि ५ लाख ५० हजार सहित कूल २ करोड ४ लाख २१ हजार मतपत्र छापिएको थियो । यसैगरी प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड ९९ लाख ४५ हजार ५०० मतपत्र छापिएको थियो । मनाङ जिल्ला प्रतिनिधि सभा क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ मा उम्मेदवार निर्बिरोध निर्विचित भएको हुँदा उक्त क्षेत्रमा आवश्यक पर्ने ५ हजार ५०० मतपत्र छापिएको थिएन । प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ २ करोड १ लाख ८४ हजार मतपत्र छपाइ गरिएको थियो । नमुना मतपत्र, प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ थप छापिएको मतपत्र र पुनः मतदानका लागि छपाइ भएका मतपत्र गरी कूल ८ करोड २८ लाख ४० हजार ५०० मतपत्र छपाइ गरिएको थियो ।

मतपत्र छपाइ सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

| विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|
| प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | १९८७१००० | |
| प्रतिनिधि सभाको समानुपातिक निर्वाचन | २०४२१००० | अस्थायी मतदाता नामावली अनुसार मतदान गर्ने प्रयोजनका लागि |

| | | |
|---|---|---|
| प्रणाली | | ५५०००० समेत |
| प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | १९९४५५०० | मनाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ मा निर्विरोध निर्वाचित हुँदा उक्त क्षेत्रमा आवश्यक ५५०० मतपत्र नछापिएको |
| प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली | २०१८४००० | |
| नमूना मतपत्र | २२४०००० | दुबै सभाको सबै प्रणालीको |
| प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ थप छापिएको | १४६००० | बर्दिया जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ अन्तरर्गतको प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ को सर्बोच्च अदालतको आदेशानुसार र रौतहट जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ अन्तरर्गतको प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ को निर्वाचन चिन्ह फरक परेकोले |
| पुनः मतदानका लागि छपाइ भएका मतपत्र | ३३००० | दोलखा जिल्लाका १० वटा मतदान केन्द्रका लागि |
| **जम्मा** | **८,२८,४०,५००** | |

## ७.१.१४.६ मतपत्र ढुवानी

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने सबै मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानो ठिमी, भक्तपुर परिसरमा छपाइ गरिएकाले मतपत्रको ढुवानी कार्यको प्रारम्भ पनि सोही स्थानबाट गरिएको थियो। मतपत्रहरू आयोगको निर्णय अनुसार सम्झौता गरिएका ट्रक / कन्टेनरहरूमा जिल्लागत रुपमा रुजु गरी राखिएका मतपत्रहरूको संख्या यकिन गरी जिम्मेवार कर्मचारी सहित सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो। आयोगको निर्णय अनुसार मतपत्र ढुवानीको सम्पूर्ण सुरक्षा प्रबन्ध रक्षा मन्त्रालयमार्फत नेपाली सेनाबाट भएको थियो। मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा

निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानी गरिएका मतपत्रहरू सोही कार्यालयबाट नै आवश्यकता अनुसार सम्बन्धित मतदान केन्द्रको मतदान अधिकृतमार्फत तोकिएका मतदान केन्द्रहरूमा उपलब्ध गराइएको थियो ।

## ७.१.१५ निर्वाचन सामग्री

### ७.१.१५.१ निर्वाचन सामग्री व्यवस्थापन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम् विश्वसनीय रूपमा सम्पन्न गर्न निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीको कुशल व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुने गर्दछ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा विगतका निर्वाचनमा प्रयोग गरिए अनुसारकै निर्वाचन सामग्री प्रयोग गरिएको थियो । निर्वाचनमा आवश्यक हुने मतपत्र छपाइ गर्ने कागज, नउड्ने मसी भएको मार्कर, छेकाबारा, स्वस्तिक छाप, प्याकेजिङ सामग्री, मतपेटिका, प्राथमिक स्वास्थ्योपचार सामग्रीलगायतका मतदान केन्द्रमा प्रयोग हुने विभिन्न निर्वाचन सामग्री प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा निर्वाचन आयोग ऐन, २०७३ अनुरूप निर्वाचन आयोग, प्रदेश निर्वाचन कार्यालयहरू एवम् जिल्ला निर्वाचन कार्यालयबाट समेत खरिद गरिएका थिए ।

### ७.१.१५.२ निर्वाचन सामग्रीको प्रकार

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ मा उल्लेख भए बमोजिम ८१ प्रकारका निर्वाचन सामग्रीहरूको प्रयोग गरिएको थियो । ८१ प्रकारका सामग्रीमा सूचना प्रविधि सम्बन्धी सामग्री २० प्रकारका थिए । स्थानीय बजारमा सहज रूपमा उपलब्ध हुने १५ प्रकारका निर्वाचन सामग्रीहरू प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाटै खरिद गरिएको थियो । अन्य सामग्रीहरू आयोगबाट खरिद भई जिल्लागत रूपमा ढुवानी गरिएको थियो । सामग्री ढुवानीमा Tracking System को प्रयोग गरिएको थियो । निर्वाचन सामग्री व्यवस्थापनमा नेपाली सेनाका जवानहरूको प्रयोग गरिएको थियो ।

### ७.१.१५.३ निर्वाचन सामग्री खरिद

आयोगको २०७९/०४/२२ गतेको निर्णयबाट स्वीकृत निर्वाचन कार्यतालिकाका आधारमा निर्वाचन सामग्री खरिद गरिएको थियो । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले तोके बमोजिमको खरिद प्रक्रिया अवलम्बन गर्दा खरिद कानूनले तोके बमोजिमको समयावधि पालना गरी निर्वाचन सामग्री तोकिएको निर्वाचन

अवधिभित्र प्राप्त गर्न नसकिने भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को प्रयोग गरी खरिद कार्यको प्रक्रिया छोट्याई निर्धारित समयसीमाभित्रै निर्वाचन सामग्री व्यवस्थापन गरिएको थियो। अधिकांश निर्वाचन सामग्री सार्वजनिक खरिद अनुगमन कार्यालयको ईजीपीमार्फत खरिद गरिएको थियो। निर्वाचन सामग्री खरिदका लागि खरिद इकाइका साथै मूल्यांकन समिति तथा उपसमितिहरूको समेत व्यवस्था गरिएको थियो। खरिद गरिएका सामग्रीको प्रभावकारिताका लागि निर्वाचन सामग्री प्राप्ति, जाँचबुझ तथा परीक्षण समितिसमेत गठन गरिएको थियो। विगतमा सबै प्रकारका निर्वाचन सामग्री खरिद कार्य आयोगको सचिवालयबाट मात्रै गर्दिँदै आएकोमा यस पटक १५ प्रकारका निर्वाचन सामग्री खरिद कार्य सम्बन्धित निर्वाचन कार्यालयबाटै गरिएको थियो। आयोगबाट खरिद गरिएका सबै प्रकारका निर्वाचन सामग्रीको भण्डारण त्रिपालको समेत व्यवस्था गरी आयोग परिसरमै गरिएकाले सामग्रीको उचित सुरक्षा व्यवस्था भएको थियो।

### ७.१.१५.४ निर्वाचन सामग्री ढुवानी

आयोगको सचिवालयबाट खरिद गरिएका सबै निर्वाचन सामग्रीलाई आयोग परिसरमै सुरक्षित रूपमा भण्डारण गरिएको थियो। आयोग परिसरको विद्यमान भौतिक संरचनाका अतिरिक्त त्रिपाल तथा टेन्टको समेत व्यवस्था गरी आयोग परिसरभित्रको खुला स्थानमा समेत निर्वाचन सामग्री सुरक्षितसाथ राख्ने व्यवस्था मिलाइएको थियो।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्वाचन सामग्रीहरू ढुवानी गर्ने प्रयोजनका लागि आयोगको निर्णयानुसार ट्रक/कन्टेनर सेवा सूचीकृत गर्न गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा प्राप्त प्रस्तावहरू मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सिफारिस भएको आधारमा आयोगको निर्णयानुसार ट्रक कन्टेनर सेवातर्फ १४ वटा फर्म/कम्पनीहरू सूचीकृत गरिएको थियो।

सूचीकृत भएका ट्रक/कन्टेनर सेवातर्फका १४ वटा फर्म/कम्पनीमध्ये आयोगको निर्णयानुसार प्राविधिक तथा व्यापारिक पक्षको मूल्याङ्कनबाट न्यूनतम मुलङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएका प्रस्तावहरू निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम आयोगको निर्णयानुसार स्वीकृत गरिएको थियो र सोही फर्म/कम्पनीबाट जिल्लाहरूमा निर्वाचन सामग्रीहरू ढुवानी गरिएको थियो।

दुर्गम, विकट तथा सार्वजनिक यातायातको सहज पहुँच पुग्न नसकेका स्थानमा निर्वाचन सामग्री तथा निर्वाचन कार्यमा खटिने जनशक्तिको व्यवस्थापन गर्न हेलिकोप्टर सेवा खरिद

सम्बन्धमा आयोगको निर्णयानुसार नेपाली सेनाबाट प्रतिघन्टा उडानका आधारमा प्राप्त भएको बिल भर्पाइबमोजिम ढुवानी भाडा भुक्तानी गर्ने निर्णय भएअनुसार आयोगबाट नेपाली सेनाको हेलिकोप्टरको मात्र सेवा लिइएको थियो ।

आयोगले कन्टेनर तथ कुरियर सेवाप्रदायकसँग घटाघट प्रक्रियामार्फत ढुवानी दररेट निर्धारण गरी सोहीअनुसार ढुवानी कार्य गरेकाले वित्तीय पक्षमा समेत मितव्ययी भएको थियो । साथै, भण्डारणका लागि आवश्यक टेन्ट एवम् सोको वरिपरि छेक्ने बारको व्यवस्थासहित निर्वाचन सामग्री क्लस्टरिङ र प्याकेजिङ गर्ने कार्य नेपाली सेनाबाट सम्पादन भएको थियो ।

### ७.१.१६ निर्वाचन सुरक्षा

#### ७.१.१६.१ सुरक्षा व्यवस्थापन

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन शान्ति–सुरक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ मा आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई लेखी पठाउने र सो अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउने व्यवस्था रहेको छ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, मतदान केन्द्र, मतदानस्थल लगायतमा आवश्यकता र औचित्यका आधारमा प्रभावकारी सुरक्षा व्यवस्थापन गरिएको थियो । निर्वाचनका गतिविधिमा संलग्न हुने मतदाता, राजनीतिक दल, उम्मेदवार, कर्मचारी आदि सबैको सुरक्षाबिना निर्वाचनका कार्यक्रम तथा क्रियाकलाप निष्पक्ष, स्वतन्त्र, सहज एवम् सरल रूपमा सञ्चालन हुन कठिन हुने भएकाले सुरक्षा सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सुरक्षा निर्देशिका स्वीकृत गरी सोहीअनुसार कार्यान्वयन गरिएको थियो ।

#### ७.१.१६.२ सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को व्यवस्था अनुसार निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न आयोग र केन्द्रीय सुरक्षा निकायबीच सम्पर्क तथा समन्वय कायम गर्न, निर्वाचन सुरक्षा सम्बन्धी नीति योजना तर्जुमा गर्न, शान्ति सुरक्षाको स्थिति अनुमान, व्यवस्थापन र निर्देशन गर्न निर्वाचन आयोगका सुरक्षा व्यवस्थापन हेर्ने

माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको गठन गरिएको थियो । उक्त समितिमा आयोगका सचिव, गृह मन्त्रालयका सचिव, रक्षा मन्त्रालयका सचिव, नेपाली सेनाका रथी, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका मुख्य अधिकृत समेतको प्रतिनिधित्व रहेको थियो । निर्वाचनलाई लक्षित गरी गृह मन्त्रालयको समन्वय र सबै सुरक्षा निकायको सहभागितामा तयार पारिएको एकीकृत सुरक्षा योजना बमोजिम समग्र सुरक्षा व्यवस्थाको विश्लेषण गरी आवश्यकता अनुसार सुरक्षाकर्मी परिचालन गरिएको थियो । यसैगरी निर्वाचन सुरक्षा व्यवस्थापन प्रयोजनको लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला निर्वाचन सुरक्षा समिति रहने व्यवस्था गरिएको थियो ।

### ७.१.१६.३ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC)

निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था, तत्काल समस्या समाधान तथा समन्वय एवम् सूचना सम्प्रेषणका लागि आयोगमा आयोगका सचिवको संयोजकत्वमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) स्थापना गरिएको थियो । उक्त समितिमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रथम श्रेणीका अधिकृत प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो समितिलाई मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यलय, प्रदेश/जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकाय लगायत विभिन्न निकायसँग सम्पर्क एवम् समन्वयलाई सहज तथा प्रभावकारी बनाउने कार्य गर्ने गरी कार्यशर्त तोकिएको थियो । केन्द्रको प्रशासनिक कार्यलाई सहज बनाउन सात वटै प्रदेशलाई आधार मानी कार्य विभाजनसहित छुट्टाछुट्टै टेलिफोन लाइन तथा इमेल ठेगानाको व्यवस्था, निर्वाचन कार्यक्रमको महत्वपूर्ण दिनमा आलोपालो प्रणालीमा कर्मचारी व्यवस्थापन गरी अधिकतम कार्यघण्टासम्म केन्द्र सञ्चालन गरिएको थियो । प्रशासनिक समूहले गरेको कार्य सम्पादनको सुपरिवेक्षण केन्द्रले गर्ने तथा केन्द्र प्रत्यक्ष रूपमा आयोगप्रति उत्तरदायी हुने कार्यप्रणाली (चेन अफ कमान्ड) लाई आत्मसात गरिएको थियो । टेलिफोन, फ्याक्स तथा इमेलबाट सम्पर्क हुन नसक्ने स्थानहरूबाट निर्वाचनसम्बन्धी सूचना आदान–प्रदान गर्न आयोगमा नेपाल प्रहरीको सञ्चार सेटसहितको सञ्चार इकाइ खटिएको थियो ।

### ७.१.१७ निर्वाचन अनुगमन

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ मा आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञसहितका टोली गठन गरी निर्वाचन प्रचार प्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना वा अन्य काम

कारबाहीको अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ । साथै, सोही दफाको उपदफा (१) बमोजिम आयोगले टोली गठन गर्दा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि र त्यस्ता टोलीले अनुगमनको काम सम्पन्न गर्नुपर्ने समय समेत निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ ।

### ७.१.१७.१ अनुगमन समिति

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५, निर्वाचन आचारसंहिता, २०७९ को दफा २३ तथा निर्वाचन अनुगमन निर्देशिका, २०७९ ले गरेको व्यवस्था बमोजिम प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को अनुगमन गर्न केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समिति, जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समिति गठन गरिएको थियो । यसका साथै आयोगले जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई अनुगमन अधिकृतको रूपमा खटाइएको थियो ।

निर्वाचनको अनुगमनको समेत जिम्मेवारी पाएको यस समितिले अनुगमनका क्रममा मतदान केन्द्र व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निर्वाचन सामग्री व्यवस्थापन, पर्यवेक्षण र पर्यवेक्षक परिचालन, सुरक्षा व्यवस्थापनलगायत समग्र निर्वाचन सञ्चालन तथा व्यवस्थापनका विषयमा अनुगमन गरेको थियो ।

### ७.१.१७.२ सञ्चार माध्यम अनुगमन

निर्वाचन आचारसंहिता, २०७९ को दफा ३ को खण्ड (ण) मा सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मीसमेतलाई निर्वाचन आचारसंहिता लागू हुने उल्लेख छ । आयोगबाट निर्वाचनको समयमा पालना गर्नुपर्ने आचरणका सम्बन्धमा सम्बन्धित सञ्चार माध्यमले स्वनियमन सम्बन्धी कार्यविधि बनाई लागू गर्न सबै सञ्चारमाध्यमलाई आव्हान गरिएको र सोका लागि आवश्यक सहजीकरण गर्न प्रेस काउन्सिल नेपाललाई अनुरोध गरिएको थियो । पत्रकार आचारसंहिता, २०७३ को दफा १२ मा रहेको व्यवस्था बमोजिम प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ लाई लक्षित गरी पत्रकार तथा सञ्चारमाध्यमहरूका लागि निर्वाचन आचारसंहिता जारी गर्न प्रेस काउन्सिल नेपाललाई अनुरोध समेत गरिएको थियो । सञ्चारमाध्यमको अनुगमन प्रेस काउन्सिल ऐन, २०४८ अनुसार प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारभित्र पर्ने भनी आयोगले निर्णय गरे बमोजिम प्रेस काउन्सिललाई लेखी पठाएको थियो । आयोगले लोकतन्त्रमा सञ्चारमाध्यमको अनुगमन गर्ने कार्य सम्बन्धित सञ्चारमाध्यमको पाठक स्रोता र दर्शकले गर्ने भन्दै आयोगले अनुगमन

कार्य नगर्ने नीति लिएको थियो। राजनीतिक दल र उम्मेवारहरूका विषयमा सञ्चारमाध्यममा प्रकाशित र प्रसारित विज्ञापनको अनुगमन गर्ने कार्यको लागि आयोगले विज्ञापन बोर्डसँग सहकार्य गरेको थियो ।

### ७.१.१७.३ डिजिटल मिडिया तथा सामाजिक सञ्जाल अनुगमन

डिजिटल मिडिया तथा सामाजिक सञ्जालको प्रयोग विश्वव्यापी रूपमा बढ्दै गइरहेको छ । नेपालमा पनि यी मिडियाका प्रयोगकर्ता दिनानुदिन वृद्धि भइरहेका छन् । निर्वाचनका बेला सामाजिक सञ्जालको प्रयोग झन् धेरै हुन थालेको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहिताभित्र रहेर डिजिटल तथा सामाजिक सञ्जालको प्रयोग भए/नभएको अनुगमन गरिएको थियो ।

प्रेस अफिस अन्तर्गत रहेको साइबर व्यूरोका विज्ञहरूको समूहबाट सामाजिक सञ्जाल तथा डिजिटल मिडियामा निर्वाचनको व्यवस्थापन र सञ्चालनमा असर पुऱ्याउन सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको अनुगमन गरिएको थियो । यसका लागि आयोगले सामाजिक सञ्जालका कम्पनीहरू फेसबुकको मातृ कम्पनी मेटा, टिकटक र ट्विटरसँग सहकार्य गर्नुका साथै नेपाल पोलिसी इन्स्टिच्यूटसँग नीतिगत विषयमा सम्झौता गरी उक्त इन्स्टिच्यूटबाट मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिसम्बन्धी विज्ञ समेत आयोगलाई उपलब्ध गराएको थियो । अनुगमनबाट प्राप्त भएका मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको विश्लेषण गरी सम्बन्धित सामाजिक सञ्जालका कम्पनीहरूलाई जानकारी गराइएको थियो

सामाजिक सञ्जालमा भ्रमपूर्ण, अफवाहपूर्ण तथा मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति र सूचना तोडमोड गर्ने व्यक्तिलाई त्यस्ता सामग्री र सूचना सामाजिक सञ्जालबाट हटाउन लगाइएको थियो । मौन अवधिको समयमा राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रचार–प्रसार अनुगमन गरिएको थियो । उम्मेदवारहरूको सामाजिक सञ्जाल गतिविधिको समेत अनुगमन गरिएको थियो । यसैगरी कार्यदलले निर्वाचनसम्बन्धी सार्वजनिक रूपमा पोष्ट भएका क्रियाकलापको अनुगमन गर्ने, राजनीतिक दल, उम्मेदवारले निर्वाचन प्रचार–प्रसारमा सामाजिक सञ्जालमार्फत गर्ने खर्चको अनुगमन आदि कार्य गरेको थियो ।

### ७.१.१७.४ विज्ञापन अनुगमन

निर्वाचनको प्रचार–प्रसारका क्रममा राजनीतिक दल तथा उम्मेदवारले विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसार गरेका विज्ञापनबाट निर्वाचन आचारसंहिता, २०७८ उल्लंघन

भए/नभएको विषयमा अनुगमन गर्ने जिम्मा आयोगले विज्ञापन बोर्डलाई दिएको थियो। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार देशको समग्र विज्ञापन क्षेत्रको नियामक निकायको रूपमा रहेको बोर्डले आचारसंहितामा रहेका विज्ञापनसम्बन्धी व्यवस्थाको कार्यान्वयन भए/नभएकोबारे अनुगमन गरेको थियो। सबैभन्दा धेरै आचारसंहिता उल्लंघनको सम्भावना हुने र मतदातालाई प्रभाव पार्ने क्षमता अधिक राख्ने आमसञ्चार माध्यम, सामाजिक सञ्जाल, स्थलगत प्रचार–प्रसार (होर्डिङ बोर्ड) लगायत विभिन्न प्रचार सामग्री एवम् गतिविधिबाट भएका आचारसंहिता उल्लंघनका बारेमा बोर्डले अनुगमन गरेको थियो।

बोर्डले छापा माध्यममा प्रकाशित विज्ञापन अनुगमन समिति, विद्युतीय सञ्चार माध्यममा प्रसारित विज्ञापनको अनुगमन समिति, स्थलगत प्रचार–प्रसार (होर्डिङ बोर्ड) अनुगमन समिति र ७७ वटै जिल्लामा रहेको विज्ञापन अनुगमन संयन्त्रमार्फत सम्बन्धित जिल्लाको अनुगमनको तथ्याङ्क तथा सूचना संकलन गरेको थियो।

### ७.१.१७.५ सवारी आवागमन व्यवस्थापन

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरेको थियो। सो मापदण्डअनुसार उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि, सुरक्षाकर्मी, राष्ट्रिय पर्यवेक्षक, संवैधानिक आयोगका प्रादेशिक एवम् जिल्लास्थित कार्यालयहरू, कूटनीतिक निकाय, सञ्चार माध्यम, हवाई उडानसँग सम्बन्धित कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, पर्यटक (विमानस्थल–होटल–विमानस्थल) र निर्वाचन कार्यालयलाई तोकिएको संख्यामा सवारी आवागमन अनुमतिपत्र प्रदान गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरिएको थियो।

साथै, आयोगले खटाएका अनुगमनकर्ता, साझेदार निकायहरू, अन्तर्राष्ट्रिय संघ–संस्थाहरू, संयुक्त राष्ट्रसंघका नियोगहरू, आयोगबाट आमन्त्रित विशिष्ट अतिथिहरू, कूटनीतिक नियोगका अवलोकनकर्ता र संवैधानिक आयोगहरूलाई सवारी आवागमन अनुमतिपत्र आयोगले वितरण गरेको थियो। गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयका दुई जना अधिकृतको नेतृत्वमा आयोगमा डेस्क स्थापना गरी मतदानको दिनका लागि सवारी आवागमन व्यवस्थापन कार्य गरिएको थियो।

### ७.१.१८ मतदान र मत परिणाम

#### ७.१.१८.१ मतदान

निर्धारित निर्वाचन कार्यक्रम बमोजिम मिति २०७९/०८/०४ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मतदान भएको थियो। मिति २०७९/०८/०४ गते भएको मतदान र सोपछि विभिन्न मितिमा भएका पुनः मतदान समेत गरी प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १ करोड १० लाख ४७ हजार ३४ जना अर्थात ६१.४१ प्रतिशत र सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड ११ लाख २६ हजार २२६ जना अर्थात ६१.८५ प्रतिशत मतदाताले मताधिकार प्रयोग गरेका थिए ।

#### ७.१.१८.२ पुनः मतदान

मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवाद, हुलहुज्जत तथा कब्जा समेतका कारणले तोकिएको दिन मतदान सम्पन्न हुन नसकी मतदान अधिकृतले मतदान स्थगित गरेको सूचना टाँस गरी नवलपरासी (बर्दघाट सुस्तापूर्व), गुल्मी र सुर्खेत जिल्लामा सम्बन्धित निर्वाचन अधिकृतबाट पुनः मतदानको मिति तोकी मतदान कार्य सम्पन्न भएको थियो ।

त्यसैगरी बाजुरा जिल्लाको हकमा मतदान अधिकृतले मतदान स्थगित गरेको सूचना टाँस गरी मुख्य निर्वाचन अधिकृतबाट आयोगमा आवश्यक निर्देशन माग भए बमोजिम मिति २०७९/०८/१० गते पुनः मतदान भएको थियो ।

दोलखा जिल्लाको मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृत समक्ष मतदान केन्द्रका मतपत्रहरू लुटिएको, केही व्यक्तिले जबरजस्ती मतपत्र खोसी जथाभावी प्रयोग गरिएको तथा मतपत्रका अधकट्टी र मतपत्र च्यातिएको तथा लुटिएको भनी जानकारी गराएको र सो विषयमा आयोगले छानबिन टोली खटाएको सो टोलीको प्रतिवेदन समेतका आधारमा मतदान कार्य स्वतन्त्र, स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा हुन सकेको नदेखिएकोले आयोगले मिति २०७९/०८/१५ गतेभित्र ८ वटा मतदान स्थलका १७ वटा मतदान केन्द्रमा पुनः मतदान गराउन निर्देशन दिएकोले पुनः मतदान कार्य सम्पन्न भएको थियो । पुनः मतदान भएका मतदान स्थल/केन्द्रको विवरण निम्नानुसार रहेका छन्:

| जिल्ला | स्थानीय तह | मतदान स्थल/केन्द्र | पुनः मतदान भएको मिति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| नवलपरासी (ब.सु.पूर्व) | देवचुली नगरपालिका–४ | शान्ति सृजना आ.वि. झार्के (१) | २०७९।०८।०५ |
| गुल्मी | कालीगण्डकी गाउँपालिका | भागवती मा.वि. अर्वेनी मनमाडे (१) र (२) | २०७९।०८।०६ |
| सुर्खेत | सिम्ता गाउँपालिका | सिम्ता क्याम्पस (१) (२) र (३) | २०७९।०८।०६ |
| बाजुरा | बुढीनन्दा नगरपालिका–५ | नन्देश्वरी मा.वि. पिपलचौर (१) | २०७९।०८।१० |
| दोलखा | बैतेश्वर गाउँपालिका २, ३ र ६ | जनज्योती मा.वि. पुतलीकाठ (२ केन्द्र), कालिढुँगा मा.वि. (३ केन्द्र) र बैतेश्वर मा.वि. (३ केन्द्र) | २०७९।०८।१५ |
| दोलखा | तामाकोशी गाउँपालिका | हेल्थपोष्ट भवन जफे (२ केन्द्र) | २०७९।०८।१५ |

### ७.१.१८.३ निर्वाचन विवाद समाधान

नेपालको संविधानको धारा २४६ ले स्थानीय तह सदस्यका लागि उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय आयोगले गर्ने भन्ने व्यवस्था गरेको छ । आयोगले सञ्चालन र व्यवस्थापन गर्ने स्थानीय तह निर्वाचनका सिलसिलामा विभिन्न विषयमा उत्पन्न हुने निर्वाचनसँग सम्बन्धित विवादलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय तवरले समाधान गर्नुपर्ने हुन्छ । यस परिस्थितिमा निर्वाचनसँग सम्बन्धित उम्मेदवारको अयोग्यता, निर्वाचन बदर, मतगणना कार्य स्थगित तथा बदर गरी पुनः मतगणना गर्ने लगायतका विवाद हुने गरेको देखिन्छ । कतिपय विवाद निर्वाचन आयोगबाटै समाधान गरिएको छ भने कतिपय विवाद सम्बन्धित प्रदेशको उच्च अदालतमा दर्ता हुने गरेका छन् ।

### ७.१.१८.४ विवाद निरुपणका लागि अदालतमा दर्ता भएका उजुरीहरू

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा सम्बन्धित उम्मेदवारले निर्वाचन निष्पक्ष नभएको, निर्वाचनको नतिजामा फरक परेको, निर्वाचित उम्मेदवारले तोकिएको हदभन्दा बढी खर्च गरेको, निर्वाचनमा सम्बन्धित उम्मेदवारले गैरकानूनी तरिकाले बढी मत प्राप्त गरी विजयी भएको, बदर हुने मतपत्र बदर नगरेको वा कानून बमोजिम सदर हुने मतपत्र सदर नगरेको, कानून बमोजिम मतगणना नगरेकोसमेतका विषयमा निर्वाचन बदर तथा मतगणना कार्य बदर गरी पाऊँ भनी कारण सिर्जना भएको मितिले १५ दिनभित्र सर्वोच्च अदालतमा उजुरी दिन सक्ने कानूनी व्यवस्था बमोजिम अदालतबाट ४७ वटा विवादका उजुरी प्राप्त भएका थिए । ती उजुरी निवेदनउपर तोकिएको म्यादभित्र आयोगबाट लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा पठाइएको थियो ।

### ७.१.१८.५ मतगणना र निर्वाचन परिणाम घोषणा

मतदान कार्य सम्पन्न भई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सबै मतपेटिका प्राप्त भएपछि मतगणना कार्य सुरू गरिएको थियो। मतदान भएकै दिन बेलुकाबाट धेरै जिल्लाहरूमा मतगणना कार्य प्रारम्भ भएको थियो । मतगणना कार्यलाई छिटो छरितो चुस्त दुरूस्त र व्यवस्थित बनाउन आयोगबाट मिति २०७९/०८/०३ गते सबै निर्वाचन अधिकृतलाई २७ बुँदे मतगणना सम्बन्धी निर्देशन समेत दिइएको थियो ।

मतगणनालाई द्रूतगतिमा अगाडि बढाउन तथा मतगणना गर्ने क्रममा आइपर्ने सम्भावित जटिलता एवम् समस्या समेतलाई सम्बोधन गर्ने गरी आयोगबाट मिति २०७९/०८/०४ गते नै एक निर्वाचन प्रणालीको मतपत्र अर्को निर्वाचन प्रणालीको मतपेटिकामा वा एक सभाको मतपत्र अर्को सभाको मतपेटिकामा खसालिएको भनी सूचना प्राप्त भएअनुसार सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरूलाई मतगणना सम्बन्धमा विशेष निर्देशन दिइएको थियो। यसैगरी मिति २०७९/०८/०५ गते आयोगले प्रतिनिधि सभा सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रबाट प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा वा प्रदेश सभा सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रबाट प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा मतदान भई फरक फरक सभामा एकै प्रकारको मतपत्र प्रयोग गरिएको कारण मतगणना शुरू गर्ने सम्बन्धमा विवाद उत्पन्न भएको विषयमा सर्वदलीय सहमति कायम गरी मतगणना सुचारु गर्न निर्देशन दिएको थियो । एउटा प्रणाली वा सभाको मतपत्र सोही प्रणाली वा सभामा मतदान भएकोमा सो मतपत्र कायम गरी अर्को प्रणाली वा सभाका

लागि पनि मतदान भइ दोहोरो मतदान भएकोमा जुन प्रणाली वा सभाको मतपत्र दोहोरो परेको हो त्यस्ता मतपत्र मात्र बदर गर्न निर्देशन पठाइएको थियो। विभिन्न निर्वाचन अधिकृतहरूबाट मतगणनाको क्रममा उत्पन्न विवादका कारण मतगणना कार्य सुचारू हुन नसकेकोले आवश्यक निर्देशन माग भइआए बमोजिम आयोगबाट तत्काल निर्देशन दिई मतगणना कार्य सुचारू गराइएको थियो।

मतगणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा र प्रदेश सभा तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा र प्रदेश सभा अन्तर्गतका मतपत्रहरू कम्तीमा चार वटा समूहमा समानान्तर रूपमा गणना गर्ने व्यवस्था मिलाइएको थियो। मतगणना अनुसार प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १ करोड ४ लाख ८७ हजार ९५८ अर्थात ९४.९४ प्रतिशत मत सदर र ५ लाख ७६ हजार ठट अर्थात ६.०६ प्रतिशत मत बदर भएको थियो। सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड ५ लाख ६० हजार ८२ अर्थात ९४.९१ प्रतिशत मत सदर र ५ लाख ६६ हजार १४४ अर्थात ५.०९ प्रतिशत मत बदर भएको थियो।

प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड १० लाख ३४ हजार ५०० (६१ दशमलव ३६ प्रतिशत) मतदान भएको थियो। सोमध्ये १ करोड ५ लाख ८५ हजार ३०० मत सदर भएको थियो भने ४ दशमलव ०७ प्रतिशत मत बदर भएको थियो। सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १० लाख २८ हजार ३७६ (६१ दशमलव ३१ प्रतिशत) मतदान भएकोमा १ करोड ३ लाख ६ हजार ११ मत सदर भई ६ दशमलव ५५ प्रतिशत मत बदर भएको थियो।

### ७.१.१८.६ प्रतिनिधि सभाको निर्वाचन परिणाम

प्रतिनिधि सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १२ वटा राजनीतिक दलका १६० जना र ५ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा १६५ जना उम्मेदवार निर्वाचित भएका छन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ७ राजनीतिक दलका ११० जना उम्मेदवार निर्वाचित भएका छन्।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ मा प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सीट प्राप्त गर्ने दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ भन्ने व्यवस्था बमोजिम देहाय बमोजिमका ७ दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन्। ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या देहाय बमोजिम रहेको छः

| क्र.सं | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | २८,४५,६४१ | ३०.६९ | ३४ |
| २. | नेपाली काँग्रेस | २७,१५,२२५ | २९.२९ | ३२ |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | ११,७५,६८४ | १२.६८ | १४ |
| ४. | राष्ट्रिय स्वतन्त्र पार्टी | ११,३०,३४४ | १२.१९ | १३ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५,८८,८४९ | ६.३५ | ७ |
| ६. | जनता समाजवादी पार्टी, नेपाल | ४,२१,३१४ | ४.५४ | ५ |
| ७. | जनमत पार्टी | ३,९४,६५५ | ४.२६ | ५ |
| | **जम्मा** | **९२,७१,७१२** | **१००.००** | **११०** |

### ७.१.१८.७ प्रदेश सभाको निर्वाचन परिणाम

प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३३० जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ २२० जना उम्मेदवार गरी जम्मा ५५० जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश सभामा पुरुष ३५० जना (६३.६४ प्रतिशत) र महिला २०० जना (३६.३६ प्रतिशत) निर्वाचन भएका छन्। निर्वाचन परिणामको प्रदेशगत विवरण निम्नानुसार रहेको छ।

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फको कूल सदर मतको १ दशमलव ५ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ। सो व्यवस्था अनुसार कोशी प्रदेशमा ६, मधेश प्रदेशमा १०, बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ७, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ६ वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभामा प्रतिनिधित्व भएको छ।

### क. कोशी प्रदेश

कोशी प्रदेशको प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ वटा राजनीतिक दलका ५६ जना उम्मेदवार निर्वाचित भएका छन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ राजनीतिक दलका ३७ जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका ६ दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| क्र.सं. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्ससवादी लेनिनवादी) | ६६५४६० | ३८.५५८३ | १५ |
| २. | नेपाली काँग्रेस | ५६२९५६ | ३२.६१९ | १२ |
| ३. | राष्ट्रिय प्रजातन्त्र पार्टी | १९८५११ | ११.५०२२ | ४ |
| ४. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | १८१२४५ | १०.५०१८ | ४ |
| ५. | जनता समाजवादी पार्टी, नेपाल | ६१७२३ | ३.५७६४ | १ |
| ६. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ५५९५७ | ३.२४२३ | १ |
| | **जम्मा** | **१७,२५,८५२** | **१००.००** | **३७** |

**ख. मधेश प्रदेश**

मधेश प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७ वटा राजनीतिक दलका ५८ जना र ६ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा ६४ जना उम्मेदवार निर्वाचित भएका छन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ १० राजनीतिक दलका ४३ जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका १० दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्याः

| क्र.सं. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाली काँग्रेस | ४००१४४ | २०.४९ | ९ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ३५१७६८ | १८.०१ | ८ |
| ३. | जनमत पार्टी | ३२९१७७ | १६.८६ | ७ |
| ४. | जनता समाजवादी पार्टी, नेपाल | २९८७७४ | १५.३० | ७ |
| ५. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | १८०८६० | ९.२६ | ४ |
| ६. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ११३९१५ | ५.८३ | ३ |
| ७. | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ११३३६४ | ५.८० | २ |
| ८. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ६५०५४ | ३.३३ | १ |
| ९. | नेपाल संघीय समाजवादी पार्टी | ५०१८८ | २.५७ | १ |
| १०. | नागरिक उन्मुक्ति पार्टी | ४९७०५ | २.५५ | १ |
| | **जम्मा** | **१९५२९४९** | **१००** | **४३** |

## ग. बागमती प्रदेश

बागमती प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७ वटा राजनीतिक दलका ६६ जना उम्मेदवार निर्वाचित भएका छन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ७ राजनीतिक दलका ४४ जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका ७ दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| **क्र.स.** | **दलको नाम** | **प्राप्त मत** | **मत प्रतिशत** | **प्राप्त सिट** |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ६०५३५१ | ३२.३९ | १४ |
| २. | नेपाली काँग्रेस | ५०९१९७ | २७.२४ | १२ |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | २९०७२३ | १५.५५ | ७ |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २७७२३५ | १४.८३ | ६ |
| ५. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ६९८४३ | ३.७४ | २ |
| ६. | नेपाल मजदुर किसान पार्टी | ६८८२२ | ३.६८ | २ |
| ७. | हाम्रो नेपाली पार्टी | ४७९६२ | २.५७ | १ |
| | **जम्मा** | **१८६९१३६** | **१००.००** | ४४ |

## घ. गण्डकी प्रदेश

गण्डकी प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ वटा राजनीतिक दलका ३५ जना र १ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा ३६ जना उम्मेदवार

निर्वाचित भएका छन् । यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ७ राजनीतिक दलका २४ जना उम्मेदवार निर्वाचित भएका छन् । प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका ७ दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| क्र.स. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ३६७९८९ | ३९.०३ | १० |
| २. | नेपाली काँग्रेस | ३४९६२८ | ३७.०८ | ९ |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | ११६९४५ | १२.०४ | ३ |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५९४८३ | ६.३१ | २ |
| ५. | हाम्रो नेपाली पार्टी | १८७३७ | १.९९ | ० |
| ६. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | १५०७६ | १.६० | ० |
| ७. | राष्ट्रिय जनमोर्चा | १४९४० | १.५८ | ० |
| | **जम्मा** | **९४२७९८** | **१००.००** | **२४** |

## ङ. लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ८ वटा राजनीतिक दलका ४९ जना र ३ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा ५२ जना उम्मेदवार

निर्वाचित भएका छन् । यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ १० राजनीतिक दलका ३५ जना उम्मेदवार निर्वाचित भएका छन् । प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका १० दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| क्र.स. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ५७०९२१ | ३२.१२ | ११ |
| २. | नेपाली काँग्रेस | ४९९९८६ | २८.१३ | १० |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | १९८४५० | ११.१६ | ४ |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | १२७४५२ | ७.१७ | २ |
| ५. | नागरिक उन्मुक्ति पार्टी | १२५५२१ | ७.०६ | २ |
| ६. | जनमत पार्टी | ८१६०५ | ४.५९ | २ |
| ७. | जनता समाजवादी पार्टी, नेपाल | ६०८८६ | ३.४२ | १ |
| ८. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ४२६२१ | २.४० | १ |
| ९. | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ३७६३१ | २.१२ | १ |
| १०. | राष्ट्रिय जनमोर्चा | ३२६४७ | १.८४ | १ |
| | **जम्मा** | **१७७७७२०** | **१००.००** | **३५** |

### च. कर्णाली प्रदेश

कर्णाली प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३ वटा राजनीतिक दलका २३ जना र १ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा २४ जना उम्मेदवार निर्वाचित भएका छन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ राजनीतिक दलका १६ जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका ६ दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| क्र.सं. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | १८३९५० | ३२.७११५ | ५ |
| २. | नेपाली काँग्रेस | १७०७५६ | ३०.३६५३ | ५ |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | १३७६२९ | २४.४७४३ | ४ |
| ४. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ३५८२६ | ६.३७०९ | १ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २५१८६ | ४.४७८८ | १ |
| ६. | नेपाल मजदुर किसान पार्टी | ८९९३ | १.५९९२ | ० |
| | **जम्मा** | **५६२३४०** | **१००** | **१६** |

### छ. सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ वटा राजनीतिक दलका ३१ जना र १ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा ३२ जना उम्मेदवार

निर्वाचित भएका छन् । यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ राजनीतिक दलका २१ जना उम्मेदवार निर्वाचित भएका छन् । प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (९) बमोजिम प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका देहाय बमोजिमका ६ दल र ती दलले प्राप्त गरेको मत र सिट सङ्ख्या :

| क्र.स. | दलको नाम | प्राप्त मत | मत प्रतिशत | प्राप्त सिट |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | २७४६७५ | ३२.२३ | ७ |
| २. | नेपाली काँग्रेस | २६९५६४ | ३१.६३ | ७ |
| ३. | एकल चिन्ह गोलाकारभित्र हँसिया हथौडा (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी) | १२१४३१ | १४.२५ | ३ |
| ४. | नागरिक उन्मुक्ति पार्टी | ९८५५९ | ११.५६ | २ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४४२३३ | ५.१९ | १ |
| ६. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ४३८१९ | ५.१४ | १ |
| | **जम्मा** | **८५२२८१** | **१००.००** | **२१** |

## ७.१.१९ निर्वाचनमा सूचना तथा सञ्चार

### ७.१.१९.१ प्रेस अफिस

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी एवम् विश्वसनीय बनाउन सूचना तथा सन्देशहरू आम मतदाता, उम्मेदवार, राजनीतिक दल लगायतका सरोकारवालासमक्ष प्रभावकारी तवरले सम्प्रेषण गर्न र सञ्चार माध्यमसँग उचित सहकार्य गर्न आयोगको मिति २०७९/०५/१९ को निर्णयानुसार स्वीकृत भएको प्रेस अफिस स्थापना तथा सञ्चालन

सम्बन्धी अवधारणापत्र बमोजिम आयोगमा २०७९/०८/१४ गते आयोगका सहसचिवको संयोजकत्वमा प्रेस अफिस स्थापना भएको थियो। सूचना सम्प्रेषणमा सहजताका लागि आयोगमा एक जना प्रवक्ता र तीन जना सहायक प्रवक्ताको व्यवस्था समेत गरिएको थियो।

आयोगले यस प्रकारको अवधारणा पहिलो पटक कार्यान्वयनमा ल्याएको हो। आयोगबाट प्रवाह गरिने सूचना तथा सन्देशहरू एकद्वाररूपमा नेपाल सरकार सूचना तथा प्रशारण विभागमा दर्ता भएका सबै सञ्चारमाध्यमलाई यथासमयमा सम्प्रेषण गरिएको थियो। महत्वपूर्ण विषयहरूमा पत्रकार सम्मेलनको आयोजना गरी र अन्य विषयहरूमा प्रेस विज्ञप्ति जारी गरी आयोगका सूचना तथा सन्देशहरू प्रवाह गरिएको थियो।यसरी सबै सञ्चारमाध्यमहरूलाई आयोगका सूचनामा समान पहुँचको अवसर प्रदान गरिएको थियो।

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ अनुसार सामाजिक सञ्जालको उपयोग गरिएको थियो। आयोगले सामाजिक सञ्जाल फेसबुक, ट्विटर, टिकटक र भाइबर समेतको उपयोग गरी मतदाता शिक्षा र निर्वाचन सूचनालाई अधिकतम रूपमा प्रचार प्रसार गरेको थियो। आयोगको ट्विटर फलोअर कूल २ हजार ५२७ रहेकोमा निर्वाचन अवधिमा करीब ९ हजार पुगेको छ। त्यसैगरी फेसबुक पेज लाइक ९४ हजार २११ रहेकोमा निर्वाचन अवधिमा १ लाख ७८ हजार पुगेको थियो।

निर्वाचनको अवधिमा सामाजिक सञ्जालको दुरूपयोग गरेर प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार एवम् द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम तथा नियन्त्रण गर्न सामाजिक सञ्जालको अनुगमन भएको थियो। अनुगमनका क्रममा देखिएका निर्वाचन आचारसंहिता विपरितका कार्यहरूका सम्बन्धमा केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यक कारबाही गरेको थियो।

सञ्चारमाध्यममा प्रस्तुत भएका विषयवस्तुहरूलाई समेटेर आन्तरिक प्रयोजन र निर्णय प्रक्रियाका लागि समाचार विश्लेषण (Content Analysis) गरी आवश्यक सुधारका कार्यहरू गरिएको थियो। प्रेस अफिसबाट सञ्चार माध्यम व्यवस्थापन, सहजीकरण तथा सूचना सम्प्रेषण, सामाजिक सञ्जालमा सम्प्रेषण गरिने सामग्रीको उत्पादन लगायतका कार्य सम्पादन गरिएका।

### ७.१.१९.२ इ-बुलेटिन प्रकाशन

निर्वाचन इ–बुलेटिन https://ebulletin.election.gov.np/ प्रणालीमार्फत आयोगबाट प्रवाह गर्नुपर्ने निर्वाचन सञ्चालन र व्यवस्थापनसम्बन्धी सूचना सन्देश र समाचारहरू

२०७९/०६/२८ गतेदेखि नियमितरूपमा प्रकाशन भएका थिए । निर्वाचनसँग सम्बन्धित आधिकारिक सूचना, निर्णयहरू र गतिविधिहरू द्रुत गतिमा देशैभरिका सञ्चारमाध्यम र आम नागरिकलाई तत्कालै उपलब्ध गराउन आयोगको वेबसाइटमा इ–बुलेटिन प्रकाशनमा ल्याइएको थियो । निर्वाचन अवधिमा करिब ३४० वटा इ–बुलेटिनमा समाचार सूचना तथा भिडियो सन्देशहरू प्रकाशित भएका थिए ।

### ७.१.१९.३ मिडिया सेन्टर

आयोगका गतिविधि, सूचना, सन्देश तथा जानकारीहरूलाई सहज रूपमा सञ्चार माध्यममा सम्प्रेषण गर्न मिडिया सेन्टर सञ्चालन गरिएको थियो । आयोग परिसरमा रहेको मिडिया सेन्टरमा पत्रकार भेटघाटमार्फत आयोगका गतिविधि सम्प्रेषण गरिएको थियो । पत्रकार भेटघाट कार्यक्रम आयोगको आधिकारिक फेसबुक पेजमार्फत प्रत्यक्ष प्रसारणसमेत गरिएको थियो । मिडिया सेन्टरबाट प्रवाह हुने सूचनालाई अपाङ्गतामैत्री तुल्याउन सांकेतिक भाषा अनुवादकको पनि व्यवस्था गरिएको थियो ।

### ७.१.१९.४ कल सेन्टर

मतदाता, उम्मेदवार, आम नागरिक एवम् सरोकारवालासम्म मतदाता शिक्षा, निर्वाचन शिक्षा, निर्वाचन प्रक्रिया तथा निर्वाचन कानूनमा रहेका प्रावधानका बारेमा प्रभावकारी तवरले जानकारी दिन एवम् निर्वाचन व्यवस्थापन सम्बद्ध गुनासाको सुनुवाइ गर्न २०७९/०६/२३ गतेदेखि २०७९/०८/६ गतेसम्म आयोगमा टोल फ्री नम्बर ११०२ सहितको कल सेन्टर स्थापना र सञ्चालन गरिएको थियो । निर्वाचनको अवधिमा आउन सक्ने प्रश्न, जिज्ञासा, गुनासो तथा सुझावहरूलाई तत्कालै सम्बोधन गर्ने उद्देश्यका साथ कल सेन्टरको स्थापना गरिएको थियो ।

उक्त अवधिमा कल सेन्टरबाट कूल १० हजार ६२३ प्रश्न/जिज्ञासा/गुनासो तथा सुझावको सम्बोधन गरिएको थियो । जसमध्ये ९ हजार ८१ वटा जिज्ञासा कलमार्फत तथा १ हजार ५४२ वटा कल भ्वाइस मेलमार्फत प्राप्त भएका थिए ।

### ७.१.१९.५ प्रेस वक्तव्य

निर्वाचन आयोगबाट प्रवाह गरिने सूचना तथा सन्देशहरू, निर्देशन, आयोगका निर्णय आदिलाई प्रेस वक्तव्यमार्फत सम्प्रेषण गरिएको थियो । आयोगबाट हुने निर्णय र गतिविधिका आधारमा प्रेस वक्तव्य जारी गर्ने गरिएको थियो । आयोगका निर्णय एवम् सम्बन्धित शाखाबाट प्राप्त सूचना तथा जानकारीलाई प्रेस वक्तव्य मार्फत सम्प्रेषण गरिएको थियो ।

### ७.१.२० निर्वाचनमा समावेशिता

### ७.१.२०.१ निर्वाचनमा समावेशिता

आयोगले निर्वाचन व्यवस्थापनमा लैंगिक तथा समावेशी नीति, २०७७ लागू गरेको छ । संविधानले लैंगिक विभेद अन्त्य गर्ने संकल्प र प्रतिबद्धतासहित महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम पिछडावर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, खस आर्य आदिलाई राज्यका निकायमा सहभागी हुन पाउने हकलाई निर्वाचनको माध्यमबाट कार्यान्वयनमा लैजान आयोगले सो नीति लागू गरेको हो ।

निर्वाचनसम्बन्धी नीति, कानून, योजना, बजेट, कार्यक्रम, सेवा प्रवाह एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियामा लैंगिक समानता तथा समावेशीकरणलाई आयोगले सम्बोधन गर्ने प्रयत्न गरेको थियो । मतदानलाई समावेशी तथा अपाङ्गतामैत्री बनाउन र मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म अपाङ्गता भएका, सुत्केरी, ज्येष्ठ नागरिक, बिरामी तथा अशक्त मतदाताको लागि समेत सहज हुने गरी निर्माण गरी सबैको सहज पहुँच सुनिश्चित गर्ने नीति लिइएको थियो । यसका लागि आयोगबाट निर्णय भई विशेष निर्देशनसमेत दिइएको थियो । निर्वाचनका लागि तोकिएका मतदान केन्द्र मध्ये १०० वटा मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाइएको थियो ।

उक्त केन्द्रहरूमा साङ्केतिक भाषा सूची, त्यहाँ खटिने कर्मचारीलाई साङ्केतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण, रङ्गीचङ्गी डोरी तथा पोल, र्‍याम्प निर्माण, ह्वीलचेयर प्रवेश गर्न सक्ने मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिका लागि टेवुल तथा कुर्सीको व्यवस्था लगायत प्रबन्ध गरिएको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७९ मार्फत गर्भवती, अशक्त, वृद्ध, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैंगिक तथा यौनिक अल्पसंख्यक) मतदातालाई मतदान गर्ने क्रममा प्राथमिकता दिइने व्यवस्था गरिएको थियो । त्यस्तै, दृष्टिविहीन वा शारीरिक रूपले अशक्त भएका वा अरू कुनै कारणले आफैं मत संकेत गर्न नसक्ने मतदातालाई पनि विशेष व्यवस्था गरिएको थियो । यसैगरी मतदान केन्द्रमा मतदाताको नङमा मसी लगाउने कर्मचारी महिला नै हुनुपर्ने व्यवस्था गरिएको थियो भने केही मतदान केन्द्रमा महिला कर्मचारी मात्र खटाइएको थियो ।

### ७.१.२०.२ निर्वाचित जनप्रतिनिधिको विवरण

निर्वाचनमा उम्मेदवारी मनोनयन गराएका ६५ वटा दलमध्ये २४ वटा राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रहेको छ । कूल १ लाख ४५ हजार १३ जना उम्मेदवारमध्ये ३८.४१ प्रतिशत महिला थिए । जसमध्ये स्वतन्त्र उम्मेदवारतर्फ कूल ९ हजार ६२२ मा १४.८८ प्रतिशत महिला उम्मेदवार रहेका थिए । निर्वाचनपछि ७५३ स्थानीय तहमा ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित भएकोमा महिला जनप्रतिनिधिको संख्या १४ हजार ४ सय ६६ महिला अर्थात ४१ प्रतिशत रहेको छ ।

### ७.१.२१ निर्वाचन समीक्षा

### ७.१.२१.१ समीक्षा कार्यक्रम

International Foundation for Electoral System (IFES) को सहयोगमा निर्वाचन आयोगले मिति २०७९/०८/०४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको प्रदेशगत समीक्षा कार्यक्रम आयोजना गरेको थियो । सो क्रममा प्रदेश १ को ताप्लेजुङ, मधेश प्रदेशको रौतहट, बागमती प्रदेशको दोलखा, गण्डकी प्रदेशको स्याङ्जा, लुम्बिनी प्रदेशको रोल्पा, कर्णाली प्रदेशको सल्यान र सुदूरपश्चिम प्रदेशको बैतडीमा गरी विभिन्न मितिमा प्रदेशस्तरीय समीक्षा सञ्चालन गरिएको थियो । यसका साथै निर्वाचन सम्बन्धी रिपोर्टिङ गर्ने सञ्चारमध्यमका सञ्चारकर्मी, राष्ट्रिय पर्यवेक्षक संस्थाका प्रतिनिधि, निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी, प्रदेश निर्वाचन अधिकारी तथा जिल्ला निर्वाचन अधिकारीहरूसँग पनि समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो । सबै समीक्षा कार्यक्रमहरूमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का तथ्यगत विश्लेषणको प्रस्तुति गरिएको थियो ।

समीक्षा कार्यक्रममा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा असल अभ्यास, देखिएका समस्या र सुधारका लागि सुझाव सम्बन्धमा छलफल र समूह कार्य गरिएको थियो ।

### ७.१.२१.२ कार्यक्रमको उद्देश्य

- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा भएका असल अभ्यास, समस्या र चुनौतीबारे छलफल गर्ने ।
- निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहितरुपमा सम्पन्न गराउन सरोकारवालाले निर्वाह गरेको भूमिकाको समीक्षा गर्ने ।

- आगामी निर्वाचनका क्रममा सुधार्नुपर्ने नीतिगत र कानूनी पक्षबारे सुझाव संकलन गर्ने ।

### ७.१.२१.३ सहभागिता

प्रदेशस्तरीय प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन समीक्षामा सातै प्रदेश तथा केन्द्रीय स्तरमा सम्पन्न भएको थियो । प्रदेशस्तरीय समीक्षा कोशी प्रदेशको ताप्लेजुङ, मधेश प्रदेशको रौतहट, बागमती प्रदेशको दोलखा, गण्डकी प्रदेशको स्याङ्जा, लुम्बिनी प्रदेशको रोल्पा, कर्णाली प्रदेशको सल्यान र सुदुरपश्चिम प्रदेशको बैतडीमा सम्पन्न गरिएको थियो । साथै केन्द्रीय स्तरमा निर्वाचन सम्बन्धी रिपोर्टिङ गर्ने सञ्चार मध्यमका सञ्चारकर्मी, राष्ट्रिय पर्यवेक्षक संस्थाका प्रतिनिधि, निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी, प्रदेश निर्वाचन अधिकारी तथा जिल्ला निर्वाचन अधिकारीहरूसँग पनि समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस समीक्षा कार्यशालामा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन आयोगका पदाधिकारीहरू, अनुगमन अधिकृत, जिल्लास्थित सबै सुरक्षा निकायका प्रमुख, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारी, मतदान अधिकृत, पर्यवेक्षण गर्ने संस्था, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अपाङ्गता भएका व्यक्तिहरूको संस्था, निर्वाचन सम्बन्धी समाचार लेख्ने सञ्चारकर्मी, राष्ट्रिय पर्यवेक्षक संस्थाका प्रतिनिधि र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागिता रहेको थियो । यस कार्यशालामा सहभागी कूल ६ सय २ जनामा (महिला ९३, पुरुष ५ सय ६ र अपांगता भएका व्यक्ति ३ जना) रहेका थिए । आयोगले रौतहट र स्याङ्जा जिल्लामा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, अनुगमन अधिकृत, जिल्लास्थित सबै सुरक्षा निकायका प्रमुख, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारीहरू र मतदान अधिकृतहरूसँगमात्र समीक्षा गरेको थियो ।

### ७.१.२१.४ समीक्षाको विधि

सबै कार्यशालहरूमा निर्वाचन आयोगका पदाधिकारीबाट उद्घाटन मन्तव्य राखिसकेपछि आयोगका तर्फबाट निर्वाचनका आँकडा, असल अभ्यास, समस्या र चुनौतीसहितको प्रस्तुतिकरण गरिएको थियो । प्रस्तुतिकरण लगत्तै तल उल्लेख गरिएको पाँच विषयगत समूहमा सहभागीहरूलाई विभाजन गराई समूह कार्य गरिएको थियो । समूहबाट आएको सुझाव र निष्कर्षलाई समूहबाटै टोली नेता छनोट गरी प्रस्तुति गर्न लगाइएको थियो । समूहबाट आएका सुझावलाई टिपोट गरी समावेश गरिएको छ ।

**समूह क :**

- मतदाता नामावली तथा मतदाता परिचयपत्र
- मतदान केन्द
- मतदान प्रक्रिया
- मतगणना, मतपरिणाम घोषणा तथा बदर मतको प्रकृति

**समूह ख :**

- निर्वाचन कार्यतालिका
- उम्मेदवार मनोनयन
- राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रचारप्रसार र आचारसंहिता

**समूह ग :**

- जनशक्ति व्यवस्थापन
- निर्वाचन सामाग्री
- वित्तीय व्यवस्थापन
- निर्वाचन सुरक्षा व्यवस्थापन

**समूह घ :**

- मतपत्र व्यवस्थापन (डिजाइन, आकार, रंग, निर्वाचन चिन्हको व्यवस्थापन लगायत)
- मतदाता शिक्षा
- निर्वाचनसम्बन्धी तालिम
- निर्वाचन अनुगमन तथा पर्यवेक्षण
- निर्वाचनमा लैङ्गिक तथा समावेशीकरण

**समूह ङः**

- निर्वाचन कानुन र राजनीतिक दल दर्ता
- निर्वाचन विवाद निरुपण

- सूचना प्रविधिको प्रयोग
- सामाजिक सञ्जालको प्रयोग तथा निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको नियमन

### ७.१.२१.५ विषय क्षेत्रगत समीक्षा

समूहगत छलफलबाट विषयगत क्षेत्रमा आएका असल अभ्यास, देखिएका समस्या र सुधारका लागि सुझावहरू यस प्रकार रहेका छन् ।

#### ७.१.२१.५.१ मतदाता नामावली र मतदाता परिचयपत्र

**असल अभ्यास :**

- मतदाता नामावलीमा वर्णानुक्रम अनुसार तीनपुस्तेसहितको विवरणले मतदाता नामावलीमा मतदाताको नाम भेटिन सजिलो भएको ।
- मतदाता नामावलीमा मतदाताको रङ्गिन फोटोले गर्दा वास्तविक मतदाता पहिचान गर्न सजिलो भएको ।
- मतदानको एक दिन अघि १८ वर्ष उमेर पुरा गरेको मतदाताले मतदान गर्न पाउने व्यवस्था लागू गरिएको कारण पहिलो पटक मतदान गर्न पाउने युवा मतदाताको अधिकार सुनिश्चित भएको ।
- सरकारी निकायले जारी गरेको अधिकारिक परिचयपत्रबाट मतदान गर्न पाउने व्यवस्थाले गर्दा मतदातालाई मतदान गर्न सहज भएको ।
- मतदाता नामावली निर्वाचन आयोगको website बाट सहजै हेर्न सकिने र नागरिक एपसँग आवद्धता गरिएकाले मतदातालाई आफुले मतदान गर्ने मतदान केन्द्रको पहिचान गर्न सहज भएको ।
- अनलाइनबाट Pre-Enrolment मार्फत मतदाता विवरण प्रविष्ट गर्ने व्यवस्थाले मतदातालाई मतदाता नामावलीमा नाम दर्ता गर्न सहज भएको ।
- निर्वाचन व्यवस्थापनमा खटिएका कर्मचारीको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरी प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्न पाउने व्यवस्थाले उनीहरूको मतदानको अधिकार सुनिश्चत भएको ।

**देखिएका समस्या :**

- मतदाता नामावलीमा कुनै कुनै मतदाताको नाममा शुद्धता नभएको र मृत्यु भएकाहरूको समेत नाम नामावलीमा रहेकाले समस्या भएको ।
- मतदाता नामावलीमा मतदाताको उच्च स्तरको रङ्गिन फोटो नभएको हुँदा वास्ताविक मतदाता यकिन गर्न समस्या भएको ।
- मतदाता नामावलीमा रहेको क्रमसंख्या र मतदाता परिचयपत्रमा रहेको क्रमसंख्या नमिलेको कारण मतदान केन्द्रमा मतदाताको नाम खोज्न धेरै समय लागेको ।
- निर्वाचन घोषणा भए पश्चात नागरिकहरू निर्वाचनमा सहभागी हुन उत्साहित भई मतदाता नामावलीमा नाम दर्ता गर्न खोज्ने तर निर्वाचन मिति तोकिएसँगै मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य बन्द हुने भएकाले नागरिकहरू मतदानको अधिकारबाट बञ्चित हुने गरेको ।
- मतदाता नामावली संकलन फाराममा अपांगता भएका मतदाताको प्रकार राख्ने व्यवस्था नहुँदा अपांगता भएका मतदाताहरूको वास्तविक तथ्याङ्क यकिन गर्न नसकिएको ।
- निर्वाचनको २/४ दिन अगावै मात्र निर्वाचनमा खटिने सुरक्षाकर्मी सम्बन्धित मतदान केन्द्रमा खटिने भएकोले उनीहरूको नाम अस्थायी मतदाता नामावलीमा समावेश हुन नसकेको ।

**सुधारका लागि सुझाव :**

- मतदाता नामावलीलाई स्थानीय सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी चुस्त र दुरुस्त राखी अद्यावधिक गर्नुपर्ने ।
- मतदाता नामावली प्रकाशन गर्दा क्रमसंख्या नराखी वर्णानुक्रमको आधारमा मतदाता नामावली प्रकाशन गर्नुपर्ने ।
- निर्वाचनको मिति घोषणा भएपछि केही समयसम्म मतदातालाई मतदाता नामावलीमा नाम दर्ता गर्न दिने प्रावधान कानूनमा व्यवस्था गर्नुपर्ने ।

- मतदाता नामावली संकलन फाराममा सबै अपांगता भएको व्यक्तिको प्रकार खुल्ने व्यवस्था गर्नुपर्ने ।
- स्थानीय तहबाट कुनै मृतकका परिवारका सदस्यले मृत्यु दर्ताको प्रमाणपत्र लिए पश्चात् सम्बन्धित स्थानीय तहले उक्त विवरण समय समयमा जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।
- निर्वाचन सुरक्षाको लागि सुरक्षाकर्मीहरू सम्बन्धित निर्वाचन क्षेत्रमा केही दिन अघि मात्र खटिने भएतापनि सम्बन्धित निर्वाचन कार्यालयले सुरक्षाकर्मीहरूको नाम अस्थायी मतदाता नामावलीमा राखी मतदान गर्न पाउने व्यवस्था गर्नुपर्ने ।
- मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि अनलाइन Pre-Enrolment विधिबाट व्यक्तिगत विवरण प्रविष्ट गर्ने कार्यलाई स्थानीय सञ्चार माध्यमसँग समन्वय गरी प्रचार प्रसार गर्ने ।
- अन्तिम मतदाता नामावलीमा नाम रहेका मतदातालाई मतदाता नामावलीको सिफारिस र परिचयपत्र चाहिएको खण्डमा सम्बन्धित निर्वाचन कार्यायलले दिने व्यवस्था गर्नुपर्ने ।
- सम्बन्धित निर्वाचन कार्यालयले मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि अनलाइन Pre-Enrolment विधि सम्बन्धमा स्थानीय तहका वडाअध्यक्ष र वडा सचिवसँग समन्वय तथा छलफल गर्नुपर्ने ।
- पालिका स्तरमा निरन्तर रुपमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी प्रत्येक महिनाको १५ गते सम्बन्धित निर्वाचन कार्यालयलाई विवरण पठाउनु पर्ने व्यवस्था गर्नुपर्ने ।

#### ७.१.२१.५.२ मतदान केन्द्र

**असल अभ्यास :**

- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिकामा उल्लेख गरिएको मतदान केन्द्र निर्माणको ढाँचाले मतदान केन्द्र निर्माण गर्न सजिलो भएको ।
- धेरैजसो मतदान केन्द्रहरू सामुदायिक विद्यालयमा भएकोले मतदान केन्द्र निर्माणका लागि आवश्यक पूर्वाधारको पर्याप्तता रहेको ।

- मतदाताको सहजता र पहुँचको निम्ति मतदान केन्द्रहरूको पुनरावलोकन गरिएको (स्थानीह तह निर्वाचन भन्दा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा २७२ वटा मतदान केन्द्र थप गरिएको) ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा नमूनाको रुपमा १०० वटा मतदान स्थलका ३९२ वटा मतदान केन्द्रहरूलाई अपांगतामैत्री मतदान केन्द्र बनाइएको ।

**देखिएका समस्या :**

- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिकामा मतदान केन्द्रको ढाँचा उल्लेख भएबमोजिम कतिपय मतदान स्थलमा भौगोलिक कठिनाईका कारण ढाँचा बमोजिम निर्माण गर्न चुनौती रहेको ।
- मतदान केन्द्रहरूमा खटिने कर्मचारीहरू आफू खटिएको मतदान केन्द्र र त्यस वरपरको वास्तविक भौगोलिक अवस्थाबारे पर्याप्त जानकारीको अभाव ।
- आवश्यक पूर्वाधारको अभावका कारण मतदान अधिकृतलाई मतदान केन्द्रहरू पूर्ण रुपमा अपाङ्गमैत्री र असक्तमैत्री बनाउन कठिनाई भएको ।

**सुधारका लागि सुझाव :**

- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिकामा उल्लेख भए बमोजिम मतदान केन्द्र निर्माण गर्न उपयुक्त स्थानको पहिचान गरी मतदान केन्द्र थपघट गर्न पुनरावलोकन गर्नुपर्ने। मतदान केन्द्र पुनरावलोकन समिति गठन गर्दा सम्बन्धित स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीति दल मात्र समितिमा रहने व्यवस्था गर्नुपर्ने। मतदान केन्द्र पुनरावलोकन गर्दा शौचालय, स्वच्छ पिउनेपानी, बिजुली, इन्टरनेट, सिसिटिभी, यातायातको पहुँच आदिको सुविधालाई हेरी छनोट गर्नुपर्ने ।
- Google Map मा सबै मतदान केन्द्रहरूको नाम र मतदान केन्द्र रहेको स्थान हेर्न सकिने व्यवस्था गर्नुपर्ने र सम्बन्धित सरोकारवाला निकायसँग समन्वय हुने गरी प्रविधिको विकास गर्नुपर्ने ।

**७.१.२१.५.३ मतदान प्रक्रिया**

**असल अभ्यास :**

- सर्वदलीय र सर्वपक्षीय बैठक गरी सबैको सहमतिमा मतदान प्रक्रिया अगाडि बढाइएको ।
- मतदान केन्द्रको चारकिल्ला तोकी मद्यपान र धुमपान नगर्न र हातहतियार लैजान निषेधित क्षेत्र घोषणा गरिएको ।
- उम्मेदवार र उम्मेदवारको प्रतिनिधि तथा मतदान प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता सम्बन्धी प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्न लगाइएको ।
- मतदान केन्द्र भित्र महिला र पुरुषको छुट्टाछुट्टै लाइनको व्यवस्था गरिएको र गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी, अपांगता भएका व्यक्ति तथा अन्य (यौनिक तथा लैङ्गिक अल्पसंख्यक) मतदाताले प्राथमिकताको आधारमा मतदान गर्ने व्यवस्था गरिएको ।
- प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली र प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मतपत्र दिन छुट्टाटुट्टै कर्मचारीहरूको व्यवस्था गरिएको ।

**देखिएका समस्या :**

- सर्वदलीय बैठकमा राजनीतिक दलका प्रतिनिधिहरू आफ्नो अनुकूल हुने गरी अनेक, बखेडा निकाल्ने, गम्भीर नहुने र सहमति जनाइएका विषयमा पनि इमान्दारिता नदेखाउनुका साथै मतदानको दिन मतदान केन्द्रमा समयमै उम्मेदवार र उम्मेदवारको प्रतिनिधि तथा मतदान प्रतिनिधिहरू उपस्थित नभएको आदि ।
- मतदान गर्न जान र मतदान सकिएपछि अशक्त तथा अपाङ्गता भएका मतदाताहरूका लागि सुरक्षित रुपमा आवतजावत गर्न कठिनाइ भएको ।
- प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली र प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मतपेटिका छुट्टाछुट्टै रङ्गको नभएको कारण मतपत्र खसाल्ने बेला मतदाता अलमलमा परेको।

- मतदान स्थलमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूको नाम अस्थायी मतदाता नामावलीमा समावेश नभएका कारण प्रतिनिधि सभातर्फको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्न नपाएको ।
- मतदान केन्द्रमा उम्मेदवारहरूका मतदान प्रतिनिधिहरूको बढी उपस्थितिले मतदान कार्यमा बाधा पुगेको ।

**सुधारका लागि सुझाव :**

- सम्बन्धित सबैले सर्वदलीय बैठकमा भएका निर्णयहरूलाई अक्षरशः पालना गर्न इमान्दारपूर्वक लाग्नुपर्ने र सोको लागि सचेतना जागरण कार्यक्रम गर्नुपर्ने ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीका लागि छुट्टाछुट्टै रङ्गका मतपेटिका व्यवस्था गर्नुपर्ने ।
- स्वतन्त्र उम्मेदवारका नाममा नक्कली (डमी) उम्मेदवार खडा गर्ने परिपाटीलाई नियन्त्रण गर्न मतदान केन्द्रमा त्यस्ता उम्मेदवारका एक जना प्रतिनिधिलाई मात्र प्रवेश अनुमति दिने व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.५.४ मतगणना, मतपरिणाम घोषणा तथा बदर मतको प्रकृति

**असल अभ्यास :**

- राजनीतिक दलका प्रतिनिधिको रोहबरमा मत गणना कार्यलाई पारदर्शी र विश्वसनीय बनाउन सीसीटीभी प्रविधिको प्रयोग सहित वडा अनुसार मत गणना गरिएको ।
- मतगणना स्थलमा प्रेस कर्नर स्थापना गरी निरन्तर रुपमा मत परिणाम सार्वजनिक गरेको साथै सम्बन्धित सरोकारवालाहरूले सहजरुपमा गणना कार्य निरीक्षण गर्न सक्ने व्यवस्था गरेको ।
- प्रतिनिधि सभाको मतपत्र प्रदेश सभातर्फको मतपेटिकामा र प्रदेश सभाको मतपत्र प्रतिनिधि सभा तर्फको मतपेटिकामा परे पनि गणना गर्ने व्यवस्था आयोगबाट गरिएको ।

**देखिएका समस्या :**

- कतिपय मतगणना स्थलमा मतगणनाको नतिजा तुरुन्त सार्वजनिक गर्न डिजिटल बोर्ड/डिस्प्ले लगायतको व्यवस्था नभएको ।
- मतगणना सम्बन्धी अस्पष्ट विषयमा निर्णय लिन सर्वपक्षीय सहमतिमा ढिलाई हुँदा पटक पटक मतगणना कार्य स्थगन हुने गरेको ।
- गणना कर्मचारीको संख्या थोरै भएका कारण पट्याइएको मतपत्रलाई खोलेर गणना योग्य बनाउन धेरै समय लागेको ।

**सुधारका लागि सुझावः**

- मत परिणाम सार्वजनिक गर्न मतगणना स्थलमा थप डिजिटल बोर्ड/डिस्प्ले लगायतको व्यवस्था गर्नुपर्ने ।
- गणक कर्मचारी थप गरी दिवा सत्र र रात्री सत्र छुट्याई सोही अनुसारको गणक कर्मचारी पारिश्रमिकको व्यवस्था गर्नुपर्ने ।
- पट्याइएको मतपत्रलाई खोली गणना योग्य बनाउन थप कर्मचारीको व्यवस्था गर्नुपर्ने ।
- सबै तहका निर्वाचनहरूको मतगणना सम्बन्धित मतदान स्थलमा नै गणना गर्न कानूनमा व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.५.५ निर्वाचन कार्यतालिका

**असल अभ्यास :**

- उम्मेदवारी मनोनयन गर्नका लागि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले दलहरूलाई समय निर्धारण गरेको ।
- सरोकारवाला सबैको सहयोग र सहभागितामा निर्वाचन कार्यक्रम शान्तिपुर्ण ढंगबाट सञ्चालन भएको ।
- उम्मेदवारी मनोनयन सम्बन्धी सूचना सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट कम्प्युटरमा प्रविष्ट गरी सूचनालाई एकीकृत गरेको ।
- देशैभर एकैचरणमा निर्वाचन गर्ने गरी मतदानको मिति तोकिएको ।

**देखिएका समस्या :**

- राजनीतिक दलले उम्मेदवारको छनोट अन्तिम समयमा गर्ने तथा उनीहरूले उम्मेदवारीको मनोनयन गर्न आवश्यक कागजातमा अपूर्णता रहेको ।
- निर्वाचन अधिकृतको कार्यालयले राजनीतिक दलहरूलाई उम्मेदवारी दर्ता गर्न उपलब्ध गराएको समयमा नआएको ।
- उम्मेदवारहरूसँग सचेतना प्रवाह कम भएकोले निर्वाचन कार्यतालिका कार्यान्वयन गर्न समस्या रहेको ।
- निर्वाचन कार्य सम्पन्न गर्न दक्ष जनशक्ति कम भएकोले निर्वाचन व्यवस्थापनमा चुनौती भएको ।
- निर्वाचन व्यवस्थापन कार्य सम्पन्न हुनासाथ मुख्य निर्वाचन अधिकृतको कार्यालय बन्द गर्नुपर्ने व्यवस्थाले निर्वाचन सम्पन्न भए पश्चात गर्नुपर्ने विभिन्न कार्यहरू सम्पादन गर्न कठिनाई भएको ।

**सुधारका लागि सुझाव :**

- सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलहरूलाई उम्मेदवारको मनोनयनमा आवश्यक कागजातको सूची पठाउने र दल तथा उम्मेदवारले सोही बमोजिमको आवश्यक कागजात समयमै जुटाएर मात्र मनोनयन दर्ता गर्न आउनुपर्ने ।
- निर्वाचनमा परिचालन हुने दक्ष जनशक्ति तथा अन्य श्रोत साधनको प्रभावकारी परिचालन गर्नुपर्ने ।
- अन्तिम मतपरिणाम सार्वजनिक भएको मितिले एक हप्ता मुख्य निर्वाचन अधिकृतको कार्यालयको समयावधि थप गर्नुपर्ने ।

### ७.१.२१.५.६ उम्मेदवार मनोनयन

**असल अभ्यास :**

- मनोनयनका लागि दिन निश्चित गरी देशभर एकै दिनमा मनोनययन दर्ता गर्ने व्यवस्था गरेको ।

**देखिएका समस्या :**

- राजनीतिक दल तथा उम्मेदवारबीचको सद्भावको अभाव देखिएको ।

**सुधारका लागि सुझाव :**

- असल राजनीतिक संस्कारको विकास हुनुपर्ने ।
- मनोनयन दर्ता प्रक्रिया अनलाइन प्रणालीबाट हुनुपर्ने ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य पदमा उम्मेदवार दर्ता गर्दा उम्मेदवारले कम्तीमा स्नातक तह उतीर्ण र उम्मेदवारी दर्ता गर्दा उमेरको हद ६५ वर्ष ननाघेको कानुनमा स्पष्ट व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.५.७ राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रचारप्रसार र आचारसंहिताको कार्यान्वयन

**असल अभ्यास :**

- राजनीतिक दल दर्ता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम दर्ता भई संगठन प्रयोजन काम कारबाही गरेको ।
- उम्मेदवार र उम्मेदवारको प्रतिनिधि तथा मतदान प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता सम्बन्धी प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने गरेको ।
- राजनीतिक दल तथा उम्मेदवारहरूले एकआपसमा नबाझिने गरी प्रचारप्रसार सम्बन्धी कार्य गरेको ।
- मनोनयन दर्ता गर्न आउँदा राजनीतिक दलहरूको तडकभडकमा कमी भएको ।
- निर्वाचन प्रचारप्रसारका गतिविधि गर्न पाउने समय १७ दिनमा सीमित रहेको ।
- निर्वाचन प्रचार प्रसारमा माइकिङको प्रयोगमा कमी आएको तथा बालवालिकाको प्रयोगमा कमी आएको ।
- निर्वाचन प्रचारप्रसारमा सामाजिक संजालको प्रयोग भएको ।
- निर्वाचन कार्यक्रमको अनुगमनमा सरोकारवालाहरूबिच राम्रो समन्वय र सहकार्य भएको ।

- आयोगबाट जिल्ला स्तरमा निर्वाचन आचारसंहिता अनुगमन अधिकारी तोकिएको ।

**देखिएका समस्या :**

- फर्जी सनाखतबाट दल दर्ता हुने गरेको र आवश्यकता भन्दा बढी दल दर्ता भएको र उनीहरूको प्रचार प्रसार लगायत अन्य क्रियाकलापका बारेमा नियमन हुन नसकेको ।
- राजनीतिक दल तथा उम्मेदवारहरूले प्रचार प्रसारका लागि सार्वजनिक स्थानमा तोरण व्यानर पर्चा पोष्टरहरूको प्रयोग गरेको ।
- मौन अवधिमा राजनीतिक दलका उम्मेदवार तथा कार्यकर्ताहरूले घरदैलो, सामाजिक सञ्जाल तथा मोवाइलबाट Voice call मार्फत प्रचारप्रसार गरेको ।
- राजनीतिक दल तथा उम्मेदवारले आफ्नो घोषणापत्रको बारेमा मतदातालाई जानकारी नगराएको र मत माग्न मात्र सक्रिय रहेको ।
- राजनीतिक दल तथा उम्मेदवारहरूले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रचार प्रसारमा तोकिएको खर्च सीमाभन्दा बढी गरेको तथा मतदाता रिझाउन भोजभतेर लगायत अन्य आर्थिक प्रलोभन सहितका कार्यहरू गरेको र उक्त कार्यको अनुगमन गरी यथेष्ट कारबाही गर्न अझै नसकिएको ।
- निर्वाचन पर्यवेक्षकहरूले राजनीतिक दल तथा उम्मेदवारहरूले आचारसंहिता पालना गरे/नगरेको प्रभावकारी रुपमा अनुगमन गर्न नसकेको ।

**सुधारका लागि सुझाव :**

- राजनीतिक दल दर्ता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम दर्ता भई संगठन प्रयोजन काम कारवाही गरे/नगरेको अनुगमन संयन्त्रको विकास गर्नुपर्ने ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा ० दशमलव ५ प्रतिशत मत नल्याउने तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कूल सदस्य संख्याको १० प्रतिशत

उम्मेदवार नदिने राजनीतिक दलको दर्ता प्रक्रिया खारेजीको व्यवस्था गर्नुपर्ने ।

- अनलाइन प्रविधिबाट राजनीतिक दल दर्ता हुनुपर्ने र दलका प्रतिनिधिहरूको राष्ट्रिय परिचयपत्रको आधारमा सनाखत हुनुपर्ने व्यवस्था गर्नुपर्ने ।
- राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको पालना नगरे प्रभावकारी रुपमा कारबाही गर्नुपर्ने ।
- राजनीतिक दल तथा उम्मेदवारहरूको निर्वाचन प्रचार प्रसार खर्च अनुगमन ट्र्याकिङ प्रणाली मार्फत् गर्नुपर्ने ।
- नेपाल दुरसंचार प्राधिकरण तथा दुरसञ्चार सेवा प्रदायक कम्पनीसँग समन्वय गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका उम्मेदवारले मोवाइलमा voice call तथा message लाई आचारसंहितामा राखी बन्देज लगाउने व्यवस्था गर्नुपर्ने ।
- कुनै उम्मेदवार वा दलको प्रतिनिधिले आचारसंहिता उल्लंघन गरेको प्रमाण प्राप्त भएमा सम्बन्धित उम्मेदवार वा प्रतिनिधिलाई स्पष्टीकरण सहित प्रचार प्रसार अवधिभर कुनैपनि सार्वजनिक कार्यक्रममा उपस्थित हुन नपाउने गरी बन्देज लगाउने व्यवस्था आचारसंहितामा व्यवस्था गर्नुपर्ने ।
- राजनीतिक दल तथा उम्मेदवारले सामाजिक सञ्जाल मार्फत निर्वाचन प्रचार प्रसार गर्दा विदेशी विनिमय संचितमा असर पर्न जाने हुँदा यस्ता कार्यलाई रोकथाम गर्न प्रत्येक उम्मेदवारले ५ सय अमेरिकी डलरभन्दा बढी गर्न नपाउने व्यवस्था आचारसंहितामा राख्नु पर्ने र उक्त रकमको स्रोत खुलाई निर्वाचन प्रचार प्रसार खर्चको प्रतिवेदनमा समावेश गर्नुपर्ने ।
- राजनीतिक दल तथा उम्मेदवारहरूले आफ्नो आधिकारिक सामाजिक सञ्जालका एकाउन्टहरूको विवरण आयोगमा उपलब्ध गराउनु पर्ने । उम्मेदवारी मनोनयन गर्दा पनि उम्मेदवारहरूले प्रयोग गर्ने सामाजिक सञ्जालका एकाउन्टका बारेमा उल्लेख गर्नुपर्ने ।

### ७.१.२१.५.८ जनशक्ति व्यवस्थापन

**असल अभ्यास :**

- निर्वाचन व्यवस्थापन कार्यका लागि कर्मचारी खटनपटन गराउँदा सम्बन्धित कार्यालयसँग समन्वय गरिएको ।
- निर्वाचन आचारसंहिता बमोजिम ट्रेड युनियनमा आवद्ध कर्मचारीहरूलाई निर्वाचन व्यवस्थापन कार्यमा नखटाइएको ।
- सम्बन्धित स्थानीय तहका कर्मचारीहरूलाई सोही स्थानीय तहमा रहेको मतदान केन्द्रमा नखटाइएको ।
- निर्वाचन व्यवस्थापनमा खटिएका सबै कर्मचारीहरूको बीमा गरिएको ।

**देखिएका समस्या :**

- जिल्ला तहमा स्थायी दरबन्दीमा कर्मचारी पर्याप्त नभएकाले निर्वाचन व्यवस्थापन कार्यमा कर्मचारी परिचालन गर्न कठिनाइ भएको ।
- मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई समयमा नै निर्वाचन व्यवस्थापनमा खटिने कर्मचारीहरूको विवरण प्राप्त नभएको तथा निर्वाचन अघि अवकाश हुने कर्मचारीको नामावली समेत समयमै प्राप्त हुन नसकेको ।
- मतदानमा खटिने कर्मचारीहरूको सूची सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट अद्यावधिक नगरिएको ।
- दुर्गम स्थानमा फोन तथा इन्टरनेटको समस्याले निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना आदान प्रदानमा समस्या आएको ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा कम्तीमा ४ ओटा मतपेटिका ढुवानी गर्नुपर्ने, सुरक्षाकर्मीले मतपेटिका बोक्न नपाउने र मतदान केन्द्रमा खटिने कर्मचारीमध्ये सहयोगी १ जना मात्रै रहने व्यवस्थाले मतपेटिका ढुवानीमा समस्या देखिएको ।

**सुधारका लागि सुझाव :**

- जिल्ला जनशक्ति व्यवस्थापन समिति भंग गरी मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि जनशक्तिको माग गरी व्यवस्थापन गर्नुपर्ने ।

- सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले समयमा नै निर्वाचन व्यवस्थापनमा खटिने कर्मचारीको विवरण तयार गर्नुपर्ने र कर्मचारीको सूची तयार गर्दा अघिल्लो निर्वाचनमा मतदान कर्मचारी भई कार्य गरिसकेको कर्मचारीलाई प्राथमिकता दिनुपर्ने ।
- मतदान केन्द्रहरूमा स्वयंसेवकहरूको संख्यामा कटौती गरी मतदान केन्द्रमा रहेको मतदाताको संख्याको आधारमा सहायक कर्मचारीहरूको संख्या थप गर्नुपर्ने ।
- निर्वाचन आयोगले आयोग सेवामा नै रहने गरी कम्तीमा ५० प्रतिशत कर्मचारीको दरबन्दी कायम गर्न सो सम्बन्धी कानूनी व्यवस्था गर्नुपर्ने ।
- क्षेत्र र भूगोलको आधारमा मतदानमा खटिने कर्मचारीहरूले पाउने सुविधाको मापदण्ड निर्धारण गर्नुपर्ने ।
- Elotornic Fund Transfer (EFT) कारोबार संचालन गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालयमा काजमा खटिने लेखापालको दरबन्दी थप गर्नुपर्ने ।
- निर्वाचनमा खटिने सरक्षाकर्मी भत्ता सम्बन्धित सुरक्षा निकायबाट दिने व्यवस्था मिलाउनु पर्ने ।

### ७.१.२१.५.९ निर्वाचन सामग्री

**असल अभ्यास :**

- मतदान अधिकृतहरूलाई समयमा नै निर्वाचन सामग्री हस्तान्तरण गरिएको ।

**देखिएका समस्या :**

- मतपेटिका तथा मतपत्रको संख्या आवश्कताभन्दा बढी मतदान केन्द्रमा पठाइएको ।
- दुर्गम तथा हिमाली जिल्लामा मतपेटिका ढुवानी खर्च अपुग भएको ।

**सुधारका लागि सुझाव :**

- मतपेटिका, सिल लगायत अन्य मतदान सामग्रीको गुणस्तरमा ध्यान दिनुपर्ने ।

- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा भण्डारण समस्याका कारण ल्यापटप लगायत निर्वाचन सामग्रीहरू व्यवस्थित गर्न आयोगले सम्बन्धित कार्यालयलाई अख्तियार प्रदान गर्नुपर्ने ।
- निर्वाचन कार्यालयमा रहेका पुराना तथा प्रयोगविहिन अवस्थाका Dell ल्यापटपहरू सम्बन्धित कम्पनीसँग समन्वय गरी Buy Back Method बाट पुराना फिर्ता गरी नयाँ प्राप्त गर्नका लागि आयोगले पहल गर्नुपर्ने ।
- मतपेटिका लगायत अन्य निर्वाचन सामग्री भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- पुनः प्रयोगमा आउने निर्वाचन सामग्री छेकाबार, रबर म्याट आदिलाई सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्ने ।

### ७.१.२१.६ वित्तीय व्यवस्थापन

**असल अभ्यास :**

- सरोकारवाला निकायले निर्वाचन व्यवस्थापनसम्बन्धी बजेट समयमा नै प्राप्त गरेको ।
- निर्वाचन व्यवस्थापन गर्न शीर्षकगत बजेट स्पष्ट भएर आएको ।

**देखिएका समस्या :**

- निर्वाचन व्यवस्थापनका लागि दुर्गम तथा हिमाली जिल्लाहरूका लागि श्रोत र साधन पर्याप्त नभएको ।
- निर्वाचनको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई खाजा खर्च कम भएको ।

**सुधारका लागि सुझाव :**

- निर्वाचन व्यवस्थापनसम्बन्धी सम्पूर्ण खर्च इ.एफ.टि. मार्फत भुक्तानी दिनुपर्ने ।
- मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा सहयोगी कर्मचारीको न्युनतम पारिश्रमिक क्रमश रु ३०००, २२५०, २००० र १५०० प्रति दिन प्रति कर्मचारी हुनुपर्ने ।
- निर्वाचन अधिकृतको कार्यालयले श्रेस्ता नबुझाउँदा लेखा परिक्षण गर्न नसकिएको कारण श्रेस्ता नबुझाउने निर्वाचन अधिकृतको कार्यालयको हकमा

सम्बन्धित निर्वाचन कार्यालयबाट विवरण संकलन गरी आयोगले महालेखा नियन्त्रकको कार्यालयसँग समन्वय गर्नुपर्ने ।

- दुर्गम तथा हिमाली जिल्लामा ढुवानी खर्च र विविध खर्चको पर्याप्त व्यवस्था हुनुपर्ने ।

### ७.१.२१.७ निर्वाचन सुरक्षा व्यवस्थापन

**असल अभ्यास :**

- निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबीच राम्रो समन्वय भएको ।
- निर्वाचन सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मी परिचालन गरेको ।
- जिल्ला निर्वाचन सुरक्षा समितिले सुरक्षाको संवेदनशीलताबारे सूचना विश्लेषण गरेको ।

**देखिएका समस्या :**

- निर्वाचन सुरक्षा व्यवस्थापनका लागि सवारी साधनको अभाव रहेको ।
- दुर्गम तथा हिमाली जिल्लाहरूमा सुरक्षा व्यवस्थापनका लागि चुनौतीपूर्ण रहेको ।
- निर्वाचन सुरक्षाका लागि खटिने म्यादी प्रहरीलाई पर्याप्त तालिमको अभाव रहेको ।

**सुधारका लागि सुझाव :**

- सम्बन्धित जिल्ला प्रहरी कार्यालयले म्यादी प्रहरीलाई निर्वाचन सुरक्षा सम्बन्धी तालिम दिनुपर्ने ।
- निर्वाचन सुरक्षा व्यवस्थापनका लागि पर्याप्त सवारी साधनको व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.८ मतपत्र व्यवस्थापन

**असल अभ्यास :**

- उम्मेदवारी मनोनयन गरेका राजनीतिक दल तथा उम्मेदवारहरूको मात्र निर्वाचन चिन्ह मतपत्रमा राखी मतपत्र छापिएको ।

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा छापिएका मतपत्रको साइज ठिक रहेको ।
- देखिएका समस्या :
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमा गरी चार प्रकारका मतपत्र भएकाले मतदाता अन्योलमा रहेको ।

**सुधारका लागि सुझाव :**

- प्रतिनिधि सभा तथा प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको चार मतपत्र छुट्टाछुट्टै रङ्गमा छपाइ गर्नुपर्ने ।
- प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र पनि राजनीतिक दलहरूले अन्तिम बन्दसूची पेश गरे पश्चात छपाइ गर्नुपर्ने ।

### ७.१.२१.९ मतदाता शिक्षा

**असल अभ्यास :**

- स्थानीय तहमार्फत मतदाता शिक्षाका लागि स्वयंसेविका खटाइएको र सम्बन्धित जिल्ला निर्वाचन कार्यलयबाट कम्तीमा स्थानीय स्तरमा एक नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको ।
- मतदाता शिक्षाका लागि टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाइन, सामाजिक सञ्जाल र डिजिटल डिस्प्लेको प्रयोग गरिएको ।
- मतदाता शिक्षाका लागि पोस्टर, ब्रोसर, पम्पलेट, फ्लिपचार्ट आदिको विकास गरी जिल्ला तथा स्थानीय तहमा पठाइएको ।

**देखिएका समस्या :**

- मतदाता शिक्षा स्वयंसेविकाको संख्या र कार्याअवधि कम भएको र अनुगमनको प्रर्याप्त व्यवस्था नभएको ।

- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र स्थानीय तहबीच समन्वयको कमी देखिएको ।
- निर्वाचन शिक्षा सामाग्री सर्वसाधारणले बुझ्ने गरी सरल भाषामा नभएको र निर्वाचन शिक्षाका लागि छनोट गरिएका जनशक्ति दक्ष नरहेको ।
- स्थानीय तहमा मतदाता शिक्षाका लागि रकम नछुट्याइएको र आयोगबाट सो प्रयोजनमा रकम प्राप्त नभएको ।
- मतदाता शिक्षा सामग्री अपाङ्गतामैत्री नभएको जस्तैः ब्रेललिपी, पढ्न सजिलो हुने गरी ठूलो अक्षर र चित्रहरूको प्रयोग गरी नबनाइएको ।

**सुधारका लागि सुझाव :**

- मतदाता शिक्षा स्वयंसेविकालाई नमूना मतदान, नमूना मतपत्र, ब्रोसर, पोष्टर, पम्प्लेट, वृत्तचित्र जस्ता सामग्रीको कसरी प्रयोग गर्ने र घरदैलो कार्यक्रम गर्दा कसरी मतदातालाई बुझाउनु पर्दछ भनी तालिम दिनुपर्ने ।
- स्थानीय तहको वडामा रहेको मतदाता र मतदान केन्द्रको आधारमा मतदाता शिक्षा स्वयंसेविका खटाउनुपर्ने र मतदाता शिक्षा घरदैलो तथा नमूना मतदान कार्यक्रम कम्तीमा १ महिना सञ्चालन गर्नुपर्ने ।
- मतदाता शिक्षालाई विश्वविद्यालयस्तरीय पाठ्यक्रममा समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयले नियमित रुपमा स्थानीय तहसँग समन्वय गरी विद्यालय तथा कलेजमा मतदाता शिक्षा सञ्चालन गर्नुपर्ने।
- मतदाता शिक्षा सन्चालनमा अपाङ्गतामैत्री सामाग्री जस्तैः ब्रेललिपी, पढ्न सजिलो हुने गरी ठूलो अक्षर र चित्रहरूको प्रयोग गरी सामग्रीको विकास गर्नुपर्ने ।

### ७.१.२१.१० निर्वाचन सम्बन्धी तालिम

**असल अभ्यास :**

- मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई मतदान व्यवस्थापनसम्बन्धी तालिम दिइएको ।
- कम्प्युटर अपरेटरहरूलाई निर्वाचन नतिजा व्यवस्थापन गर्न तालिम दिइएको ।

- निर्वाचन व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्न सूचना प्रविधिको प्रयोग गरिएको ।

**देखिएका समस्या :**

- मतदात अधिकृत र सहायक मतदान अधिकृतलाई मतदान व्यवस्थापनसम्बन्धी दिइएको तालिम छोटो अवधि रहेको र सबै विषय नसमेटिएको,
- जिल्ला निर्वाचन कार्यालयहरूले मतदान व्यवस्थापनसम्बन्धी तालिम एउटै हलमा झन्डै दुई सयभन्दा बढी सहभागी राख्दा तालिम प्रभावकारी हुन नसकेको ।
- निर्वाचन व्यवस्थापनमा सरोकारवाला निकायहरूको भूमिका र कर्तव्य बारेमा तालिम सञ्चालन नभएको ।
- निर्वाचन व्यवस्थापनमा संलग्न पदाधिकारी नै निर्वाचनसम्बन्धी सबै विषयमा जानकार नभएको ।
- मतदाता शिक्षा सम्बन्धी स्वअध्ययन सामग्रीहरू मतदाताहरूलाई उपलब्ध नगराइएको ।

**सुधारका लागि सुझाव :**

- मतदाता शिक्षा र अन्य तालिमको श्रव्य दृष्य सामाग्री तयार गरी निर्वाचन व्यवस्थापनमा खटिएका कर्मचारीहरूलाई अनलाईन मार्फत उपलब्ध गराउनु पर्ने ।
- स्थानीय तहको वडा स्तरमा मतदाता शिक्षा तालिमलाई सैद्धान्तिक रुपमा मात्र नभई व्यवाहारिक तथा प्रयोगात्मक पक्षमा बढी जोड दिने ।
- मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई मतदान व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्दा सम्बन्धित निर्वाचन कार्यालयले निर्वाचन क्षेत्र बमोजिम आवश्यक विषयवस्तु समेटिएको २ दिने प्रभावकारी तालिम प्रदान गर्नुपर्ने ।

### ७.१.२१.११ निर्वाचन अनुगमन तथा पर्यवेक्षण

**असल अभ्यास :**

- निर्वाचनलाई निष्पक्ष र विश्वसनीय बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट पर्यवेक्षण गरिएको ।
- पर्यवेक्षकहरूले पर्यवेक्षण गर्न आचारसंहिता, काम, कर्तव्य र अधिकार तथा दायित्व तोकेको निर्देशिका जारी गरिएको ।

**देखिएका समस्या :**

- पर्यवेक्षकहरूलाई निर्वाचन पर्यवेक्षण सम्बन्धी पूर्ण जानकारी नभएको देखिएको ।
- देशभरका मतदान केन्द्रहरूमा राष्ट्रिय पर्यवेक्षकहरू पुग्न नसकेको ।

**सुधारका लागि सुझाव :**

- पर्यवेक्षकहरूलाई सम्बन्धित पर्यवेक्षण संस्थाले निर्वाचन आचारसंहिता, पर्यवेक्षकको काम, कर्तव्य र अधिकार तथा दायित्व सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।
- राष्ट्रिय पर्यवेक्षकहरूको विवरण, कार्यक्षेत्र तथा अधिकार लगायतका विषय सबैले जानकारी पाउने गरी सार्वजनिक गर्नुपर्ने ।
- राष्ट्रिय पर्यवेक्षकहरू सबै मतदान केन्द्रहरूमा पुगे/नपुगेको अनुगमन गरी पर्यवेक्षण संस्थाहरूलाई जिम्मेवार बनाउनु पर्ने ।
- पर्यवेक्षण नीति पुनरावलोकन गरी सबै मतदान केन्द्रमा पर्यवेक्षण संस्थाले पर्यवेक्षक खटाउन सकिने गरी पर्यवेक्षण गर्न चाहने संस्थाले कम्तीमा कुनै एक प्रदेश, कम्तीमा ८ जिल्ला र ५०० मतदानस्थल पर्यवेक्षण गर्न सक्ने गरी नीति बनाउनु पर्ने ।
- निर्वाचनमा निष्पक्षता कायम गर्न पर्यवेक्षकको स्थायी ठेगाना भएको स्थानीय तहमा पर्यवेक्षण गर्न अनुमति नदिने व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.१२ निर्वाचनमा लैंगिक तथा समावेशीकरण

**असल अभ्यास :**

- अपागंमैत्री मतदान केन्द्र निर्माण गरिएको ।

- विभिन्न समूहको अनिवार्य प्रतिनिधित्व गर्न समानुपातिक निर्वाचन प्रणालीको अवलम्बन गरिएको ।

**देखिएका समस्या :**

- राजनीतिक दलले उम्मेदवारको छनोट गर्दा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने भन्दा पनि कसरी निर्वाचित हुने भन्ने कुरामा जोड दिएको देखिएको ।
- संविधान र कानुनको भावना अनुसार समानुपातिक निर्वाचन प्रणालीको अभ्यास नगरिएको ।
- मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान कर्मचारी खटाउँदा लैङ्गिक तथा समावेशी नीतिलाई ध्यान नदिएको ।
- मतदानस्थल साँघुरो ठाउँमा हुँदा अपांगता भएका मतदाताहरूको सहजकताका लागि व्यवस्था गर्न कठिनाई भएको साथै अपांगता भएका मतदातालाई दिइने सुविधा र प्राथमिकताका वारेमा मतदान कर्मचारीलाई राम्रो ज्ञान नभएको ।
- अपाङ्गता भएका मतदाता, किरियापुत्री, सुत्केरी, ज्येष्ठ नागरिक तथा बिरामी मतदातालाई मतदान केन्द्रसम्म आवतजावत गर्न समस्या भएको ।

**सुधारका लागि सुझाव :**

- मतदान स्थलहरूलाई अपागंमैत्री तथा पहुँचयुक्त बनाउन सम्बन्धित स्थानीय सरकारसँग समन्वय गर्नुपर्ने ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ अपांगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने र उनीहरूको उम्मेदवारी धरौटी रकम निःशुल्क बनाउनु पर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा कर्मचारी खटाउँदा लैङ्गिक तथा समावेशी नीति अनुसार खटाउनु पर्ने ।
- मतदानको दिन अपाङ्गता भएका, किरियापुत्री, सुत्केरी, ज्येष्ठ नागरिक तथा विरामी मतदातालाई मतदान केन्द्रसम्म आवतजावत गर्न सवारी साधनको प्रयोग गर्न अनुमति दिनुपर्ने । यस्तो सवारी पास एक पटक मात्र प्रयोग गर्ने

गरी सम्बन्धित मतदान अधिकृतले वितरण गर्न सक्ने गरी व्यवस्था गर्नुपर्ने । सवारी पास लिने मतदाताको एकाघर परिवारको सदस्य मार्फत निवेदन, मतदाता क्रमसंख्या तथा अपांगताको प्रमाणपत्र पेश गर्नुपर्ने ।

### ७.१.२१.१३ निर्वाचन कानून र राजनीतिक दल दर्ता

**असल अभ्यास :**

- निर्वाचन आयोगको सिफारिसमा सरकारले निर्वाचन मिति घोषण गर्ने कानूनी व्यवस्था गरिएको ।
- विषय क्षेत्रगत नीति, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै सार्वजनिक पद धारण गरेका व्यक्तिले उम्मेदवारी दिँदा राजीनामा दिनुपर्ने व्यवस्था गरिएको ।
- प्रत्येक उम्मेदवारले आफ्नो योग्यता र निर्वाह गर्नुपर्ने कानूनी दायित्व समेतका विषयमा स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको ।
- उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ सम्पत्ति विवरण र वैयक्तिक विवरण पेश गर्ने व्यवस्था गरिएको ।

**देखिएका समस्या :**

- निर्वाचन कानुनहरू विभिन्न कानुनहरूमा छरिएर रहेको ।
- अघिल्लो निर्वाचनको बन्दसूचीमा नाम भएकै कारण उम्मेदवार हुन अयोग्य हुने व्यवस्था रहेको ।
- मतदान कार्य स्थगित सम्बन्धी मुचुल्का कार्यान्वयमा कठिनाई देखिनुका साथै निर्वाचन निर्देशिकाहरू धेरै संख्यामा रहेको जसले गर्दा कार्यान्वयन गर्न समस्या भएको ।
- रिट निवेदन अदालतको क्षेत्राधिकारलाई आफू अनुकूल प्रयोग गर्ने गरेको ।
- कस्तो सार्वजनिक पद धारण गरेको पदाधिकारीले राजीनामा दिनुपर्ने कानुनमा स्पष्ट र प्रष्ट व्यवस्था हुन नसकेको
- उम्मेदवारले स्वघोषणामा उल्लेख गरेको विवरण सत्यता मापनको अभाव रहेको ।

- उम्मेदवार तथा राजनीतिक दलले सम्पत्ति विवरण आफ्नो अनुकूल हुने गरी पेश गरेको ।

**सुधारका लागि सुझाव :**

- निर्वाचन सम्बन्धी एकीकृत कानुन तथा निर्देशिकाको विकास गरी सबै तहका निर्वाचनको मिति कानुनमा स्पष्ट तोकिनु पर्ने ।
- उम्मेदवारी मनोनयन प्रक्रियादेखि निर्वाचन खर्च विवरण प्रविष्ट गर्नेसम्मको समयावधिका लागि प्रत्येक उम्मेदवार तथा राजनीतिक दललाई अनलाइन मार्फत दर्ता कार्य गर्नका लागि (User Identity/Password) बनाई सम्बन्धित उम्मेदवार वा दलको प्रतिनिधिलाई उपलब्ध गराउनु पर्ने । उम्मेदवार तथा राजनीतिक दलले पेश गरेको सम्पत्ति विवरण आयोगको वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्ने ।
- अघिल्लो निर्वाचनको बन्दसूचीमा रहेका व्यक्तिले उम्मेदवारी दर्ता गराए स्वतः बन्दसूचीमा रहेको नाम हट्ने व्यवस्था गर्नुपर्ने ।
- राजीनामा सम्बन्धमा कानुनमा नै स्पष्ट व्यवस्था हुनुपर्ने तथा स्वघोषणा गर्दा गलत घोषणा गरेको पाइएमा कानुनद्धारा दण्डित हुने व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- प्रत्येक निर्वाचन कार्यालयले आयोगमा दर्ता भएका राजनीतिक दलहरूको प्रदेश तथा जिल्ला स्तरीय पदाधिकारीहरूको विवरण अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने ।
- अदालतको क्षेत्राधिकारलाई रिट क्षेत्राधिकारले उल्लंघन गर्ने अवस्था रहेकोले कानूनी रुपमा नै व्यवस्था गरी हटाउनु पर्ने ।

### ७.१.२१.१४ **निर्वाचन विवाद निरुपण**

**असल अभ्यास :**

- निर्वाचन विवाद निरुपण गर्ने क्षेत्राधिकार अदालतलाई तोकिएको ।

**देखिएका समस्या :**

- निर्वाचन विवादको निरुपण ढिलो हुने गरेको ।

- निर्वाचन प्रक्रिया प्रारम्भ भएपछि जुन चरणमा विवाद उठाउनुपर्ने हो सो चरणमा नउठ्ने तर पछि विवाद उठाउने गरेको ।
- निर्वाचन विवाद निरुपणसम्बन्धी फैसला कार्यान्वयन गर्ने स्पष्ट संयन्त्रको अभाव देखिएको ।
- विद्यमान कानून र आयोगका कतिपय परिपत्र एकापसमा बाझिएको । (जस्तै, आयोगको पूर्व सहमति नलिई मतदान स्थगन नगर्न मतदान अधिकृतहरूलाई निर्देशन)
- निर्वाचनसम्बन्धी विवाद समाधानमा उदासिनता देखिएको ।

**सुधारका लागि सुझाव :**

- निर्वाचन विवाद निरुपण गर्ने छुट्टै न्यायिक न्यायिक निकाय गठन गरी विवादको निरुपण ६ महिना भित्र गरिसक्नु पर्ने ।
- निर्वाचन विवाद निरुपणसम्बन्धी फैसला कार्यान्वयन गर्ने निकाय तोकिनु पर्ने ।
- आयोगका परिपत्रहरू स्पष्ट र कानूनतः नबाझिने भई समयमै प्राप्त हुनुपर्ने ।

### ७.१.२१.१५ सूचना प्रविधिको प्रयोग

**असल अभ्यास :**

- फोन गर्दा निर्वाचन शिक्षा सम्बन्धी बज्ने सन्देश राम्रो भएको ।
- निर्वाचन परिणाम तथ्याङ्क प्रविष्ट गर्ने प्रविधि राम्रो रहेको र SMS बाट सूचना आदान प्रदान गर्ने व्यवस्था रहेको ।
- एकीकृत निर्वाचन व्यवस्थापन प्रणालीको सञ्चालनमा रहेको ।
- ECN APP को निर्माण र प्रयोग तथा नागरिक एपसँग आवद्ध गरी मतदाता नामावलीसम्बन्धी विवरण (मतदान स्थल, केन्द्र समेत) हेर्न सकिने व्यवस्था गरिएको ।

**देखिएका समस्या :**

- मनोनयन दर्ताको समयमा सफ्टवेयरमा समस्या देखिएको र जनशक्तिको व्यापक प्रयोग गर्नु परेको ।

- धेरै दिन अघिबाट मोबाइलमा निर्वाचन शिक्षा सम्बन्धी सन्देश बज्दा मतदाताले झर्को मानेको ।
- मनोनयन प्रक्रिया सम्बन्धी सफ्टवेयर समयमा नै निर्माण हुन नसकेको र अप्राविधिक र पुराना कर्मचारीहरू प्रविधिमैत्री हुन नसकेको ।
- Event Tracking System मा सबै निर्वाचन कार्यालयको पहुँच नहुँदा विवरण गल्ती तथा कठिनाई भएको ।

**सुधारका लागि सुझाव :**

- अनलाइन मार्फत उम्मेदवारले मनोनयन दर्ता गर्न तथा आवश्यक कागजात अपलोड गर्न मिल्ने सफ्टवेयरको विकास गर्नुपर्ने। निर्वाचन अधिकृतको कार्यालयले तोकेको समयमा अनलाइन मार्फत उम्मेदवारी दर्ता गर्ने उम्मेदवारलाई मान्यता दिनुपर्ने ।
- सफ्टवेयर निर्माण गर्दा उच्चतम प्रविधिको प्रयोग गरी निर्माण गर्नुपर्ने तथा निर्वाचन सञ्चालन सम्बन्धी जानकारी मतदान अधिकृतहरूलाई समयमा नै उपलव्ध गराउनुका साथै कर्मचारीलाई प्रविधिमैत्री बनाउन पहल गर्नुपर्ने ।
- मतदाता नामावलीमा नाम दर्ता भइसकेका मतदाताहरूले पुनः अनलाइन मार्फत नाम दर्ता गर्न नमिल्ने गरी सफ्टवेयरको विकास गर्नुपर्ने ।
- Event Tracking System मा सबै निर्वाचन कार्यालयलाई पहुँच दिनुपर्ने र सफ्टवेयरमा प्रविष्ट गरिएको विवरण गलत भए सच्याउन सकिने व्यवस्था गर्नुपर्ने ।

### ७.१.२१.१६ सामाजिक सञ्जालको प्रयोग तथा निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको नियमन

**असल अभ्यास :**

- सामाजिक सञ्जाल कम्पनीहरूसँग सहकार्य गरी निर्वाचन आयोगमा सामाजिक सञ्जाल अनुगमन संयन्त्र गठन गरिएको ।
- सामाजिक सञ्जालमार्फत मतदाताहरूले मतदाता शिक्षा तथा निर्वाचन सूचना सम्बन्धी जानकारी पाएको ।

**देखिएका समस्या :**

- सामाजिक सञ्जालको दुरुपयोग गरी उम्मेदवार तथा दलको चरित्रहत्या, झुठ्ठा खबर तथा डर त्रास फैलाइएको ।
- सामाजिक सञ्जालमा मतदाता सम्बन्धी विवरण हुने भएकाले मतदाता तथा उम्मेदवारको गोपनियता कायम राख्न कठिनाई भएको ।
- मतदाताहरू प्रविधिमैत्री हुन नसेकेको ।
- सामाजिक सञ्जालमा गलत आईडी बनाई मिथ्या सुचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति फैलाउने व्यक्तिलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको मानी कारबाही प्रकृयामा ल्याउन नसकिएको ।

**सुधारका लागि सुझाव :**

- सूचना प्रविधि सम्बन्धी विशेषज्ञ सहितको निर्वाचन क्षेत्रगत नियमन संयन्त्र निर्माण गरी सामाजिक सञ्जालको प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- निर्वाचन आयोगले जिल्लास्तरीय पोर्टलको विकास गरी मतदाता शिक्षाको सामग्री प्रसारण, निर्वाचन सम्बन्धी सूचनाहरू प्रचार प्रसार गर्नुका साथै सामाजिक सञ्जाल मार्फत हुने मिथ्या सुचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम गर्न सम्बन्धित निर्वाचन कार्यालयलाई जिम्मेवार बनाउनु पर्ने ।
- निर्वाचन आयोग तथा निर्वाचन कार्यालयले सञ्चालन गर्ने पोर्टलका बारेमा मतदाताबीच प्रचार प्रसार गर्नुपर्ने ।
- राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार प्रसारका लागि आधिकारिक सामाजिक सञ्जालको एकाउन्ट मार्फत गर्नुपर्ने । उक्त एकाउन्ट आयोगमा दर्ता गरेर प्रसारण गरिने सामग्रीको आयोगबाट अनुमति लिनुपर्ने ।

### ७.१.२२ समापन सत्र, निष्कर्ष तथा भावी कार्यदिशा

#### ७.१.२२.१ समापन सत्र

समूहगत छलफलमा आएका विषयमा जवाफसहित समापनसत्रमा सहभागीहरूबाट उठाइएका विषयवस्तुहरूमा आयोगले सम्बोधन गरेको थियो ।

### ७.१.२२.२ निष्कर्ष

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को केन्द्रीय तथा प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रममा सबै सहभागीहरूले सक्रियतापूर्वक छलफलमा भाग लिई गत निर्वाचनमा गरिएको असल अभ्यासहरू, देखिएका समस्या र सुधारका लागि सुझाव सम्बन्धी समूह कार्य गरी सुझाव संकलन गरिएको थियो ।

केन्द्रीय समीक्षा कार्यशालामा निर्वाचन आयोग नेपालका पदाधिकारी तथा आयोगको सचिवालय लगायत प्रदेश तथा जिल्ला निर्वाचन अधिकारीहरू, राष्ट्रिय पर्यवेक्षण संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू तथा निर्वाचन बिट सम्बन्धी रिपोटिङ गर्ने सञ्चार माध्यमका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

त्यसैगरी प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यशालामा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन आयोगका पदाधिकारीहरू, अनुगमन अधिकृत, जिल्लास्थित सबै सुरक्षा निकायका प्रमुख, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारी, मतदान अधिकृत, पर्यवेक्षण गर्ने संस्था, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अपाङ्गता भएका व्यक्तिहरूको संस्था र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागिता रहेको थियो ।

### ७.१.२२.३ भावी कार्यदिशा

समग्रमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ सफलतापूर्वक सम्पन्न भएकोमा सबैले गर्व गर्नु पर्दछ । यति हुँदा हुँदै पनि आगामी निर्वाचनलाई बढीभन्दा बढी पारदर्शी ढंगबाट अझ स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न संधै सतर्क र चनाखो रहनु पर्ने अपरिहार्यता देखिन्छ । यसका लागि निर्वाचन आयोगको थप संस्थागत सुधारका साथै निर्वाचन कानुन, निर्वाचन व्यवस्थापन कार्यहरूको थप सुधार गर्नका लागि समीक्षा कार्यशालाबाट निम्नानुसारको भावी कार्यदिशा प्राप्त भएको छ ।

- नामावलीलाई स्थानीय सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी चुस्त र दुरुस्त राखी अद्यावधिक गर्नुपर्दछ ।
- निर्वाचन घोषणा भए पश्चात नागरिकहरू निर्वाचनमा सहभागी हुन उत्साहित भई मतदाता नामावलीमा नाम दर्ता गर्न खोज्ने तर निर्वाचन मिति तोकिए लगत्तै मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य बन्द हुने भएकाले नागरिकहरू मतदानको अधिकारबाट बञ्चित हुने गरेका छन् । त्यसैले

निर्वाचनको मिति घोषणा भएपश्चात कम्तीमा २० दिनसम्म मतदातालाई मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने व्यवस्था कानुनमा गर्नु पर्दछ ।

- पालिका स्तरमा निरन्तर रुपमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी प्रत्येक महिनाको १५ गते सम्बन्धित निर्वाचन कार्यालयलाई विवरण पठाउनु पर्ने व्यवस्था गर्नुपर्दछ ।
- मतदाता नामावलीमा नाम दर्ता भइसकेका मतदाताहरूले पुनः अनलाइन मार्फत नाम दर्ता गर्न नमिल्ने सफ्टवेयरको विकास गर्नु पर्दछ ।
- मतदाता नामावली संकलन फाराममा सबै अपांगता भएका व्यक्तिको प्रकार खुल्ने व्यवस्था गर्नुपर्दछ ।
- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिकामा उल्लेख भए बमोजिम मतदान केन्द्र निर्माण गर्न उपयुक्त स्थानको पहिचान गरी मतदान केन्द्र थपघट गर्न पुनरावलोकन गर्नुपर्दछ । मतदान केन्द्र पुनरावलोकन समितिमा सम्बन्धित स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीति दल मात्र समितिमा रहने व्यवस्था गर्नुपर्दछ । मतदान केन्द्र पुनरावलोकन गर्दा सबैको पहुँचतालाई ध्यानमा राखी शौचालय, स्वच्छ पिउनेपानी, बिजुली, इन्टरनेट, सिसिटिभी, यातायातको पहुँच आदिको सुविधालाई हेरी छनोट गर्नुपर्दछ ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा चार फरक किसिमको मतपत्र र मतपेटिका रहेकाले मतदान गर्ने क्रममा मतदाता अलमलमा परेको हुनाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र फरक फरक रंगको र मतपेटिकाको व्यवस्था गर्नुपर्छ ।
- आगामी निर्वाचनमा मतगणना कार्यलाई छिटो र छरितो बनाउनका लागि पट्याइएको मतपत्रलाई खोली गणना योग्य बनाउन थप कर्मचारीको व्यवस्था गर्नुपर्ने र सबै तहका निर्वाचनहरूको मतगणना सम्बन्धित मतदान स्थलमा नै गणना गर्न कानुनमा व्यवस्था गर्नुपर्ने सुझावहरू सहभागीहरूले दिएका छन् ।

- राजनीतिक दल तथा उम्मेदवार मनोनयन दर्ता प्रक्रिया अनलाइन प्रणालीबाट गर्नु पर्दछ र दलका प्रतिनिधिहरूको राष्ट्रिय परिचयपत्रको आधारमा सनाखत हुनुपर्ने व्यवस्था गर्नु पर्दछ। प्रतिनिधि सभा र प्रदेश सभा सदस्य पदमा उम्मेदवारी दर्ता गर्दा उम्मेदवारले कम्तीमा स्नातक तह उत्तीर्ण र उम्मेदवारी दर्ता गर्दा उमेरको हक ६५ वर्ष ननाघेको कानुनमा स्पष्ट व्यवस्था गर्नु पर्दछ ।
- राजनीतिक दल तथा उम्मेदवारहरूको निर्वाचन प्रचार प्रसार खर्च अनुगमन ट्र्याकिङ प्रणाली मार्फत् गर्नु पर्दछ ।
- कुनै उम्मेदवार वा दलको प्रतिनिधिले आचारसंहिता उल्लंघन गरेको प्रमाण प्राप्त भएमा सम्बन्धित उम्मेदवार वा प्रतिनिधिलाई स्पष्टीकरण सहित प्रचार प्रसार अवधिभर कुनैपनि सार्वजनिक कार्यक्रममा उपस्थित हुन नपाउने गरी बन्देज लगाउने व्यवस्था आचारसंहितामा व्यवस्था गर्नु पर्दछ ।
- राजनीतिक दल तथा उम्मेदवारले सामाजिक सञ्जाल मार्फत निर्वाचन प्रचार प्रसार गर्दा विदेशी विनिमय संचितमा असर पर्न जाने हुँदा यस्ता कार्यलाई रोकथाम गर्न प्रत्येक उम्मेदवारले ५ सय अमेरिकी डलरभन्दा बढी गर्न नपाउने व्यवस्था आचारसंहितामा राख्नु पर्ने र उक्त रकमको स्रोत खुलाई निर्वाचन प्रचार प्रसार खर्चको प्रतिवेदनमा समावेश गर्नुपर्ने सुझाव दिएका थिए ।
- निर्वाचन आयोगले आयोग सेवामा नै रहने गरी कम्तीमा ५० प्रतिशत कर्मचारीको दरबन्दी कायम गर्न सो सम्बन्धी कानूनी व्यवस्था गर्नु पर्दछ ।
- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा भण्डारण समस्याका कारण ल्यापटप लगायत निर्वाचन सामग्रीहरू व्यवस्थित गर्न आयोगले सम्बन्धित कार्यालयलाई अख्तियार प्रदान गर्नुका साथै निर्वाचन कार्यालयमा रहेका पुराना तथा प्रयोगविहिन अवस्थाका Dell ल्यापटपहरू सम्बन्धित कम्पनीसँग समन्वय गरी Buy Back Method बाट पुराना फिर्ता गरी नयाँ प्राप्त गर्नका लागि आयोगले पहल गर्नु पर्दछ ।
- स्थानीय तहको वडामा रहेको मतदाता र मतदान केन्द्रको आधारमा मतदाता शिक्षा स्वयंसेविका खटाउनुपर्ने र मतदाता शिक्षा घरदैलो तथा

नमूना मतदान कार्यक्रम कम्तीमा १ महिना सञ्चालन गर्नुपर्दछ । मतदाता शिक्षालाई विश्वविद्यालयस्तरीय पाठ्यक्रममा समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयले नियमित रुपमा स्थानीय तहसँग समन्वय गरी विद्यालय तथा कलेजमा मतदाता शिक्षा सञ्चालन गर्नुपर्ने.र मतदाता शिक्षा सन्चालनमा अपाङ्गतामैत्री सामाग्री जस्तैः ब्रेललिपी, पढ्न सजिलो हुने गरी ठूलो अक्षर र चित्रहरूको प्रयोग गरी सामग्रीको विकास गर्नुपर्दछ ।

- मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई मतदान व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्दा सम्बन्धित निर्वाचन कार्यालयले निर्वाचन क्षेत्र बमोजिम आवश्यक विषयवस्तु समेटिएको २ दिने प्रभावकारी तालिम प्रदान गर्नुपर्दछ ।
- पर्यवेक्षण नीति पुनरावलोकन गरी सबै मतदान केन्द्रमा पर्यवेक्षण संस्थाले पर्यवेक्षक खटाउन सकिने गरी पर्यवेक्षण गर्न चाहने संस्थाले कम्तीमा कुनै एक प्रदेश, कम्तीमा ८ जिल्ला र ५ सय मतदान स्थलको पर्यवेक्षण गर्न सक्ने गरी नीति बनाउनु पर्दछ । पर्यवेक्षण संस्थाहरूलाई एउटै मतदान स्थलमा पर्यवेक्षकहरू नदोहोरिने गरी पर्यवेक्षण गर्ने कार्य निर्धारण गर्नु पर्दछ ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ अपांगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने र उनीहरूको उम्मेदवारी धरौटी रकम निःशुल्क बनाउनु पर्ने कानूनी व्यवस्था गर्नु पर्दछ ।
- निर्वाचनको मिति घोषणा भएपछि केहि समयसम्म मतदातालाई मतदाता नामावलीमा नाम दर्ता गर्न दिने प्रावधान कानुनमा व्यवस्था गर्नुपर्दछ ।
- निर्वाचन सम्बन्धी व्यवस्थाहरू विभिन्न कानुनमा छरिएर रहेकाले निर्वाचन सम्बन्धी एकीकृतको कानुन निर्माण गर्नु पर्दछ । उक्त एकीकृत कानुनमा सबै तहका निर्वाचनको मिति तोकिनु पर्दछ ।
- आगामी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीमा सबै मतदाताले जो जहाँ छन् त्यहीबाट मतदान गर्न पाउने व्यवस्था कानुनमा गर्नुपर्दछ ।

- उम्मेदवारी मनोनयन प्रक्रियादेखि निर्वाचन खर्च विवरण प्रविष्ट गर्नेसम्मको समयावधिका लागि प्रत्येक उम्मेदवार तथा राजनीतिक दललाई अनलाइन मार्फत दर्ता कार्य गर्नका लागि (User Identity/Password) बनाई सम्बन्धित उम्मेदवार वा दलको प्रतिनिधिलाई उपलब्ध गराउनु पर्ने ।
- अघिल्लो निर्वाचनको बन्दसूचीमा रहेका व्यक्तिले निर्वाचनमा उम्मेदवारी दर्ता गराए स्वतः बन्दसूचीमा रहेको नाम हट्ने व्यवस्था गर्नु पर्दछ ।
- निर्वाचन आयोगले जिल्लास्तरीय पोर्टलको विकास गरी मतदाता शिक्षाको सामग्री प्रसारण, निर्वाचन सम्बन्धी सूचनाहरू प्रचार प्रसार गर्नुका साथै सामाजिक सञ्जाल मार्फत हुने मिथ्या सुचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम गर्न सम्बन्धित निर्वाचन कार्यालयलाई जिम्मेवार बनाउनु पर्दछ ।

## ७.२ राष्ट्रपति निर्वाचन, २०७९

### ७.२.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित भै जारी भएको नेपालको संविधानको धारा ४ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने व्यवस्था गरेको छ । संविधानको धारा ६१ मा नेपालमा एक राष्ट्रपति रहने र राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुने व्यवस्था छ । नेपालको राष्ट्रिय एकताको प्रवर्धन तथा संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हो। नेपालको संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्नु राष्ट्रपतिको संवैधानिक जिम्मेवारी रहेको छ ।

नेपालको संविधान जारी भएपछि दोस्रो कार्यकालका लागि मिति २०७९/०१/३० गते स्थानीय तह र मिति २०७९/०८/०४ गते प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन देशभर एकै चरणमा शान्तिपूर्वक सम्पन्न भइ राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि निर्वाचक मण्डल तयार भएको थियो ।

नेपालको संविधान जारी भएपछि दोस्रो कार्यकालका लागि संवत् २०७४/११/२९ गते भएको राष्ट्रपतिको निर्वाचनमा निर्वाचित हुनुभएका सम्माननीय राष्ट्रपतिज्यूको पदावधि संवत् २०७९/११/२८ गते समाप्त हुने भएकोले सो अगावै निर्वाचन गर्नुपर्ने भएकोले आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी

संवत् २०७९/१०/१६ गतेको बैठकबाट संवत् २०७९/११/२५ गते राष्ट्रपति पदको निर्वाचन गर्ने गरी निर्वाचनको मिति तोकेको थियो। आयोगको निर्णय बमोजिम निर्वाचनको मिति तोकेको जानकारी नेपाल सरकारलाई गराइ सो को सूचना नेपाल राजपत्रमा समेत प्रकाशन गरिएको थियो। तोकिएको मितिमा राष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न गरिएको थियो।

### ७.२.२ राष्ट्रपतिको निर्वाचन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था

नेपालको संविधानको धारा ६२ मा राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था रहेको छ। राष्ट्रपतिको निर्वाचनको लागि संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहने एवम् संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार भने संघीय कानून बमोजिम फरक हुने व्यवस्था छ। निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुन्छन्। तर उक्त निर्वाचनमा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच पुनः मतदान हुने र त्यस्तो मतदानमा कूल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुने व्यवस्था छ। दोस्रो पटकको मतदानबाट समेत कुनै उम्मेदवारले कूल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुने र त्यस्तो मतदानमा खसेको कूल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने व्यवस्था रहेको छ। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५४ अनुसार संघीय संसदका सदस्यको मतभार ७९ (उनासी) र प्रदेश सभाका सदस्यको मतभार ४८ (अठ्चालीस) हुने व्यवस्था छ।

### ७.२.३ निर्वाचनको तयारी

संवत् २०७९/११/२५ गते राष्ट्रपतिको निर्वाचन सम्पन्न हुने गरी आयोगबाट मिति २०७९/१०/१६ गते निर्वाचनको मिति तोकी सोही दिन निर्वाचन कार्यक्रम एवम् कार्यतालिका स्वीकृत गरिएको थियो। यससँगै निर्वाचनका लागि आवश्यक नियमावली, निर्देशिकाको तर्जुमा, सामग्री व्यवस्थापन, लगायतका तयारी अगाडि बढाइएको थियो। २०७९/११/०८ गते न्याय परिषदको परामर्शमा उच्च अदालत, पाटनका माननीय न्यायाधीश श्री महेश शर्मा पौडेललाई निर्वाचन अधिकृतमा नियुक्त गरी/११/८ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर, काठमाडौंमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी सोही दिनबाट सञ्चालन गरिएको थियो। निर्वाचन अधिकृतको कार्यालय स्थापना

भएपछि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट सञ्चालन भएको थियो ।

### ७.२.४ मतदाता नामावली

राष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली तयार गर्न राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ५ (पाँच) बमोजिम संघीय संसद सचिवालय र सातवटै प्रदेशस्थित प्रदेश सभा सचिवालयबाट सदस्यहरूको नामावली माग गरिएको थियो । संघीय संसद सचिवालयबाट प्रतिनिधि सभाका २७४ जना र राष्ट्रिय सभामा ५८ गरी जम्मा ३३३ जनाको नामावली प्राप्त भएको थियो । लुम्बिनी प्रदेशको अन्य समूहका लागि भएको राष्ट्रिय सभाको उपनिर्वाचनबाट निर्वाचित मा.कुमार दसौदीको नाम थप गरी राष्ट्रिय सभातर्फ ५९ जना मतदाताको नामावली तयार गरिएको थियो । संघीय संसदबाट प्राप्त प्रतिनिधि सभाका सदस्यमध्ये २ जना सदस्यको नाम निलम्बनमा रहेको भनी आएकोले सो को सम्बन्धमा पुनःस्पष्ट पार्न लेखी पठाइएको र संघीय संसदबाट मा.अरूण कुमार चौधरीको निलम्बन फुकुवा भएको भनी जानकारी आएकोले प्रतिनिधि सभातर्फ जम्मा २७३ जनाको नामावली तयार गरिएको थियो । प्रदेश सभा सदस्यतर्फ सातवटै प्रदेशका प्रदेश सभामा निर्वाचित कूल ५५० सदस्यको नामावली प्रदेश सभा सचिवालयबाट प्राप्त भएको थियो । प्राप्त नामावली र आयोगमा रहेको मतदाताको डाटावेसको आधारमा मतदाताको नाम थर, मतदाता नम्बर, स्थायी ठेगाना, निर्वाचित भएको पद, पिता, पति, आमाको नाम, ना.प्र.प. नम्बर आदि विवरण र मतदाताको फोटो सहितको नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा प्रदेश सभा सदस्य ५५० र संघीय सभा सदस्य ३३२ गरी जम्मा ८८२ जनाको नामावली पठाइएको थियो । उक्त नामावली निर्वाचन आयोगको वेब साइटमा समेत प्रकाशन गरिएको थियो ।

### ७.२.५ निर्वाचन कार्यक्रम सञ्चालन

संवत् २०७९/११/१० गतेदेखि/११/१६ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन भएको थियो । संवत् २०७९/११/१२ गतेसम्म मतदाताको नामावली प्रकाशन, दाबी बिरोध, त्रुटी सच्याउने र अन्तिम नामावली प्रकाशन समेतका कार्य सम्पन्न फागुन १३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम सम्पन्न भएको थियो । उम्मेदवारको मनोनयन दर्ता हुँदा श्री रामचन्द्र पौडेल र श्री सुवाशचन्द्र नेम्बाङ गरी दुईजनाको मनोनयन पत्र दर्ता भएको थियो । उम्मेदवारको मनोनयन दर्ता भए पश्चात दाबी बिरोध, उम्मेदवारको नामावली फिर्ता लिने लगायतका कार्यहरू सम्पन्न भएका थिए ।

स्वीकृत कार्यक्रम अनुसार निर्धारित मिति र समयभित्र कुनै पनि उम्मेदवारले नाम फिर्ता नलिएपछि उम्मेदवारको अन्तिम नामावलीमा उल्लिखित दुई जनाको उम्मेदवारी कायम रहेको थियो ।

### ७.२.६ जनशक्ति तथा सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित १० (दश) जना जनशक्ति परिचालन गरिएको थियो। मतदान कार्यको व्यवस्थापनको लागि संघीय संसदका सदस्यले मतदान गर्ने प्रयोजनको लागि र प्रदेश सभाका सदस्यले मतदान गर्ने प्रयोजनको लागि अलग अलग मतदान केन्द्र रहेका थिए। प्रत्येक मतदान केन्द्रमा एकजना मतदान अधिकृत र एकजना सहायक मतदान अधिकृत सहित ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो। दुई वटा मतदान केन्द्रमा जम्मा १४ जना कर्मचारी परिचालन गरिएको थियो। मतगणना कार्यमा प्रमुख मतगणना अधिकृत, सहायक मतगणना अधिकृत र गणक समेत गरी ८ (आठ) जना कर्मचारी परिचालन गरिएको थियो। निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणना कार्यमा जम्मा ३२ जना कर्मचारी परिचालन गरिएको थियो। उक्त सबै कार्यमा जिल्ला निर्वाचन कार्यालय, काठमाडौंका कर्मचारी पनि परिचालन भएका थिए। मतपत्र बाहेकका निर्वाचन सामग्री जिल्ला निर्वाचन कार्यालय, काठमाडौंमा रहेको मौज्दातबाट व्यवस्थापन गरिएको थियो ।

### ७.२.७ विभिन्न तहको तालिम तथा अभिमुखीकरण

राष्ट्रपति निर्वाचनको लागि निर्वाचन संचालन तथा व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत एवम् कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। यसै गरी राजनीतिक दलका प्रतिनिधिहरूसँग मतदान, मतगणना र निर्वाचन व्यवस्थापनका विविध विषयमा निर्वाचन अधिकृतबाट अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो।

### ७.२.८ मतपत्र व्यवस्थापन

निर्वाचनको लागि आवश्यक मतपत्र आयोगको छापाखानामा छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई पठाइएको थियो। निर्वाचक मण्डलका सदस्यको मतभार अलग अलग रहेकोले संघीय संसदका सदस्यले मतदान गर्ने मतपत्र र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्र अलग अलग छपाइ गरिएको थियो। संघीय संसदका सदस्यले मतदान

गर्ने मतपत्रमा उल्लिखित विवरण रातो रङमा र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्रमा उल्लिखित विवरण हरियो रङमा छपाइ गरिएको थियो । साथै मतपत्रमा पहिलो पटक सम्बन्धित उम्मेदवारहरूको फोटो छपाइ गरिएको थियो ।

### ७.२.९ मतदान, मतगणना र निर्वाचन परिणाम

संवत् २०७९/११/२५ गते विहान १०.०० बजेदेखि अपराह्न ३.०० बजेसम्म मतदान सञ्चालन भएको थियो । संघीय संसदका ३३२ सदस्य र प्रदेश सभाका ५५० गरी कूल ८८२ मतदाता रहेकोमा संघीय संसदका सदस्य ३१३ जना र प्रदेश सभाका सदस्य ५१८ गरी जम्मा ८३१ सदस्यले मतदान गरेका थिए ।

मतदान सम्पन्न भएकै दिन अपराह्न ४.०० बजे मतगणना कार्य प्रारम्भ भई ५.०० बजे सम्पन्न भएको थियो । मतगणनाको प्राप्त विवरण अनुसार कूल खसेको ८३१ मत संघीय संसदका सदस्यतर्फ १ मत र प्रदेश सभाका सदस्यमध्ये ४ मत बदर भएको थियो ।

राष्ट्रपति निर्वाचनमा श्री रामचन्द्र पौडेलले कूल जम्मा ५६६ मत अर्थात ३३८०२ मतभार प्राप्त गरेका थिए भने अर्का उम्मेदवार सुवासचन्द्र नेम्बाङले कूल मत २६० अर्थात १५५१८ मतभार मत प्राप्त गर्नु भएको थियो। प्राप्त मतका आधारमा श्री रामचन्द्र पौडेललाई संविधानको धारा ६२ को उपधारा ३ (तीन) बमोजिम निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त भएकोले उहाँ राष्ट्रपति पदमा निर्वाचित हुनु भएको थियो ।

| उम्मेदवारको नाम | सङ्घीय संसदतर्फ | | | | प्रदेश सभातर्फ | | | | उम्मेदवारले प्राप्त गरेको जम्मा मतभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा मतदाता | खसेको मतपत्र संख्या | प्रति मतको मतभार | प्राप्त मतभार | जम्मा मतदाता | खसेको मतपत्र संख्या | प्रति मतको मतभार | प्राप्त मतभार | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री रामचन्द्र पौडेल | ३३२ | २१४ | ७९ | १६९०६ | ५५० | ३५२ | ४८ | १६८९६ | ३३८०२ | निर्वाचित |
| श्री सुवासचन्द्र नेम्बाङ | | ९८ | | ७७४२ | | १६२ | | ७७७६ | १५५१८ | |

## ७.३ उपराष्ट्रपति निर्वाचन, २०७९

### ७.३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित भै जारी भएको नेपालको संविधानको धारा ६७ अनुसार नेपालमा एक उपराष्ट्रपति रहने र राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधान जारी भएपछि पहिलो कार्यकालका लागि संवत् २०७४/१२/०९ गते मंगलबारका दिन हुने गरी तोकिएको उपराष्ट्रपतिको निर्वाचनमा निर्वाचन कार्यक्रम सञ्चालन हुँदा एक जनाको मात्र मनोनयन पत्र दर्ता भई २०७४/१२/४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा एक जनाको मात्र उम्मेदवारी कायम भएकोले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २४ वमोजिम श्री नन्द बहादुर पुन उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित हुनुभएको थियो। सम्माननीय उपराष्ट्रपतिज्यूको पदावधि संवत् २०७९/१२/०३ गते समाप्त हुने र सो अगावै निर्वाचन गर्नुपर्ने भएकोले आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी संवत् २०७९/१०/१६ गतेको वैठकबाट संवत् २०७९/१२/०३ गते उपराष्ट्रपति पदको निर्वाचन गर्ने गरी निर्वाचनको मिति तोकेको थियो । तोकिएको मितिमा उपराष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको थियो ।

### ७.३.२ उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था

नेपालको संविधानको धारा ६७ मा उपराष्ट्रपति सम्बन्धी व्यवस्था रहेको छ। उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी अन्य व्यवस्था राष्ट्रपतिको सरह हुने संवैधानिक व्यवस्था वमोजिम उपराष्ट्रपतिको निर्वाचनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य

मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था छ । निर्वाचक मण्डलका सदस्यमध्ये सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार भने सङ्घीय कानून बमोजिम फरक फरक हुन्छ । निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त गर्ने व्यक्ति उपराष्ट्रपति निर्वाचित हुन्छन् । तर उक्त निर्वाचनमा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच पुनः मतदान हुने र त्यस्तो मतदानमा कूल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार उपराष्ट्रपति निर्वाचित हुने व्यवस्था छ । दोस्रो पटकको मतदानबाट समेत कुनै उम्मेदवारले कूल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुने र त्यस्तो मतदानमा खसेको कूल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार उपराष्ट्रपति पदमा निर्वाचित हुने व्यवस्था रहेको छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ अनुसार सङ्घीय संसदका सदस्यको मतभार ७९ (उनासी) र प्रदेश सभाका सदस्यको मतभार ४८ (अठ्चालीस) हुने व्यवस्था गरेकोले सोही आधारमा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गरी निर्वाचन परिणाम प्रकाशन गरिएको थियो ।

### ७.३.३ निर्वाचनको तयारी

संवत् २०७९/१२/०३ गते उपराष्ट्रपतिको निर्वाचन सम्पन्न हुने गरी आयोगबाट मिति २०७९/१०/१६ गते निर्वाचनको मिति तोकी सोही दिन निर्वाचन कार्यक्रम एवम् कार्यतालिका स्वीकृत गरिएको थियो । यसबमोजिम निर्वाचनका लागि आवश्यक नियमावली, निर्देशिकाको तर्जुमा, सामग्री व्यवस्थापन, लगायतका तयारी अगाडि बढाइएको थियो । न्याय परिषदको परामर्शमा आयोगले २०७९/११/०८ गते उच्च अदालत, पाटनका माननीय न्यायाधीश श्री महेश शर्मा पौडेललाई निर्वाचन अधिकृतमा नियुक्त गरी/११/८ गते नै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वर, काठमाडौंमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी सोही दिनबाट कार्यालय सञ्चालन गरिएको थियो । निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट सञ्चालन भएको थियो ।

### ७.३.४ मतदाता नामावली

उपराष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली तयार गर्न राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ५ (पाँच) बमोजिम सङ्घीय संसद सचिवालय र सातवटै प्रदेशस्थित प्रदेश सभा सचिवालयबाट सदस्यहरूको नामावली माग गरिएको थियो । सङ्घीय संसद् सचिवालयबाट प्रतिनिधि सभाका २७४ जना र राष्ट्रिय

सभाका ५८ गरी जम्मा ३३३ जनाको नामावली प्राप्त भएको थियो। लुम्बिनी प्रदेशको अन्य समूहका लागि भएको राष्ट्रिय सभाको उपनिर्वाचनबाट निर्वाचित मा. अरुण कुमार दसौदीको नाम थप गरी राष्ट्रिय सभातर्फ ५९ जना मतदाताको नामावली तयार गरिएको थियो। सङ्घीय संसदबाट प्राप्त प्रतिनिधि सभाका सदस्यमध्ये २ जना सदस्यको नाम निलम्बनमा रहेको भनी आएकोले सोको सम्बन्धमा पुनः स्पष्ट पार्न लेखी पठाइएको र सङ्घीय संसदबाट मा. अरूण कुमार चौधरीको निलम्बन फुकुवा भएको भनी जानकारी आएकोले प्रतिनिधि सभातर्फ जम्मा २७३ जनाको नामावली तयार गरिएको थियो। प्रदेश सभा सदस्यतर्फ सातवटै प्रदेशका प्रदेश सभामा निर्वाचित कूल ५५० सदस्यको नामावली प्रदेश सभा सचिवालयबाट प्राप्त भएको थियो। प्राप्त नामावली र आयोगमा रहेको मतदाताको डाटावेसको आधारमा मतदाताको नाम थर, मतदाता नम्बर, स्थायी ठेगाना, निर्वाचित भएको पद, पिता, पति, आमाको नाम, ना.प्र.प. नम्बर आदि विवरण र मतदाताको फोटोसहितको नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा प्रदेश सभा सदस्य ५५० र सङ्घीय सभा सदस्य ३३२ गरी जम्मा ८८२ जनाको नामावली पठाइएको थियो। उक्त नामावली निर्वाचन आयोगको वेबसाइटमा समेत प्रकाशन गरिएको थियो।

### ७.३.५ निर्वाचन कार्यक्रम सञ्चालन

संवत् २०७९/११/१२ गतेसम्म मतदाताको नामावली प्रकाशन, दाबी विरोध, त्रुटी सच्याउने र अन्तिम नामावली प्रकाशन समेतका कार्य सम्पन्न भइ/११/२७ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्नेदेखि २८ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेसम्मको कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न भएको थियो।

उम्मेदवारको मनोनयन दर्ता हुँदा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा ५ बमोजिम राष्ट्रपति निर्वाचनको परिणाम प्रकाशन भई आयोगबाट प्रमाणपत्र प्रदान गरेपछि उम्मेदवार मनोनयनको विषयमा स्पष्ट गर्नुपर्ने भएकोले आयोगको मिति २०७९/११/२६ गते बसेको बैठकबाट निर्णय गरी सोही ऐनको दफा ६५ को उपदफा २ बमोजिम निर्वाचन अधिकृतलाई निर्देशन दिइएको थियो। आयोगको निर्देशनमा 'नेपालको संविधानको धारा ७० मा "यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ' भन्ने व्यवस्था रहेको साथै, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा (५) मा 'यस दफा बमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक

लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ' भन्ने व्यवस्था रहेकोले संवत् २०७९/११/२५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा खस आर्य समावेशी समूहका पुरुष व्यक्ति श्री रामचन्द्र पौडेल निर्वाचित हुनु भएको हुँदा उपराष्ट्रपति पदको निर्वाचनको लागि मनोनयनपत्र दर्ता गर्दा राष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदाय (दलित, आदिवासी जनजाति, मधेशी, थारु वा मुस्लिम) को व्यक्तिको मनोनयन पत्र मात्र दर्ता गर्न सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतलाई निर्देशन दिने' उल्लेख गरिएको थियो ।

निर्वाचन कार्यक्रम अनुसार श्री अष्टलक्ष्मी शाक्य बोहरा, श्री प्रमिला कुमारी, श्री ममता झा र श्री रामसहाय प्रसाद यादव गरी चार जनाको मनोनयन पत्र दर्ता भएको थियो । उम्मेदवारको मनोनयन दर्ता भए पश्चात दाबी विरोध, उम्मेदवारको नामावली फिर्ता लिने लगायतका कार्यहरू सम्पन्न भएका थिए । स्वीकृत कार्यक्रम अनुसार निर्धारित मिति र समयभित्र कुनै पनि उम्मेदवारले नाम फिर्ता नलिएपछि उम्मेदवारको अन्तिम नामावलीमा उल्लिखित चार जनाको उम्मेदवारी कायम रहेको थियो ।

### ७.३.६ जनशक्ति तथा सामग्री व्यवस्थापन

उपराष्ट्रपतिको निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृतसहित १० (दश) जना जनशक्ति परिचालन गरिएको थियो । मतदान कार्यको व्यवस्थापनको लागि सङ्घीय संसदका सदस्यले मतदान गर्ने प्रयोजनको लागि र प्रदेश सभाका सदस्यले मतदान गर्ने प्रयोजनको लागि अलग अलग मतदान केन्द्र रहेका थिए । प्रत्येक मतदान केन्द्रमा एकजना मतदान अधिकृत र एकजना सहायक मतदान अधिकृत सहित ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो । दुईवटा मतदान केन्द्रमा जम्मा १४ जना कर्मचारी परिचालन गरिएको थियो । मतगणना कार्यमा प्रमुख मतगणना अधिकृत, सहायक मतगणना अधिकृत र गणक समेत गरी ८ (आठ) जना कर्मचारी परिचालन गरिएको थियो । निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणना कार्यमा जम्मा ३२ जना कर्मचारी परिचालन गरिएको थियो । उक्त सबै कार्यमा जिल्ला निर्वाचन कार्यालय, काठमाडौंका कर्मचारी पनि परिचालन भएका थिए । मतपत्र बाहेकका निर्वाचन सामग्री जिल्ला निर्वाचन कार्यालय, काठमाडौंमा रहेको मौज्दातबाट व्यवस्थापन गरिएको थियो ।

### ७.३.७ विभिन्न तहको तालिम तथा अभिमुखीकरण

उपराष्ट्रपति निर्वाचनको लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत एवम् कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। यसैगरी राजनीतिक दलका प्रतिनिधिहरूसँग मतदान, मतगणना र निर्वाचन व्यवस्थापनका विविध विषयमा निर्वाचन अधिकृतबाट अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो।

### ७.३.८ मतपत्र व्यवस्थापन

निर्वाचनको लागि आवश्यक मतपत्र आयोगको छापाखानामा छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई पठाइएको थियो। निर्वाचक मण्डलका सदस्यको मतभार अलग अलग रहेकोले सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्र (३६५ थान) र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्र (६०५ थान) एवम् अभिलेख प्रयोजनका लागि सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्र (५ थान) र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्र (५ थान) गरी कूल ९८० थान मतपत्र अलग अलग छपाइ गरिएको थियो। सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्रमा उल्लिखित विवरण रातो रङमा र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्रमा उल्लिखित विवरण हरियो रङमा छपाइ गरिएको थियो। साथै मतपत्रमा पहिलो पटक सम्बन्धित उम्मेदवारहरूको फोटो छपाइ गरिएको थियो।

### ७.३.९ मतदान, मतगणना र निर्वाचन परिणाम

उपराष्ट्रपति निर्वाचनको लागि संवत् २०७९ चैत्र ३ गते विहान १०.०० बजेदेखि अपराह्न १५.०० बजेसम्म मतदान सञ्चालन भएको थियो। निर्वाचक मण्डलमा रहेका सङ्घीय संसदका ३३२ सदस्य र प्रदेश सभाका ५५० सदस्य गरी कूल ८८२ मतदाता मध्ये सङ्घीय संसदका सदस्य ३११ जना र प्रदेश सभाका सदस्य ५१८ गरी जम्मा ८२९ मतदाताको मतदान कार्यमा सहभागिता रहेको थियो।

मतदान सम्पन्न भएकै दिन राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को परिच्छेद ७ वमोजिमको प्रक्रिया पुऱ्याई मतगणना र निर्वाचन परिणाम प्रकाशनको कार्य सम्पन्न गरिएको थियो।

मतगणनाको कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतले निर्वाचन परिणाम प्रकाशन गरी परिणाम तालिका तथा निर्वाचन सम्बन्धी विवरणसहितको प्रतिवेदन निर्वाचन आयोगमा

पठाउनु पर्ने व्यवस्था रहेको र सो बमोजिम आयोगमा प्राप्त प्रतिवेदन अनुसार कूल खसेको ८२९ मतपत्रमध्ये सङ्घीय संसद्का सदस्यतर्फ ३११ मतपत्र र प्रदेश सभाका सदस्यतर्फ ५१४ मतपत्र सदर तथा प्रदेश सभाका सदस्यतर्फ ४ मतपत्र बदर भएको थियो ।

उपराष्ट्रपति निर्वाचनमा कूल ५२,६२८ मत मध्ये श्री रामसहाय प्रसाद यादवले कूल जम्मा ५१३ मतपत्र अर्थात ३०३२८ मत प्राप्त गर्नु भएको थियो। त्यसैगरी उम्मेदवार श्री अष्टलक्ष्मी शाक्य (बोहरा) ले कूल जम्मा २७३ मतपत्र अर्थात १६३२८ मत, उम्मेदवार श्री ममता झाले कूल जम्मा ३८ मतपत्र अर्थात २५३७ मत र उम्मेदवार श्री प्रमिला कुमारीले कूल जम्मा १ मतपत्र अर्थात ४८ मत प्राप्त गर्नु भएको थियो। संविधानको धारा ६२ को उपधारा ३ एवम् राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ५५ को उपदफा (२)बमोजिम निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त भएको आधारमा श्री रामसहाय प्रसाद यादव उपराष्ट्रपति पदमा निर्वाचित हुनु भएको थियो ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५८ को (३) एवम् राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४१ अनुसार निर्वाचित उम्मेदवारलाई आयोगबाट प्रमाण पत्र उपलब्ध गराउनु पर्ने व्यवस्था वमोजिम उपराष्ट्रपति पदमा निर्वाचित श्री रामसहाय प्रसाद यादवलाई आयोगबाट मिति २०७९।१२।०३ गते निर्वाचित प्रमाण पत्र प्रदान गरिएको थियो ।

**मतभारसहितको निर्वाचन परिणाम**

| उम्मेदवारको नाम | सङ्घीय संसदतर्फ | | | | प्रदेश सभातर्फ | | | | उम्मेदवारले प्राप्त गरेको जम्मा मतभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा मतदाता | खसेको मतपत्र संख्या | प्रति मतको मतभार | खसेको मत | जम्मा मतदाता | खसेको मतपत्र संख्या | प्रति मतको मतभार | खसेको मत | | |
| श्री रामसहाय प्रसाद यादव | ३३२ | १८४ | ७९ | १४५३६ | ५५० | ३२९ | ४८ | १५७९२ | ३०३२८ | निर्वाचित |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री अष्टलक्ष्मी शाक्य (बोहरा) | | १०४ | | ८२१६ | | १६९ | | ८११२ | १६३२८ | |
| श्री ममता झा | | २३ | | १८१७ | | १५ | | ७२० | २५३७ | |
| श्री प्रमिला कुमारी | | ० | | ० | | ५१४ | | ४८ | ४८ | |
| **जम्मा सदर** | | ३११ | | | | ४ | | | | |
| जम्मा बदर | | ० | | | | | | | | |
| **जम्मा खसेको मतपत्र संख्या** | **३११** | | | | **५१८** | | | | | |

## ७.४ राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९

### ७.४.१ निर्वाचनको मिति घोषणा

संघीय संसद सचिवालयको मिति २०७९/०६/२३ गतेको पत्रद्वारा लुम्बिनी प्रदेशबाट निर्वाचित माननीय खिमलाल भट्टराईको सदस्य पद नेपालको संविधानको धारा ८९ बमोजिम रिक्त भएको जानकारी प्राप्त भएको थियो। निर्वाचन आयोगको परामर्शमा नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०७९/१०/२५ गते बुधबारका दिन लुम्बिनी प्रदेशको रिक्त अन्य समूहतर्फको एक पदका लागि राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोकिएको थियो। तोकिएकै मितिमा आयोगले सफलतापूर्वक राष्ट्रिय सभा सदस्यको उपनिर्वाचन सम्पन्न गरेको थियो।

### ७.४.२ राष्ट्रिय सभा गठन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था

नेपालको संविधानको धारा ८३ बमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ, जसलाई संघीय संसद भनिन्छ भन्ने व्यवस्था रहेको छ। संविधानको धारा ८६ बमोजिम राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ जसमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित हुने

५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा एक जना महिला सहित तीन जना गरी राष्ट्रिय सभामा कूल ५९ जना सदस्य रहने व्यवस्था छ ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ बर्षको हुने र राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई बर्षमा समाप्त हुने व्यवस्था रहेको छ । नेपालको संविधान प्रारम्भ भएपछि पहिलो पटक मिति २०७४/१०/२४ गते सम्पन्न राष्ट्रिय सभाको निर्वाचनपछि सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको पदावधि कायम गरिएको थियो । यसरी कायम गरिएको पदावधि गणना गर्दा राष्ट्रिय सभाको प्रथम वैठक बसेको दिन मिति २०७४/११/२१ गतेबाट सम्पूर्ण सदस्यहरूको पदावधि प्रारम्भ भएको मानी तदनुसार रिक्त पदहरूमा दुई दुई वर्षमा निर्वाचन हुँदै आएको छ ।

नेपालको संविधानको धारा ८६ को उपधारा (५) मा राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको हो, सोही तरिकाले बाँकी अवधिका लागि गरिनेछ भन्ने प्रावधान रहेको छ । यसैगरी सोही धाराको उपधारा (६) मा राष्ट्रिय सभाका सदस्यको निर्वाचन सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने उल्लेख छ । उपरोक्त व्यवस्था बमोजिम लुम्बिनी प्रदेशको अन्य समूहबाट निर्वाचित माननीय खिमलाल भट्टराईको रिक्त पदमा भएको राष्ट्रिय सभा सदस्य उपनिर्वाचन बाँकी अवधिका लागि भएको हो ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३ को उपदफा (२) मा 'निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन हुँदा वा संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नु पर्ने अवस्थामा जुन समूह र तरिकाबाट निर्वाचित भएको हो सोही समूह र तरिकाबाट मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुनेछ' भन्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा ८६ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४ बमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको निर्वाचक मण्डल रहने व्यवस्था छ :–

क. सम्बन्धित प्रदेश सभाका सदस्य,

ख. सम्बन्धित प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५६ ले प्रदेश सभाका सदस्यको मतभार ४८ (अठ्चालीस) र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १८ (अठार) हुने व्यवस्था गरेको छ ।

राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ का लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६, राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ र राष्ट्रिय सभा सदस्य उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७९ समेतको कार्यान्वयन गरिएको थियो ।

### ७.४.३ राजनीतिक दल दर्ता र निर्वाचनको तयारी

आयोगमा दर्ता कायम रहेका राजनीतिक दललाई संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम राष्ट्रिय सभा सदस्य उपनिर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न मिति २०७९/०९/२४ गते आयोगबाट सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना बमोजिम कूल ८ (आठ) वटा राजनीतिक दल दर्ता भएकोमा नेपाली काँग्रेस, नेकपा एमाले र नागरिक उन्मुक्त पार्टीले मात्र निर्वाचनमा भाग लिएका थिए ।

### ७.४.४ मतदाता नामावली र मतभार

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४ बमोजिम राष्ट्रिय सभा सदस्य उपनिर्वाचन प्रयोजनको लागि निर्वाचक मण्डलमा रहेका लुम्बिनी प्रदेश सभाका सदस्य ८७ जना तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख २१८ जनागरी कूल ३०५ जनाको फोटो सहितको मतदाता नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा पठाउनुका साथै उक्त नामावली आयोगको वेव साइटमा समेत प्रकाशन गरिएको थियो ।

### ७.४.५ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ ले नेपालको संविधान तथा संघीय कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि आयोगले न्याय परिषदको परामर्शमा एक जना जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतमा नियुक्त गर्नेछ भन्ने व्यवस्था गरे बमोजिम यस उपनिर्वाचनको लागि न्याय परिषदको परामर्शमा प्राप्त

नामावलीका आधारमा दाङ जिल्ला अदालतका मा.जिल्ला न्यायाधीश श्री कृपासुर कार्कीलाई मिति २०७९/१०/५ गते निर्वाचन अधिकृतको पदमा नियुक्ति गरिएको थियो। निर्वाचन अधिकृतको नियुक्ति पश्चात मिति २०७९/१०/६ गते लुम्बिनी प्रदेशको सदरमुकाम दाङ जिल्लाको घोराहीमा रहेको प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो ।

### ७.४.६ निर्वाचन कार्यक्रम सञ्चालन र उम्मेदवारको मनोनयन दर्ता

उपनिर्वाचन प्रयोजनका लागि आयोगबाट मिति २०७९/०९/२५ गते स्वीकृत निर्वाचन कार्यक्रम बमोजिम मिति २०७९/१०/८ गतेदेखि १६ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो। आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै निर्वाचनमा उम्मेदवार हुन आवश्यक योग्यता र उम्मेदवारको मनोनयन दर्ता गर्दा पेश गर्नुपर्ने आवश्यक कागजात सहितको विवरण सार्वजनिक गरिएको थियो ।

### ७.४.७ जनशक्ति, मतदान केन्द्र र सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित ७ (सात) जना जनशक्ति परिचालन गरिएको थियो। यसै गरी निर्वाचक मण्डलमा रहेका सदस्यको मतभार फरक फरक रहेको कारण घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित कर्मचारी मिलन केन्द्र, दाङ मतदान स्थलमा प्रदेश सभाका सदस्यको लागि केन्द्र (क), गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि केन्द्र (ख) गरी दुई वटा मतदान केन्द्र तोकिएको थियो। प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत एकजना र सहायक मतदान अधिकृत एकजना, सहायक कर्मचारी ३ जना, सहयोगी कर्मचारी १ जना सहित ६ जना कर्मचारी परिचालन हुने गरी दुई वटै केन्द्रमा गरी जम्मा १२ जना कर्मचारी व्यवस्था गरिएको थियो। यसैगरी मतगणना कार्यमा प्रमुख मतगणना अधिकारी १ जना, सहायक मतगणना अधिकारी १ जना, गणक २ जना, सहयोगी कर्मचारी १ जना, सुरक्षा गार्ड (पि.एस.ओ) १ जनासमेत गरी ६ जना कर्मचारी परिचालन गरिएको थियो। निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणना कार्यमा जम्मा २५ जना कर्मचारी परिचालन भएका थिए ।

निर्वाचनका लागि आवश्यक पर्ने मतपेटिका, छेकाबारा, स्टाम्प प्याड, नङ्मा लगाउने नउड्ने मसी लगायतका निर्वाचन सामग्री प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग

भइ प्रदेश निर्वाचन कार्यालयमा बाँकी रहेका सामग्रीबाट प्रयोग गरिएको थियो । मतपत्र आयोगमा छपाइ गरी पठाइएको थियो । मतपत्र समेत जम्मा ५७ प्रकारका सामग्रीहरू यो निर्वाचनमा प्रयोग गरिएको थियो ।

### ७.४.८ अभिमुखीकरण कार्यक्रम र मतदाता शिक्षा कार्यक्रम

निर्वाचन व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत र सम्बन्धित प्रदेशका प्रदेश निर्वाचन अधिकारी एवम् कम्प्युटर अपरेटरहरूका लागि अनलाईन प्रबिधिबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । यसै गरी मतदाता शिक्षाका लागि जानकारीमूलक पुस्तिका तयार गरी सो को विद्युतीय प्रति सम्बन्धित निर्वाचन कार्यालय एवम् निर्वाचन अधिकृतको कार्यालय मार्फत सबै मतदाताहरूसँग पुऱ्याउने प्रबन्ध मिलाइएको थियो । मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीहरूलाई प्रदेश निर्वाचन कार्यालय मार्फत अभिमुखीकरण गरिएको थियो । साथै मतदाताको सहजताका लागि नियमित रूपमा आयोगले सञ्चार माध्यम मार्फत विभिन्न प्रेस विज्ञप्ति संप्रेषण र प्रसारण गरेको थियो ।

### ७.४.९ मतपत्र व्यवस्थापन

प्रदेश सभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिन्ह भएको र गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखले मतदान गर्ने प्रयोजनका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिन्ह भएको मतपत्र छपाइ गरिएको थियो । उक्त मतपत्रहरू आयोगमा नै छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो । नमूना मतपत्र आयोगको वेब साइटमा समेत राखिएको थियो ।

### ७.४.१० निर्वाचनमा सुरक्षा व्यवस्था

निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न आयोगले गृह मन्त्रालय तथा अन्य सुरक्षा निकायसँग निरन्तर समन्वय गरेको थियो । मतदानको लागि आवश्यकता अनुसार सुरक्षाकर्मी परिचालन गरिएको हुँदा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको थियो । साथै आयोग परिसरमा रहेको सशस्त्र प्रहरी बल, नेपाल नं. २४ गुल्म (प्र.का.सु) को सहयोगमा मतपत्रको छपाइ गरी ढुवानी कार्य समेत सुरक्षित रूपमा समयमै सम्पन्न भएको थियो ।

### ७.४.११ निर्वाचन अनुगमन र अवलोकन

आयोगबाट अनलाईन प्रविधि मार्फत मतदानस्थलमा भएको मतदान सम्बन्धी गतिविधिहरूको अनुगमन भएको थियो । निर्वाचन अधिकृतको कार्यालयले गरेको समग्र निर्वाचन तयारी तथा मतगणना गतिविधिको अनुगमन आयोगबाट अनलाईन प्रविधि तथा अन्य सञ्चार माध्यम मार्फतबाट समेत गरिएको थियो ।

### ७.४.१२ मतदान, मतगणना र परिणाम घोषणा

मिति २०७९।१०।२५ गते बुधबार विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । यसका लागि प्रदेश सभा सदस्यले मतदान गर्न "क" मतदान केन्द्र, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखले मतदान गर्न "ख" मतदान केन्द्र तोकिएको थियो । प्रदेश सभा तर्फका मतदाता ८७ जना रहेकोमा ८७ जनाले नै मतदान गरेका थिए भने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखतर्फ २१८ जना मतदाता रहेकोमा २१७ जना मतदाताले मतदान गरेका थिए । यसरी कूल ३०५ मतदाता मध्ये जम्मा ३०४ जना मतदाता मतदानमा सहभागी भएका थिए । मतदान केन्द्रमा मतदान सम्पन्न भएकै दिन अपराह्न ३:३० बजेपछि मतगणना कार्य प्रारम्भ भएको थियो । सोही दिन साँझ ५.०० बजेसम्ममा सम्पूर्ण मतगणना कार्य समाप्त भई निर्वाचन परिणाम घोषणा भएको थियो ।

### ७.४.१३ निर्वाचन परिणाम विवरण

लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सभा सदस्यको रिक्त एक पदका लागि भएको उपनिर्वाचनमा उम्मेदवारले प्राप्त गरेको मतभारको विवरण देहाय बमोजिम रहेको थियो ।

| क्र.सं. | उम्मेदवार नाम, थर | उमेर | लिंग | प्राप्त मतभार | कैफियत |
|---|---|---|---|---|---|
| १. | कुमार दसौदी | ५६ | पुरुष | ४०२६ | निर्वाचित |
| २. | माधव प्रसाद आचार्य | ६१ | पुरुष | ३७२० | |
| ३. | राजेन्द्र वीर राय | ६३ | पुरुष | १९२ | |

उक्त निर्वाचनमा कूल ३०४ मत खसेको थियो। उक्त मतमध्ये ३०१ मत सदर भएको थियो। प्रदेश सभा सदस्यतर्फ तीन मत बदर भएको थियो।

## ७.५ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८०

### ७.५.१ उपनिर्वाचनको मिति घोषणा

नेपालको संवैधानिक तथा कानूनी व्यवस्था अनुरुप आयोगले मिति २०७९/०८/०४ गते प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गरेको थियो। उक्त निर्वाचन सम्पन्न भए पश्चात चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका श्री रवि लामिछाने प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्य भएको भनी सर्वोच्च अदालतबाट मिति २०७९/१०/१३ गते आदेश भई आएको र संघीय संसदको मिति २०७९/१०/१९ गतेको पत्रबाट चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका श्री रबि लामिछानेको प्रतिनिधि सभा सदस्य पद नेपालको संविधानको धारा ८९ को (ख) बमोजिम रिक्त भएको भनी आयोगमा जानकारी प्राप्त भए पश्चात प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम रिक्त पदका लागि संवत् २०८०/०१/१० गते आइतबारका दिन उपनिर्वाचन गर्ने गरी आयोगबाट मिति २०७९/१०/२९ गते उपनिर्वाचनको मिति तोकिएको थियो।

यसैगरी मिति २०७९/११/२५ गते राष्ट्रपतिको निर्वाचन र चैत ३ गते उपराष्ट्रपतिको निर्चाचन सम्पन्न हुँदा राष्ट्रपतिको निर्वाचनमा तनहुँ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित श्री रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनु भएको र बारा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित श्री रामसहाय प्रसाद यादव उपराष्ट्रपति पदमा निर्वाचित हुनु भएकोले नेपालको संविधनको धारा ६२ को उपधारा (६) र धारा ६७ को उपधारा (३) मा भएको व्यवस्था तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम उक्त दुवै पद रिक्त भएका थिए। निर्वाचन आयोगको २०७९/१२/६ गतेको निर्णय बमोजिम रिक्त पदका लागि २०८०/०१/१० गते आइतबारका दिन उपनिर्वाचन गर्ने गरी मिति तोकिएको थियो।

निर्वाचन आयोगले नेपालको संविधान तथा निर्वाचन आयोग ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ एवम् निर्वाचन सम्बन्धी कानूनी व्यवस्थाको अधीनमा रही तोकिएकै मितिमा उपनिर्वाचन सम्पन्न गरेको थियो।

### ७.५.२ राजनीतिक दल दर्ता

चितवन जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनमा भाग लिनका लागि आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम मिति २०७९/११/५ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दलहरूलाई नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम २०७९/११/१० गतेदेखि २०७९/११/१६ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ बमोजिमको निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं स्थित कार्यालयमा दल दर्ताका लागि २०७९/११/६ गते सूचना प्रकाशन गरी निवेदन माग गरिएकोमा १८ वटा राजनीतिक दलहरूबाट निवेदन पेश भएको थियो। राजनीतिक दलहरूबाट प्राप्त निवेदन उपर छानविन गरी आयोगको मिति २०७९/११/२३ गतेको निर्णयबाट १८ वटा दल उपनिर्वाचन प्रयोजनका लागि दर्ता भएका थिए।

**चितवन जिल्लाको उपनिर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलको विवरण**

| क्र.सं. | राजनीतिक दलको नाम | २०७९को प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत/ दल दर्ताको क्रम | निर्वाचन चिन्हको नाम | निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी लेनिनवादी) | २८,४५,६४१ | सूर्य |  |
| २. | नेपाली कांग्रेस | २७,१५,२२५ | रुख |  |

| | | | | |
|---|---|---|---|---|
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ११,७५,६८४ | गोलाकारभित्र हँसिया हथौडा |  |
| ४. | राष्ट्रिय स्वतन्त्र पार्टी | ११,३०,३४४ | घण्टी |  |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५,८८,८४९ | हलो |  |
| ६. | नागरिक उन्मुक्ति पार्टी | २,७१,७२२ | पिधँ भएको सादा ढकिया |  |
| ७. | नेपाल मजदुर किसान पार्टी | ७५,१६८ | मादल |  |
| ८. | राष्ट्रिय जनमोर्चा | ४६,५०४ | गिलास |  |
| ९. | मंगोल नेशनल अर्गनाइजेशन | २ | कुखुराको भाले |  |
| १०. | राष्ट्रिय नागरिक पार्टी | ३ | चङ्गा |  |
| ११. | राष्ट्रिय जनमुक्ति पार्टी | ५ | घर |  |
| १२. | नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी | १० | महिला पुरुष |  |

| | | | | |
|---|---|---|---|---|
| १३. | हाम्रो नेपाली पार्टी | १२ | लौरो |  |
| १४. | पुनर्जागरण पार्टी, नेपाल | १३ | बलिरहेको मैनबत्ती |  |
| १५. | मौलिक जरोकिलो पार्टी | १४ | किबोर्ड सहितको कम्प्युटर |  |
| १६. | राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल | १५ | ष्टकोण |  |
| १७. | नेपाली काँग्रेस (बी.पी.) | १६ | करुवा |  |
| १८. | जय जन्मभूमि पार्टी नेपाल | १८ | छत्रे टोपी |  |

यसैगरी तनहुँ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ र बारा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचनमा भाग लिनका लागि आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम २०७९/१२/५ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दलहरूलाई नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम २०७९/१२/८ गतेदेखि २०७९/१२/१२ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ बमोजिम निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंस्थित कार्यालयमा दल दर्ताका लागि २०७९ चैत्र ७ गते सूचना प्रकाशन गरी निवेदन माग गरिएकोमा २८ वटा राजनीतिक दलहरूबाट निवेदन पेश भएका थिए। निवेदन पेश गर्ने दलहरूमध्ये ३ वटा राजनीतिक दलले एकल निर्वाचन चिन्ह लिई निर्वाचनमा सहभागी हुने गरी निवेदन पेश गरेका थिए। आयोगमा प्राप्त निवेदनको छानबिनपछि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम २५ वटा र सो ऐनको दफा ४९ बमोजिम ३ वटा समेत २६ वटा निर्वाचन चिन्ह कायम गरी आयोगको मिति २०७९/१२/१६ गतेको निर्णय अनुसार दल दर्ता गरिएको थियो।

## बारा र तनहुँ जिल्लाको उपनिर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलको विवरण

| क्र.सं. | राजनीतिक दलको नाम | २०७९को प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत/ दल दर्ताको क्रम | निर्वाचन चिन्हको नाम | निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | २८,४५,६४१ | सूर्य | |
| २. | नेपाली कांग्रेस | २७,१५,२२५ | रुख | |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ११,७५,६८४ | गोलाकारभित्र हँसिया हथौडा | |
| ४. | राष्ट्रिय स्वतन्त्र पार्टी | ११,३०,३४४ | घण्टी | |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५,८८,८४९ | हलो | |
| ६. | जनता समाजवादी पार्टी, नेपाल | ४,२१,३१४ | ढल्केको छाता | |
| ७. | जनमत पार्टी | ३,९४,६५५ | लाउड स्पिकर | |

| | | | | |
|---|---|---|---|---|
| ८. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | २,९८,३९१ | कलम |  |
| ९. | नागरिक उन्मुक्ति पार्टी | २,७१,७२२ | पिधँ भएको सादा ढकिया |  |
| १०. | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | १,६७,३६७ | साइकल |  |
| ११. | नेपाल मजदुर किसान पार्टी | ७५,१६८ | मादल |  |
| १२. | नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) | २ | कार |  |
| १३. | मंगोल नेशनल अर्गनाइजेशन | ३ | कुखुराको भाले |  |
| १४. | हाम्रो नेपाली पार्टी | ४ | लौरो |  |
| १५. | आम जनता पार्टी | ६ | मोबाइल |  |
| १६. | समावेशी समाजवादी पार्टी नेपाल | १० | भित्ते घडी |  |
| १७. | विवेकशील साझा पार्टी | १२ | तराजु |  |

| | | | | |
|---|---|---|---|---|
| १८. | नेपाल समाजवादी पार्टी | १३ | खुलेको एक आँखा |  |
| १९. | राष्ट्रिय जनमुक्ति पार्टी | १५ | घर |  |
| २०. | नेपाल संघीय समाजवादी पार्टी | १६ | बस |  |
| २१. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २० | तीर |  |
| २२. | नेपाल कम्युनिष्ट पार्टी (मात्रसवादी लेनिनवादी) | २१ | हँसिया र तारा |  |
| २३. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) | | बच्चा काखमा लिएकी आमा |  |
| | नेपाल आमा पार्टी | | | |
| २४. | नेपाली काँग्रेस (बी.पी.) | २४ | करुवा |  |
| २५. | नेपाल जनता पार्टी | २५ | कमलको फूल |  |
| २६. | जनता प्रगतिशील पार्टी, नेपाल | २६ | कोदालो बोकेको किसान |  |

### ७.५.३ अन्तिम मतदाता नामावली तथा मतदानस्थल

प्रतिनिधि सभा सदस्य उपनिर्वाचनको घोषणा भए पश्चात् उक्त उपनिर्वाचनको लागि देशभरबाट मिति २०७९/१०/२९ गतेसम्म संकलित तथा २०८०/०१/०९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदातालाई अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने गरी Cut-off-date निर्धारण गरी आयोगले मतदाताको विवरणलाई अद्यावधिक गरेको थियो ।

देशभर मिति २०७९/११/१ गतेदेखि २०७९/१२/१६ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रम अन्तर्गत मतदाताले नामावलीमा रहेको त्रुटी सच्याउने, दोहोरो नामावली हटाउन निवेदन दिने, दाबी विरोधका लागि निवेदन दिने लगायतका क्रियाकलापहरू मिति २०७९/११/२३ गतेदेखि २०७९/१२/१ गतेसम्म निर्वाचन कार्यालयहरूमा कार्यक्रम सञ्चालन गरिएको थियो । अद्यावधिक कार्याक्रम सम्पन्न भए पश्चात मिति २०७९/१२/१६ गते १ करोड ८० लाख १ हजार ५६६ जना मतदाताको अन्तिम मतदाता नामावली स्वीकृत गरी आयोगको वेबसाइटमा प्रकाशन गरिएको थियो ।

उपनिर्वाचन सम्पन्न भएका जिल्लाका सम्बन्धित निर्वाचन क्षेत्रका मतदाता तथा मतदानस्थल र मतदान केन्द्रको विवरणः

| क्र.सं. | प्रदेश | जिल्ला | प्रतिनिधि सभा नि.क्षे. | पुरुष मतदाता | महिला मतदाता | अन्य मतदाता | जम्मा मतदाता | मतदानस्थल संख्या | मतदान केन्द्र संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मधेश | बारा | २ | ५८९३४ | ४६३१४ | ० | १०५२४८ | ८२ | १३७ |
| २. | बागमती | चितवन | २ | ६१४०३ | ६३२१९ | १ | १२४६९५ | ४३ | १३८ |
| ३. | गण्डकी | तनहुँ | १ | ५९५४० | ६३७६५ | ० | १२३३०५ | ६९ | १५२ |
| **कूल जम्मा** | | | **३** | **१७९८७७** | **१७३३७०** | १ | **३५३२४८** | १९४ | ४२७ |

### ७.५.४ मतदाता शिक्षा, तालिम तथा प्रचार प्रसार

आयोगले निर्वाचनमा संलग्न हुने जनशक्तिलाई निर्वाचनको सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा जानकारी गराउने र निर्वाचन व्यवस्थापनमा दक्ष, योग्य, सीपयुक्त जनशक्ति तयार पार्ने उद्देश्यले आयोग वा अन्तर्गत कार्यालयका कर्मचारीलाई आवश्यकतानुसार प्रशिक्षण प्रदान गर्दै आइरहेको छ । सोही अनुसार यस उपनिर्वाचनका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण, मतदाता शिक्षा प्रशिक्षण र मतदान तथा मतगणना प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

उपनिर्वाचनको व्यवस्थापन तथा सञ्चालन कार्यमा परिचालन हुने मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूका लागि अनलाईन प्रणाली मार्फत निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षण कार्यक्रम सञ्चालन

गरिएको थियो। मतदाता शिक्षा प्रभावकारी रुपमा सञ्चालन गर्ने र बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने उदेश्यले मतदातालाई मतदान सम्बन्धी जानकारी प्रदान गर्नको लागि आयोगले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो। उपनिर्वाचन भएका जिल्लाका १४ वटा स्थानीय तहमा कार्यरत १४ जना निर्वाचन सम्पर्क व्यक्तिहरू र उक्त स्थानीय तहका प्रत्येक वडामा २ जनाका दरले मतदाता शिक्षा स्वंसेवकहरू गरी जम्मा २८८ जना सहभागीहरूलाई विभिन्न चरण र समूहमा मतदाता शिक्षा प्रशिक्षण प्रदान गरिएको थियो। साथै उपनिर्वाचन भएका निर्वाचन क्षेत्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूका लागि मतदान तथा मतगणना प्रशिक्षण समेत सञ्चालन गरिएको थियो।

उपनिर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षा अवधारणा र मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ बमोजिम उपनिर्वाचन भएका निर्वाचन क्षेत्रका स्थानीय तहका सबै वडाहरूमा मतदाता शिक्षा स्वयंसेविका मार्फत मतदाता शिक्षासम्बन्धी समुदायस्तर तथा घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रम अन्तर्गत स्वयंसेविकाहरूले नमूना मतपत्रको माध्यमबाट निर्वाचन सम्बन्धी विषयका अतिरिक्त सही मतदान गर्ने तरिकाबारे मतदातालाई जानकारी गराएका थिए। सबै स्थानीय तहमा नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको थियो। यसका लागि आयोगले मतदाता शिक्षा सम्बन्धी पोष्टर तथा ब्रोसरको छपाइ गरी वितरण गरेको थियो। यसका अतिरिक्त उपनिर्वाचन भएका जिल्लाका स्थानीय रेडियो, टेलिभिजन तथा पत्र पत्रिकाहरूबाट मतदाता शिक्षा सम्बन्धी श्रव्य–दृश्य सामाग्रीहरूको प्रशारण र प्रकाशन भएको थियो। आयोगको सामाजिक संजालबाट समेत मतदाता शिक्षा, सूचना तथा अन्य विभिन्न जानकारीमूलक श्रव्य दृश्य सामग्री प्रशारण र प्रकाशन गरिएको थियो। केही अनलाईन सञ्चार माध्यमहरूमा समेत निर्वाचन सम्बन्धी सन्देशहरू प्रसारण गरिएका थिए।

### ७.५.५ निर्वाचन कार्यक्रम

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ मा भएको व्यवस्था बमोजिम निर्वाचन आयोगको मिति २०७९/१०/२९ र २०७९/१२/६ गतेको निर्णयबाट उपनिर्वाचनको मिति तोकिए सँगै निर्वाचन कार्यतालिका र निर्वाचन कार्यक्रम समेत स्वीकृत गरिएको थियो। आयोगबाट स्वीकृत निर्वाचन कार्यतालिकामा बजेट अनुमान, प्राप्ति र निकासा, मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत), राजनीतिक दल दर्ता, कालो सुचीको विवरण प्राप्ति, निर्वाचन अधिकृतको नामावली प्राप्ति, नियुक्ति, तालिम र कार्यालय स्थापना, अन्तिम मतदाता नामावली प्रकाशन, मतदानस्थल तथा मतदान केन्द्र निर्धारण,

निर्वाचन कार्यक्रम सञ्चालन, मतदाता शिक्षा सञ्चालन, मतपत्र डिजाइन, छपाइ तथा ढुवानी, निर्वाचन सामाग्रीको प्राप्ति र ढुवानी, आचार संहिता लागू र कार्यान्वयन, मतदानमा खटिने जनशक्तिको प्राप्ति, नियुक्ति, तालिम र परिचालन आदि क्रियाकलापहरू उल्लेख गरी तदअनुसार निर्वाचन सञ्चालन र व्यवस्थापनका कार्य अगाडि बढाइएको थियो । त्यसैगरी आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रममा २०७९ चैत्र २० गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, चैत्र २३ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने गरी आयोगबाट निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो ।

मिति २०७९/१२/२० गते उम्मेदवार मनोनयन दर्ता भए पश्चात जाँचबुझ लगायत सम्पूर्ण प्रक्रिया पूरा गरी ६५ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो । जसमध्ये ८ महिला र ५७ पुरूष रहेका थिए ।

### ७.५.६ निर्वाचन आचारसंहिता

प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) बमोजिम उपनिर्वाचन हुने जिल्ला भरी निर्वाचन आचारसंहिताको सम्पूर्ण व्यवस्था मिति २०७९/१२/२४ गते देखि निर्वाचन सम्पन्न नभएसम्म लागू गरिएको थियो ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न र आचारसंहिता उल्लंघन भएको अवस्थामा आवश्यक कारबाहीका लागि केन्द्रदेखि जिल्लासम्म विभिन्न संयन्त्रहरू निर्माण गरिएको थियो । आयोगका निर्वाचन आयुक्त माननीय श्री राम प्रसाद भण्डारीको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति गठन भएको थियो । जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति गठन भई क्रियाशील रहेका थिए ।

त्यसैगरी अनलाईन सञ्चारमाध्यमबाट भएका निर्वाचन आचारसंहिता उल्लंघनका विभिन्न उजुरीमा आवश्यक राय सुझाव एवम् कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाईएको र सो बमोजिम प्रेस काउन्सिल नेपालबाट कारबाही प्रक्रिया अगाडि बढाईएको थियो । आचारसंहिता कार्यान्वयनकै क्रममा निर्वाचन प्रचारप्रसार प्रयोजनको लागि हेलिकप्टर प्रयोग नगर्न विज्ञप्तिमार्फत आयोगले सबै सरोकारवालालाई जानकारी गराएको थियो । साथै राजनीतिक दल, उम्मेदवार र अन्य व्यक्तिले गरेको निर्वाचन आचारसंहिता उल्लंघनका

घटनाका सम्बन्धमा प्राप्त उजुरीमा सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट स्पष्टीकरण माग गरी कारबाही प्रक्रिया अगाडि बढाईएको थियो ।

### ७.५.७ निर्वाचन खर्च सीमाको हद निर्धारण

आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ बमोजिम उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागि गर्न पाउने खर्चको अधिकतम हद (सीमा) निर्धारण गरेको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र भौगोलिक बनावटलाई आधार मानी सूत्रमा आधारित भई २०७९/०८/०४ गते सम्पन्न भएको निर्वाचनमा आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हद बमोजिम नै खर्च गर्न पाउने गरी यस उपनिर्वाचनमा पनि खर्चको अधिकतम सीमा तोकिएको थियो । सोही बमोजिम बारा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ र चितवन जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को लागि २९ लाख र तनहुँ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को लागि ३१ लाख खर्चको हद तोकिएको थियो ।

### ७.५.८ निर्वाचन अधिकृतको नियुक्ति तथा कार्यालय स्थापना

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ मा निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एकजना मुख्य निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था रहेको छ । सो दफा बमोजिम निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्न न्याय परिषद्को परामर्शमा ३ जिल्लाका लागि ३ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको पदमा मिति २०७९/१२/१८ गतेदेखि लागू हुनेगरी नियुक्त गरिएको थियो । जसअनुसार माननीय मुकेश उपाध्यायले बारा जिल्ला, माननीय बासुदेव न्यौपानेले चितवन जिल्ला तथा माननीय कोमलप्रसाद आचार्यले तनहुँ जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी पाउनु भएको थियो । साथै २०७९/१२/१८ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा स्थापना गरिएको थियो ।

### ७.५.९ जनशक्ति व्यवस्थापन

नेपालको संविधानको धारा २४७ मा निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलव्ध गराउनेछ भन्ने व्यवस्था भए बमोजिम आयोग र अन्तर्गतका कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यहरू विद्यमान दरबन्दीको जनशक्तिले मात्र नपुग हुने अवस्थामा वा विशेष प्रकृतिको

दक्षता चाहिने कार्यका लागि आवश्यक हुने जनशक्ति विभिन्न सरकारी तथा सरकारी स्वामित्वका कार्यालयबाट काजमा ल्याई कार्य सम्पादन गरिएको थियो। आयोग वा अन्तर्गत रहेका कूल दरबन्दीका अतिरिक्त आवश्यकता र औचित्यताका आधारमा विभिन्न कार्यालयबाट केही जनशक्ति काजमा समेत ल्याई परिचालन गरिएको थियो।

निर्वाचन सम्पन्न भएका ३ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ९ जनाका दरले जम्मा २७ जनाको दरबन्दी स्वीकृत गरी सोही अनुसार व्यवस्थापन गरिएको थियो। तीन वटै जिल्ला निर्वाचन कार्यालयमा काज समेत गरी जम्मा ३० जना कर्मचारी परिचालन गरिएको थियो। त्यसैगरी तीन वटै निर्वाचन क्षेत्रमा मतदान व्यवस्थापनका लागि जम्मा २९६८ जना र मतगणनाका लागि ६५ जना समेत ३०३३ जना कर्मचारी परिचालन गरिएको थियो।

### ७.५.१० सामग्री व्यवस्थापन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ मा उल्लेख भए बमोजिम ८१ प्रकारका निर्वाचन सामग्रीहरूको प्रयोग गरिएको थियो। जसमध्ये स्थानीय बजारमा सहज रूपमा उपलब्ध हुने १५ प्रकारका निर्वाचन सामग्रीहरू सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूबाटै खरिद गरिएको थियो। यस उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा मौजुदा रहेका सामग्रीहरूको प्रयोग तथा अपुग अत्यावश्यक सामाग्री मात्र गरिएको थियो।

### ७.५.११ आर्थिक व्यवस्थापन

निर्वाचन आयोग ऐन, २०७३ को दफा २८ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आयोगका लागि बजेटमा छुट्टयाएको भैपरी आउने शीर्षक अन्तर्गतको रकमको खर्च नेपाल सरकार अर्थ मन्त्रालयको सहमतिमा आयोगले बनाएको कार्यविधिका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। सो अनुसार प्रतिनिधि सभा सदस्य उपनिर्वाचन प्रयोजनको लागि आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गरी अर्थ मन्त्रालयको सहमति लिई कार्य सम्पादन गरेको थियो।

उपनिर्वाचन सम्पन्न गर्न नेपाल सरकारबाट १९ करोड ९१ लाख २९ हजार रूपैयाँ आयोगलाई निकासा प्राप्त भएको थियो। प्राप्त बजेटबाट आयोगले ३ वटा जिल्ला निर्वाचन

कार्यालय, ३ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय गरी कूल जम्मा ८ करोड २६ लाख ९४ हजार खर्च गरेको थियो ।

### ७.५.१२ निर्वाचन सुरक्षा

निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ मा आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई लेखी पठाउने र सो अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउने व्यवस्था रहेको छ ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को व्यवस्था अनुसार निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न आयोग र केन्द्रीय सुरक्षा निकायबीच सम्पर्क तथा समन्वय कायम गर्न, निर्वाचन सुरक्षा सम्बन्धी नीति योजना तर्जुमा गर्न, शान्ति सुरक्षाको स्थिति अनुमान, व्यवस्थापन र निर्देशन गर्न निर्वाचन आयोगका सुरक्षा व्यवस्थापन हेर्ने निर्वाचन आयुक्त माननीय श्री सगुन सम्शेर जबराको संयोजकत्वमा उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको गठन गरिएको थियो । उक्त समितिमा गृह मन्त्रालय र रक्षा मन्त्रालयका सचिव, नेपाली सेनाका रथी, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान अधिकृत समेतको प्रतिनिधित्व रहेको थियो । निर्वाचनलाई लक्षित गरी गृह मन्त्रालयको समन्वय र सबै सुरक्षा निकायको सहभागितामा तयार पारिएको एकीकृत सुरक्षा योजना बमोजिम समग्र सुरक्षा व्यवस्थाको विश्लेषण गरी आवश्यकता अनुसार सुरक्षाकर्मी परिचालन गरिएको थियो । सुरक्षा समितिले उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्ने व्यवस्थाका लागि उपनिर्वाचन हुने जिल्लाहरूमा उपयुक्त सुरक्षा व्यवस्था अवलम्बन गरी सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापन गर्न, उपनिर्वाचन हुने क्षेत्रमा आचारसंहिता प्रतिकूल गतिविधि माथिको निगरानी तथा नियन्त्रणको लागि सुक्ष्म अनुगमन गरी आचारसंहिता पालना गर्न गराउन विशेष संयन्त्र मार्फत मातहतका सबै इकाइहरूको परिचालन गर्न र मतगणना कार्य सम्पन्न नभएसम्म उपनिर्वाचन हुने जिल्लाभित्र मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवनलाई नियन्त्रण गर्ने व्यवस्था हुन सिफारिस गरेको र सो अनुसार सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयनका लागि आयोगले आवश्यक प्रबन्ध मिलाएको थियो ।

यसैगरी निर्वाचन सुरक्षा व्यवस्थापन प्रयोजनको लागि निर्वाचन हुने जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला निर्वाचन सुरक्षा समिति रहने व्यवस्था गरिएको

थियो । निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था, तत्काल समस्या समाधान तथा समन्वयका लागि आयोगमा गृह मन्त्रालय र सबै सुरक्षा निकायका अन्य अधिकारीको सहभागितामा एक संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) स्थापना गरिएको थियो । निर्वाचनमा सुरक्षा प्रवन्धका लागि सुरक्षा चक्रको अवधारणा बमोजिम सुरक्षा सञ्चार नेटवर्कको प्रबन्ध गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको थियो ।

### ७.५.१३ सूचना प्रविधि

उपनिर्वाचनमा विभिन्न व्यवस्थापकीय पक्षहरूलाई चुस्त दुरूस्त एवम् प्रभावकारी रूपमा सम्पादन गर्न निर्वाचनका विभिन्न चरणहरूमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको थियो । निर्वाचनमा Biometric Based Voter Registration System मार्फत मतदाताको विवरण सङ्कलन, Integrated Election Information Management System मार्फत Candidate Nomination देखि अन्तिम नतिजा प्रकाशन सम्बन्धी कार्य गर्नको लागि प्रणालीको सञ्चालन, निर्वाचन अनुगमनमा खटिने संघ/संस्था तथा व्यक्तिको विवरण सङ्कलनदेखि प्रतिवेदन प्रविष्ट गर्ने सम्मको प्रक्रिया सहितको Observer प्रणालीको सञ्चालन, सहजै निर्वाचन नतिजा हेर्नको लागि Web based Result Management Application, Android Platform Mobile Application को सञ्चालन, Election Monitoring System र मतदान अधिकृतहरूले निर्वाचन घटना विवरण प्रणाली (Mobile Application) मार्फत पठाउने व्यवस्था समेत मिलाइएको थियो । निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सूचना आदान प्रदान गर्न Push र Pull Based SMS सेवा सञ्चालन गरिएको थियो । मतदान स्थलको GIS तथ्याङ्क व्यवस्थापन कार्य समेत गरिएको थियो ।

### ७.५.१४ मतपत्र व्यवस्थापन

आयोगको मिति २०७९/१२/२१ गतेको स्वीकृत मापदण्ड तथा स्पेसिफिकेशनका आधारमा उपनिर्वाचनका लागि ३ फरक फरक प्रकारका मतपत्रको ढाँचा तयार गरिएको थियो । तीनवटै प्रकारका मतपत्र सेतो पृष्ठभूमिमा रातो रङको निर्वाचन चिन्ह र अन्य विवरण राखी छपाइ गरिएको थियो । शसस्त्र प्रहरी बल नेपालको सुरक्षामा मतपत्रको छपाइ जनक शिक्षा सामग्री केन्द्र लि. सानोठिमी भक्तपुरमा गरिएको थियो । मतपत्र छपाइ भए पश्चात आवश्यक सुरक्षा व्यवस्था सहित सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवानीको व्यवस्था मिलाइएको थियो । मतपत्रको आकार र छपाइ सम्बन्धी विवरण निम्नानुसार रहेको थियोः

| जिल्ला | मतपत्रमा रहेका चिन्ह सङ्ख्या | मतपत्रको चौडाइ मि.मि | मतपत्रको उचाइ मि.मि | छपाइ भएका मतपत्र सङ्ख्या |
|---|---|---|---|---|
| बारा | ३४ | २०० | २८२ | ११६००० |
| चितवन | २२ | २०० | २४६ | १३८००० |
| तनहुँ | ९ | १५० | २१० | १३६००० |
| | | | **कूल जम्मा** | **३९००००** |

### ७.५.१५ निर्वाचन पर्यवेक्षण र अवलोकन

निर्वाचनको वैधता र विश्वासनीयताका लागि आयोगले यस उपनिर्वाचनमा पर्यवेक्षण तथा अवलोकनको व्यवस्था गरिएको थियो। निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ को व्यवस्थानुसार प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा आयोगले निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ र निर्वाचन आचारसंहिता, २०७९ जारी गरेको थियो।

निर्वाचन पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय संस्थाहरूलाई आवेदनका लागि सूचना प्रकाशन गरे बमोजिम आवेदन दिने संस्थाहरूमध्ये ६ वटा स्वदेशी संस्थालाई पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएको थियो। अनुमति प्रदान गरिएका पर्यवेक्षण संस्थाहरूबाट ७८ जना पर्यवेक्षकहरूले उपनिर्वाचन पर्यवेक्षण गरेका थिए। त्यसैगरी आयोगबाट अनुमति प्राप्त १२ जना विशेष पर्यवेक्षकहरूबाट समेत मतदानको दिन अवलोकन भएको थियो।

### ७.५.१६ निर्वाचन अनुगमन

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ मा आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञसहितको टोली गठन गरी निर्वाचन प्रचार प्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना वा अन्य काम कारवाहीको अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ। साथै, सोही दफाको उपदफा (१) बमोजिम आयोगले टोली गठन गर्दा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि र त्यस्ता टोलीले अनुगमनको काम सम्पन्न गर्नुपर्ने समय समेत निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। सो अनुसार उपनिर्वाचनमा समग्र निर्वाचन व्यवस्थापनको अनुगमन आयोगका निर्वाचन आयुक्त, सचिव, सहसचिव लगायत,

जिल्ला स्तरमा रहेका विभिन्न संयन्त्रबाट पनि अनुगमन सम्पन्न भएको थियो। साथै उपनिर्वाचनको लागि आयोगले देहाय अनुसारका व्यवस्थाहरू गरेको थियोः

**क. आचारसंहिता अनुगमन अधिकृत**

जिल्लास्तरमा निर्वाचन अनुगमनको कार्यान्वयनलाई प्रभावकारी वनाउन प्रत्येक जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई कार्यविवरण तोकी जिल्ला आचारसंहिता अनुगमन अधिकृतको रूपमा खटाएर जिल्लामा आचारसंहिता कार्यान्वयनको अनुगमन गरिएको थियो ।

**ख. मतगणना अनुगमन टोली**

मतगणना प्रकृयाको अनुगमन तथा बदर मतको प्रकृति अध्ययन, बदर मतको अवस्था पहिचान गर्दै रणनीतिक पृष्ठपोषण मार्फत भविष्यमा हुने निर्वाचनमा बदर मतको प्रतिशत न्यूनीकरण गर्नका लागि उपनिर्वाचन भएका निर्वाचन क्षेत्रमा ३ जनाका दरले जम्मा ९ जना कर्मचारी खटाइएको थियो । खटिएका कर्मचारीले गणना अवधिभर समग्र गणना प्रकृयाको अध्ययन अबलोकन गरी बदर मतको प्रकृति समेत अध्ययन गरेका थिए ।

**ग. सञ्चार माध्यम अनुगमन**

सञ्चार माध्यमबाट निर्वाचन आचारसंहिता, २०७९ मा उल्लिखित विषयहरू उल्लंघन भए नभएको विषयमा प्रेस काउन्सिल नेपालबाट अनुगमन गर्ने व्यवस्था मिलाइएको थियो ।

**घ. डिजिटल मिडिया र सामाजिक सञ्जाल अनुगमन**

निर्वाचनको अवधिमा डिजिटल मिडिया तथा सामाजिक सञ्जालको दुरूपयोग गरी प्रवाह हुन सक्ने मिथ्या सूचना, दुष्प्रचार एवम् द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम तथा नियन्त्रण गर्न आयोगमा प्रेस अफिस अन्तर्गत विज्ञ सम्मिलित समूहबाट सामाजिक सञ्जाल अनुगमन गर्ने कार्य समेत भएको थियो ।

### ७.५.१७ मतदान व्यवस्थापन

संवत् २०८०/०१/१० गते मतदानका दिन मतदान प्रक्रियालाई सरल र सहज रुपले व्यवस्थापन गर्न र मतदान केन्द्रको निर्माणको सहजताकालागि २०८० वैशाख ८ देखि १० गते सम्म ३ दिन मतदानस्थल रहेका सम्बन्धित निर्वाचन क्षेत्रका विद्यालय लगायत

सार्वजनिक निकायहरूमा सार्वजनिक बिदा को व्यवस्था मिलाइएको थियो । साथै मतदानका दिन उपनिर्वाचन भएका निर्वाचन क्षेत्रमा सार्वजनिक बिदा दिने व्यवस्था समेत मिलाइएको थियो । उपनिर्वाचन भएका जिल्लाका तीन निर्वाचन क्षेत्रमा २०७९/०८/०४ गते कूल २ लाख १७ हजार ४६८ मतदान भएकोमा २०८०/०१/१० गते भएको उपनिर्वाचनमा जम्मा ४२७ मतदान केन्द्रमा अन्तिम मतदाता नामावली बमोजिम ३ लाख ५३ हजार २४८ जना मतदाताले मतदान गर्ने अपेक्षा गरिएकोमा २ लाख १३ हजार २ जना अर्थात ६०.२९ प्रतिशत मतदाताले मताधिकार प्रयोग गरेका थिए । तीन निर्वाचन क्षेत्रमा सञ्चालन भएको निर्वाचनमा निर्धारित निर्वाचन कार्यक्रम बमोजिम मिति २०८०/०१/१० गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मतदान सञ्चालन भएको थियो ।

### ७.५.१८ मतगणना

मतदान कार्य सम्पन्न भई सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सबै मतपेटिका प्राप्त भएपछि मतगणना कार्य सुरू गरिएको थियो । मतगणना सम्बन्धमा आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य (मतगणना) निर्देशिका, २०७९ स्वीकृत गर्नुका अतिरिक्त मतगणना कार्यलाई छिटो छरितो चुस्त दुरूस्त र व्यवस्थित बनाउन मिति २०८०/०१/१० गते सबै मुख्य निर्वाचन अधिकृतलाई २५ बुँदे मतगणना सम्बन्धी थप निर्देशन दिइएको थियो ।

मतगणना अनुसार तीन जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा २ लाख ९ हजार ७९३ अर्थात ९८.४९ प्रतिशत मत सदर र ३ हजार २०९ अर्थात १.५१ प्रतिशत मत बदर भएको थियो ।

### ७.५.१९ निर्वाचन परिणाम

उपनिर्वाचनमा बारा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार श्री उपेन्द्र यादवले २८४१५ मत, चितवन जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार श्री रवि लामिछानेले ५४१७६ मत र तनहुँ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार श्री स्वर्णिम वाग्लेले ३४९१९ मत प्राप्त गरी निर्वाचित हुनु भएको थियो ।

# परिच्छेद ८

## सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

निर्वाचन आयोगले निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न प्रविधिको प्रयोग गर्दै आएको छ । प्रविधिको प्रयोगबाट मतदाता नामावली दर्ता, मतदाताको पहिचान लगायत मतदाता नामावली व्यवस्थापन, उम्मेदवारको मनोनयनपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणासम्मका कार्यहरू तथा अनलाइन डाटा प्रकाशनका कार्यहरू व्यवस्थित, त्रुटिरहित र पारदर्शी तवरले सम्पादन गर्न सहयोग पुगेको छ । मतदाता शिक्षा, अन्तिम मतदाता नामावली, उम्मेदवारको नामावली, निर्वाचन परिणाम लगायत सर्वसाधारणको सरोकार रहने सुचनाहरू आयोगको Website, Mobile Apps र सामाजिक संजाल मार्फत प्रबाह गर्ने गरिएको छ । आ.व २०७९/८० मा सूचना प्रबिधि तथा प्रणाली ब्यबस्थापन सम्बन्धमा सम्पादन गरिएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन् ।

### ८.१ फोटो सहितको मतदाता नामावली दर्ता प्रणाली (Biometric Based Voter Registration System-BBVRS)

फोटो सहितको मतदाता नामावली संकलन कार्यका लागि Biometric Based Voter List Application(BBVRS) प्रणाली संचालनमा रहेको छ । मतदाता नामावली संकलनका लागि BBVRS को Data Collection Application प्रयोगगरि जिल्ला प्रशासन कार्यालय, प्रदेश/जिल्ला निर्वाचन कार्यालय तथा समय समयमा मतदाता नामावली संकलन विशेष कार्यक्रम मार्फत हुदै आइरहेको छ । DCA मार्फत संकलित विवरणलाई जिल्ला स्थित District Voter List Application(DVLA) मा एकीकृत गरि आयोगमा रहेको Central Voter List Application मा Integration गर्ने, दोहोरो विवरण हटाउने, विवरण अध्यावधिक गर्ने, मतदाता परिचयपत्र प्रिन्ट गर्ने तथा Data Segregation गरि पुन जिल्लामा अन्तिम मतदाता नामावली पठाउने कार्य हुदै आइरहेको छ ।

उक्त Collection प्रणालीमा Online मतदाता नामावली संकलनको व्यवस्था नभएकोले मतदाता नामावली संकलन कार्य गर्दा धेरैनै समय लाग्ने गरेकोले भिडभाड धेरै हुने गरेको छ । मतदाता नामावली संकलनमा हुने भिडभाड, लाइनमा लाग्ने समयलाई कम गर्नको लागि मतदाता नामावली संकलन कार्यका लागि फोटो तथा औंठाछाप बाहेकको विवरण मतदाताले अनलाईनमार्फत भरी QR Code सहितको विवरण प्रिन्ट गरी मतदाता नामावली संकलन केन्द्रमा सम्पर्क गर्ने गरी मतदाता नामावली Pre-Registration प्रणाली निर्माण

गरिएको थियो । यो प्रणाली पहिलो चरणका लागि काठमाडौं, भक्तपुर, ललितपुर, झापा, मोरङ, चितवन काभ्रेपलान्चोक र कास्की जिल्लाका निर्वाचन कार्यालयमा प्रयोग गरिएको थियो ।हाल उक्त प्रणाली देशका सबै जिल्लामा लागु हुने गरी संचालनमा ल्याइएको छ । यसबाट मतदाता नामावली दर्ता गर्न र त्रुटीरहित विवरण संकलनमा सहयोग पुगेको छ ।

- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूमा संकलित मतदाता नामावलीको विवरण प्रदेश/जिल्ला निर्वाचन कार्यालयवाट प्राप्त गरी केन्द्रीय सर्भर (Central Voter list Application-CVLA) मा एकीकरण गरिएको । सम्बन्धित विवरण इमेल मार्फत प्राप्त गर्न इमेल सर्भरमा आवश्यक व्यवस्थापन कार्य गरिएको,
- विवरण अद्यावधिक, दोहोरो परेका नामावली हटाउने, मृत्यु भएका मतदाताको नाम नामावलीबाट हटाउनेसम्बन्धी कार्य गरी बाँकी रहेका जम्मा १,८०,०१,५६६ जनाको अन्तिम मतदाता नामावली तयारी गरिएको,
- अन्तिम मतदाता नामावली मतदाता स्वयंले हेर्न र प्रिन्ट गर्न सक्ने गरी आयोगको Website मा प्रकाशन गरिएको
- मतदाता नामावली छपाइका लागि विवरण तयारी तथा छपाइ व्यवस्थापनमा समन्वय गर्ने कार्य गरिएको,
- BBVRS प्रणालीमा मतदानस्थल तथा मतदान केन्द्र अद्यावधिक गर्ने कार्य गरिएको ।

## ८.२ एकीकृत निर्वाचन सूचना व्यवस्थापन प्रणाली (Integrated Election Information Management Sytsem-IEIMS)

विभिन्न मितिमा सम्पन्न भएका राष्ट्रिय सभा सदस्य निर्वाचन, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन र प्रतिनिधि सभा सदस्य उपनिर्वाचन संग सम्बन्धित निर्देशिका तथा कार्याविधि संसोधन भए पश्चात निर्वाचनमा भाग लिने उम्मेदवारहरूको मनोनयन दर्तादेखि निर्वाचन परिणाम घोसणासम्मका सम्पूर्ण क्रियाकलापहरू र आवश्यक अनुसूचीहरू सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयवाट प्रविष्टी तथा रूजु गर्ने तवरले IEIMS सफ्टवेयर परिमार्जन गरी सञ्चालनमा ल्याइएको थियो । साथै निर्वाचनको परिणामलाई चुस्त दुरुस्त तथा प्रभावकारी रुपमा सार्वजनिक गर्न आयोगले प्रयोगमा ल्याएको Result System लाई परिमार्जन गरी संचालनमा ल्याइएको थियो ।

### ८.३ कागजात व्यवस्थापन प्रणाली (Document Management System -DMS)

निर्वाचन आयोगले निर्वाचन प्रक्रियाको आउने विभिन्न डकुमेन्ट र कागजातलाई व्यवस्थित गर्न आयोगको तेस्रो पन्चबर्षीय रणनीतिक योजना (२०७६/०७७-२०८०/०८१) को कार्यनीति १.१२ निर्वाचन सम्बन्धी पुराना अभिलेख तथा विवरणको अर्काइभ तयार गरी संरक्षण गरिनेछ भन्ने उद्देश्य राखेको छ । उक्त उदेश्य पुरा गर्नको लागि कागजात व्यवस्थापन प्रणालीको (**Document Management System**) विकास गरी संचालनमा ल्याइएको छ ।

### ८.४ निर्वाचन अनुगमन व्यवस्थापन प्रणाली (Election Monitoring Management System-EMMS)

मतदान अधिकृतहरूले निर्वाचन घटना विवरण प्रणाली (Mobile Application) मार्फत पठाउन, मतदान अधिकृतहरूले मतदान केन्द्रको भू- अवस्थिति (Geographic Location) को विवरण र अनुगमन अधिकृतहरूले अनुगमनको क्रममा देखेका घटनाहरूको जानकारी प्रणाली मार्फत पठाउनको लागि निर्वाचन अनुगमन व्यवस्थापन प्रणाली तयार गरी संचालनमा ल्याइएको थियो ।

### ८.५ सूचना प्रविधि पूर्वाधार

- सूचना प्रविधि पूर्वाधार तथा तथ्याङ्क सुरक्षाका लागि Firewall व्यवस्थापन कार्य गरिएको,
- आयोगको सूचना प्रविधि पुर्वाधारलाई व्यवस्थित गर्नको लागि सर्भर, स्टोरेज र स्वीच खरिद गरी संचालनमा ल्याइएको ।
- आयोगको डाटा सेन्टरको लागि आवश्यक Cooling System र पावर ब्याकअप खरिद गरी संचालनमा ल्याइएको ।

### ८.६ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अध्यावधिक

- प्रविधिको क्षेत्रमा आएका नवीनतम् प्रविधिहरूको प्रयोग गरी प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूको समेत आफ्नै छुट्टै वेबपेज व्यवस्थापन पोर्टलको माध्यमबाट सम्बन्धित निर्वाचन कार्यालयले आफै प्रेस विज्ञप्ति, सूचना तथा अन्य महत्वपूर्ण जानकारीहरू सम्प्रेषण गर्न मिल्ने गरी केन्द्रीकृत Content Management System (CMS) सहितको वेबसाइट व्यवस्थापन गरिएको,

- आयोगको Website मा छुट्टै Menu बनाई निर्वाचन सम्बन्धी सूचना, प्रेस विज्ञप्ति, कानुन, कार्यविधि, निर्देशिका लगायतका जानकारीहरू सम्प्रेषण गरिएको ।
- आयोगवाट जारी सूचना, प्रेस विज्ञप्ति, मतदाता विवरण, मतदान केन्द्र र निर्वाचन कानून लगायत अन्य सम्बन्धित सामग्री वेबसाइटमा प्रकाशन तथा सामाजिक संजालमा अध्यावधिक गरिएको।
- निर्वाचनसंग सम्बन्धित सूचना सामाजिक संजालको समेत अधिकतम प्रयोग द्वारा प्रकाशन गरिएको ।

## ८.७ अन्य कार्यहरू

- हाल संचालित प्रणाली Desktop Based रहेको, प्रणाली संचालन भएको १० वर्ष भन्दा बढी भैसकेको, Demographic विवरणको आधारमा मात्र दोहोरो मतदाता हटाउन कठिनाई भैरहेको तथा वर्तमान Hardware र Software समेत पुरानो प्रविधिमा आधारित रहेकोले सो प्रणाली संग सम्बन्धित Application, System/ Network/System/Security/Disaster Recovery Infrastructure समेतको वर्तमान अवस्था, सो बाट सिर्जना हुन सक्ने सम्भावित जोखिम तथा निर्वाचन आयोगले मतदाता नामावली ब्यबस्थापन प्रणालीलाई Re-Engineering गरी State of the art technology सहितको मतदाता नामावली प्रणाली निर्माण गरी लागु गर्नको लागि आवश्यक पर्ने System Architecture, Detailed Scope of the Work, Bill of Quantities for Enrollment kits, De-Duplication Solution, Cost Estimate, Phase wise Breakdown को अध्ययन गरी सोहि अनुसार आगामी दिनमा प्रणालीमा गर्नुपर्ने आवस्यक सुधारको कार्ययोजना तयार गरिएको ।
- निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालयहरूबाट ईमेल आदान प्रदान गर्न हाल आयोगको आधिकारिक domain (election.gov.np) मा ईमेल प्रयोग हुदै आएको छ ।साथै आयोगको आधिकारिक वेबसाइट (www.election.gov.np), इमेल प्रणाली (mail.election.gov.np) र आयोगद्वारा संचालित अन्य पब्लिक उप-डोमेनहरूको नाममा भएका र हुन सक्ने सबै वेबमा आधारित प्रणालीहरू प्रयोग गर्दा सर्भर र प्रयोगकर्ताहरूबीच सुरक्षित तवरले सूचना आदान प्रदान गर्नको लागि प्रयोग गरिएको Secure Socket Layer (SSL) सर्टिफिकेटको नवीकरण गरी संचालनमा ल्याइएको ।

- प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा कम्प्युटर तथा ल्यापटपहरूमा आईपरेका समस्याहरू आयोगबाट दैनिक रुपमा समाधान गरिएको ।
- आयोगका कम्प्युटर, ल्यापटप तथा नेटवर्कमा आएका समस्याहरू समाधान गर्ने गरिएको ।
- मतदाता नामावली सम्बन्धी माग भएका विवरण तथा मतदाता नामावली सम्बन्धमा परेका समस्याको समाधान सम्बन्धी कार्य गरी राखिएको ।
- आयोगवाट जारी सूचना, प्रेस विज्ञप्ति, मतदाता विवरण, मतदान केन्द्र र निर्वाचन कानून लगायत अन्य सम्बन्धित सामग्री वेबसाइटमा प्रकाशन तथा सामाजिक संजालमा अध्यावधिक गरिएको ।
- प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा DCA, DVLA, IEIMS हरूमा देखिएका समस्याहरू समाधान गर्न प्राविधिक सहयोग प्रदान गरिएको ।

## ८.८ तालिम

मतदाता नामावली Pre-Registration प्रणाली संचालन गर्न विभिन्न जिल्लाहरूको समूह बनाई चितवन, कास्की, नेपालगंज र बिराटनगरमा सो सम्बन्धी २ दिने तालिम संचालन गरिएको थियो ।

## परिच्छेद ९

## निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन

### ९.१ निर्वाचन कानून

आर्थिक वर्ष २०७९/०८० मा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य (लुम्बिनी प्रदेश) को उपनिर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन र प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन समेत सम्पन्न भएका थिए। उक्त निर्वाचनको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड र निर्वाचन आचारसंहिताको तर्जुमा एवम् संशोधन मस्यौदा गरी आयोगबाट स्वीकृत भई प्रकाशन समेत गरिएको थियो। निर्वाचन आयोगलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर भएका रिट निवेदन वा मुद्दाको म्याद एवम् सूचना सम्बन्धित अदालतबाट आयोगमा प्राप्त भएपछि प्रतिरक्षाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पत्राचार गर्ने तथा लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा पठाइएको थियो। आयोगबाट माग भएका विभिन्न विषयमा कानूनी राय प्रदान गर्ने तथा प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने सूचनाको सम्पादन र प्रकाशनको कार्य समेत गरिएको थियो। निर्वाचन अवधिमा निर्वाचन आचारसंहिताको कार्यान्वयन गर्ने, गराउने तथा आचारसंहिताको उल्लङ्घन विरुद्धका उजुरी निवेदनहरूको कारवाही र किनारा गर्नुको साथै निर्वाचन सम्बन्धी विवादको निरुपणको कार्य समेत सम्पादन भएको थियो। यसैगरी यस आ. व. मा निर्वाचन व्यवस्थापन विधेयक २०८० को कारवाही अघि बढाउन उक्त विधेयक आयोगको मिति २०८०।०३।१८ को निर्णयानुसार स्वीकृत गरी गृह मन्त्रालयमा पठाइएको छ।

### ९.१.१ कानून तर्जुमा

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने कानूनहरूको तर्जुमा गर्न आयोगको मिति २०७९।०४।२२ को निर्णयानुसार आयोगका सचिवज्यूको संयोजकत्वमा गठन भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन कानून संशोधन मस्यौदा तर्जुमा समितिले विभिन्न निर्देशिका, कार्यविधि, मापदण्ड र निर्वाचन आचारसंहिता तर्जुमा गरिएको थियो। यसरी तर्जुमा गरिएका निर्वाचन कानूनहरू आयोगबाट विभिन्न मितिमा स्वीकृत भई कार्यान्वयनमा रहेका छन्। साथै निर्वाचन आचारसंहिता, निर्वाचन सम्बन्धी निर्देशिका, कार्यविधि र मापदण्ड तथा सोको संशोधन समेत गरी ३२ वटा मस्यौदा तयार गरी आयोगबाट स्वीकृत भएकोले सो संशोधन समेत मिलाई आयोगको वेवसाइटमा प्रकाशन भएको छ। सोको विवरण **अनुसूची -४** मा रहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०९/१४ को निर्णयानुसार निर्वाचन व्यवस्थापन विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भई तयार गरिएको विधेयकको प्रारम्भिक मस्यौदा उपर राजनीतिक दल, सरोकारवाला निकाय, कानूनविद्, सरकारी तथा

गैरसरकारी संघ सँस्थाहरू, पत्रकार महासंघ, उद्योग वाणिज्य महासंघ, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, विज्ञ समेतको राय सुझाव सङ्कलन गरी मस्यौदा तयार गरिएको थियो। उक्त निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदामा राय सुझाव उपलब्ध गराउन विभिन्न संवैधानिक निकायहरूमा समेत पत्राचार गरिएको थियो। सबैको राय सुझाव सङ्कलन भए पश्चात विधेयकको अन्तिम मस्यौदा तयार गरी आयोगको मिति २०८०/०३/१८ को निर्णय अनुसार निर्वाचन व्यवस्थापन विधेयक स्वीकृत भैसकेकोले उक्त विधेयकको स्वीकृतिको कारवाही अघि बढाउन गृह मन्त्रालयमा पठाईएको छ।

### ९.१.२ लिखित जवाफ

आर्थिक वर्ष २०७९/०८० मा आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर भएका ९५ वटा रिट निवेदन/मुद्दा तथा विभिन्न उच्च अदालतमा दायर भएका ५ वटा गरी जम्मा १०० वटा रिट निवेदन/मुद्दाको म्याद यस आयोगमा प्राप्त भएकोले उक्त १०० वटा मुद्दाको लिखित जवाफ तयार गरी महान्यायधिवक्ताको कार्यालय र सम्बन्धित उच्च सरकारी वकीलको कार्यालय मार्फत सम्बन्धित अदालतमा लिखित जवाफ तयार गरी पेश गरिएको थियो। त्यसै गरी सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनमा दर्ता भएका ४ वटा रिट निवेदनमा सम्बन्धित अदालतबाट अन्तरिम आदेश जारी भएकोले उक्त अन्तरिम आदेश रद्द गर्नका लागि आयोगबाट सम्मानित सर्वोच्च अदालतमा ३ वटा र उच्च अदालत पाटनमा १ वटा भ्याकेट निवेदन दर्ता गरिएको थियो। उक्त मुद्दाको विवरण **अनुसूची -५** मा रहेको छ।

### ९.१.३ कानूनी राय

आर्थिक वर्ष २०७९/०८० मा मतदाता नामावलीको प्रमाणित प्रतिलिपी उपलब्ध गराउने निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०७९ निर्वाचनमा नागरिक संलग्नता नीति, २०७९ को मस्यौदा, वडा अध्यक्ष पद भएको अवस्थामा कार्यवाहक वडा अध्यक्ष तोकिएको, जिल्ला निर्वाचन अधिकारीको प्रसुति बिदा, निर्वाचनमा सेनिटाइजर खरिद, लगायतका विभिन्न ८ वटा विषयमा कानूनी राय उपलब्ध गराइएको थियो।

### ९.१.४ नेपाल राजपत्रमा सूचना प्रकाशन

निर्वाचन प्रयोजनको लागि कट अफ डेट तोक्ने, मतदाता नामावली अध्यावधिक कार्यक्रम, विभिन्न निर्वाचनको लागि निर्वाचन कार्यक्रम, निर्वाचन आचारसंहिता, निर्वाचन प्रयोजनको लागि दल दर्ता, उम्मेदवार तथा राजनीतिक दलको खर्चको हद, निर्वाचन आचारसंहिता लागू तथा निर्वाचित सदस्यहरूको नामावली प्रकाशन समेतका विभिन्न विषयका ३६ वटा सूचना नेपाल राजपत्रमा प्रकाशन भएको थियो। उक्त विवरण **अनुसूची -६** मा रहेको छ।

### ९.१.५ आदेश/फैसला कार्यान्वयन

क. रिट निवेदक खजान्ती महतो नुनिया विपक्षी निर्वाचन आयोग समेत भएको रिट नं. ०७९-WO-०५९६ को निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/०८/२९ मा जारी भएको अल्पकालीन अन्तरिम आदेश कार्यान्वयन गर्ने सम्बन्धमा आयोगको मिति २०७९/०९/०३ गतेको निर्णयानुसार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट मधेश प्रदेशको समानुपातिक निर्वाचन प्रणालीतर्फका प्रदेशसभा सदस्यमा निर्वाचित भएका सदस्यहरू मालाकुमारी कर्ण र मो. रजी हैदरलाई प्रदेशसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र वितरण गर्ने कार्य सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/०९/०७ गते हुने छलफल आदेशमा अन्यथा भएमा सोही बमोजिम हुने गरी स्थगित गरिएको।

ख. वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूमा मात्र मतदानको अधिकार सीमित नगरी विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्ने तर्फ आवश्यक कदम चाल्नु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।१२।०७ मा निर्देशनात्मक आदेश जारी भएको ।

ग. मुलुकमा अब उप्रान्त सम्पन्न हुने संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा प्रयोग गरिने Electronic Voting Machine (EVM) मत्रपत्रमा समेत कायम उम्मेदवारहरूमध्ये कसै प्रति पनि समर्थन छैन (None of the Above) भनी मत जाहेर गर्न मिल्ने गरी आवश्यक व्यवस्था गर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६।०६।०१ मा निर्देशनात्मक आदेश जारी भएको।

बुँदा नं ख र ग मा उल्लिखित दुवै आदेश कार्यान्वयनको लागि विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली संकलन तथा मतदान गर्न पाउने र मतपत्रमा कायम उम्मेदवारहरूमध्ये कसै प्रति पनि समर्थन छैन भनी मत जाहेर गर्न मिल्ने विषय समेत समावेश गरी तयार भएको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा आयोगको मिति २०८०।०३।१८ को निर्णयानुसार स्वीकृत भई गृह मन्त्रालयमा पठाई सकिएकोले उक्त विधेयक स्वीकृतिको प्रक्रियामा रहेको छ।

### ९.१.६ निर्वाचन अवधिमा भएका थप कार्यहरू

#### क. निर्वाचन आचारसंहिता कार्यान्वयनः अनुमति/सहमति

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा आचारसंहिता लागू रहेको अवधिमा आयोगबाट विभिन्न संवैधानिक निकाय, नेपाल सरकारका मन्त्रालय तथा विभाग, नेपाल सरकारको पूर्ण वा आंशिक

स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालयहरू र विकास समितिहरूबाट अनुमति सहमति माग गरी आयोगमा प्राप्त भएका निवेदनहरूमध्ये जाँचबुझ गरी एकिन भएका जम्मा ३९३ (तीन सय त्रियानब्वे) निवेदनमा सहमति/ अनुमति प्रदान गरिएको थियो।

### ख. आचारसंहिता उल्लंघनका उजुरी र कारवाही

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ अवधिमा मिति २०७९/०६/१२ देखि २०७९/०८/२६ सम्म निर्वाचन आचारसंहिता, २०७९ लागू गरिएको थियो। सो अवधिमा आचारसंहिता उल्लंघन सम्बन्धमा आयोगमा १३० वटा उजुरी निवेदन प्राप्त भएको थियो। जसमध्ये १७ वटा निवेदनमा जरिवाना गरिएको, ७ वटा निवेदनमा सचेत गरिएको, १४ वटा निवेदनमा निर्देशन दिइएको २ वटा निवेदन अनुसन्धानका लागि लेखी पठाएको, १ निवेदनको प्रक्रिया वदर गरेको, ३ वटा निवेदनमा जरिवाना सहित विभागीय कारवाहीको लागि लेखी पठाएको र ८६ वटा निवेदनलाई तामेलीमा राख्ने निर्णय गरिएको थियो। उक्त विवरण **अनुसूची -७** मा राखिएको छ।

प्रदेश/जिल्ला आचारसंहिता अनुगमन समितिमा निर्वाचन आचारसंहिता उल्लंघनका ६२२ वटा उजुरी प्राप्त भएको र उक्त सबै उजुरीहरू तत्कालै फछ्र्यौट भएको जानकारी प्राप्त भएको देखिन्छ।

## ग. निर्वाचन विवाद निरुपण

### १. उम्मेदवारको अयोग्यता सम्बन्धमा

निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ को उपदफा (१) मा उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोग समक्ष उजुरी दिन सकिनेछ भन्ने व्यवस्था रहेको छ। त्यसै गरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ को उपदफा (१) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ को उपदफा (१) मा उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोग समक्ष उजुरी दिन सकिनेछ भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार यस आर्थिक वर्षमा सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा उम्मेदवारको अयोग्यताका विषयमा १८ वटा र पुनः मतदान र मतगणना गरी

पाउँ भनी ३ वटा उजुरी गरी जम्मा २१ वटा उजुरी प्राप्त भई उक्त उजुरी उपर जाँचबुझ गरी आयोगबाट निर्णय भैसकेको छ।

- प्रतिनिधि सभा सदस्य निर्वाचनमा ललितपुर क्षेत्र नं. ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार हुनु भएका डा. तोसिमा कार्कीको उजुरीको सम्बन्धमा आयोगबाट निज डा. तोसिमा कार्कीको प्रतिनिधि सभा सदस्य ललितपुर निर्वाचन क्षेत्र नं. ३ को उम्मेदवारी अयोग्य कायम भएको निर्णय भएको।
- प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) को तर्फबाट दोलखा जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा उम्मेदवार रहनु भएका बालकृष्ण शिवाकोटीको उजुरीको सम्बन्धमा जाँचबुझ गरी आयोगबाट मिति २०७९/०७/२८ मा निज बालकृष्ण शिवाकोटीको उम्मेदवारी कायम हुने गरी निर्णय भएको।
- प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा सुनसरी जिल्ला प्रदेशसभा निर्वाचन क्षेत्र नं. ४ (२) मा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट उम्मेदवार रहनु भएका सन्तोष कुमार मेहताको उजुरीको सम्बन्धमा जाँचबुझ गरी आयोगबाट मिति २०७९/०७/३० मा निज सन्तोष कुमार मेहताको उम्मेदवारी बदर हुने गरी निर्णय भएको।

उल्लिखित उम्मेदवारको अयोग्यता सम्बन्धमा आयोगमा प्राप्त भएका निवेदनहरू समेतको विवरण **अनुसूची -८** मा उल्लेख गरिएको छ।

### २. पुनः मतदान र मतगणना सम्बन्धमा

#### क. दोलखा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को निर्वाचन सम्बन्धमा

दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं.६, वडा नं. २ र वडा नं. ३ अन्तर्गतका वैतेश्वर मा.वि मतदान केन्द्र "क" "ख" र "ग", जनज्योती मा.वि. पुतलीकाठ मतदान केन्द्र "क" र "ख" तथा हेल्थपोष्ट भवन जफे मतदान केन्द्र "क" र "ख" गरी सातवटा मतदान केन्द्रमा मिति २०७९।०८।०४ मा भएको मतदान रद्द गरी उल्लिखित केन्द्रमा पुनः मतदान गराउने भनी आयोगबाट मिति २०७९।०८।११ मा निर्णय भएको।

#### ख. बाजुरा जिल्लाको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धमा

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत बाजुरा जिल्लाका विभिन्न मतदान केन्द्रमा मिति २०७९।०८।०४ मा सम्पन्न निर्वाचनको सम्बन्धमा परेको उजुरीको विषयमा जाँचबुझ गरी आयोगबाट मिति २०७९।०८।१३ मा विवादित मतदान केन्द्रका मतपेटिका निर्वाचन अधिकृतले

बुझी सुरक्षित साथ भण्डारण गरिएको देखिदा प्रचलित कानून बमोजिम मतगणना गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय, बाजुरालाई निर्देशन दिइएको।

**ग. स्याङ्जा जिल्ला प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धमा**

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत स्याङ्जा जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ का विभिन्न मतदान केन्द्रमा मिति २०७९।०८।०४ मा सम्पन्न निर्वाचनको सम्बन्धमा परेको उजुरीको विषयमा जाँचबुझ गरी आयोगबाट मिति २०७९।०८।१३ मा विवादित मतदान केन्द्रका मतपेटिका निर्वाचन अधिकृतले बुझी सुरक्षित साथ भण्डारण गरिएको देखिदा प्रचलित कानून बमोजिम मतगणना गर्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिइएको।

## ९.२ राजनीतिक दल

राजनीतिक दलको दर्ता, अद्यावधिक, दलको विवाद निरुपण, दलको नियमनका कार्यहरू, दलले वार्षिक रुपमा बुझाउने पर्ने आय र व्ययको लेखापरीक्षण प्रतिवेदन जाँचुबझ गर्ने लगायतका कार्यहरू यस शाखाबाट भएका छन। यस आर्थिक वर्षमा भएका मुख्य मुख्य कार्यहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### ९.२.१ राजनीतिक दल दर्ता

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम दल दर्ता प्रयोजनका लागि आयोगमा निवेदन पेश हुन आएका ६ (छ) वटा राजनीतिक दलहरू दर्ता भएका छन्। दर्ता भएका राजनीतिक दलहरूको विवरण **अनुसूची-९** मा उल्लेख गरिएको छ।

### ९.२.२ राजनीतिक दलको विवरण अद्यवाधिक

आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूको नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन तथा पदाधिकारीको हेरफेर भएका विषयहरू अद्यावधिकका लागि पेश हुन आएकोमा पेश भए बमोजिम ९ वटा राजनीतिक दलको विवरण अद्यावधिक गरिएको छ। अद्यावधिक भएको दलको विवरण **अनुसूची- १०** मा उल्लेख गरिएको छ।

### ९.२.३ दल दर्ता खारेजी

आयोगमा दल दर्ता नं. १५७ मा दर्ता कमय रहेको नेपाल राष्ट्रिय सनातन पार्टी नामक राजनीतिक दलबाट सो दलको दल दर्ता खारेजी गरी पाउँ भनी निवेदन पेश हुन आएकोमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १२ बमोजिम सो दलको दल दर्ता खारेज गरिएको छ।

### ९.२.४ दलको विवाद निरुपण

संघीय लोकतान्त्रिक राष्ट्रिय मन्चका अध्यक्ष कुमार लिङ्देन मिराकलाई दलको अध्यक्षबाट कारवाही गरी सो पदमा दलका उपाध्यक्ष ज्ञानवहादुर गुरुङलाई चयन गर्ने केन्द्रीय समितिको निर्णयको आधिकारिकताको लागि आयोगमा निवेदन प्राप्त भएको थियो। सो निवेदका सम्बन्धमा विपक्षी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन मिराकलाई लिखित जवाफ पेश गर्न १५ दिनको म्याद सूचना दिइ दलको निर्णयको आधिकारिकता सम्बन्धी विवाद कारवाहीको क्रममा रहेको छ।

### ९.२.५ समानुपातिक बन्दसूचीबाट नाम हटाइएको

संवत् २०७९मा सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा पेश भएका उम्मेदवारहरूको नाम सो सूचीबाट हटाउन ७ वटा राजनीतिक दलबाट निवेदन प्राप्त हुन आएको थियो।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट प्रतिनिधि सभार्तफ पेश भएका ५ र प्रदेश सभातर्फ कोशी प्रदेशबाट पेश भएका १, मधेश प्रदेशबाट पेश भएका १, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) बाट प्रतिनिधि सभातर्फ पेश भएका २, नेपाल संघीय समाजवादी पार्टीबाट प्रतिनिधि सभातर्फ पेश भएका ४८ जना, प्रदेशसभातर्फ कोशी प्रदेशबाट पेश भएका २६, बागमती प्रदेशबाट पेश भएका २१, गण्डकी प्रदेशबाट पेश भएका ५, लुम्बिनी प्रदेशबाट पेश भएका ३२, कर्णाली प्रदेशबाट पेश भएका ३ र सुदूरपश्चिम प्रदेशबाट पेश भएका ९, जनता प्रगतिशील पार्टीबाट प्रतिनिधिसभातर्फ पेश भएका २९, प्रदेशसभार्तफ मधेश प्रदेशबाट पेश भएका ३२, बागमती प्रदेशबाट पेश भएका १०, लुम्बिनी प्रदेशबाट पेश भएका १६ र सुदूरपश्चिम प्रदेशबाट पेश भएका १३, राष्ट्रिय मुक्ति आन्दोलनबाट प्रतिनिधि सभातर्फ पेश भएका १०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) प्रदेशसभातर्फ बागमती प्रदेशबाट पेश हुनु भएका १ र राष्ट्रिय जनमोर्चाबाट प्रतिनिधि सभातर्फ पेश भएका १ जना उम्मेदवारको नाम अन्तिम बन्दसूचीबाट हटाइएको थियो।

### ९.२.६ स्थानीय तहका उम्मेदवारहरूलाई जरिवाना

संवत् २०७९/०१/३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण नबुझाउने १,१४,९५८ जना उम्मेदवारहरूलाई र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने ८,६६६ जना समेत गरी कूल जम्मा १,२३,६२४ जना उम्मेदवारहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (१) बमोजिम महानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरूलाई जनही रु ७,५०,०००।- (सात लाख पचास हजार) रुपैयाका दरले, महानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरूलाई जनही रु ३,००,०००।- (तीन लाख) रुपैयाका दरले, उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदका

उम्मेदवारहरूलाई जनही रु ५,५०,०००।-(पाच लाख पचास हजार) रुपैयाका दरले, उपमहानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरूलाई जनही रु २,५०,०००।-(दुइ लाख पचास हजार) रुपैयाका दरले, नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरूलाई जनही रु ४,५०,०००।-(चार लाख पचास हजार) रुपैयाका दरले, नगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरूलाई जनही रु २,००,०००।-(दुइ लाख) रुपैयाका दरले, गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरूलाई जनही रु ३,५०,०००।-(तीन लाख पचास हजार) रुपैयाका दरले, गाउँपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरूलाई जनही रु १,५०,०००।-(एक लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने निर्णय भएको थियो।

### ९.२.७ लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने र सार्वजनिक नगर्ने राजनीतिक दललाई कारवाही

आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन समयमै पेश गर्ने ८२ (बयासी) राजनीतिक दलमध्ये आयोगको निर्णयानुसार तोकिएको समयभित्र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरी आयोगमा जानकारी नगराउने ३९ राजनीतिक दललाई रु ७,०००।-, आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन पेश नगरी स्पष्टीकरण पेश नगर्ने ८ दललाई २०,०००, स्पष्टीकरण पेश गरी लेखापरीक्षण प्रतिवेदन नबुझाउने ४ दललाई रु१५०००, स्पष्टीकरण पेश गरी लेखापरीक्षण प्रतिवेदन पेश गर्ने ४ राजनीतिक दललाई रु १००००, तोकेको समय व्यतित भएपछि लेखापरीक्षण प्रतिवेदन पेश गरी स्पष्टीकरण पेश गर्ने ८ राजनितिक दललाई रु ७००० र स्पष्टीकरण पेश नगर्ने १ राजनितिक दललाई रु १००००, दुई आर्थिक बर्ष सम्म लेखापरीक्षण पेश नगरी स्पष्टीकरण पेश नगर्ने ३ राजनीतिक दललाई रु २०००० र स्पष्टीकरण पेश नगर्ने ३ राजनितिक दललाई १५००० रुपैयाँका दरले जरिवाना गर्ने निर्णय भएको थियो।साथै आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन आयोगमा पेश गर्ने राजनीतिक दलहरूको लेखापरीक्षण प्रतिवेदन, लेखा सम्बन्धी कागजात लगायतका विवरण महालेखा परीक्षकको कार्यालयका कर्मचारीहरूबाट जाँचबुझ गराइ सो सम्बन्धी प्रतिवेदन आयोगसमक्ष पेश भएको छ।

### ९.२.८ स्पष्टीकरण र निर्देशन

राजनीतिक दलको महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय समितिका सदस्यहरूले निर्वाचित भएको मितिले ६० दिन भित्र सम्पति विवरण पेश गरेको व्यहोरा आयोगमा उपलब्ध गराई दिन सबै राजनीतिक दलहरूलाई निर्देशन दिने निर्णय भइ राजनीतिक दलहरूलाई पत्राचार गरिएको थियो।नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा

कर्मचारीको पदमा बहाल रहेको व्यक्ति तथा कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन नसक्ने जानकारी आयोगमा दर्ता कायम रहेका राजनीतिक दललाई गराई राजनीतिक दलको सदस्य भएको पाइएमा कानून बमोजिम कारबाही गर्न निर्देशन दिने निर्णय भएको थियो।

त्यसैगरी संवत् २०७९/०८/०४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राजनीतिक दलहरूले उम्मेदवार मनोनयन गर्दा कम्तीमा एक तिहाई महिला सुनिश्चित गरी मनोनयन गर्न निर्वाचन प्रयोजनका लागि दर्ता भएका सबै राजनीतिक दलहरूलाई निर्देशन दिने निर्णय भएको थियो।

### ९.२.९ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

संवत् २०७९/०८/०४ गते आइतवार सम्पन्न भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनार्थ नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४८ बमोजिम दल दर्ताका लागि सूचना प्रकाशन गरिएको थियो।सो सूचना बमोजिम राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १६ को उपनियम (१) को अनुसूची-१२ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १८ को उपनियम (२) को अनुसूची-१३ बमोजिम दुई वा दुई भन्दा बढी दलहरू एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिन प्रतिनिधि सभातर्फ ७८, कोशी प्रदेशमा ६१, मधेश प्रदेशमा ६६, वागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा ५७, लुम्बिनी प्रदेशमा ५९, कर्णाली प्रदेशमा ५५ र सुदूरपश्चिम प्रदेशमा ५५ वटा दल दर्ता गरी निर्वाचन चिन्ह प्रदान गरिएको थियो। निर्वाचन प्रयोजनका लागि प्रतिनिधि सभातर्फ दर्ता गरिएका दलको विवरण **अनुसूची -११** र प्रदेश सभातर्फ दर्ता गरिएका दलको विवरण **अनुसूची -१२** मा उल्लेख गरिएको छ।

त्यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन ६८ राजनीतिक दलले निवेदन पेश गरेकोमा ५५ वटा राजनीतिक दलले बन्दसूची पेस गरेका थिए।समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा र प्रदेशसभामा अन्तिम बन्दसूची पेश गर्ने राजनीतिक दलहरूको विवरण **अनुसूची -१३** मा उल्लेख गरिएको छ।

### ९.२.१० राष्ट्रिय सभाको निर्वाचनको दल दर्ता

संवत् २०७९/१०/२५ गते बुधबार सम्पन्न भएको लुम्बिनी प्रदेशबाट अन्य समूहको रिक्त राष्ट्रियसभा सदस्य १ (एक) को उपनिर्वाचनमा भाग लिन ८ वटा राजनीतिक दल दर्ता गरी निर्वाचन चिन्ह प्रदान गरिएको थियो। सो निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको विवरण **अनुसूची -१४** मा उल्लेख गरिएको छ।

### ९.२.११ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८०

संवत् २०८०/०१/१० गते आइतवारका दिन सम्पन्न भएको प्रतिनिधि सभा सदस्य बारा क्षेत्र नं. २ र तनहु क्षेत्र नं. १ को उपनिर्वाचनका लागि २६ वटा राजनीतिक दल र चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचनका लागि १८ वटा राजनीतिक दल दर्ता गरी निर्वाचन चिन्ह प्रदान गरिएको थियो। बारा निर्वाचन क्षेत्र नं. २ र तँनहु निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनमा भाग लिन दर्ता गरिएका राजनीतिक दलको विवरण **अनुसूची -१५** र चितवन जिल्ला निर्वचान क्षेत्र नं. २ को उपनिर्वाचनमा भाग लिन दर्ता गरिएका राजनीतिक दलको विवरण **अनुसूची -१६** मा उल्लेख गरिएको छ।

### ९.२.१२ विविध

१. स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा भाग लिई तोकिएको समयभित्र निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारहरूलाई जरिवाना गरिएकोमा यसरी जरिवाना भएका उम्मेदवारहरूमध्ये १६ जना उम्मेदवारहरूले निजहरूलाई भएको जरिवाना वापतको रकम दाखिला गरेकोमा सम्मानननीय राष्ट्रपतिवाट जरिवाना वापतको रकम मिनाहा भएकोमा सो जरिवाना वापत तिरेको रकम फिर्ताको लागि आयोगमा निवेदन पेश हुन आएकोमा सो प्राप्त हुन आएको निवेदन सहित सक्कल फायल आवश्यक कारवाहिको लागि गृह मन्त्रालय पठाइएको।

२. त्रिभुवन विश्वविद्यालयमा कार्यरत सह-प्राध्यापक जगत तिम्सिना, सह-प्राध्यापक राजेन्द्र गौतम, सह-प्राध्यापक कृष्णकान्त पराजुली र सह-प्राध्यापक उमाशंकर प्रसाद वहालवाला प्राध्यापक भइ राजनीतिक दलको सदस्य भएको भन्ने उजुरी पेश हुन आएकोमा निजहरूलाई आवश्यक कारवाहिको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, रजिष्टारको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारलाई पत्राचार गरिएको।

३. वीर अस्पतालका कार्यकारी निर्देशक डा. सन्तोष पौडेल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवादी लेलिनवादी) को संगठित सदस्य तथा सो दलको जनसंगठन राष्ट्रिय स्वास्थकर्मी महासंघ नेपालको महासचिव पदमा कार्यरत रहेको भनि उजुरी निवेदन प्राप्त भएकोमा सो सम्बन्धमा स्पष्ट गर्नको लागि राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ च्यासल, ललितपुर, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, स्वास्थ मन्त्रालय रामशाहपथ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी) लाई जानकारी उपलब्ध गराउन तथा जवाफ पेश गर्न पत्राचार गरिएको।

४. राजनीतिक दल दर्ताको लागि विधानको ढाचा स्वीकृत गरी आयोगमा दर्ता कायम भएका सवै राजनीतिक दलहरूलाई कार्यान्वयनको लागि पत्राचार गरिएको।

५. नेपाल कम्युनिष्ट पार्टीको विधान लगायत केन्द्रीय समितिको हेरफेर भएको विवरण अद्यावधिक भएको निर्णय पुनरावलोकन गरी पाउँ भनी ऋषिराम कट्टेलले पेश गरेको निवेदन उपर थप कारबाही गरिरहन नपर्ने निर्णय भएको।

६. काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहले स्थानीय तहको निर्वाचनमा निर्वाचन खर्चको विवरण पेश नगरी जरिवाना भएकोमा सो जरिवाना मिनाहा गरी पाउँ भनी आयोग समक्ष दिएको निवेदन खारेज गर्ने निर्णय भएको।

७. संवत् २०७९को प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जनता समाजवादी पार्टी, नेपालबाट निर्वाचित हुनु भएका शहनाज रहमानको निधन भई सो रिक्त हुन आएको उक्त पदमा मन्जु शर्मा अन्सारीलाई प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गर्ने निर्णय भएको।

८. प्रतिनिधिसभा सदस्य चितवन जिल्ला क्षेत्र नम्बर २ बाट निर्वाचित रवि लामिछानेको प्रतिनिधिसभा सदस्यको पद नेपालको संविधानको धारा ८९ को खण्ड (ख) बमोजिम रिक्त भएकोमा सोही निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार रहनु भएका उमेश श्रेष्ठले सो रिक्त भएको पदमा निर्वाचित गरी पाउँ भनी पेश गरेको निवेदन उपर केही गरिरहनु परेन भन्ने निर्णय भएको।

९. संवत् २०८०/०१/१० गते सम्पन्न भएको चितवन जिल्ला क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवार हुनु भएका रबि लामिछानेको उम्मेदवारको अयोग्यता सम्बन्धमा पेश भएको उजुरी खारेज गर्ने भनी आयोगबाट निर्णय भएको।

१०. राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधि सभा सदस्य आदिवासी जनजाति समावेशी समूहबाट निर्वाचित हुनु भएका डा. ढाका कुमार श्रेष्ठको पद रिक्त हुन आएकोमा सो रिक्त हुन आएको पदमा समावेशी समूह आदिवासी जनजाति, समावेशी समूहभित्रको प्राथमिकता क्रम ३ मा रहनु भएका बिन्दबासिनी कांसकारलाई प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गर्ने निर्णय भएको।

११. राजनीतिक दल दर्ता गर्ने प्रयोजनका लागि दलको सदस्यता प्राप्त गर्न प्रतिबद्धता गर्ने मतदाताहरूको सनाखत आयोग वा सम्बन्धित जिल्लाहरूमा गराउने निर्णय भएको।

# परिच्छेद १०

## वित्तीय श्रोत परिचालन

निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा गुणस्तरीय सेवा प्रवाह गर्न एवम् संस्थागत सुधारको लागि वित्तीय स्रोत परिचालन महत्त्वपूर्ण हुन्छ । आर्थिक वर्ष २०७९/०८० मा आयोग र अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन एवम् विभिन्न कार्यक्रमको लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो। त्यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन र प्रतिनिधि सभा सदस्य उपनिर्वाचन व्यवस्थापन तथा सञ्चालनको लागि आयोगबाट बजेट तथा कार्यक्रम तयार गरी निकासा माग भए बमोजिम अर्थ मन्त्रालयबाट बजेट निकासा भएको थियो । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस आर्थिक वर्षमा समग्र प्रगति ८१.०६ प्रतिशत रहेको देखिन्छ । विगत लामो समयदेखि विकास साझेदार संस्थाहरूबाट आयोगलाई वस्तुगत तथा प्राविधिक सहायताहरू प्राप्त गर्दै आएकोमा यस आर्थिक वर्षमा पनि युएनडीपी इएसपी र आइएफइएस नेपालबाट क्षमता अभिवृद्धि तथा प्राविधिक सहायता अन्तर्गत विभिन्न सहयोग प्राप्त भएका छन् । विकास साझेदार संस्थाबाट हुने खर्चको श्रेस्ता सम्बन्धित संस्थामा नै रहने हुँदा सोको वित्तीय विवरण आयोगको वित्तीय स्रोत परिचालनमा समावेश गर्न सकिएको छैन ।

### १०.१ नियमित

आर्थिक वर्ष २०७९/०८० मा आयोग र अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन लगायत विभिन्न कार्यक्रमको लागि स्वीकृत भएको बजेट उपशीर्षक अनुसारको बजेट, कार्यक्रम, खर्च र प्रगति देहाय बमोजिम रहेको छ ।

### १०.१.१ विनियोजन र खर्च

**(रू. हजारमा)**

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम | अन्तिम वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१२०००१३ | निर्वाचन आयोग | ८५०० | ७०४५ | ८२.८८ |

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम | अन्तिम वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २ | २१२०००११३ | निर्वाचन आयोग (प्रशासनिक खर्च) | १०३१२९ | ८६९९४ | ८४.३५ |
| ३ | २१२०००१२३ | मतदाता नामावली अद्यावधिक सङ्कलन मतदाता परिचय पत्र समेत (आयोग तथा निर्वाचन कार्यालय) | २३६०० | ६०१० | २५.४७ |
| ४ | २१२९१०११३ | निर्वाचन कार्यालयहरू | ३७६०६० | ३४५८८४ | ९१.९८ |
| ५ | २१२०००११४ | निर्वाचन आयोग | ४३९०० | ४२२ | ०.९६ |
| ६ | २१२९१०११४ | निर्वाचन कार्यालयहरू | २२८०० | १४५०६ | ६३.६२ |
| | | **जम्मा** | **६८३५५८७** | **५४९९९७१** | |

### १०.१.२ राजश्व तथा धरौटी

निर्वाचन आयोग र प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को राजस्व र धरौटी विवरण देहाय अनुसार रहेको छ ।

**धरौटी** **(रकम रू. हजारमा)**

| क्र.सं. | कार्यालय | गत आ.व. को | चालु आ.व. को | जम्मा आम्दानी | सदरस्याहा | फिर्ता | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | निर्वाचन आयोग | ४१००९ | ७९९३१ | १२०९४० | ७१०० | २९५२९ | ८४३११ |
| २ | निर्वाचन कार्यालयतर्फ | ९२७०३ | ४१२४८ | १३३९५१ | ६८३०८ | ११७५४ | ५३८८९ |
| ३ | निर्वाचन अधिकृतको कार्यालयतर्फ | ७५४ | १८०६५ | १८८१९ | २०२९ | १६२८० | ५१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | १३४४६६ | १३९२४४ | २७३७१० | ७७४३७ | ५७५६३ | १३८७१० |

**राजश्व** **(रकम रू. हजारमा)**

| **क्र.सं.** | **राजश्व शिर्षक विवरण** | **आयोग र निर्वाचन कार्यालयहरू** |
|---|---|---|
| १ | सरकारी सम्पत्ति बिक्री १४२१२ | ९६ |
| २ | अन्य बिक्री १४२१३ | ५५७ |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क १४२२९ | २०५५ |
| ४ | न्यायिक दण्ड, जरिवाना र जफत १४३११ | ९५१ |
| ५ | प्रशासनिक दण्ड, जरिवाना र जफत १४३१२ | ६४२९१ |
| ६ | धरौटी सदरस्याहा १४३१३ | ५८९३१ |
| ७ | अन्य राजस्व १४५२९ | १५०८ |
| ८ | बेरुजु १५१११ | ८१९८ |
| ९ | निकासा फिर्ता १५११२ | ३० |
| | **जम्मा** | **१३६६१७** |

## १०.१.३ बेरुजु फछ्यौंट प्रगति विवरण

महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन २०७८ र सो भन्दा अघिल्ला आर्थिक वर्षको आयोग र अन्तर्गतका कार्यालय (जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालय) को फछ्यौंट हुन बाँकी बेरूजु रकम रू. १२१५२५ हजार रहेको थियो। महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन २०७९ अनुसार थप ६९२०७ हजार गरी आर्थिक वर्ष २०७९/०८० मा फछ्यौंट गर्नुपर्ने जम्मा बेरूजुको दायित्व १९०७३२ हजार रहेको थियो। बेरूजुको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | विवरण | रू हजारमा |
|---|---|---|
| १ | म.ले.प.को ५९ औं प्रतिवेदन, २०७८ सम्मको फछ्र्यौट हुन बाँकि बेरूजु रकम | १२१५२५ |
| २ | आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षणबाट कायम भएको बेरूजु रकम | ६९२०७ |
| ३ | म.ले.प.को ६० औं प्रतिवेदन, २०७९ सम्मको कूल बेरूजु रकम | १९०७३२ |

फछ्र्यौट हुन बाँकि बेरूजु रकम बेरूजुको प्रकृति अनुसार नियमित गर्ने, असुल उपर गर्ने तथा पेश्की फछ्र्यौट गर्ने बेरूजु रहेको छ। साथै विगतमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयबाट भएको खर्चको लेखापरीक्षण हुँदा कायम भएको बेरूजु समेत रहेको छ। निर्वाचन सम्पन्न भएपश्चात् निर्वाचन अधिकृतको कार्यालय बन्द हुने र बेरूजुसँग सम्बन्धित कर्मचारीहरू समेत साविकको आ-आफ्नै कार्यालयमा फर्किने तथा सरुवा बढुवाको कारण साविकको कार्यालयबाट समेत अन्यत्र गइसकेको र प्रष्ट ठेगाना समेत नभएको कारण बेरूजु फछ्र्यौटमा कठीनाई रहेको छ । आयोगले बेरूजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकता दिई फछ्र्यौटको कार्य गरिरहेको छ ।

## १०.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

### १०.२.१ कार्यविधि

सम्वत् २०७९/०८/४ गते सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि तयार गरिएको “प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९” नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं. मिति २०७९।०५।०८ को पत्रबाट सहमति प्राप्त भई निर्वाचन आयोगबाट मिति २०७९।०५।०८ मा स्वीकृत भएको थियो ।

### १०.२.२ विनियोजन र खर्च

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को लागि रू. ८ अर्ब ५० करोड बजेट विनियोजन भएको थियो । विनियोजित बजेटमध्ये निर्वाचन आयोगबाट रू. १ अर्ब

७६ करोड २४ लाख ५५ हजार, निर्वाचन कार्यालयहरूबाट रू. ५७ करोड २१ लाख ६ हजार र निर्वाचन अधिकृतको कार्यालयहरूबाट रू. ४ अर्ब १० करोड ३३ लाख ६७ हजार खर्च भएको थियो। त्यसैगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई १ करोड ९० लाख र गृह मन्त्रालयलाई १० करोड निकासा भएको थियो ।

## १०.३ राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९

### १०.३.१ कार्यविधि

सम्वत् २०७९/१०/२५ गते सम्पन्न भएको राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि तयार गरिएको "राष्ट्रिय सभा सदस्य उपनिर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९" नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७९/१०/११ को पत्रबाट सहमति प्राप्त भई निर्वाचन आयोगबाट मिति २०७९।१०।१२ मा स्वीकृत भएको थियो।

### १०.३.२ विनियोजन र खर्च

राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि आयोगबाट रू. १ करोड ८७ लाख ५५ हजारको बजेट तयार गरी अर्थ मन्त्रालयमा निकासा माग गरिएको थियो। अर्थ मन्त्रालयको सहमति अनुसार उक्त अनुसारको रकम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि विनियोजित बजेटमध्ये बचत रहेको रकमबाट राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको शीर्षकमा रकमान्तर गरिएको थियो । जसमध्ये निर्वाचन आयोगबाट रू. ५९ लाख ६३ हजार, निर्वाचन कार्यालयबाट रू. ५ लाख ८८ हजार र निर्वाचन अधिकृतको कार्यालयबाट रू. ६ लाख ३ हजार खर्च भएको थियो ।

## १०.४ राष्ट्रपति तथा उपराष्ट्रपति उपनिर्वाचन, २०७९

### १०.४.१ कार्यविधि

२०७९/११/२५ गते सम्पन्न भएको राष्ट्रपति र २०७९/१२/३ गते सम्पन्न भएको उपराष्ट्रपति पदको निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि तयार गरिएको "राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९" नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७९/११/१२ को पत्रबाट सहमति प्राप्त भई निर्वाचन आयोगबाट मिति २०७९।१२।१४ मा स्वीकृत भएको थियो ।

### १०.४.२ विनियोजन र खर्च

राष्ट्रपति तथा उपराष्ट्रपति उपनिर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनको लागि आयोगबाट रू. २ करोड १५ लाख ६५ हजारको बजेट तयार गरी अर्थ मन्त्रालयमा निकासा माग गरिएको थियो। उक्त अनुसारको रकम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि विनियोजित बजेटमध्ये बचत रहेको रकमबाट खर्च गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको थियो। जसमध्ये निर्वाचन आयोगबाट रू. ६६ लाख २५ हजार, निर्वाचन कार्यालयबाट रू. ४ लाख ९९ हजार र निर्वाचन अधिकृतको कार्यालयबाट रू. १० लाख ७८ हजार खर्च भएको थियो।

## १०.५ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८०

### १०.५.१ कार्यविधि

सम्वत् २०८०/०१/१० गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० सञ्चालन तथा व्यवस्थापनको लागि "प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९" नै प्रयोग गर्न नेपाल सरकार, अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको थियो।

### १०.५.२ विनियोजन र खर्च

प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०८० को लागि रू. १९ करोड ९१ लाख २९ हजारको बजेट तयार गरी अर्थ मन्त्रालयमा निकासा माग गरिएको थियो। उक्त अनुसारको रकम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि विनियोजित बजेटमध्ये बचत रहेको रकमबाट खर्च गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको थियो। जसमध्ये निर्वाचन आयोगबाट रू. २ करोड ६६ लाख २९ हजार र निर्वाचन अधिकृतको कार्यालयबाट रू. ५ करोड, ६० लाख ६५ हजार खर्च भएको थियो। प्रतिनिधि सभा सदस्य उपनिर्वाचन सञ्चालन भएका ३ जिल्लाका उपनिर्वाचनको खर्च माथि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको खर्चमा एकमुष्ठ रुपमा आएको छ।

## परिच्छेद ११

## विविध

### ११.१ निर्वाचन दिवस

२०७९/११/०७ गतेका दिन आयोगको सभाहलमा विहान ११.३० बजे सातौं निर्वाचन दिवस आयोग, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका सम्पूर्ण कर्मचारीहरूको सहभागितामा भर्चुअल माध्यमबाट मनाइएको थियो । उक्त अवसरमा आयोगले सचिवालय र मातहत निकायमा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा उत्कृष्टता प्रदर्शन गर्ने देहायका १० जनालाई पुरस्कृत गरेको थियो। उक्त अवसरमा पुरस्कृत र सम्मानित हुने कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छ :

**आयोगको सचिवालय कान्तिपथबाट उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मानित भएका कर्मचारीहरूको विवरण**

| सि.नं. | संकेत नं. | पदको नाम | कर्मचारीको नाम,थर |
|---|---|---|---|
| १ | १८२९७३ | उपसचिव (कानून) | श्री लक्ष्मी शर्मा |
| २ | १०३३२९ | लेखा अधिकृत | श्री बिष्णु प्रसाद न्यौपाने |
| ३ | २०८२७६ | कम्प्युटर इन्जिनियर | श्री अर्जुन पौडेल |
| ४ | १७०८४२ | नायब सुब्बा | श्री गोविन्द प्रसाद भट्टराई |
| ५ | २१७६११ | नायब सुब्बा | श्री राजेन्द्र मरासिनी |
| ६ | २२८०२९ | कम्प्युटर अपरेटर | श्री शुमेश श्रेष्ठ |
| ७ | १९७४२३ | खरिदार | श्री पूर्णकली थापा |
| ८ | १७१०७३ | हलुका सवारी चालक | श्री भीमबहादुर श्रेष्ठ |

**प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मानित भएका कर्मचारीहरूको विवरण**

| क्र.सं. | जिल्ला | क.सं.नं. | पद | कर्मचारीको नाम‚थर |
|---|---|---|---|---|
| १. | भोजपुर | १९४६६९ | नायब सुब्बा | श्री दिव्यधरी जोशी |
| २. | झापा | २०४०८५ | कम्प्युटर अपरेटर | श्री प्रेम प्रसाद न्यौपाने |
| ३. | बारा | १७४४८० | हलुका सवारी | श्री इन्दल हजरा दुसाद |

| | | | | |
|---|---|---|---|---|
| | | | चालक | |
| ४. | पर्सा | २१७१०७ | जिल्ला निर्वाचन अधिकारी | श्री रंजिता झा |
| ५. | चितवन | १८९५९६ | जिल्ला निर्वाचन अधिकारी | श्री भिमसेन काकी |
| ६. | भक्तपुर | १५२७४९ | लेखापाल | श्री कृष्ण प्रसाद पन्थी |
| ७. | लमजुङ | १५५४५९ | नायब सुब्बा | श्री जिवाखर शर्मा |
| ८. | मनाङ | १७१९०० | कम्प्युटर अपरेटर | श्री अनन्त सुवेदी |
| ९. | दाङ | २०२४५७ | कम्प्युटर अपरेटर | श्री गेहेन्द्र कुँवर |
| १०. | रोल्पा | १९६५४८ | नायब सुब्बा | श्री इन्दिरा अधिकारी आचार्य |
| ११. | सल्यान | २०१६५४ | कम्प्युटर अपरेटर | श्री तेजेन्द कुमार चन्द |
| १२. | हुम्ला | १९६६०९ | नायब सुब्बा | श्री श्याम बहादुर राना |
| १३. | दार्चुला | १५६८१७ | जिल्ला निर्वाचन अधिकारी | श्री प्रदीपसिंह धामी |
| १४. | कैलाली | १५३०४१ | कार्यालय सहयोगी | श्री टेक बहादुर चन्द |

## परिच्छेद १२

## आयोगका समस्या तथा चुनौतिहरू

१. निर्वाचन अवधि बाहेकको समयमा आयोग तथा प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नहुँदा तथा कर्मचारीको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, अभिमूखीकरण लगायतका कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन हुन नसक्दा कार्यसम्पादनको प्रभावकारितामा असर पुगेको छ ।

२. अधिकांश निर्वाचन कार्यालयहरूको आफ्नै भवन नहुँदा कार्यालय व्यवस्थापन सहज हुन सकेको छैन । आफ्नै भवन भएका र सरकारी भवन प्राप्त भएका निर्वाचन कार्यालयको भवन मर्मत सम्भार तथा जग्गा प्राप्त भएका ठाउँमा भवन निर्माणका लागि बजेट व्यवस्था हुन सकेको छैन । निर्वाचन अवधि बाहेक अन्य समयमा कार्यक्रम सञ्चालन गर्नका लागि बजेट अभाव हुने गरेको एवम् आयोग तथा अन्तर्गतका कार्यालयको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि पर्याप्त बजेट व्यवस्था हुन सकेको छैन ।

३. निर्वाचनको समयमा सरोकारवाला निकायहरूबाट जनशक्तिको अद्यावधिक गरिएको विवरण समयमै प्राप्त नहुँदा आयोगको जनशक्ति प्रक्षेपणको पूर्व तयारीको कार्य कमजोर हुने गरेको र आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्न कठिनाई भएको छ । निर्वाचनलाई मितव्ययी बनाउन सामुदायिक विद्यालयका शिक्षक तथा सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र कार्यरत जनशक्तिलाई सोही पालिकाभित्र निर्वाचन व्यवस्थापनका लागि खटाउने गरिएकोमा तटस्थता र कर्मचारीको निष्पक्षतामा प्रश्न उठ्ने गरेको छ ।

४. लैङ्गिक एवम् समावेशी नीति अनुरुप आयोगले सरोकारवालालाई निर्वाचनमा लक्षित समूहको पर्याप्त प्रतिनिधित्वका सम्बन्धमा प्रशिक्षण गोष्ठी, वकालत, निर्णय र अनुरोध गरेको भएता पनि सम्बन्धित पक्षबाट उक्त विषयको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

५. आन्तरिक स्रोत परिचालनले मात्र निर्वाचन पूर्व र निर्वाचन पश्चातको सबै गतिविधिहरू सम्पन्न गर्न कठिन भएको परिप्रेक्षमा वैदेशिक सहायता प्राप्ति तथा परिचालनका निम्ति गरिएका पहलहरू उपलब्धिमूलक हुन सकेका छैनन् ।

६. निर्वाचन व्यवस्थापनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको आवद्धता विस्तार गर्ने कार्यहरू प्रभावकारी रूपमा हुन सकिरहेको छैन ।

७. मतदानस्थल पुनरावलोकन कार्यक्रम सञ्चालन भए तापनि स्थानीय तहमा भएको राजनीतिक विवाद तथा स्थानीयस्तरमा रहेका सबै भौतिक संरचना मतदातामैत्री नभएका कारण सबै मतदाताका लागि सहज, पर्याप्त र पहुँचयोग्य बनाउन सकिएको छैन । प्रायः मतदानस्थल विद्यालयमा रहने हुँदा पठन पाठनमा समस्या रहेको भन्ने गुनासो आउने गरेका छन् । भौगोलिक रूपमा विकट, अतिकम मतदाता र अस्थायी मतदाताहरूका लागि छुट्टै मतदानस्थल व्यवस्थापन गर्नु पर्दा निर्वाचन खर्चमा बढोत्तरी हुन पुगेको छ ।

८. निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि न्यून बजेटका कारण निर्वाचन बाहेकको समयमा प्रभावकारी रूपले उक्त कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । निर्वाचनको अवधिमा निर्वाचन कार्यक्रममा मात्र ध्यान केन्द्रित हुँदा निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालनलाई प्रभावकारी बनाउन पाइएको छैन । मतदाता शिक्षालाई निरन्तर रूपमा सञ्चालन गर्न स्थानीय तहले आफ्नो नियमित कार्यक्रममा समावेश गर्न तदारूखता नदेखाएको तथा अधिकांश स्थानीय तहले तयार गरी विद्यालयमा पठनपाठन गराइरहेको पाठ्यक्रममा समेत निर्वाचन शिक्षा एवम् मतदाता शिक्षालाई पर्याप्त मात्रामा समेट्न नसकेका कारण निर्वाचन शिक्षा एवम् मतदाता शिक्षाको प्रभावकारिता बढाउन सकिएको छैन ।

९. आयोगको सूचना प्रविधि प्रणाली जोखिमपूर्ण अवस्थामा रहेको छ । Biometric Based Voter Registration System (BBVRS) मा परिमार्जन गरी मतदाता नामावली सम्बन्धी आधिकारिक विवरण त्रुटीरहित बनाउन नयाँ प्रणालीमा जानुपर्ने अवस्था भएपनि बजेट अभावको कारण सुधारको कार्य अघि बढाउन तथा मतदाता नामावली, निर्वाचनसँग सम्बन्धित विभिन्न विवरणहरू रहेको केन्द्रीय सर्भर र समग्र सूचना प्रणालीलाई समय सापेक्ष अपग्रेड गर्न सकिएको छैन ।

१०. दोहोरो मतदाता नामावली पहिचानका लागि Manual De–Duplication प्रविधिमा मात्र भर पर्नु पर्ने अवस्थाका कारण दोहोरो मतदाता नामावली पहिचान गरी विवरण हटाउने कार्यमा धेरै समयलाग्ने झन्झरिलो हुने र मानवीय त्रुटीहरू हुने

गरेकाले मतदाता नामावली तथ्याङ्कलाई पूर्णरूपमा शुद्धीकरण गर्न सकिएको छैन । मतदाताको फोटो वेब क्यामेराबाट खिचिएकोले फोटोको गुणस्तर सुधार गर्न सकिएको छैन । स्थानीय तहको पञ्जिकाधिकारी कार्यालयबाट नियमित रूपमा घटना दर्ताको विवरण आयोगमा उपलब्ध हुन नसक्दा मतदाता नामावलीबाट उक्त नामहरू हटाई अद्यावधिक गर्न समस्या देखिएको छ ।

११. निर्वाचन प्रचारप्रसारको पारदर्शिताका लागि उम्मेदवार तथा राजनीतिक दलको बैङ्क खाताको प्रयोगलाई अनिवार्य बनाउन निर्देशित गरिएतापनि सोको पूर्ण पालना हुन सकेको छैन।सबै राजनीतिक दल तथा उम्मेदवारले कानूनी व्यवस्था अनुसार खर्चको विवरण पेश नगरेको स्थिति छ भने खर्च विवरण पेश नगर्ने उम्मेदवारहरूलाई आयोगले कानून बमोजिम जरिवाना गरेको विषयमा दलहरूबाट गुनासो आउने गरेको छ ।

१२. नियमित बजेटतर्फको खर्च भुक्तानी गर्दा सबै भुक्तानीहरू अनिवार्य रुपमा Electronic Fund Transfer मार्फत गर्ने गरिएकोमा आ.व. २०७९/८० मा सञ्चालित विभिन्न निर्वाचनहरूको क्रममा पनि सबै किसिमका भुक्तानीहरू Electronic Fund Transfer मार्फत नै गर्ने प्रयास गरिएकोमा कतिपय निर्वाचन अधिकृतको कार्यालयहरूले खर्च लेख्दा पेश्की निकाली नगद भुक्तानी गरेको हुनाले पुर्णरुपमा Electronic Fund Transfer मार्फत खर्च भुक्तानी गर्न नसकिएको अवस्था छ ।

१३. आयोगले प्रदेश तथा जिल्लास्थित निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र घुम्ती शिविरबाट संकलित मतदाता नामावली विवरण आयोगको केन्द्रीय डाटावेशमा सार्दा (Transfer) हाल उक्त निकायद्वारा संकलित विवरण (Pen Drive, Hard Drive मा Copy गरी उक्त Backup Copy आयोगको केन्द्रीय सर्भरमा ल्याई Manually Transfer गर्नुपर्ने वाध्यताका कारण कहिले कही छुट्ने सम्भावना रहनुका साथै मतदाताको विवरण र फोटो पहिचान गर्न कठिन हुने गरेको छ ।

१४. मौजुदा मतदाता नामावली तथ्याङ्क आधार (Voter List Database) मा एउटै मतदाताको एक भन्दा बढी जिल्लाबाट तथ्याङ्क प्रविष्टि हुन सक्ने तथा संकलित औंठाछापको गुणस्तर समेत न्यून रहेकोले मतदाताको विवरण दोहोरिने समस्या रहेको छ ।

१५. संकलित मतदाता विवरणमध्ये फोटो वेब क्यामेरावाट खिचिएकोले फोटोको गुणस्तर संकलित चार वटा औँठा छाप विवरणहरू संकलनकै वेला औठा छापको Size खुम्च्याई (Reduction) विवरण संकलन गरिने औँठा छापका आधारमा Automated Finger Print Identification System (AFIS) को प्रयोग गरी मतदाता नामावलीको दोहोरोपना (Deduplication) हटाउन गाह्रो हुने गरेको छ ।

१६. आयोगले मतदाता नामावली र एकीकृत निर्वाचन व्यवस्थापन प्रणालीमा backend को रुपमा Oracle Database Server 10g प्रयोग गरेको, त्यसको licsense को अवधि सकिएको र आयोगले प्रयोग गर्ने गरेको Oracle Database Server 10g को support phase out भैसकेकोले आयोगका सबै तथ्यांकहरुको सुरक्षा जोखिम बढ्दै गएको छ ।

१७. मतदाता नामावली संकलनमा प्रयोग गरिएको सफ्टवेयर र हार्डवेयर मौजुदा सर्भर, स्टोरेज, व्याकअप, Network Devices (Switch, Router, Firewall etc) दश वर्ष पुरानो प्रविधिमा आधारित रहेकोले डाटा भण्डारण आवश्यकता क्रमश : बढ्दै गएको तर मौजुदा पूर्वाधारको क्षमता भने सोही अनुरूप घट्दै गएको छ । सूचना प्रविधिजन्य पूर्वाधारहरूको जीवन (Life) सामान्यतया पाँच वर्षको हुनेमा हाल सञ्चालनमा रहेका सर्भर पूर्वाधारहरूको प्रयोग अवधि १० वर्ष नाघिसकेकोले सोही सर्भर प्रविधिमा आधारित रहेर भण्डारण तथा प्रशोधन गरिने तथ्याङ्कहरू जोखिमयुक्त अवस्थामा रहने हुदाँ नयाँ Hardware जरुरी भएको छ ।

१८. आयोगको डेटा सेन्टर कक्षमा भूकम्पले क्षति पुऱ्याई अस्थायी व्यवस्थापन गरिएको र सो कक्षमा Data Center को लागि चाहिने न्यूनतम मापदण्डहरू जस्तै Raised Floor को व्यवस्था, Fire Supression Detection, Smoke Detection, Electrical System, Network System, Cooling Mechanism, Operation Center, Monitoring Room आदिको यथाशीघ्र व्यवस्था गर्नु पर्ने अवस्था छ ।

१९. सातवटा निर्वाचन सम्बन्धी कानूनहरूलाई एकीकृत रुपमा तयार गरी निर्वाचन व्यवस्थापन विधेयक नेपाल सरकार, गृह मन्त्रालयमा पेश भएको छ। उक्त विधेयक संघीय संसदबाट पारित हुन तथा निर्वाचन व्यवस्थापन विधेयक प्रमाणिकरण भैसकेपछि त्यसको आधारमा नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

२०. मिति २०७८।०५।०२ मा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ जारी भई सो अध्यादेशले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३, दफा ४८, दफा ५२ र दफा ५३ लाई संशोधन गरेकोमा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ मिति २०७८।०६।११ मा खारेज भएकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को संशोधित व्यवस्था र साविकको व्यवस्थामा स्पष्टता नहुँदा उक्त व्यवस्था बमोजिमका काम कारवाही गर्न समस्या रहेको छ ।

२१. राजनीतिक दल दर्ता तथा व्यवस्थापनको कार्यलाई सूचना प्रविधिमैत्री बनाउन सकिएको छैन। राजनीतिक दल सम्बन्धी ऐनका प्रावधानहरूको पूर्ण कार्यान्वयन तथा पालना गराउने र राजनीतिक दलको काम कारवाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवारपुर्ण बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

२२. राजनीतिक दल सम्बन्धी ऐन २०७३ को व्यवस्था कमोजिम दलको लेखा र लेखापरीक्षण, आयोगमा पेश हुने लेखापरीक्षण प्रतिवेदनको जाँचबुझ, दलले स्वेच्छिक आर्थिक सहयोग प्राप्त गर्दा अपनाउने कार्यविधि र पारदर्शिता तथा राजनीतिक दलले आफ्नो दलका केन्द्रिय समितिका पदाधिकारी र सदस्यको सम्पति विवरण लिई प्रकाशन गर्नु पर्ने जस्ता प्रावधानहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

२३. राजनितिक दल सम्बन्धी ऐन २०७३ दफा १४ मा राजनीतिक दलको सदस्यको योग्यता तोकीएकोले सोही बमोजिम सदस्यता वितरण गर्न आयोगबाट निर्णय भै राजनीतिक दलहरुलाई निर्देशन दिइएतापनि कानूनको प्रावधान विपरित सदस्यता दिने गरेको भनी उजुरीहरू हुने गरेका छन्। साथै प्रत्येक दलले आफूले वितरण गरेको सदस्यको विवरण दलको विधान कमोजिम स्थानीय, प्रदेश र केन्द्रिय तहमा अद्यावधिक गर्ने व्यवस्थाको पालना कतिपय राजनीतिक दलबाट हुन सकेको छैन ।

२४. राजनीतिक दलको संगठनात्मक संरचनाको व्यवस्था कम्तिमा स्थानीय, प्रदेश र केन्द्रिय तहमा कार्यकारी अधिकार प्रयोग गर्न सक्ने समिति रहनेगरी गर्नुपर्ने र विधान बमोजिम निर्वाचन मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्वित हुनेगरी आफ्ना सदस्यहरु मध्येबाट त्यस्ता समितिमा

